




**किम्फ सुरु**
३९ देशका ७९ फिल्म । ९

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
# कान्तिपुर
सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २९१ काठमाडौं | २६ मंसिर २०७६ बिहीबार मार्ग शुक्लपक्ष पूर्णिमा | नेपाल संवत् ११४० | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, December 12, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ

**खेलाडीको सम्मान**

### प्रधानमन्त्रीद्वारा पुरस्कार घोषणा

- स्वर्णलाई ९ लाख
- रजतलाई ६ लाख
- कांस्यलाई ३ लाख
- एकभन्दा बढी स्वर्ण जित्नेलाई ११ लाखका दरले
- समूहमा स्वर्ण जितेका प्रत्येकलाई ५/५ लाख

पृष्ठ १६

# ३० हजार टाकामा भित्रिन्छन् रोहिंग्या

## गिरोहले नै बंगलादेशबाट रोहिंग्यालाई नेपाल ल्याइरहेको गृह मन्त्रालयको अध्ययनले देखाएको छ

**मकर श्रेष्ठ** (काठमाडौं)

अन्सर मोहम्मद र हुसेन हमिद म्यानमारबाट विस्थापित भएर बंगलादेशमा शरणार्थी जीवन बिताइरहेका थिए । नेपालमा संयुक्त राष्ट्रसंघीय शरणार्थीसम्बन्धी उच्च आयोग (यूएनएचसीआर) बाट शरणार्थीको मान्यता पाइन्छ भन्ने उनीहरूले सुने । त्यसपछि नेपाल छिर्न एजेन्टलाई ३० हजार बंगाली टाका (करिब ४० हजार रुपैयाँ) बुझाए । सात महिनाअघि काठमाडौं आइपुगेका उनीहरू बूढानीलकण्ठ नगरपालिका-११ स्थित राममन्दिर नजिकै टहरामा बसिरहेका छन् ।

मोहम्मद र हमिद दुवै रोहिंग्या समुदायका हुन् । उनीहरूले यहाँ आएपछि यूएनएचसीआरमा शरणार्थीको पहिचान माग्दै निवेदन पनि दिएका छन् । तर नाम दर्ता भइसकेको छैन । उनीहरू जसरी नै बंगलादेशबाट भारत हुँदै काठमाडौं आइपुगेर राममन्दिर नजिकैका टहरामा बसिरहेका रोहिंग्या अरू १ सय ७१ जना छन् । रोहिंग्या बूढानीलकण्ठकै लसुनेटार र काभ्रेको पनौतीमा समेत गरी ३ सय ७८ जना छन् ।

रोहिंग्यालाई यहाँ ल्याउन र बस्ने ठाउँ मिलाउन गिरोह नै सक्रिय रहेको गृह मन्त्रालयको ठम्याइ छ । 'पछिल्लो समय मौलाना जुबेर नाम गरेका व्यक्तिले ३० हजार टाका लिएर रोहिंग्यालाई नेपाल ल्याउने गरेको पाएका छौं,' नेपाल प्रहरीका एक डीआईजीले भने, 'यसमा काठमाडौंमै रहेका मोहमद ऐसुप, मोहमद आयास र जाफर मियाँ पनि सक्रिय रहेको पाएका छौं ।' उनीहरू विस्थापित रोहिंग्याका अगुवा हुन् । उनीहरूकै कारण आप्रवासी बढेको गृह मन्त्रालयको ठहर छ । गृहसचिव प्रेम राईले उनीहरूमाथि निगरानी बढाएको जानकारी दिए ।



रोहिंग्याहरूले काठमाडौंको बूढानीलकण्ठ नगरपालिका-११ राममन्दिर क्षेत्रमा बस्नका लागि बनाइरहेका टहरा । *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*

'हामीले रोहिंग्याका विषयमा भर्खरै अध्ययन गरेका थियौं, केही व्यक्तिले उनीहरूलाई ल्याउने गरेको पायौं,' उनले भने, 'सीमामा कडाइ गरेका छौं ।' गृहले गठन गरेको कार्यदलका एक सदस्यले पनि गिरोहले पैसा लिएर रोहिंग्यालाई नेपाल भित्र्याइरहेको पाइएको बताए । 'मौलना जुबेर रोहिंग्यासँग ३० हजार टाका लिई नेपालमा ल्याउने गर्दा रहेछन् । ऐसुप रोहिंग्यालाई ओसारपसार गर्न र जग्गा भाडामा लिनेलगायत काममा संलग्न छन्,' उनले भने, 'जाफर मियाँले पनि बंगलादेशमा रहेका आफन्त र चिनजानका व्यक्तिलाई नेपाल भित्र्याएको पाइएको छ ।'

रोहिंग्या अध्ययन गर्न गृह मन्त्रालयले गत कात्तिक २४ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटवालको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गरेको थियो । कार्यदलमा महानगरीय प्रहरीका प्रहरी नायब उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका प्रहरी नायब उपरीक्षक, गृह मन्त्रालयको शाखा अधिकृत र जिल्ला प्रशासन कार्यालय काठमाडौंका शाखा अधिकृत सदस्य थिए । बाँकी पृष्ठ १४

**आईसीजेमा सुचीले भनिन्-**



'रोहिंग्यामाथि अत्याचार भएको छैन, सुरक्षित पुन:स्थापन गर्न म्यानमार प्रतिबद्ध छ'

पृष्ठ ८

## भित्र

जेठोलाई स्कुल बसमा चढाउँदा चढाउँदै किचेर कान्छो छोराको मृत्यु

नयाँ निवासमा सरे प्रधानमन्त्री

हात्तीको आक्रमणबाट दुई महिलाको ज्यान गयो

'प्रि-सेन्डअप' मा पनि विद्यालयले शुल्क लिए

जाडो महिनामा पनि डेंगु संक्रमण उस्तै

प्रदेशले तोक्न सकेनन् नाम र राजधानी

# यसरी उम्कियो १७ बैंकबाट १७ करोड

**मातृका दाहाल** (काठमाडौं)

अन्तर्राष्ट्रिय आपराधिक गिरोहले अनलाइन ठगी र ह्याकिङबाट संकलित रकम नेपालका १७ वटा बैंकमार्फत विदेश पुर्‍याउने गरेको खुलेको छ । पार्सल आएको भन्दै प्रलोभन देखाएर ठगेको र वित्तीय संस्थाको सर्भर ह्याक गरेर जम्मा पारेको रकम गिरोहले स्थानीय एजेन्टमार्फत विभिन्न व्यक्तिका नाममा राखी बैंकबाटै उम्काइरहेको भेटिएको हो ।

अन्तर्राष्ट्रिय गिरोहमा संलग्न नाइजेरियाली नागरिक पिटर हर्मन र बेलायती नागरिक स्मिथ मोरिसले नेपाली सहयोगीसँग मिलेर १० वर्षदेखि यस्तो ठगी गरिरहेको प्रहरीले जनाएको छ । प्रहरीले मंगलबार पिटर र स्मिथका सहयोगी तीन नेपालीलाई पक्राउ गरेपछि ठगीको रहस्य बाहिर आएको हो । महानगरीय अपराध महाशाखाको टोलीले ठमेलमा रेस्टुरेन्ट सञ्चालन गर्दै आएका दोलखाका ५२ वर्षीय रमेश खड्का, नवलपरासी रामग्रामका ३७ वर्षीय विश्वेश्वरप्रसाद तिवारी र नवलपरासीकै मनी एक्सचेन्ज सञ्चालक १९ वर्षीय सन्दीप कलवारलाई पक्राउ गरेको थियो । प्रहरीले खड्कालाई काठमाडौंबाटै पक्रेको हो भने तिवारी र कलवार नवलपरासीबाट समातिएका हुन् । प्रहरी स्रोतका अनुसार १० सहयोगीसहित भारतमा बसेर अपराध सञ्जाल चलाइरहेका पिटरलाई पनि केही समयअघि भारतीय प्रहरीले पक्राउ गरिसकेको छ । बाँकी पृष्ठ १४




इन्फोग्राफिक्स : दीपेन्द्र कर्ण

**गजब छ बा !**

– अविन –




मन्त्रीज्यू ! मैले कति लाख पाउने भन्ने कुरो फाइनल भो ? छैन ?... सेमिफाइनल नि ?... अनि क्वाटरफाइनल नि ?...

हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि

# सुत्केरी अस्पतालमै 'बन्धक'

**अवधेशकुमार झा** (राजविराज)

उपचारबापतको ३ लाख ५० हजार रुपैयाँ बुझाउन नसक्दा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-८ तोपाकी ललितादेवी खंगले विराटनगरस्थित विराटनगर अस्पतालबाट डिस्चार्ज हुन पाएकी छैनन् । एकमहिने सुत्केरी ललिताका पति गोपीकुमारले रकम जोहो गर्न आफ्नो गाउँ र सदरमुकाममा भिख माग्न थालेका छन् ।

विराटनगरस्थित जनरल हस्पिटल एन्ड ट्रमा केयर सेन्टरमा दुई छोरी जन्माएपछि ललितालाई विराटनगर अस्पताल पुर्‍याइएको थियो । नवजात जुम्ल्याहामध्ये एकको मृत्यु भइसकेको छ भने अर्की शिशु तोपास्थित घरमा छिन् ।

ललिता दलित खत्वे समुदायकी हुन् । उनका पति गोपी मजदुरी गरेर जीविकोपार्जन गर्छन् । ललितालाई सुत्केरीका लागि गत कात्तिक २३ गते राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल लगिएको थियो । चार दिनपछि उनलाई विराटनगर रेफर गरिएको थियो । गोपीका अनुसार विराटनगरमा पहिले म्याक्स अस्पतालमा भर्ना गरियो । त्यहाँ एक दिन राखेपछि उपचार सम्भव नभएको अस्पतालले बतायो । त्यसपछि विराटनगरकै जनरल हस्पिटल एन्ड ट्रमा केयर सेन्टरमा लगियो । सेन्टरमा दुई छोरी जन्माएपछि ललितालाई थप उपचारका लागि विराटनगर अस्पताल प्रालिको आईसीयूमा भर्ना गरिएको थियो । ट्रमा सेन्टरको एनआईसीयूमा राखिएकै बेला दुई नवजात छोरीमध्ये एकको मृत्यु भएको गोपीले बताए । अर्की शिशु स्वस्थ छिन् ।

गोपीका अनुसार ट्रमा सेन्टरमा सुत्केरी गराउनेदेखि छोरीको उपचार खर्चसमेत गरी १ लाख ७४ हजार रुपैयाँ उनले बुझाएका थिए । ३२ हजार ७ सय ५० रुपैयाँ औषधिबापत खर्च भएको थियो । बाँकी पृष्ठ १४



**जुम्ल्याहामध्ये एकको अस्पतालमा मृत्यु भएको थियो । अर्को शिशुलाई डिस्चार्जपछि घरमा अरूले नै स्याहारिरहेका छन् । अर्कै अस्पतालमा उपचार गराएकी आमा 'बन्धक' बनेकी छन् ।**






**बालुवाटारस्थित प्रधानमन्त्रीको पुरानो निवास (बायाँ) र अहिले प्रधानमन्त्री सरेको नयाँ भवन । पुरानो निवास भत्काएर नयाँ बनाउन लागिएकाले मुख्य सचिवका लागि भनेर बनाइएको भवनमा प्रधानमन्त्री सरेका हुन् ।**

*तस्बिर : कविन अधिकारी/कान्तिपुर*

# प्रधानमन्त्री नयाँ निवासमा

## सभामुखसँगै निवास खोजिँदै

काठमाडौं (कास)- नयाँ सभामुख निर्वाचनको मिति नजिकिएसँगै सभामुखका लागि निवासको पनि खोजी भएको छ । कृष्णबहादुर महरा सभामुखबाट हटेपछि खाली भएको बालुवाटार निवासमा राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिना बस्न थालेकाले नयाँ आउने सभामुखका लागि निवास खोज्न थालिएको हो ।

सहरी विकासमन्त्री मोहम्मद इस्तियाक राईका अनुसार बालुवाटार र आसपासका क्षेत्रमा सभामुखका लागि नयाँ भवन खोजी भइरहेको छ । 'दुई/तीनवटा विकल्पमा सरसल्लाह भइरहेको छ, छिट्टै नयाँ निवासको टुंगो लाग्छ,' मन्त्री राईले भने ।

पुरानो प्रधानमन्त्री निवास भत्काएर नयाँ भवन बनाउन थालिएपछि प्रधानमन्त्री केपी शर्मा ओली केही दिनअघि बालुवाटार परिसरकै यसअघि राष्ट्रिय सभा अध्यक्ष बस्दै आएको भवनमा सरेका छन् । प्रधानमन्त्रीले अहिले अत्यावश्यक भेटघाट र मन्त्रिपरिषद्को बैठकसमेत सोही भवनमा गर्दै आएका छन् । प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाका अनुसार नयाँ भवन नबनुन्जेलका लागि प्रधानमन्त्री उक्त निवासमा सरेका हुन् ।

अहिले प्रधानमन्त्री सरेको भवन मुख्य सचिवका लागि भनेर प्रधानमन्त्री निवासको सबैभन्दा नजिक पर्ने गरी बनाइएको थियो । तर भवन तयार हुनेबित्तिकै राष्ट्रिय सभा अध्यक्ष तिमिल्सिना पुल्चोकस्थित मन्त्रीक्वार्टर रहेको स्थानबाट त्यहाँ सरेका थिए । मुख्यसचिवकै लागि भनेर पहिलो पटक भवन तयार भए पनि उच्च पदस्थ सरकारी पदाधिकारीलाई निवास नपुगेपछि भवन व्यवस्थापनमा समस्या देखिएको छ ।

प्रधानमन्त्रीका लागि गत भदौ १५ देखि बनाउन थालिएको नयाँ भवन दुई वर्षमा सम्पन्न हुने सहरी विकास मन्त्रालयअन्तर्गत विशेष भवन निर्माण आयोजनाले जनाएको छ । बालुवाटार परिसरमै बन्न लागेको भवन ३३ करोड ८० लाख ८३ हजारको लागतमा सम्पन्न हुने विभागको अनुमान छ ।

## 'सागरनाथ वन अहिले नगाभ्नू'


काठमाडौं (कास)- प्रदेश २ को सर्लाही, महोत्तरी र रौटहटमा रहेको सागरनाथ वन विकास परियोजनालाई नेपाल वन निगम लिमिटेडमा गाभ्ने संघीय सरकारको निर्णय कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ ।

संवैधानिक इजलासले बुधबार यसअघि भदौ १३ को अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिएको हो । प्रदेश २ को उद्योग, पर्यटन तथा वातावरण मन्त्रालयका तर्फबाट बेचनकुमार महतोले दायर गरेको निवेदनमाथि सुनुवाइ गर्दै प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा, न्यायाधीशहरू दीपककुमार कार्की, मीरा खड्का, हरिकृष्ण कार्की र विश्वम्भरप्रसाद श्रेष्ठको संवैधानिक इजलासले गत जेठ २३ मा संघीय सरकारले गरेको निर्णय मुद्दाको अन्तिम किनारा नभएसम्मका लागि रोक्न आदेश गरेको हो ।

महतोले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, वन तथा वातावरण मन्त्रालय, टिम्बर कर्पोरेसन अफ नेपाल (नेपाल वन निगम लिमिटेड) र कम्पनी रजिस्ट्रारको कार्यालयलाई विपक्षी बनाएका थिए । संघीय सरकारको वन तथा वातावरण मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले १३ हजार ५ सय १२ हेक्टरमा फैलिएको सागरनाथ वन विकास परियोजनालाई नेपाल वन निगम लिमिटेड मातहतमा राख्ने निर्णय गरेको थियो ।

# जाडोमा पनि डेंगु

काठमाडौं (कास)- जाडोयाम सुरु भइसक्दा पनि डेंगुको संक्रमण रोकिएको छैन । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका डा. शेरबहादुर पुनले दिनहुँ डेंगुसँग सम्बन्धित ५-७ जना बिरामी उपचारका लागि आइरहेको जानकारी दिए । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा. रुना झाले पछिल्ला १० दिनमा ५१ जना परीक्षण गराउन आएकामा ७ जनामा डेंगु देखिएको बताइन् । विशेषज्ञहरूले भने डेंगु सार्ने लामखुट्टेमा चिसो प्रतिरोध गर्ने क्षमता विकास भएको विषयमा विस्तृत अध्ययन गर्नुपर्ने औंल्याएका छन् ।



नेपाली समाजमा लामखुट्टेको लार्भा जाडोयाममा मर्छ, चिसोमा लामखुट्टेजन्य संक्रमण हुँदैन भन्ने मान्यता थियो । विज्ञहरूका अनुसार जाडोयाममा लामखुट्टेको जीवनचक्रसमेत ढिलो हुन्छ । ५-१० दिनमा लामखुट्टेको जीवनचक्र पूरा हुने भए पनि जाडोमा यो समय लामो हुन सक्छ । जाडोयाममा किटहरू शीतनिद्रा (हाइबरनेसन) मा जाने गर्छन् । काठमाडौं, पोखरासहित मुलुकका विभिन्न भागमा न्यून मात्रामा डेंगुको संक्रमण देखिइरहेको इपिडिमियोलजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी), किटजन्य रोग नियन्त्रण शाखाका प्रमुख डा. प्रकाश शाहले बताए । गत नोभेम्बरमा ५ सय ८५ जनामा परीक्षण गर्दा १ सय ४७ जनामा डेंगु देखिएको थियो । 'डेंगु फैलाउने लामखुट्टे चिसो प्रतिरोधी त भइरहेको छैन भन्नेबारे विस्तृत अध्ययन जरुरी छ,' उनले भने ।

किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र, हटौंडाका किटविज्ञ शिशिर पन्तका अनुसार काठमाडौंको जाडोमा समेत संक्रमण देखिइराख्नु डेंगु सार्ने लामखुट्टेमा चिसो प्रतिरोधी क्षमता विकास भएको संकेत हो । उनले लामखुट्टेमा चिसो प्रतिरोधी क्षमता विकास हुनु खतराको संकेत रहेको औंल्याए । 'हाल न्यून तापक्रममा समेत लामखुट्टे बाँचिरहेका छन् र सक्रिय भएर रोग सारिरहेका छन्,' उनले भने । नेपालमा हालसम्म डेंगु सार्ने वा अन्य लामखुट्टे कति कम तापक्रमसम्म बाँच्न सक्छन् भन्नेबारे अध्ययन भएको छैन ।

भारतस्थित नेसनल इन्स्टिच्युट अफ मलेरिया रिसर्चले दुई वर्षअघि 'हलद्वानी' मा गरेको अध्ययनअनुसार डेंगु उत्पन्न गर्ने एडिस एजिप्टी लामखुट्टेको लार्भाले जाडोयामलाई राम्ररी 'एडप्ट' गरिरहेको छ । विज्ञहरूका अनुसार जाडोयाममा बाहिर निस्कँदा चिसो भए पनि कोठाभित्रको तापक्रम बढी हुन्छ । डेंगु सार्ने लामखुट्टे कोठाभित्रको अँध्यारो ठाउँमा लुकेर बसेका हुन्छन् ।

डेंगु ज्वरो सबभन्दा पहिले सन् १७८५ मा दक्षिण अफ्रिकामा पाइएको थियो । यसपछि एसियाको दक्षिण पूर्वी मुलुकमा फैलियो । सन् १९६० सम्म यो रोग ४० देशमा सीमित भए पनि हाल यसको विस्तार १ सय २८ मुलुकमा भइसकेको छ । प्लोस नेग्लेक्टेड ट्रपिकल डिजिजमा प्रकाशित एक अध्ययनअनुसार १ सय २८ मुलुकका ३ अर्ब ९० करोड जनसंख्या डेंगुको जोखिममा छ ।

# स्कुलेलाई सडक पार गर्न जहिल्यै डर



**बुटवल-भैरहवाको ६ लेन सडकमा बनाइएको आकासे पुल र पुलैमुनि जेब्रा क्रसबाट सडक पार गर्दै विद्यार्थी ।**

*तस्बिर : घनश्याम/कान्तिपुर*

**प्रदेश ब्युरो** (बुटवल)

बुटवलको कालिकानगरका सुजल र साहस भण्डारी न्यु होराइजन माविमा पढ्छन् । विद्यालय नपुगुन्जेल ठूला र साना सडक पार गर्नुपर्छ । उनीहरूलाई आमा रञ्जुले प्रत्येक बिहान विद्यालय पुर्‍याउँछिन् र छुट्टी भएपछि लिन पनि पुग्छिन् । 'एक्लै बाटो काट्न डर लाग्छ,' सुजलले भने, 'सधैं ममीको हात समातेर स्कुल पुग्छौं ।' सुजलका अनुसार मुख्य सडकमा गाडीको रफ्तार धेरै हुन्छ । भित्री सडकमा पनि गाडी धेरै हुन्छन् । सडकमा जेब्राक्रस छैन । 'जहाँ गाडीको चाप कम देखिन्छ, त्यहींबाट सडक पार गर्नुपर्छ,' रञ्जुले भनिन् ।

रञ्जुका कान्छा छोराको छुट्टी ३ बजे हुन्छ । जेठो छोराको पढाइ ४ बजे सकिन्छ । त्यसैले रञ्जु छोरा लिन दुईपटक विद्यालय पुग्नुपर्छ । 'मसित हिँड्दा त छोराहरू आत्तिन्छन्,' उनले भनिन्, 'एक्लै पठायो भने झन् के होला !' न्यु होराइजनमै नर्सरीमा अध्ययनरत आविष्कार भट्टराईकी आमा सरिताले छोरालाई सुरक्षित ढंगले विद्यालय पुर्‍याउन आफैं जानुपरेको बताइन् । 'आफू नजाने हो भने बसस्टप लगेर गाडी चढाउनुपर्छ,' उनले भनिन्, 'विद्यालय समयमा भित्री सडकमा भीडभाड हुने भएकाले अरू काम थाती राखेर छोरा छाड्न/लिन आउने गरेकी छु ।'

रञ्जु र सरिताजस्तै थुप्रै अभिभावकले सडकमा जोखिम रहेका कारण छोराछोरीलाई आफैं विद्यालय पुर्‍याउने र त्यहाँबाट ल्याउने गर्छन् । न्यु होराइजनमा कक्षा ८ मा पढ्ने ओजस्वी आचार्य, कक्षा ७ का पूर्णिमा श्रेष्ठ र प्रज्ञा रानाले भित्री सडकमा पनि विद्यालय परिसर नजिक जेब्राक्रस हुनुपर्ने बताए । 'भीडका कारण सडक पार गर्न गाह्रो हुन्छ,' ओजस्वीले भनिन्, 'आँखा झिमिक्क गर्‍यो कि गाडी ठोक्किन आइसक्छ ।'

बुटवल-बेलहिया ६ लेन सडकसँग जोडिएको कालिका माविमा अध्ययनरत नीरज्जन चौधरीले आकाशे पुल बनेपछि ढुक्क भएको बताए । 'जेब्राक्रसबाट हिँड्दा पनि गाडी रोकिँदैनन्,' ११ कक्षामा अध्ययनरत उनले भने । उनका साथीहरू मोहम्मद उस्मान, सराफत अली, आकाशराज भट्ट, धीरेन्द्र विक र सुदीप जीसीले सडकमा गाडीको लापरबाही देखेर हिँड्न मन नलाग्ने बताए । भित्री सडक होस् या मुख्य राजमार्ग, पैदलयात्रीका लागि जोखिमयुक्त रहेको सराफत अलीले बताए । 'जेब्राक्रसबाट पार गरे पनि चालकले हतपत गाडी रोक्दैनन्,' उनले भने, 'मौका छोपेर पार गर्नुपर्छ ।'

पाल्पाको तानसेनस्थित कक्षा-८ मा अध्ययनरत आस्मा रेग्मीलाई विद्यालय आउजाउ गर्दा सडक पार गर्नुपर्छ । बर्तुङ-तानसेन सडक खण्डअन्तर्गत काजीपौवाबाट सडक पार गरेपछि मात्र विद्यालय पुगिन्छ । 'सडक काट्ने बेला डर लाग्छ,' उनले भनिन् ।

दाङको घोराही-१५ का १३ वर्षीय नारायण पोखेल विद्यालय जाँदा-आउँदा डराउँछन् । मोटरको अनियन्त्रित गतिले तर्साइरहन्छ । 'कतिबेला के हुन्छ भन्ने डर हुन्छ,' कक्षा ८ मा अध्ययनरत उनले भने, 'गाडी चालकले पैदल यात्रुको ख्याल गर्दैनन् ।' घोराही-११ की ११ वर्षीया निर्मला चौधरी दिनहुँ सडक किनारबाट पैदल विद्यालय पुग्छिन् । 'सडक छेउमै विद्यालय छ, कतिपटक गाडी नजिकबाट कुद्छन्,' ६ कक्षामा अध्ययनरत उनले भनिन् ।

सडक छेउमा विद्यालय हुँदा अधिकांश बालबालिका र अभिभावक दुर्घटनाको त्रासमा रहन्छन् । 'बालबालिका विद्यालयबाट नफर्किंदासम्म मन ढुक्क हुँदैन,' तुलसीपुर-१८ की अभिभावक निमा रावतले भनिन्, 'गाडीले बालबालिका हिँडेको ख्यालै गर्दैनन् । विद्यालय नजिक गाडीको गति नियन्त्रण गर्न आवश्यक छ ।' प्रायः सडकमा पैदल यात्राका लागि छुट्टै लेन व्यवस्था गरिएको छैन । 'साना बालबालिकालाई एक्लै विद्यालय पठाउन सकिँदैन,' तौलिहवा, कपिलवस्तुकी सुनीता मालीले भनिन्, 'काम थाती राखेर भए पनि बच्चालाई विद्यालय छाड्न जान्छु ।'

सडक दुर्घटनाबाट बालबालिकाले ज्यान गुमाउँदा या घाइते हुँदा ट्राफिक प्रहरीले चालकलाई प्रशिक्षण, विद्यार्थी र अभिभावकलाई सुरक्षित यात्राबारे प्रशिक्षण दिने गरेको छ । ट्राफिक सप्ताहका बेला पनि यस्ता प्रशिक्षण र चेतना फैलाउने कार्यक्रम गरिन्छ । तर अरू बेला वास्ता गरिँदैन । पाल्पाका जिल्ला ट्राफिक प्रहरी प्रमुख पृथ्वी काफ्लेले सडक छेउका विद्यार्थीलाई जोखिम रहेकाले बेलाबेला ट्राफिक चेतना जगाउने कार्यक्रम गरिरहेको जानकारी दिए ।

प्रदेश ५ ट्राफिक प्रहरी कार्यालयका अनुसार यो वर्षको साउनदेखि कात्तिकसम्म २ सय १४ ले दुर्घटनामा ज्यान गुमाएका छन् । दाङमा मात्रै साउनयता दुर्घटनामा १ बालक र ५ बालिकाको मृत्यु भएको छ । सडकको नजिकमा विद्यालय हुँदा दुर्घटनाको उच्च जोखिम हुने गरेको दाङका जिल्ला ट्राफिक प्रहरी प्रमुख प्रेमप्रसाद रेग्मीले बताए ।

(रूपन्देहीबाट **सञ्जु पौडेल** र **घनश्याम गौतम**, दाङबाट **दुर्गालाल केसी** र पाल्पाबाट **माधव अर्याल**)

## आँखैअघि गुम्यो छोरो

**देवनारायण साह** (मोरङ)

आफ्ना दुई छोरालाई राम्रो शिक्षा दिएर ठूलो मान्छे बनाउने सपना बोकेकी बेलबारी-५ रामपुरकी शिवकुमारी साहको सपना धमिलिएको छ । दुई छोरामध्ये बुधबार कान्छो उनीबाट सदाका लागि टाढा भएका छन् ।

शिवकुमारी ६ वर्षीय योगराजलाई विद्यालय पठाउन बस चढाउन गएकी थिइन् । अघिअघि ठूलो छोरालाई लिएर आइरहेको अवस्थामा घरमा रहेको २० महिने कान्छो छोरो राजले पछ्याउँदै आएको उनले थाहै पाइनन् । योगराजलाई बस चढाएर फर्कंदै गर्दा छोरा राज बसमुनि पुगिसकेका रहेछन् । अत्तालिएर शिवकुमारीले चिच्याउँदै बस रोक्न भनिन् । हुइँकिएको बस रोक्न त रोकियो, तर चक्काले नाबालकलाई किचिसकेको थियो । बेलबारी-५ का वडाध्यक्ष विश्वबन्धु बस्नेतले निमेषभरमै भएको घटनाले साह परिवारमा ठूलो शोक परेको बताए । स्थानीय कसेनी बोर्डिङ स्कुलको को१क ३०४६ नम्बर बसले राजलाई किचेको इलाका प्रहरी बेलबारीले जनाएको छ । प्रहरीले बस र चालकलाई नियन्त्रणमा लिएको छ । योगराज त्यही स्कुलमा एलकेजीमा पढ्छन् । गाउँमा लाग्ने साप्ताहिक हाटमा लुगाकपडा पसल चलाएर गुजारा गर्दै आएका शिवकुमारी र प्रमोद साहलाई ठूलो चोट परेको छ । 'राम-लक्ष्मणजस्ता छोरालाई राम्रो शिक्षादीक्षा दिएर असल मान्छे बनाउने सपना थियो, तर भगवान्ले एउटालाई लगिदिए,' प्रमोदले भक्कानिँदै भने, 'पढ्न-लेख्न नसकेका हामीले दुवै छोरालाई पढाउन दिनरात मिहिनेत गर्दै आएका थियौं, तर के गर्नु दैवको इच्छा...।' आफूले रोक्न भन्दै चिच्याए पनि चालकले समयमै बस नरोकेकाले छोराको अकालमै ज्यान गएको शिवकुमारीले बताइन् । 'ड्राइभरले बस चलाउनु अगाडि कोही भए/नभएको नहेरी बेवास्ता गर्दा मेरो बाबुको ज्यान गयो,' उनले भनिन् ।

पुराना सवारीचालक कृष्ण धिमाल दुर्घटनाका कतिपय अवस्थामा चालकको लापरबाही देखिने गरे पनि अन्य पक्ष पनि कारक हुने गरेको बताउँछन् । 'सडक र सवारी प्रयोग गर्ने सबै पक्षले सजगता अपनाउनुपर्छ,' उनी भन्छन्, 'अझ स-साना बालबालिका लिएर हिँड्दा त अभिभावक र गाडीका कर्मचारीले विशेष ध्यान दिनुपर्छ ।' चालु आर्थिक वर्षको कात्तिकसम्ममा मोरङ जिल्लामा भएका ४ सय ८७ सवारी दुर्घटनामा सय जनाको मृत्यु भएको छ । ३ सय ३४ गम्भीर र ५ सय ६८ जना सामान्य घाइते भएको मोरङ जिल्ला ट्राफिक प्रहरीको तथ्यांकमा छ । ट्राफिक प्रहरी निरीक्षक राकेशकुमार पोद्दारले गत वर्षको तुलनामा दुर्घटना संख्या वृद्धि भएको बताए ।



# प्रदेशले तोक्न सकेनन् नाम र राजधानी

## प्रदेश २, ३ र ५ को नाम र राजधानी तथा प्रदेश १ को नाम टुंगो लाग्न बाँकी

■ **राजेश मिश्र** (काठमाडौं)

प्रदेश सभा र प्रदेश सरकार गठन भएको दुई वर्ष पुग्न लाग्दा पनि तीनवटा प्रदेशले आफ्नो नाम र राजधानी टुंगो लगाउन सकेका छैनन्। प्रदेश २, ३ र ५ ले नाम र राजधानी तोक्न नसकेका हुन्।

प्रदेश १ ले गत वैशाखमा विराटनगरसहित बृहत् विराट क्षेत्रलाई राजधानी बनाउने निर्णय गरे पनि नाम जुराउन सकेको छैन। राजनीतिक दलबीच सहमतिमै राजधानी टुंग्याएको उक्त प्रदेशको नाम कोसी, सगरमाथा, किरात, कोसी किरातजस्ता विकल्पमा छलफल भइरहेको छ। सहमति जुटेको छैन।

प्रदेशले आफ्नो नाम र राजधानी सम्बन्धित प्रदेशसभाको बहुमतबाट तोक्न सक्ने संवैधानिक व्यवस्था छ। संविधानले दिएका अन्य अधिकार प्राप्तिका लागि संघ सरकारसँग संघर्ष गर्ने प्रदेशहरूले आफूले पाएको अधिकार भने प्रयोग गर्न सकेका छैनन्। प्रदेश २ बाहेकका सबै प्रदेशमा सत्तारूढ नेकपाको दुईतिहाइ बहुमत छ। प्रतिपक्षीको विरोध वा अन्य कारणभन्दा पनि पार्टीभित्रै राजधानी र नामलाई लिएर चलिरहेको किचलोका कारण प्रदेशसभा अनिर्णीत छन्। प्रदेश ३ र ५ मा त्यसको प्रभाव बढी देखिएको छ। ती दुईवटै प्रदेशका अहिले तोकिएका राजधानी बहुसंख्यक जनताका लागि अपायक छन् तर तोकिसकिएको राजधानी र अन्य वैकल्पिक स्थानका पक्षमा सत्तारूढ दलकै सांसद विभाजित छन्।

प्रदेश ३ को अस्थायी राजधानी हेटौंडा तोकिएको छ। मुख्यमन्त्री डोरमणि पौडेल हेटौंडाकै हुन्। उनी यसैलाई स्थायी राजधानी बनाउने पक्षमा छन्। पार्टीका बहुमत सांसद हेटौंडालाई अपायक भन्दै सार्नुपर्ने लबिइङमा छन्। पार्टी 'हाइकमान्ड' को हस्तक्षेप नभएसम्म राजधानीको टुंगो सम्भव नरहेको नेकपा सांसद बताउँछन्। राजधानीसम्बन्धी अध्ययन गर्न सांसद दीपक निरौलाको संयोजकत्वमा गठित कार्यदलले प्रतिवेदन बुझाएको महिनौं भइसक्दा पनि त्यसमाथि प्रदेशसभाले निर्णय लिएको छैन। समितिले काभ्रे, भक्तपुर, चितवन, मकवानपुर र नुवाकोटको नाम प्रस्ताव गरेको छ।

वर्णानुक्रमअनुसार प्रत्येक नाममा संसद्मा मतदान गराइने र जुन नाममा दुई तिहाइ पुग्छ, त्यसलाई राजधानी तोक्ने संसद्ले कार्यविधि पनि बनाइसकेको छ।

तर सभामुख सानुकुमार श्रेष्ठले राजनीतिक दलहरूले राजधानीका सन्दर्भमा आधिकारिक निर्णय नलिएकाले त्यसलाई बढाउन सकेका छैनन्। उनी भन्छन्, 'राजधानी तोक्ने विषय सामान्य होइन, यसमा पार्टीगत निर्णय र दलगत सहमति भयो भने राम्रो हुन्छ।' राजनीतिक दलको आन्तरिक र दलहरूबीच सामूहिक छलफल होस् भनेर पनि केही समय पर्खिएको उनको भनाइ छ। अब भने ढिलाइ नगरीकन आउँदो अधिवेशनमा राजधानी टुंग्याउने विषयलाई संसद्को प्रक्रियामा लगिने उनले बताए। यहाँ प्रदेशको नाम नेवा: ताम्सालिङ, नेपाल मण्डल र गौरीशंकर चर्चामा आएका छन्। केही सांसदले ती नाम संसद्मा दर्ता गराएका छन्।

प्रदेश ५ को अवस्था पनि त्यस्तै छ। नेकपासँग दुई तिहाइ बहुमत हुँदा पनि राजधानी र नाम नटुंगिनुको कारण राजधानीलाई लिएर पार्टीभित्रको फरकफरक दृष्टिकोण नै हो। दाङबाट प्रतिनिधित्व गर्ने मुख्यमन्त्री शंकर पोखरेल र रोल्पाका सभामुख पूर्ण घर्तीमगर राजधानी दाङ बनाउनुपर्ने पक्षमा छन्। बुटवल अपायक भयो भन्दै बर्दिया, बाँके, दाङ, रोल्पालगायत क्षेत्रका सांसद राजधानी सार्नुपर्ने पक्षमा छन्। बाँके, बर्दियाबाट प्रतिनिधित्व गर्ने सांसदले बुटवल राजधानी राख्ने हो भने आफूहरूलाई कर्णाली प्रदेशमा गाभिदिए सजिलो हुने भन्दै आएका छन् तर बुटवलबाट राजधानी सारिहाल्न सहज छैन। राजधानीको अभ्यास गरिरहेको बुटवलको पक्षमा एकखालको जनमत तयार भइसकेको छ। राजधानी र नामका विषयमा संसदीय समितिले छलफल गर्दै आए पनि निर्णायक तहमा अझै पुगिसकेको छैन।

प्रदेशसभा सदस्य दीपेन्द्र पुन मगरको नेतृत्वमा राजधानी र नामका सम्बन्धमा अध्ययन गर्न बनेको कार्यदलले काम थालेको एक वर्ष पुगिसके पनि प्रतिवेदन बुझाएको छैन। समितिले प्रतिवेदन नबुझाएकाले त्यससम्बन्धी प्रक्रिया थप अघि नबढेको आन्तरिक मामिला तथा कानुनमन्त्री कुलबहादुर केसी बताउँछन्। समितिले सुरक्षा, वातावरण र भूगोलविद् सम्मिलित उपसमिति बनाएर थप अध्ययन गराइरहेको छ। अध्ययनले ढिलो भएको भनिए पनि नेकपाभित्रै सांसदहरूको फरकफरक लबिइङ नै ढिला हुनुको प्रमुख कारण हो।

प्रदेश २ मा राजधानीभन्दा नामको विषय बढी विवादित छ। राजधानी जनकपुर वा जनकपुरको बृहत् क्षेत्रलाई मान्ने विषयमा दलहरू सहमतिनजिक छन्। तर सत्तारूढ दल समाजवादी र राजपा नाम 'मधेस प्रदेश' राख्नुपर्ने पक्षमा छन्। अस्थायी राजधानी जनकपुर भए पनि मुख्यमन्त्री लालबाबु राउत, सभामुख सरोजकुमार यादव र राजपाबाट नेतृत्व गर्दै सरकारमा गएका जितेन्द्र सोनल पर्सा तथा बाराबाट प्रतिनिधित्व गर्छन्। समाजवादी र राजपा राजधानी कहाँ राख्नेभन्दा पनि नामको विषयमा बढी संवेदनशील छन्। उनीहरू जनकपुरलाई राजधानी बनाउँदा नाम 'मधेस प्रदेश' राख्नुपर्ने पक्षमा छन्।

मधेस प्रदेशकै लागि आन्दोलन भएकाले यो नाममा आफूहरूको जोड रहेको भौतिक पूर्वाधारमन्त्री सोनलले बताए। 'राजधानीका लागि जनकपुरसँगै वीरगन्जको प्रस्ताव पनि संसद्मा दर्ता भएको छ,' उनले भने, 'राजधानी र नामका सन्दर्भमा दलहरूबीच थप छलफल गरेर निर्णयमा पुग्छौं। पहिचान र महत्त्वसँग जोडिएकाले मधेस प्रदेश नै हाम्रो प्राथमिकता हो।'


प्रदेशसभाले गत साउनमा पहलकदमी लिएपछि राजनीतिक दल र सांसदले राजधानी र नामसम्बन्धी प्रस्ताव दर्ता गराएका छन्। समाजवादी र राजपाले नाम मधेस र राजधानी बृहत् जनकपुर प्रस्ताव गरेको छ। नेकपाले नाम जानकी र राजधानी धनुषा, कांग्रेसले नाम मिथिला र राजधानी जनकपुर भनेको छ। समाजवादी र कांग्रेसका वीरगन्ज क्षेत्रका सांसदले वीरगन्जलाई राजधानी बनाउन प्रस्ताव दर्ता गराएका छन्। त्यसलाई सत्तारूढ दलले आफ्नो 'बार्गेनिङ पावर' बनाएका छन्। जनकपुरलाई राजधानी मान्ने भइसकेपछि नाम मिथिला दिने पक्षमा सत्तारूढ दल छैनन्। मधेस प्रदेशमा सहमति नभए राजधानीकै सन्दर्भमा नयाँ छलफल गर्न सकिने पक्षमा उनीहरू छन्।

नाम प्रस्ताव गर्न गरिएको आह्वानले धेरै सहज बनाइसकेको प्रदेश २ का सभामुख सरोजकुमार यादवले बताए। 'दलगत रूपमा प्रस्ताव आइसकेको छ, समय अभावले थप छलफल हुन नसकेको हो,' उनले भने, 'सबै दलको सहमतिमै राजधानी र नाम टुंग्याउने प्रयत्नमा छु।' प्रदेशसभाको आह्वानअनुसार भदौ ५ मै प्रस्ताव दर्ता भइसकेका छन्।

सभामुखको नेतृत्वमा गठित समितिले आएका प्रस्तावउपर छलफल गरी सहमति जुटाएर संसद्मा पेस गर्ने जिम्मेवारी पाएको छ। त्यसको बैठक बस्नै सकेको छैन। पहिलो बैठक बसेको एक महिनाभित्र समितिले आफ्नो निर्णय संसद्मा पेस गर्नुपर्ने कार्यविधिका कारण पनि समितिको बैठक बस्न नसकेको हो। 'अब छिट्टै प्रदेश २ ले आफ्नो नाम र स्थायी राजधानी पाउनेछ। त्यसको छलफललाई तीव्रता अबको प्राथमिकता हो,' प्रदेश २ का सभामुख यादव भन्छन्।

प्रदेशसभा निर्वाचनपछि तत्कालीन शेरबहादुर देउवा नेतृत्वको कामचलाउ सरकारले सातै प्रदेशको अस्थायी राजधानी तोकेको थियो। प्रदेश सरकार गठन भएको एक महिनाभित्रै प्रदेश ६ ले आफ्नो प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरलाई बनाएको थियो। नाम कर्णाली राखेको थियो। प्रदेशसभा बसेको पाँच महिनापछि प्रदेश ४ ले नाम गण्डकी र पोखरालाई राजधानी तोकेको थियो। प्रदेश ७ ले पनि नाम सुदूरपश्चिम र राजधानी कैलालीकै गोदावरी नगरपालिकालाई बनाउने निर्णय लिएको वर्ष दिन नाघेको छ तर यो निर्णय विवादित छ। त्यसैले अहिले स्थायी संरचना बनाउन सुरु भएको छैन।

*(सुवास विडारी, देवनारायण साह, सन्तोष सिंह, घनश्याम गौतमको सहयोगमा)*




# एकमुष्ट सहमति खोज्दै पौडेल पक्ष

■ **कुलचन्द्र न्यौपाने** (काठमाडौं)

कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल पक्षले पार्टीका सबै मुद्दामा एकमुष्ट सहमति खोजेको छ। पार्टी सभापति शेरबहादुर देउवाले केन्द्रीय विभाग गठनका लागि नाम दिन आग्रह गरिरहेका बेला पौडेल पक्षले प्याकेजमा सहमति गर्न माग गरेको हो।

एक महिनाअघि पौडेलले केन्द्रीय महाधिवेशन चाँडो गर्नुपर्ने लगायतका प्याकेज सहमतिका लागि नौबुँदे प्रस्ताव बूढानीलकण्ठस्थित निवासमै पुगेर सभापति देउवालाई र पछि औपचारिक रूपमा केन्द्रीय कार्यसमितिमा प्रस्तुत गरेका थिए। देउवाले बिहीबार बस्ने केन्द्रीय कार्यसमिति बैठकको पूर्वसन्ध्यामा पार्टीका विभाग र भ्रातृ संगठन नेविसंघको गठन तथा तरुण दलको विस्तार गर्ने एजेन्डा अघि सारेपछि पौडेल पक्षले ती नौ बुँदाकै विषयमा सहमति हुनुपर्नेमा जोड दिएको हो।

नौ बुँदामा पौडेल पक्षले 'टालटुले र टुक्रे' समाधान नखोजी पार्टीका सबै विषयको समग्रतामा सहमति हुनुपर्ने विषय उठाएको छ। जसमा पार्टीको केन्द्रीय महाधिवेशन चाँडो गर्नुपर्ने, ६ महिनाभित्र भ्रातृसंस्थाहरूको अधिवेशन हुनुपर्नेलगायत छन्। 'नौबुँदे प्रस्तावको सैद्धान्तिक पक्षमा असहमति गर्नुपर्ने अवस्था छैन, केही विषय पार्टीको केन्द्रीय कार्यसमितिबाट निर्णय भइसकेका छन्,' उपसभापति विमलेन्द्र निधिले भने।

पौडेलले प्रस्तुत गरेका नौ बुँदामा विभाग गठनको विषय समावेश छैन। सभापति देउवाको यतिबेलाको प्राथमिकता विभाग र नेविसंघ तत्काल गठन गर्नेतिर छ। विधानले २८ वटा विभाग व्यवस्था गरेको छ। त्यसलाई बढाएर ४५ पुऱ्याउने देउवाको तयारी छ। सहमहामन्त्री प्रकाशशरण महतले विभागको संख्या बढाउने प्रस्ताव बिहीबारको केन्द्रीय कार्यसमितिको बैठकमा प्रस्तुत हुन सक्ने बताए। आफ्नो पक्षका सबै



**बहुमतबाट अघि बढ्ने देउवाको तयारी**

केन्द्रीय सदस्यलाई व्यवस्थापन गर्ने नाममा विभागको संख्या बढाउने प्रस्ताव ल्याइएको पौडेल पक्षको आरोप छ।


प्याकेजमा सहमति नबने विभाग गठनमा सहभागी नहुने पौडेल पक्षको निर्णय छ। 'कार्यकाल सकिन दुई महिना बाँकी छँदा विभाग गठन गर्नुकै औचित्य छैन, यो विधानविपरीत समेत छ,' पौडेल निकट केन्द्रीय सदस्य हृदयराम थानीले भने, 'विभागको संख्या थप्ने विषयमा त झनै सहमति हुन सकिँदैन।'

महामन्त्री शशांक कोइरालाको महाराजगन्जस्थित निवासमा बुधबार बिहान बसेको बैठकले आसन्न महाधिवेशनलाई प्रभाव पार्ने गरी विभागको संख्या थप्ने रणनीति देउवाले बनाएको निष्कर्ष निकालेको थियो। 'महाधिवेशन चाँडै गर्नेतिरै हामीले जोड दिनुपर्छ,' बैठकमा वरिष्ठ नेता पौडेलको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो।

पौडेल पक्षले सहमति नजनाए देउवाले संगठन, प्रचार, विदेश, जनसम्पर्क विभागमा आफ्नो पक्षका केन्द्रीय सदस्यलाई जिम्मेवारी दिई अन्य खाली राख्ने तयारी गरेका छन्। विभागको संख्या बढाउने प्रस्ताव केन्द्रीय कार्यसमितिको बहुमतबाट पारित गर्नुपर्ने व्यवस्था भए पनि गठन गर्ने अधिकार सभापतिमा छ।

नेविसंघ र तरुण दलमध्ये एउटाको नेतृत्व आफ्नो समूहले पाउनुपर्ने माग पौडेल पक्षले राखेको छ। तत्कालीन सभापति सुशील कोइरालाका पालामा पनि संघको नेतृत्व संस्थापनले राखेर तरुण दल इतरपक्षलाई दिएको तर्क पौडेल पक्षले गरेको छ। तर देउवा त्यसका लागि तयार छैनन्।

नेविसंघ दस महिनादेखि नेतृत्वविहीन छ। तरुण दलको पनि कात्तिक मसान्तमा म्याद सकिएको छ। देउवाले महासचिवसहित तरुण दलमा रहने सदस्यको नाम दिन पौडेललाई आग्रह गरेका छन्। संघको तदर्थ समितिमा पूर्वउपाध्यक्ष राजीव ढुंगानालाई ल्याउने तयारीमा देउवा छन्। तरुण दलमा भने बस्नेतकै नेतृत्वमा कार्यसमिति विस्तार गरेर ६ महिनाभित्र महाधिवेशन गर्न दिने योजना छ। छलफलमा सहमति नजुटे पनि निर्णय प्रक्रिया अवरुद्ध नहुने पार्टी प्रवक्ता विश्वप्रकाश शर्माले बताए।




# वनमै छुट्यो भारी र रस्सी

## हात्तीको आक्रमणबाट २ को मृत्यु

■ **भवानी भट्ट** (कञ्चनपुर)

महाकाली नगरपालिका-२ लट्ठाघाट चाँदनीकी वसन्ती भट्ट सधैं झैं बिहान पनि घाँस-दाउरा ल्याउन घरभन्दा केही परको मायापुरी मध्यवर्ती सामुदायिक वनमा गएकी थिइन्। छिमेकीहरूसँग बिहान झिसमिसेमै वनमा जाने उनी १०/११ बजेतिर घर फर्कन्थिन् तर बुधबार भने न उनी फिरिन्, न त उनले बोक्ने भारी नै घर पुग्यो। उनले बोरामा भरेको पातको भारी र रस्सीसमेत वनमै छुट्यो।

हात्तीको आक्रमणमा परेर ४० वर्षीया उनीसहित ५० वर्षीया भुरी बोहोरा मारिए। सँगै गएका अरू चार महिला घाइते भए। भारतसँग सीमा जोडिएको उक्त वनमा भट्ट छिमेकीहरूसँग पात बटुल्दै थिइन्। नजिकै रहेको झाडीबाट निस्केको हात्तीले आक्रमण गर्दा उनको घटनास्थलमै मृत्यु भयो। 'भाउजू र म नजिकै थियौं, दुवै आआफ्नो बोरामा पात बटुलिरहेका थियौं,' वसन्तीकी नन्द पर्ने घटनाकी प्रत्यक्षदर्शी गोमती भट्टले भनिन्, 'झाडीबाट एक्कासि हात्ती निस्कियो। म भाग्न खोज्दा लडिहालेँ, भाउजू केही पर हुनुहुन्थ्यो। उहाँ चिच्याएको आवाज आयो, त्यहाँ पुग्दा त हात्तीले आक्रमण गरेर गइसकेछ।'

६ बजेतिर वन जाने बोहोरा बुधबार केही ढिला गएकी थिइन्। उनी गएको आधा घण्टामै वनबाट होहल्ला सुनिएको जेठानी शुर्मा बोहोराले बताइन्। 'हात्तीले आक्रमण गर्दा वनभित्र चिच्याएको बस्तीमै सुनियो,' उनले भनिन्, 'हामी सबै दौडेर जाँदा मारिसकेछ।' बस्ती छेउमै आएर हात्तीले आक्रमण गरेको घटनाले स्थानीय स्तब्ध छन्। महाकाली-२ चाँदनी जनज्योति टोलका अध्यक्ष मानबहादुर धामीले भने, 'घर नजिकै आएर यसरी आक्रमण गरेको यो पहिलो घटना हो।' मध्यवर्ती सामुदायिक वनमा यसअघि पनि हात्तीका हुल भारतको राष्ट्रिय वन हुँदै आउने गरेका थिए तर हुल राति पसेर बिहान उज्यालो हुँदै फिर्ने गरेको उनले बताए। वन बस्ती नजिकै छ। स्थानीय भागरथी धामीका अनुसार भुरीसहित ४/५ जना बस्ती नजिकको भागमा पात बटुलिरहेका थिए। वनको बीच भागमा रहेका अन्य महिलाले सुनेपछि त्यहाँ आउँदा कोही देखिएन तर उनीभन्दा केही पर रहेकी उमा साउद घाइते अवस्थामा भेटिइन्। उनको दायाँ खुट्टामा चोट लागेको छ। इलाका प्रहरी कार्यालय दोधाराका अनुसार घटनामा घाइते हुनेमा स्थानीय ललिता बोहोरा, सुनिता विष्ट, उमा साउद र सरस्वती ओझा छन्। उनीहरूको धनगढी र सीमावर्ती बजार खटिमामा उपचार भइरहेको प्रहरी निरीक्षक चेतराम पनेरुले बताए।

**सधैं त्रास**

महाकाली नगरपालिकामा धान पाक्ने बेला र गहुँ उम्रिएका बेला हात्तीका हुल पस्ने त्रास सधैंको हो। भारतसँग सीमा जोडिएका बडुवाल टोल, कञ्चनभोज र चाँदनीमा हात्तीको त्रास बढी छ। उक्त क्षेत्रमा हात्तीले बर्सेनि बालीनालीको नोक्सान गर्नुका साथै घरटहरासमेत भत्काउने गरेको छ।

'बडुवा टोलमा त सधैं हात्तीको डर हुन्छ, बालीनाली जोगाउनै गाह्रो हुन्छ,' स्थानीय महावीर क्षत्रीले भने, 'एक/दुई वर्षदेखि केही कम भएको छ।' ठूलो संख्यामा दिनहुँ आउने क्रम भने घटेको उनले बताए। मध्यवर्ती क्षेत्रमा जंगली जनावरले धनजनको क्षति पुऱ्याएमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जले राहत तथा क्षतिपूर्ति दिने गरेको छ। प्रमुख संरक्षण अधिकृत लक्ष्मणप्रसाद पौड्यालले खेतबारीमा वा घरमै आएर हात्तीको आक्रमणमा परी मृत्यु भएका परिवारलाई १० लाख र घाइतेलाई सरकारी अस्पतालमा नि:शुल्क उपचार र अन्यत्र भए तीन लाखसम्मको उपचार खर्च दिने व्यवस्था रहेको बताए। 'तर वनभित्रै घटना भएमा केही पनि दिन मिल्दैन,' उनले भने, 'चाँदनीमा भएको घटनाका विषयमा अध्ययन हुन बाँकी छ।'



## छोटकरी

### नारायणगढ-मुग्लिन सडक दैनिक ४ घन्टा बन्द

चितवन (कास)- नारायणगढ-मुग्लिन सडक शुक्रबारदेखि दैनिक चार घन्टा बन्द हुने भएको छ। पहिरो नियन्त्रणको काम सुरु भएकाले १५ दिनसम्म बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म यातायात सञ्चालनमा रोक लगाइने नारायणगढ-मुग्लिन सडक आयोजनाका सूचना अधिकारी इन्जिनियर शिव खनालले जानकारी दिए। उक्त सडकको सात ठाउँमा १५ दिनअघिबाट पहिरो नियन्त्रणको काम सुरु भएको छ। दुई लेनको फराकिलो सडक बनाउने काम अघिल्लो वर्ष सकिए पनि सडक विस्तार क्रममा ठाउँ-ठाउँमा पहाड काट्दा पहिरोको जोखिम बढेको थियो। 'अघिल्लो वर्ष ११ ठाउँमा पहिरो नियन्त्रणको काम सुरु गरेका थियौं। बाँकी रहेका दुई र त्यसपछि देखापरेका थप पाँच ठाउँमा गरेर यो वर्ष सात ठाउँमा पहिरो नियन्त्रणको काम हुनेछ,' खनालले भने। उनका अनुसार गाईघाट, घुमाउने, भालुढुंगा, जलवीरे, चारकिलो, टोपेखोला र टोपोखोला-कालीखोलाको बीचमा पहिरो नियन्त्रणको काम हुने भएको छ। '१२ करोड रुपैयाँ लागतमा काम हुँदै छ,' उनले भने, '६ महिनाभित्र सक्ने योजना छ।' यो सडक हुँदै दिनहुँ १० हजार गाडी आउजाउ गर्छन्।

### मोटरसाइकलको ठक्करबाट मृत्यु

मकवानपुर (कास)- मकवानपुरको छुट्टाछुट्टै स्थानमा भएका सवारी दुर्घटनामा दुईजनाको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन्। पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौंडा-९, पशुपतिनगरमा मंगलबार राति मोटरसाइकलको ठक्करबाट एक महिलाको मृत्यु भएको छ। वीरगन्जबाट हेटौंडा आउँदै गरेको ना४२प ७५०६ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा ती महिलाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रमुख मुकेशकुमार सिंहले जानकारी दिए। उनको पहिचान खुलेको छैन। दुर्घटनामा मोटरसाइकल चालक पर्साको पर्सागढी नगरपालिका-५ का अन्दाजी ३० वर्षीय कञ्चन ठाकुर र भरतपुर महानगरपालिका १० बस्ने ३५ वर्षीया शर्मीला थापा मगर घाइते भएका छन्। यसैगरी, मकवानपुर गढी गाउँपालिका-४ मक्राञ्चुली नजिक टिपरले किच्दा एकजनाको मृत्यु भएको छ। मनकामना मन्दिर जाने सडक खण्डमा बा४ख ६३५५ नम्बरको टिपरले किच्दा दीपक पाख्रिनको मृत्यु भएको हो।

### गाउँपालिकाले बाँड्यो 'एड बक्स'

सिन्धुपाल्चोक (कास)- इन्द्रावती गाउँपालिकाले विद्यालयमा 'एड बक्स' वितरण गरेको छ। गाउँपालिकाले १६ प्रकारका अत्यावश्यक औषधिसहितका बक्स सम्पूर्ण विद्यालयलाई बाँडेको हो। 'गाउँपालिकाभित्रका ४५ विद्यालयमा एड बक्ससहित इमर्जेन्सी उपचार पद्धति सिकाउने व्यवस्था गरिएको छ,' इन्द्रावती गाउँपालिकाका प्रमुख वंशलाल तामाङले भने। हिमाली गाउँ सिम्पालकाभ्रेदेखि इन्द्रावती तीर, भीमटार र भोटसिपाको उपचारसम्बन्धी अवस्था देखेर यस्तो अवधारणा ल्याइएको उनले बताए। इन्द्रावती-१ देखि १२ सम्मका वडामा नेवार, तामाङ, बाहुन, क्षेत्री, दलित, माझी, दनुवार समुदायको बसोबास छ। जिल्लामै पहिलोपटक डेंगु देखिएको इन्द्रावतीकै भीमटार क्षेत्रमा डेंगु सचेतना अभियान चलाइएको छ।



ललितपुरको गोदावरीमा बच्चासँगै दाउराको भारी बोकेर घर फर्किरहेकी महिला। तस्बिर : प्रथम विष्ट/कान्तिपुर

# प्रदेश अनुसन्धान ब्युरो गठनको बाटो खुल्यो

मकवानपुर (कास)- प्रदेश ३ सरकारले प्रदेश अनुसन्धान ब्युरो गठनका लागि आवश्यक कानुन तर्जुमा सुरु गरेको छ। मन्त्रिपरिषद् बैठकले ब्युरो गठनका लागि ऐन तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गरेसँगै आन्तरिक मामिला तथा कानुन मन्त्रालयले कानुन निर्माणको काम थालेको हो। 'हामीले अहिलेसम्म निर्माण गरेका धेरै कानुन एकल सूचीमा रहेका थिए, अब साझा सूचीमा रहेका कानुन बनाउने काम सुरु भएको छ,' मन्त्री शालिकराम जम्मकट्टेलले भने, 'प्रदेश सरकारलाई गति प्रदान गर्नका लागि पनि प्रहरी, अनुसन्धान र निजामति ऐन अत्यावश्यक छ।' प्रदेशको पाँचौं अधिवेशनमा अहिले तर्जुमा भइरहेका सबै ऐन पेस गर्ने गरी काम भइरहेको उनले बताए।

संघीय सरकारले प्रहरी ऐन जारी गर्ने तयारी गरेसँगै प्रदेश तहमा उक्त ऐन तर्जुमा सुरु गरिएको हो। हालसम्म प्रदेश प्रहरी ऐन र अनुसन्धान ब्युरो गठनसम्बन्धी ऐन प्रदेश २ सरकारले मात्र निर्माण गरेको छ।

सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले प्रदेश सञ्चार रजिष्ट्रार कार्यालयको अस्थायी कर्मचारी दरबन्दी स्वीकृत, मुख्यमन्त्री जनता स्वास्थ्य कार्यालयको कार्यविधि स्वीकृत तथा जनता आवास कार्यक्रमको कार्यविधि संशोधन गर्ने निर्णय गरेको मन्त्री जम्मकट्टेलले बताए। बिजनेस नहुँदा प्रदेशसभा तीन महिनादेखि स्थगित छ। प्रदेश सरकारले हालसम्म ४५ वटा कानुन निर्माण गरिसकेको र एउटा प्रमाणीकरण हुने प्रक्रियामा रहेको प्रदेश ३ का प्रदेशसभा सचिवालय सचिव रामशरण घिमिरेले जानकारी दिए।

**सुझाव संकलन**

प्रदेश ३ सरकार प्रदेश प्रहरी ऐनको अन्तिम तयारीमा समेत जुटेको छ। आन्तरिक मामिला तथा कानुन मन्त्रालयले प्रदेश प्रहरी सेवासम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको प्रारम्भिक मस्यौदा तयार गरी अहिले छलफललाई तीव्रता दिएको छ।

संघीय संसद्ले प्रहरीसम्बन्धी कानुन पारित गरी प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाएपछि प्रदेश ३ ले प्रदेश प्रहरी गठन र परिचालनसम्बन्धी विधेयक तयार गरी छलफल बढाएको हो। सरोकारवालासँग ऐनको मस्यौदाबारे सुझाव संकलन पनि थालिएको छ। शान्ति सुरक्षा र मुद्दा मामिला प्रदेश मातहत आएकाले प्रदेश प्रहरी ऐन बनाउन सुरु गरिएको आन्तरिक मामिला तथा कानुनमन्त्री शालिकराम जम्कट्टेलले बताए। शान्ति सुरक्षा गर्ने र कमान्डको अधिकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई दिइएको छ।

विधेयकमा प्रहरी नायब महानिरीक्षक प्रदेश प्रहरी प्रमुख रहने व्यवस्था छ। प्रदेश प्रहरीको सञ्चालन संघीय प्रहरी ऐनले निर्धारण गरेको मापदण्डअनुसार प्रदेश सरकारले गर्ने, प्रदेश प्रहरी सेवामा जनपद र प्राविधिक प्रहरी समूह रहने व्यवस्था पनि विधेयकमा छ। ऐन लागू भएसँगै जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय र प्रहरी चौकी प्रदेश सरकार मातहतमा रहनेछन्। 'संघीय सरकारका केही प्रहरी इकाई जिल्ला तहमा रहन सक्छन्। तर अहिले जस्तो हुँदैन,' उनले भने। प्रदेश प्रहरीको केन्द्रीय कार्यालय प्रदेशको राजधानीमै राखिने उनले बताए।

प्रदेश प्रहरीको संगठन संरचना र प्रहरी कर्मचारीको संख्या संघ सरकारको सहमतिमा प्रदेश सरकारले तोकेबमोजिम रहने छ। प्रदेश प्रहरी सेवा, प्रहरी नायव महानिरीक्षक, प्रदेश प्रहरी प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी उपरीक्षक, प्रहरी नायव उपरीक्षक, प्रहरी निरीक्षक, प्रहरी नायव निरीक्षक, प्रहरी सहायक निरीक्षक, प्रहरी वरिष्ठ हवल्दार, प्रहरी हवल्दार र प्रहरी जवान पदको व्यवस्था गरिएको छ। प्रदेश प्रहरी संगठन संरचना र संख्या निर्धारण गर्न आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव अध्यक्ष रहने संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति रहनेछ। समितिमा प्रदेश प्रहरी कार्यालयका प्रहरी नायव महानिरीक्षक सदस्य रहनेछन्। प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी उपरीक्षक सदस्यसचिव रहने व्यवस्था छ।

# अपमानपछि घर फर्कन गाह्रो

दोलखामा यस आर्थिक वर्षमा सातवटा 'बोक्साबोक्सी' आरोपका घटना भएका छन्। तीमध्ये एउटा जिल्ला प्रहरी कार्यालय र अर्को तामाकोसी गाउँपालिकाको न्यायिक समितिमा दर्ता भएका छन्

■ **राजेन्द्र मानन्धर** (दोलखा)

भिरालो जमिनमा अवस्थित घरको मूलढोकामा ताला झुन्डिएको छ। तिब्बती सिमानाको दुर्गम आलुम्पुसँग जोडिएको स्याखु बस्तीको यो घरमा ताला लागेको १७ दिन भयो। गाउँलेहरू अन्धविश्वासको भर पर्दा रत्नबहादुर श्रेष्ठ र कृष्णमाया दम्पती गाउँबाटै विस्थापित हुनुपर्‍यो।

बिगु गाउँपालिका-५ स्थित स्याखुमा करिब एक दर्जन धामीझाँक्री छन्। उनीहरूले आफूखुसी जे बके पनि त्यसैलाई अन्तिम सत्य मान्दै गाउँले विश्वासमा पर्छन्। धामीलाई चढाएको रक्सीको बोतलको बिर्कोमा सिउरिएको फूल उल्टो परेको आधारमा रत्नबहादुरलाई बोक्सा आरोप थोपरियो। दोस्रोपटक धामीले देवतालाई चढाएको भाले काट्दा रगत नआएकाले बोक्सा भनियो। तेस्रोपटक माता काम्न नसकेको दोष पनि उनैलाई थोपरियो। 'धामीझाँक्रीको विश्वास गर्दा सोझासिधामा गनिने रत्नबहादुर र कृष्णमाया गाउँबाट खेदिए,' स्थानीय पूर्णबहादुर खड्काले भने। टोल सुधार समितिको आह्वानमा एक सय १३ जनाको भेलाले मंसिर १ गते ती दम्पतीमाथि 'बोक्साबोक्सी' साबित गर्न बाध्य पारेको थियो। घटनापछि स्थलगत अध्ययनका लागि पुगेकी राष्ट्रिय मानवअधिकार आयोगकी प्रवक्ता मोहना अन्सारीसहितको टोलीलाई स्थानीयले अन्धविश्वासमा भर पर्दा अज्ञानवश अपराध गर्न पुगेको स्वीकार गरेका छन्।

पीडित रत्नबहादुरका छोरा भाजु श्रेष्ठले बोक्साबोक्सी भन्दै बाबुआमालाई पटकपटक यातना दिएपछि रातारात काठमाडौं लगेको बताए। कुटपिटसमेत भएकाले जीवन नै जोखिममा परेकाले भाग्नुपरेको उनको भनाइ छ। 'मानसिक तनावले आमा बिरामी भएपछि उपचार गराउँदै छौं,' उनले भने, 'बिगु छाडेर हाल परिवारका सबै सदस्य काठमाडौंमै छौं।'

स्थानीयका अनुसार उक्त गाउँनजिक स्वास्थ्यकर्मी भए पनि हत्तपत्त त्यहाँ सेवा लिन कोही जाँदैनन्। बरु पहिले धामीकहाँ पुग्छन्। सिकिस्त भएपछि मात्रै अस्पताल जाने चलन छ।

चरिकोटमा आयोजित 'लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान' अन्तर्गतको कार्यक्रममा उक्त घटनाले जिल्लाकै बेइज्जत भएको चर्चा गरियो। आधुनिक युगमा धामीको विश्वास गरिनु र कसैलाई बोक्साबोक्सीजस्तो गम्भीर आरोपका आधारमा गाउँले नै मिलेर खेद्नु भयंकर दोष भएको ठहर पनि गरिएको छ। जिल्लामा आयोजित विभिन्न कार्यक्रममध्ये जिल्ला संवाद समूहको छलफलमा आश्रय केन्द्रका अध्यक्ष सिर्जना कार्कीले स्याखुलगायत जिल्लामा देखिने/नदेखिने गरी बोक्साबोक्सी आरोपमा यातना दिने कार्य भइरहेको बताइन्। बोक्सीको आरोपबाट भागेर सदरमुकाम आउनेलाई आश्रयको अभाव रहेको र सामाजिक रूपमा पुनः स्थापित गर्न कुनै निकायले ध्यान नदिएको उनको गुनासो छ। 'सबै निकायको जोडमा तत्काल जोखिममा परेका महिलाका लागि सेफ हाउस (सुरक्षित केन्द्र) निर्माण गर्नुपर्छ,' उनले माग गरिन्।

'बिरामी भएको ठाउँमा धामीले बोलाएपछि जानै पर्थ्यो,' रत्नबहादुर भन्छन्, 'धामीले अक्षता समात्न दिन्थे। मन्तरले फुकेर त्यही चामल बिरामीमाथि छर्थे। बिरामी बिसेक भए ठिकै छ, नभए तैं बोक्साको काम भन्थे।' गाउँमा धामीको भर पर्दा कैयौं बिरामी मृत्युको मुखमा पुगिसकेका छन्। त्यसको दोषजति कसैलाई बोक्साबोक्सी किटेर दिइने गरिएको कृष्णमाया बताउँछिन्।

तामाकोसी गाउँपालिकास्थित सहरेकी एक महिलालाई अप्रत्यक्ष रूपमा सधैंजसो बोक्सीको आरोप लगाइन्थ्यो। पछिपछि गाउँमा जो बिरामी परे पनि उनैलाई दोष दिइयो। त्यसपछि उनी न्यायिक समितिमा आएको समितिकी उपाध्यक्ष उर्मिला केसीले बताइन्। केही समयअघि बोक्सीको आरोपपछि मानसिक यातना खप्न नसकेर एक महिला रुँदै चरिकोट सदरमुकामस्थित आश्रय केन्द्रमा आएकी थिइन्। उक्त केन्द्रकी प्रमुख सिर्जना कार्कीले सकेसम्म स्थानीय तहमा रहेको न्यायिक समितिमा अनुरोध गर्न सुझाएको बताइन्। 'बोक्सीका कारण मानिस र चौपाया मरिरहेको जस्ता विषय अघि सारेर अपमान गर्न थालेपछि ती महिला गाउँ समाजमा बस्न नसक्ने अवस्थामा पुगिन्,' उनले भनिन्।



सामाजिक बहिष्कारपछि विस्थापित भएका श्रेष्ठ दम्पतीको घर। तस्बिर : कान्तिपुर

> सदरमुकाम आसपासमा पनि धामीको विश्वास गरेर बोक्साबोक्सी आरोप लगाउने प्रवृत्ति छ

कालिञ्चोक भवगती मन्दिर दर्शन गर्न गएका बेला हालै एक महिलाको हृदयाघातबाट मृत्यु भयो। तर बोक्सीका कारण घटना भएको हल्ला चलाइयो।

सदरमुकाम आसपासमा पनि धामीझाँक्रीको विश्वास गरेर बोक्साबोक्सी आरोप लगाउने प्रवृत्ति उस्तै छ। अस्पताल र निजी क्लिनिकमा उपचार गराए पनि औषधिको असर पर्न नपाउँदै कतिपय धामीकहाँ पुगिहाल्छन्। 'बिरामी निको हुनका लागि मनोवैज्ञानिक प्रभाव जरुरी हुन्छ,' स्वास्थ्य क्षेत्रमा पाँच दशकदेखि सक्रिय चरिकोट बजारका रामदास श्रेष्ठ भन्छन्, 'तर धेरैजसो धामीको विश्वासमा पर्दा नराम्रा घटना हुने गरेका छन्।'

दोलखामा यो आर्थिक वर्षमा सातवटा 'बोक्साबोक्सी' आरोपका घटना भएका छन्। जसमध्ये एउटा जिल्ला प्रहरी कार्यालय र अर्को तामाकोसी गाउँपालिकाको न्यायिक समितिमा दर्ता भएका छन्। बाँकी घटनामा महिला अधिकारकर्मीले पीडितको पक्षमा पैरवी गरिरहेका छन्। श्रेष्ठ दम्पती सामाजिक बहिष्कारमा परेपछि उक्त गाउँका धामीझाँक्री बेपत्ता छन्। मुद्दा लागेका नौजना पनि सम्पर्कमा छैनन्।

# सीडीओसामु रोए वडाध्यक्ष

रामेछाप (कास)- 'म जनताका लागि खटिरहेको छु, स्थानीय सरकार त भन्छन् तर मैले सरकारको अनुभूति जनतालाई गराउन सकिनँ। गाउँपालिकामा पुग्दा विपक्षीको व्यवहार गर्छन्, कुनै कुरा सुनुवाइ हुँदैन,' रामेछापको उमाकुण्ड गाउँपालिका-१ का वडाध्यक्ष नुर्बु शेर्पा बुधबार भाषण गर्दागर्दै भक्कानिए। विकास निर्माणको अवस्था र नागरिकलाई परेको पिरमर्का बुझ्न उमाकुण्डको दुर्गम गाउँ गुम्देल पुगेकी प्रमुख जिल्ला अधिकारी लीलाकुमारी पाण्डेसामु गुनासा राख्ने क्रममा उनी रोएपछि एकछिन् त्यहाँको माहोल नै अर्को बन्यो।

दुर्गमका नागरिकका लागि वडाले बनाएर लगेको योजना माग्दा गाउँपालिकाले विपक्षीको व्यवहार गरेको ७४ वर्षीय वडाध्यक्ष शेर्पाको गुनासो थियो। उनले भने, 'विकासका कुरा राख्दा कांग्रेसको योजनाजसरी गाउँपालिकाले पन्छाउँछ।' शेर्पा कांग्रेसबाट वडाध्यक्षमा निर्वाचित भएका हुन्। गाउँपालिकामा अध्यक्षसहित नेकपाको बहुमत छ।

सडक निर्माणमा गाउँपालिकाले पर्याप्त रकम दिन नसकेको स्थानीय पेम्बा शेर्पाले बताए। लिखु हाइड्रोले नागरिकको गुनासो सुनुवाइ नगरेको, गौरीशंकर संरक्षण क्षेत्रको व्यवस्थापन समितिमा काठको पैसा दुरुपयोग भएको जस्ता गुनासो स्थानीय मृगेन्द्र बस्नेतले पोखे।

प्रजिअ पाण्डेले विकासमा कसैले पनि पक्ष र विपक्षीको व्यवहार गर्नु नहुने बताइन्। 'वडाध्यक्ष भावुक भएकोमा गम्भीर भएको छु,' उनले भनिन्, 'गाउँपालिकाका अध्यक्षसँग म समन्वय गर्नेछु।'

गुम्देलमा प्रहरी चौकी छैन। कुनै घटना भए बाम्तीदेखि प्रहरी पुग्नुपर्छ। बाम्तीदेखि वडा कार्यालय रहेको स्थान गुम्देल पुग्न पैदल पाँच घन्टा लाग्छ। प्रहरी नायव उपरीक्षक सन्तोषकुमार भट्टराईले गुम्देलको शान्ति सुरक्षाको कुरालाई ध्यानमा राखी अस्थायी प्रहरी बिट राख्नेतर्फ काम गर्ने बताए। नुम्बुर फेदीको उक्त बस्तीमा ३२ परिवारको बसोबास छ। यहाँ सञ्चार सम्पर्क पनि राम्रोसँग नहुने स्थानीय कल्जङ शेर्पाले बताए।

ENJOY DOLBY ATMOS SOUND BIG Movies
NOW SHOWING
BALA : 10:00 AM, 3:30 PM, COMMANDO 3 : 12:45 PM, 6:30 PM
3D FROZEN II : 9:30 AM, 11:45 AM, 5:00 PM
MACHHA MACHHA : 2:00 PM
PATI PATNI AUR WOH : 9:00 AM, 12:00 PM, 2:45 PM, 5:30 PM, 7:15 PM, 8:15 PM
NLIC City Centre Kamalpokhari, Kathmandu
4011643/45, 01-2112233
www.bigmovies.com.np facebook/bigmoviesnepal
Wednesday & Thursdays At Rs. 185* * Conditions apply

QFX cinemas NEXT CHANGE
For booking and updated info:
Kathmandu: 01-4442220
Narayanghat: 056-522079
Nepalgunj: 081-411330
Pokhara: 061-522630/47
Birtamode: 023-543083
Butwal: 01-4442220
qfxcinemas.com
RANI MUKERJI YASH RAJ FILMS PRESENT MARDAANI 2 WRITER-DIRECTOR GOPI PUTHRAN PRODUCER ADITYA CHOPRA 13TH DEC
JUMANJI THE NEXT LEVEL DECEMBER 13

गोपी कृष्ण Showing Time 8:20, 11:20, 2:20, 5:20
• Pati patni our wo • Commando 3 • माछा माछा
• माया पिरिम • लभ यु हमेशा • पोइ पर्यो मनले • छ माया छपक्कै

GUNA GROUP Guna Cinema P. Ltd. गुण सिनेमा हल प्रा. लि.
PAGAL PANTI COMMANDO 3 OFFICIAL TRAILER 30 MILLION+ VIEWS ON
• Comando 3 • Love you hamesa • Chha maya
• Chhapakkai • Makhmali • Cha Cha Hui
• Sarauto • Poi paryo kale

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | आकस्मिक लाभ | तुला | अस्वस्थता |
| वृष | उत्साहप्रद | वृश्चिक | नयाँ कार्य आरम्भ |
| मिथुन | आर्थिक हानी | धनु | द्विविधा बढ्ने |
| कर्कट | कार्य सफल | मकर | अध्ययनमा सफल |
| सिंह | मिष्ठान्न भोजन | कुम्भ | मनोरञ्जन |
| कन्या | भाग्य वृद्धि | मीन | पराक्रम बढ्ने |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल मंसिर २७ गते शुक्रबार तदनुरुप १३ डिसेम्बर २०१९ पौष कृष्णपक्ष प्रतिपदा तिथि प्रातः १०:३९ बजेसम्म उप्रान्त द्वितीया तिथि, मृगशिरा नक्षत्र प्रातः ७:३७ बजेसम्म उप्रान्त आद्रा नक्षत्र, शुभ योग दिनको १:५५ बजेसम्म उप्रान्त शुक्ल योग, कौलव करण प्रातः १०:३९ बजेसम्म उप्रान्त तैतिल करण, मिथुन राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | | | |
|---|---|---|---|
| ५:०० | भक्तिसुर | ३:०० | नेपाल स्पेल बी (रिपिट) |
| ५:३० | आध्यात्मिक सन्देश | ४:०० | कान्तिपुर समाचार |
| ६:०० | जीवन विज्ञान | ४:३० | रजतपट (रिपिट) |
| ६:३० | मार्गदर्शन (लाइभ) | ५:०० | कल कान्तिपुर |
| ७:०० | कान्तिपुर समाचार | ६:०० | कान्तिपुर न्यूज |
| ८:०० | गुडमर्निङ नेपाल | ६:३० | सुमनसँग |
| ८:३० | कान्तिपुर न्युज | ७:०० | कान्तिपुर समाचार |
| ९:०० | नेपाल स्पेल बी (रिपिट) | ७:३० | प्रदेश विशेष (लाइभ) |
| १०:०० | कान्तिपुर समाचार | ८:०० | कान्तिपुर समाचार |
| १०:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) | ९:०० | ह्वाट द फ्लप |
| ११:०० | कान्तिपुर न्यूज | १०:०० | सुमनसँग (रिपिट) |
| ११:३० | रजतपट (रिपिट) | १०:३० | कान्तिपुर न्युज |
| १२:०० | कान्तिपुर समाचार | ११:०० | प्रदेश विशेष (रिपिट) |
| १२:३० | साझा सवाल (रिपिट) | ११:३० | कान्तिपुर समाचार |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) | १२:०० | कल कान्तिपुर रिपीटेड |
| २:०० | कान्तिपुर समाचार | १:०० | कान्तिपुर न्युज रिपीटेड |
| २:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) | १:३० | सुमनसँग (रिपिट) |
| | | २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| | | २:३० | मार्गदर्शन (रिपिट) |
| | | ३:०० | कल कान्तिपुर रिपीटेड |
| | | ४:०० | ह्वाट द फ्लप (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | | | |
|---|---|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) | १५:०० | कान्तिपुर डायरी |
| ०६:३० | कान्तिपुर डायरी | १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| ०७:०० | द हेडलाइनर्स | १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| ०७:३० | शिक्षा संवाद (कमला) | १६:०५ | बी-स्कोप |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी | १७:०० | डिष्ट्रिक्ट डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (स्मीता) | १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| ०८:३० | ओल्ड इज गोल्ड | १८:०० | मुक्तिको सन्देस |
| ०९:०० | कान्तिपुर डायरी | १८:३० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट | १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| ०९:१५ | राष्ट्रिय गीत | २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| ०९:२० | रेडियो टक (किरण) | २०:०५ | हिप हप हसल (स्मीता) |
| १०:०० | स्पोर्टस् डायरी | २१:०० | कान्तिपुर डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) | २१:२५ | न्युज मेकर अफ द डे |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी | २१:३० | इन्द्रेनी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) | २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| १२:०० | कान्तिपुर डायरी | २३:०० | सुनौलो यादहरू (दीपाञ्जली) |
| १२:१० | हिट लिस्ट (शुभराज) | २४:०० | हिट लिस्ट (रेमन) |
| १३:०० | डिस्ट्रिक डायरी | ०१:०० | सफर (राजेश) |
| १३:०५ | के छ नेपाल (एलिसा) | ०२:०० | नेपाली गीतहरू लगातार |
| १४:०० | इन्टरनेसनल डायरी | ०३:०० | हिन्दी गीतहरू लगातार |
| १४:०५ | के छ नेपाल | ०४:०० | भजनहरू लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४११५५० |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नेपाल अर्थोपिडिक अस्पताल | ४९११७२५ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल | ४९११००८ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल | ४४७६१५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४/४२१७७६६/४२१७७५५ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| वयोधा अस्पताल (प्रा.) लि. | ४२८६४२८/४२८१६६६ |
| लाइफ केयर अस्पताल | ४२२७०३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| नेपाल मेडिसिटी | ४२१७७५५/४२१७७६६ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल | ४३७७४०४/४३७७७०४ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि. | ४४७४९६८/४४८९८९१ |
| सामुदायिक मानसिक स्वा. से. केन्द्र | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल | ०१-५०९३३८८/५०९३३०५/५०९३३७२ |
| विनायक अस्पताल तथा प्रसुति गृह | ४३८३१५२/४३८०८४८ |
| केन्द्रीय पशु चिकित्सालय | ४२६१३८२/४२२१०६४/४२६८१०३ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | ४४७३५१८/४४७०६१५ |
| शहीद मेमोरियल अस्पताल | ४६७२९३४/०१६२०८६७२ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३००४/४२७००२३ |
| ओम समाज अस्पताल | ४३१३५०२ |
| स्टार अस्पताल | ५५५०१९७/५५५०१९८/५५५२२२७ |
| अल्का अस्पताल | ५५५५५५५ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००/५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६/४४१९६७२ |
| स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौं अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्री बाल अस्पताल | ४४११९३४/४४१५४६१ |
| बी.पी. स्मृति अस्पताल | ४३८७००४/४३८७००६ |
| सुमेरु अस्पताल | ५२७५३७७/५२७५०८८/९९ |
| वेलकेयर हस्पिटल | ४४२६१३५/४४२६१८४ |
| एभरेष्ट हस्पिटल | ४७८१२०४/४७८३०२४ |
| काठमाडौं नाक कान घाँटी अस्पताल | ४२४५५५४/४२२६७३० |
| ग्रान्डी इन्टरनेशनल हस्पिटल | ५१५९२६६/५१५९२६७ |
| ग्रिन सिटी हस्पिटल | ४३५२२४८/४३५७४५२ |
| शुभेक्षा इन्टरनेशनल हस्पिटल | ४२८९५३४/४२८९५३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१०/४३८५९११ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| दीर्घायु गुरु हस्पिटल | ४४६९५९३/९८४४८५५५७ |
| गणेशमान सिंह मेमोरियल अस्पताल | ०१-५५३०८८५/५५२३४२०, ५५४४२४४/५५५५८७४ |
| ॐ समाज डेण्टल हस्पिटल | ०१-४४७३४४४/४४८०८८० |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४००३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## ६ लेन सडकमा सौर्यबत्ती

भक्तपुर (कास)- सूर्यविनायक-तीनकुने ६ लेन सडकखण्डअन्तर्गत जडिबुटी मनोहरा पुलदेखि हनुमन्ते खोलासम्म सौर्यबत्ती जडान सुरु भएको छ। सडकको दायाँबायाँ करिब ५.५ किलोमिटर सडकमा बत्ती जोडिएको हो। मध्यपुर थिमि नगरपालिकाको समन्वयमा सार्वजनिक निजी साझेदारी अवधारणा (पीपीपी मोडेल) अन्तर्गत बतास एसोसिएट्स प्रालिले बत्ती जडानको काम गरिरहेको छ। 'उज्यालो मध्यपुर थिमि' अभियानअन्तर्गत जडिबुटी मनोहरा पुल, लोकन्थली, कौशलटार, गठ्ठाघर, नयाँ थिमि हुँदै राधेराधे हनुमन्ते पुलसम्म २५/२५ मिटर दूरीमा सडकको दायाँबायाँ चार सय ४० वटा सोलार बत्ती, सात वटा सांकेतिक बोर्ड, ट्राफिक आइलाइन जडान गर्ने सम्झौता भएको मध्यपुर थिमि नगरपालिकाका योजना शाखा प्रमुख इन्जिनियर सत्यनारायण शाहले बताए।

सडकबत्ती राखिएको पोलमा व्यावसायिक विज्ञापन राखेबापत् नगरपालिकाले आर्थिक ऐनमा तोकिएअनुसार वार्षिक विज्ञापन कर लिने सम्झौतामा उल्लेख छ। प्रालिले सौर्य बत्तीको प्यानल, पोल, ब्याट्रीलगायतको ६/६ महिनामा सरसफाइ र मर्मत संरक्षण गर्नुपर्ने हुन्छ। करिब ७ करोड ७ लाख रुपैयाँ लागतमा सौर्यबत्ती जडान गर्ने र दुई/दुई वर्षमा १० प्रतिशतका दरले विज्ञापन रोयल्टीको दर बढाउने गरी प्रालिसँग सम्झौता भएको नगरपालिकाले जनाएको छ।

स्थानीय बासिन्दाले भने बत्तीको क्षमता कम भएको गुनासो गरेका छन्। 'सडकबत्ती जडान भएको जस्तो मात्र छ। सडक उज्यालो भएको महसुस भएको छैन,' मध्यपुर थिमि-३ कौशलटारका राज लवटले भने। सडकबत्तीको क्षमता कम्तीमा एक सय ५० देखि दुई सय वाट हुनुपर्ने भनिए पनि एक सय वाटका बत्ती जोडिएको नगरपालिकाकै एक कर्मचारीले बताए।

मुख्य सडकको दायाँबायाँ सौर्यबत्ती जडान भए पनि वर्षौंदेखि ठडिएका बीच सडकका पोलमा भने बत्ती बलेको छैन। जापान सरकारले सन् २०११ मा सूर्यविनायक-तीनकुने ६ लेन सडक निर्माण सम्पन्न गरेर नेपाललाई हस्तान्तरण गरेको थियो। नेपाल सरकारले जिम्मा पाएको सडकबत्ती जडान कार्य अझै पूरा भएको छैन। सल्लाघारी-सूर्यविनायक सडकखण्डमा पोलसमेत गाडिएको छैन। उक्त सडक मर्मत संरक्षण, आकाशेपुल निर्माण, सडकबत्ती जडान, सर्भिस ट्र्याक निर्माण तथा संरक्षणको जिम्मा पाएको सूर्यविनायक-धुलिखेल-सिन्धुली-बर्दिबास सडक योजनाले भने दक्ष प्राविधिक नहुँदा सडक बत्ती जडान हुन नसकेको बताउँदै आएको छ।

## पत्रकार कुट्ने प्रहरीमाथि छानबिन हुने

काठमाडौं (कास)- नेपाल प्रहरीको महानगरीय प्रहरी कार्यालयले दक्षिण एसियाली खेलकुद (साग) को अन्तिम दिन मंगलबार दशरथ रंगशालामा पत्रकारमाथि लाठीचार्ज भएको घटनाको छानबिन गर्न समिति गठन गरेको छ।

कार्यालयले बुधबार एसएसपी श्यामलाल ज्ञवालीको नेतृत्वमा तीन सदस्यीय समिति गठन गरेको हो। समितिमा डीएसपी श्यामसिंह चौधरी र मनोहर श्रेष्ठ सदस्य छन्। समितिले बुझाउने छानबिन प्रतिवेदनका आधारमा कुटपिट गर्ने प्रहरीमाथि कारबाही हुने जानकारी कार्यालयले दिएको छ।


दशरथ रंगशालामा प्रवेश गर्ने क्रममा नागरिक दैनिकका सुमन चापागाईंलगायतका पत्रकार र सर्वसाधारणमाथि डीएसपी रुगम कुँवरसहितका प्रहरीले लाठीचार्ज गरेका थिए। नेपाल पत्रकार महासंघ र खेलकुद पत्रकार मञ्चले कुटपिट गर्ने प्रहरीमाथि कारबाही गर्न माग गरेका थिए।

## सहमति कार्यान्वयन गर्न ज्ञापन

काठमाडौं (कास)- नेपाल पिछडावर्ग (ओबीसी) महासंघले नेपाल सरकारसँग आठपटकसम्म भएको सहमति तत्काल कार्यान्वयन गर्न राष्ट्रिय समावेशी आयोगमा ज्ञापन बुझाएको छ।

ज्ञापन बुझ्दै आयोगका कार्यबाहक अध्यक्ष विष्णुमाया ओझाले ओबीसीको सहमति कार्यान्वयनका लागि सरकारलाई दबाब दिने बताएकी छन्। महासंघले राजधानीमा गरेको पाचौं राष्ट्रिय महाधिवेशनले गजेन्द्र ठाकुरको अध्यक्षतामा १७ सदस्यीय केन्द्रीय कार्यसमिति चयन गरेको छ।

समितिका दुई उपाध्यक्षमा सुरेशचन्द्र यादव र उपेन्द्रप्रसाद चौधरी, महासचिवमा विन्देश्वरीलाल ठाकुर र सचिवमा नरेन्दठाकुर लोहार र अनितादेवी चयन भएको विज्ञप्तिमा उल्लेख छ।



स्वयम्भू स्तूपमा रहेको धाराबाट पानी पिउँदै बाँदर । तस्बिर : संजोग मानन्धर/कान्तिपुर

# फुटपाथ कि पार्किङ

### काठमाडौंमा चारपांग्रे र दुईपांग्रे गरी १३ लाख सवारीसाधन छन्, ६ लाखका लागि पार्किङस्थलको अभाव छ

**प्रशान्त माली र सीमा तामाङ** (काठमाडौं)

काभ्रे रोशी गाउँपालिका-६ कालिञ्चोकका ३४ वर्षीय रणबहादुर लामा भक्तपुर बस्छन्। बागबजारमा पसल गर्ने उनी प्यारालाइसिसका कारण राम्रोसँग हिँड्न सक्दैनन्। उनी हिँडिरहने पुरानो बसपार्क-बागबजार रुटमा फुटपाथको व्यवस्था छ। तर, मोटरसाइकल पार्किङका कारण उनी दिनहुँ जोखिम मोल्न बाध्य छन्। 'फुटपाथ त छ, तर त्यसको अनुभूति गर्न पाइएन,' उनले भने।

बालाजु बस्ने सप्तरीका ३५ वर्षीय नितेशकुमारको एउटा खुट्टा राम्रोसँग चल्दैन। पुतलीसडकस्थित एक सहकारीमा काम गर्ने उनी बालाजुबाट रत्नपार्कसम्म गाडीमा आउँछन्। रत्नपार्क-घन्टाघर-पुतलीसडक हिँडेरै पुग्छन्। तर, फुटपाथभरि मोटरसाइकल पार्क गर्दा उनलाई निकै समस्या परेको छ। 'खुट्टा राम्रोसँग नचल्ने भएकाले सिधा हिँड्न सक्दिनँ,' उनले भने, 'शरीर बांगोटिंगो हुने भएकाले गाडीले छुने डर छ।' फुटपाथ व्यवस्थापनमा स्थानीय सरकारले चासो नदिँदा दृष्टिविहीनलगायत अपांगता भएका व्यक्ति बढी मर्कामा पर्ने गरेको उनले बताए।

फुटपाथमा सवारी पार्किङ नरोकिँदासम्म लामा र यादवजस्ता सर्वसाधारण सास्ती भोग्न बाध्य छन्।

संसद भवन क्षेत्र वरिपरि पनि फुटपाथको व्यवस्था छ। तर, मोटरसाइकल पार्किङका कारण पैदलयात्रु फुटपाथ प्रयोग गर्न पाउँदैनन्। बानेश्वर पुलदेखि बानेश्वर चोकका सडकमा पनि पैदलयात्रुले निकै सकस बेहोर्नुपर्छ। रत्नपार्क क्षेत्रको समस्या पनि उही हो।

भोटाहिटीबाट रत्नपार्क पुग्न आकाशेपुलको व्यवस्था गरिएको छ। तर, पुल पुग्ने बाटोमा मोटरसाइकल जथाभावी पार्किङ गरिएको देखिन्छ। ट्राफिक प्रहरी महाशाखाबाट ट्राफिक व्यवस्थापन गर्न रत्नपार्क, पुतलीसडक, थापाथली क्षेत्रमा मात्रै दैनिक दुई सय प्रहरी खट्ने गर्छन्।



बबरमहलस्थित जिल्ला अदालतअगाडिको फुटपाथमा पार्किङ गरिएका मोटरसाइकल । तस्बिर : दीपक केसी/कान्तिपुर

तैपनि जथाभावी पार्किङ गर्नेलाई कारबाही गर्न नसकेको पैदलयात्रुहरूको गुनासो छ।

महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रवक्ता रविकुमार पौडेलले स्थानीय तहले पार्किङको व्यवस्थापन गर्न नसक्दा समस्या समाधान नसकेको बताए। 'पर्याप्त पार्किङ नहुनु मुख्य समस्या हो,' उनले भने, 'जथाभावी मोटरसाइकल पार्किङ हटाउने जिम्मेवारी महानगरपालिकाको हो। महानगरले नयाँ घर बनाउँदा अनिवार्य पार्किङको व्यवस्थापन गर्ने खालको कानुन बनाउनुपर्‍यो।' सरकारी तथा निजी जग्गाको खोजी गरेर पार्किङको व्यवस्थापन गर्न सकेमा समस्या केही हदसम्म समाधान हुने बताए उनले दाबी गरे। उनका अनुसार काठमाडौंमा चारपांग्रे र दुईपांग्रे सवारी गरी १३ लाख छन्। ६ लाखका लागि पार्किङस्थल अभाव छ।

काठमाडौं महानगरपालिकाका प्रवक्ता ईश्वरमान डंगोल व्यापारिक प्रयोजनका लागि घर बनाउन नक्सापास गर्दा अनिवार्य पार्किङ देखाउनुपर्ने बताउँछन्। तर, घरधनीले पार्किङस्थललाई गोदामको रूपमा प्रयोग गर्ने गरेका छन्। मोटरसाइकल जथाभावी पार्किङ गर्नेलाई महानगरले एक हजार रुपैयाँ जरिवाना लिने गरेको छ।

पार्किङस्थललाई गोदाम बनाउने न्युरोडका व्यापारीलाई जानकारी गराइसकेको उनले बताए। 'अब पनि नक्साबमोजिम गोदाम सञ्चालनमा नल्याए कारबाहीका लागि सिफारिस गर्छौं,' उनले भने।

ट्राफिक महाशाखाको तथ्यांकअनुसार उपत्यकामा ०६८/६९ देखि ०७६/०७७ साउनसम्म एक सय ५७ जना पैदलयात्रुले सवारी दुर्घटनामा परी ज्यान गुमाइसकेका छन्।

**फुटपाथमा पसलका सामान**

सिंहदरबार पूर्वी गेटपारि फुटपाथमा मोटरसाइकल मात्रै होइन निजी कार पार्क गरेको देखिनु नौलो होइन। सवारी चालकहरू निर्धक्कसँग फुटपाथमा हर्न बजाउँदै आफ्ना सवारी रोक्छन्। 'बबरमहल जान फुटपाथमा पनि सवारीसाधनबाट जोगिएर हिँड्नुपर्छ,' घट्टेकुलो बस्ने ३३ वर्षीया सम्झना श्रेष्ठ भन्छिन्, 'मान्छे हिँड्नलाई सहज छैन, यहीँ बाइक र कार रोकिदिँदा निकै कठिनाइ हुने गरेको छ।'

बानेश्वर बस्ने २६ वर्षीया सुष्मा ढकाल सिंहदरबार सडकखण्डको फुटपाथमा हिँड्दै थिइन्। साताको दुई दिन उनी हिँडेरै माइती (डिल्लीबजार) आउजाउ गर्छिन्। 'पैदलयात्रु हिँड्ने बाटो हो कि सवारीसाधन पार्क गर्ने ठाउँ, चिन्नै गाह्रो छ,' उनले भनिन्, 'काखे बच्चा बोकेर हिँड्न झनै मुस्किल।' सिंहदरबार पूर्वी गेटका फुटपाथ साँघुरा छन्। अनामनगरतर्फ हिँड्नेहरू फुटपाथमै सवारीसाधनबाट जोगिएर हिँड्नुपर्ने बाध्यता छ। त्रिपुरेश्वर-टेकु सडकखण्डमा पैदलयात्रु जोखिमपूर्ण यात्रा गरिरहेका छन्। अलि ठूलो फुटपाथ भएको स्थानमा हार्डवेयर पसलका सामानसमेत देख्न सकिन्छ। साघुँरा फुटपाथमा भने घरका सिँढी नै जोडिएका छन्।

नेपाल सडक मापदण्ड २०७० ले पैदलयात्रुको चापअनुसार फुटपाथको चौडाइ निर्धारण गरेको छ। १५ मिनेटभित्र पाँचसम्म मानिस आवतजावत गर्ने फुटपाथमा १ दशमलव ५ मिटर, पाँच सयदेखि १५ सयजना हिँड्ने ठाउँमा २ मिटर, १५ सयदेखि २५ सयजना हिँड्ने ठाउँमा २.५ मिटर र २५ सयदेखि ३५ सय जनासम्मको चाप भए ३ मिटर चौडाइको फुटपाथ बनाउनुपर्ने व्यवस्था छ। सडकमा ह्विलचियर अट्ने गरी १ दशमलव ५ मिटर चौडाइ भएको फुटपाथ निर्माण गर्नुपर्ने मापदण्डमा उल्लेख छ। तर, अपांग र दृष्टिविहीनमात्र होइन सामान्य पैदलयात्रुले पनि फुटपाथमा जोखिम बेहोर्नुपरेको छ।

## माइतीघर-तीनकुने साइकल लेन

काठमाडौं (कास)- सडक विभागले पाँच वर्षअघि तीनकुने सडक खण्डमा निर्माण गरेको साइकल लेनबारे धेरैजसो साइकलयात्रु समेत अनभिज्ञ छन्। त्यसबेला बनेको साइकल लेन अझै सञ्चालनमा छैन। यही लेनलाई प्रयोग गर्न मिल्ने गरी सञ्चालन गर्न बल्ल काठमाडौं महानगरपालिकाले छलफल सुरु गरेको छ।

महानगरपालिकाले साढे दुई किलोमिटर सडक खण्डमा साइकल लेनको व्यवस्थापन गर्ने योजना अघि सारेको हो। माइतीघर मण्डलादेखि तीनकुनेसम्म पूर्वाधार विकास र साइकल लेन सञ्चालन गर्न तयार पारिएको गुरुयोजनाबारे मंगलबार सरोकारवालासँग महानगरले छलफल गरेको थियो। माइतीघरदेखि तीनकुनेसम्म साइकल लेन सञ्चालनमा ल्याइएपछि यसको सिकाइबाट सहरका अन्य ठाउँमा पनि लेन विस्तार गरिने सहरी योजना आयोगका उपाध्यक्ष सरोज बस्नेतले बताए। महानगरले उक्त सडक खण्डमा लेन निर्माणसँगै फुटपाथ पनि मर्मत गर्न तीन करोड रुपैयाँ लागत अनुमान गरेको छ। 'अन्यभन्दा फरक किसिमको साइकल लेन निर्माण गर्न लागेका छौं,' उनले भने, 'साइकल लेन चिनाउन त्यहाँ चित्र र फरक रङ लगाउछौं।' यो खण्डमा ३० वटा साइकल स्ट्यान्ड बनाएर ९० वटासम्म साइकल अट्ने व्यवस्थापन गर्न लागिएको उनले बताए। अब बन्ने साइकल लेन अन्य सवारी साधनसँगै मिलेर चलाउने नपर्ने महानगरपालिकाले जनाएको छ।

> काठमाडौंका सडकमा गुड्ने साढे ६ लाख सवारीसाधनको १ दशमलव ५ प्रतिशत यात्रु साइकलमा सवार हुने तथ्यांकले देखाएको छ

'पहिले सहर निर्माणसँगै सडक निर्माण भयो। सडक सहरीभन्दा पनि राजमार्गअनुसार बनाइए। त्यसबेलाको अवस्था र व्यवस्था त्यस्तै थियो,' उपाध्यक्ष बस्नेतले भने, 'यसलाई सुधार गरेर सबै प्रकारका सवारीलाई छुट्टाछुट्टै वा संयुक्त मार्गको व्यवस्था गर्ने र यसमा पनि वातावरणमैत्री सवारीलाई प्राथमिकता दिने हाम्रो योजना हो।' पाँच वर्षअघि नै सञ्चालनमा आउनुपर्ने साइकल लेन अहिलेसम्म सञ्चालनमा आउन नसक्नुको मुख्य कारण राजनीतिक नेतृत्व, कर्मचारी, प्रशासन र उपभोक्ताबीचको अन्तरसम्बन्ध स्थापना हुन नसकेको महानगरको वडा नम्बर ११ का अध्यक्ष हिरालाल तण्डुकारले बताए।

अन्तरक्रियामा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत केदार न्यौपानेले साइकललाई सुरक्षित यात्रा गर्ने गरी लेनको व्यवस्था गर्नुपर्ने बताए। अन्तरक्रियामा नेपाल साइकल सोसाइटी, काठमाडौं विश्वविद्यालय स्कुल अफ आर्ट र जर्मनका साइकल अभियन्ता व्यवस्थापन इरिक हकम्यानले साइकल यात्रा व्यवस्थापनका विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए।

माइतीघरदेखि तीनकुने सडक खण्डमा प्रतिघन्टा ४६ जना साइकलयात्रु गुड्ने गरेको अध्ययनले देखाएको छ। यसमध्येका ६१ प्रतिशत सामान्य साइकल गुडाउँछन्। उनीहरूमध्ये ८१ प्रतिशत प्रयोगकर्तालाई साइकल लेन छ भन्ने जानकारी छैन। काठमाडौंको सडकमा गुड्ने करिब साढे ६ लाख सवारीसाधनको १ दशमलव ५ प्रतिशत यात्रु साइकलमा सवार हुने तथ्यांकले देखाएको छ। कार्यपत्रमा देखाइएका यी तथ्यांकका आधारमा १५ जना सहभागीले साइकल लेन र यससँग सम्बन्धित व्यावहारिक पक्षमा गुनासा राख्दै सुधारका लागि सुझाव दिएका थिए।

## फोहोर छुट्याउने अभियान निष्प्रभावी

काठमाडौं (कास)- काठमाडौं महानगरपालिकाले तीन महिनाअघि पाइलट प्रोजेक्ट भन्दै तीनवटा वडामा घरबाटै फोहोरको स्रोत छुट्याएर संकलन थाले पनि उक्त योजना निष्प्रभावी बनेको छ। पहिलो चरणमा वडा १२, १८ र २१ मा घरबाटै कुहिने/नकुहिने फोहोर छुट्टाछुट्टै दिन उठाउन सुरु गरिएको थियो। वडा नम्बर १८ मा दसैंअघि सुरु भएको योजना तिहार सकिँदासम्म पहिलेकै अवस्थामा पुग्यो।

महानगरपालिकाको वातावरण विभागले साताको चार दिन अर्थात् आइतबार, मंगलबार, बिहीबार र शनिबार कुहिने तथा सोमबार र बुधबार नकुहिने फोहोर संकलन गर्ने बताएको थियो। अन्य वडामा फोहोर उठाउन निजी क्षेत्रको संलग्नता भएको हुँदा पहिलोपटक यी तीन वडामा फोहोर उठाउन सुरु गरेको महानगरपालिकाले जनाएको थियो। तर, सोचेअनुरूप सफलता हासिल गर्न नसकिएको वातावरण विभागअन्तर्गत फोहोर व्यवस्थापन शाखाका प्रमुख निर्मलराज बरालले बताए। फोहोर छुट्याएर संकलन गर्नुअघि जनचेतनामूलक कार्यक्रम गरे पनि त्यो अपुग रहेको उनले सुनाए। सोमबारदेखि वडाका सबै सदस्यलाई अभिमुखीकरण तालिम दिन सुरु गरिएकाले अब ३२ वडाबाटै एकैसाथ सुरु गर्ने अवधारणा रहेको उनको भनाइ छ।

महानगरले कुहिने फोहोरलाई खाल्डो खनेर कम्पोष्ट मल बनाउने र पुर्ने तथा नकुहिने फोहोरलाई सिसडोल पुर्‍याउने व्यवस्था गरेको जनाएको थियो। महानगरका अनुसार घरबाट निस्कने ६० प्रतिशत जैविक फोहोरलाई कम्पोस्ट मलमा रूपान्तरण गर्न सकिन्छ। ३० प्रतिशत फोहोर पुनः प्रयोग गर्न मिल्छ। १० प्रतिशतमात्र डम्पिङ साइट पुर्‍याउने महानगरको योजना छ।

अहिले डम्पिङ साइटमा न्यूनतम मात्रामा फोहोर पुर्‍याउने उद्देश्यले यसअघि स्रोतबाटै फोहोर छुट्याएर संकलन गरिएको वडा नम्बर १८ का अध्यक्ष न्हुच्छेकाजी महर्जनले बताएका थिए। अहिले स्थानीय तथा बहालमा बस्नेहरूको गुनासो आएपछि छुट्टाछुट्टै फोहोर संकलन अभियान रोकेको उनको भनाइ छ। अब पुसको पहिलो सातादेखि फोहोर छुट्याएरै संकलन गर्ने योजना रहेको उनले बताए। स्थानीय तथा बहालमा बस्ने सबैलाई कुहिने/नकुहिने फोहोर छुट्याएर ल्याउन र फोहोर न्यूनीकरणबारे प्रशिक्षण दिने उनले बताए।

## गर्भवतीलाई बिदा नदिँदा बढुवा रोक्का

**विद्या राई** (काठमाडौं)




गर्भवती शिक्षिकालाई बिदा नदिने निमित्त प्रधानाध्यापक सुरेन्द्र केसीको बढुवा रोक्का भएको छ। 'काठमाडौं महानगर, शिक्षा व्यवस्थापन नियमावली ०७४' विपरीत काम गरेपछि केसीको बढुवा रोक्का गरिएको महानगरको शिक्षा विभागका निमित्त प्रमुख तारापति खरेलले बताए। 'उक्त घटनापछि उनलाई प्रधानाध्यापक बनाउने निर्णय फिर्ता गरिएको छ,' उनले भने। नियमावलीको नियम ५० को उपनियम ५ (क) र (ख) मा 'यातनाजन्य व्यवहार' देखाएमा सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई हटाउनुपर्ने प्रावधान उल्लेख छ।

काठमाडौंको असनस्थित त्यौड माविकी शिक्षिका लक्ष्मी अर्याललाई सुत्केरी बिदा नदिई काममा खटाइएको थियो। भदौ पहिलो साता थापाथलीस्थित प्रसूतिगृहमा उनी सुत्केरी भइन् तर डाक्टरले बच्चा बचाउन सकेनन्। घटना भएको तीन महिना बित्दासम्म विभागले केसीलाई कारबाही नगरेको पीडितका आफन्तको गुनासो छ। प्रमुख खरेलले भने मुद्दा विचाराधीन भएकाले अदालतबाट लिखित आदेश आएको खण्डमा नियमावलीबमोजिम कारबाही गरिने बताए। त्यौड मावि व्यवस्थापन समिति अध्यक्ष विजय मालीले भने केसीको बढुवा रोक्काबारे आफू अनभिज्ञ रहेको प्रतिक्रिया दिए। 'उहाँको यस विषयबारे आधिकारिक जानकारी प्राप्त भएको छैन,' उनले भने।

फागुन २३ गते चिकित्सकले 'पूर्ण रूपमा आराम गर्नुपर्ने' भनी प्रेस्क्रिप्सन लेखिदिएपछि अर्यालले निमित्त प्रधानाध्यापक केसीलाई निवेदन लेखी सुत्केरी बिदा मागेकी थिइन्। केसीले ०७६ वैशाख ३१ मा 'नियमानुसार बिदा स्वीकृत गर्न नमिल्ने' जवाफ लेख्दै बिदा अस्वीकृत गरेका थिए। जेठ २८ मा दोस्रोपटक मागेको बिदा पनि उनले अस्वीकृत गरे। पटक-पटकको अस्वीकृतिपछि अर्यालले असार २६ मा महिला आयोगमा उजुरी दिइन्। सोही दिन आयोगले केसीको नाममा बिदा स्वीकृत गर्न आदेशसहितको पत्र लेख्यो। केसीले भने अर्याल सुत्केरी भएको भोलिपल्ट भदौ ३ गतेमात्रै बिदा स्वीकृत गरिएको पत्र आयोगमा पठाएका थिए।

केसीले शिक्षिका अर्याललाई बिदा माग्नु र महिला आयोगमा उजुरी दिनुको कारण माग गर्दै स्पष्टीकरण सोधे। उनको स्पष्टीकरणपछि मानसिक दबाबमा परेर अस्पताल जानुको साटो अर्याल विद्यालय गइन्। भदौ २ गते दिनभर पढाएर साँझ अस्पताल भर्ना भइन्। शल्यक्रिया गरी निकालिएको बच्चाको निधन भएको थियो।

अर्यालले भदौ २२ मा महानगरीय प्रहरी परिसर टेकुमा पनि उजुरी दिएकी थिइन्। प्रहरीले १६ दिनपछि उजुरी दर्ता गर्दै केसीलाई पक्राउ गरेको थियो। महानगरीय प्रहरी परिसरको हिरासतमा चार दिन राखेर काठमाडौं जिल्ला अदालतका न्यायाधीश ऋषिराम निरौलाको थुनछेक आदेशबाट उनी ५० हजार धरौटीमा छुटेका थिए।

सम्पादकीय

# सफल साग अझ सफल खेलाडी

सफल आयोजना र पदक प्राप्ति दुवै हिसाबले दक्षिण एसियाको ओलम्पिक मानिने दक्षिण एसियाली खेलकुद (साग) को १३औं संस्करण नेपालका लागि ऐतिहासिक बनेको छ । अन्तिम समयमा आएर तयारी तीव्र बनाइएको भए पनि केही कमजोरीका बाबजुद आयोजना सफलतापूर्वक सम्पन्न भएको छ । समावेश खेल, खेलाडी र पदक संख्याका दृटिकोणले नेपालले आयोजना गरेको अहिलेसम्मकै सबभन्दा ठूलो खेल महोत्सव भएकाले यो आयोजना हाम्रो राष्ट्रिय कार्यक्षमताको एउटा परीक्षा पनि थियो, जसमा मुलुक राम्रै नम्बरका साथ उत्तीर्ण भएको छ ।

खेलाडीहरूले अपेक्षा गरेभन्दा धेरै राम्रो खेलेर नेपालको खेलकुद इतिहासमै कीर्तिमान राखेका छन् । समग्र पदक तालिकामा दोस्रो रहेको नेपाल ५१ स्वर्ण पदक जित्न सफल रह्यो, जुन अहिलेसम्मकै राम्रो प्रदर्शन हो । यसअघि नेपालमै भएको आठौं सागमा समग्र पदक तालिकामा दोस्रो हुँदा नेपालले ३१ स्वर्ण जितेको थियो । घरेलु मैदानमा भएको खेलको फाइदा खेलाडीहरूले राम्रैसँग उठाउन सके । उल्लेखनीय पक्ष, नेपालका लागि स्वर्ण जित्ने अधिकांश खेलाडी महिला थिए, तिनमा धेरैजसो युवा र नयाँ खेलाडी थिए । नेपालले रजत पदक पनि ६० वटा जित्नु सफलताकै सूचक हो ।

पदक जितेका कति खेलाडी राम्रो कीर्तिमान राख्न सफल भएका छन् । यसै प्रतियोगिताबाट नेपाली खेल क्षेत्रमा नयाँ नायकको जन्म भएको छ- गौरिका सिंह । सागको एकै संस्करणमा चार स्वर्ण जितेर उनले नेपालका लागि अहिलेसम्मकै ठूलो उपलब्धि हासिल गरेकी छन् । उनले आफ्नो नाम वैकुण्ठ मानन्धर, दीपक विष्ट, संगीना वैद्यजस्ता ख्यातिप्राप्त खेलाडीकै हारमा उभ्याएकी छन् । राम्रो व्यवस्थापन, पूर्वाधार र सुविधा उपलब्ध हुने हो भने नेपाली खेलाडीले अझै माथिको कीर्तिमान राख्न सक्ने सम्भावना देखाएका छन् ।

प्रतियोगिताका क्रममा नेपाल केही पक्षमा भने चुक्न पुग्यो । जस्तो नेपालले पदक नजितेको एउटै खेल हुन पुग्यो, सुटिङ । त्यसका लागि आवश्यक पर्ने बन्दुक र गोलीलगायतका सामग्री नेपाली खेलाडीले समयमै पाएनन्, प्रतिस्पर्धीसँगै मागेर काम चलाउनुपर्‍यो । यसले प्रदर्शनमा धेरै नकारात्मक प्रभाव पार्‍यो । यस्तै समस्या साइक्लिङमा पनि देखियो । प्रत्येक खेल आयोजनाको जिम्मेवारी सम्बन्धित संघलाई दिएको थियो । यसक्रममा केही संघ सफल र बलिया देखिए, केही कमजोर र कम अनभुवी । यसको प्रभाव पनि खेलमा पर्‍यो । व्यवस्थापकीय कमजोरी उत्तिकै देखिए । खेल अगाडि गर्नुपर्ने तयारीका लागि सुविधा नभएको भन्दै विदेशी खेलाडीले समेत गुनासो गरे ।

खासमा खेलाडीको प्रदर्शन जति अब्बल रह्यो, त्यसको तुलनामा व्यवस्थापन पक्ष निकै पछाडि रह्यो । नेपाली खेलकुदले अपेक्षित विकास गर्न नसक्नुका पछाडि कमजोर व्यवस्थापन नै मुख्य जिम्मेवार रहँदै आएको छ । खासमा, जितजति खेलाडीको, हार व्यवस्थापनको हो भन्न पनि सकिन्छ । ठूला खेल महोत्सवमा स्वयंसेवकको ठूलो महत्त्व र जिम्मेवारी हुन्छ । यो पाटोमा पनि नेपाल कमजोर सावित भयो । सुरक्षाका नाममा नेपाली प्रहरीको अत्यधिक तैनाथी गरियो, यसले खेलको रौनकभन्दा पनि विदेशी पाहुनालाई एक किसिमले त्रसित तुल्याउने काम गर्‍यो, कुनै विषम परिस्थिति भएको भान दिलायो । प्रहरीले अनावश्यक बल प्रयोग गर्ने काम पनि गर्‍यो ।

सागको अवसरमा मुलुकले खेल क्षेत्रका भौतिक पूर्वाधार सुधार्ने मौका पाएको छ । दशरथ रंगशाला सबलीकरणदेखि पौडी पोखरीसम्म पनि निर्माण भए । यी पूर्वाधारले नेपाललाई आगामी दिनका खेल प्रतियोगिताहरूमा सजिलो तुल्याउनेछ, त्यसैले यिनको उचित रेखदेख हुन आवश्यक छ । कुनै कारणले तालिका परिवर्तन नभएमा सागको अर्को संस्करण दुई वर्षपछि पाकिस्तानमा हुनेछ । ओलम्पिक खेल त आउने वर्ष नै जापानमा हुँदै छ, यस खेलको तयारी सुरु गर्ने बेला भइसकेको छ । यसपटक अधिकांश पदक जित्ने खेलाडी नयाँ भएकाले तिनको विकास र विस्तारमा धेरै ध्यान दिनुपर्नेछ । स्वदेशी भूमिमा देखाएको कौशल विदेशी भूमिमा पनि प्रमाणित गर्नुपर्ने चुनौती नेपाली खेलाडीलाई छ, आठौं साफमा नेपालले घरेलु मैदानमा देखाएकोजस्तो प्रदर्शन यसअघि फेरि दोहोर्‍याउन सकेको थिएन । पर्याप्त लगानी, उचित व्यवस्थापन र खेलाडीका लागि निरन्तर अभ्यासलगायतका अवसरहरूले मात्रै यो सफलतालाई दिगो बनाउन सकिन्छ, नेपालको खेलकुद नेतृत्वले अब सोच्नुपर्ने विषय यही हो ।

# सडकमा न्याय



डेटलाइन तराई

चन्द्रकिशोर

इतिहासमा केही समय निर्णायक हुन्छन् । तपाईं त्यो कालखण्डमा हुनुहुन्छ भने बुद्धि-विवेक पुर्‍याएर निर्णय लिनुपर्ने हुन्छ, कुन बाटो मोडिने भनेर । यतिखेर हामी यस्तै चौबाटामा छौं । आजको लोकतन्त्रमा सत्य सत्य भएकै कारण सत्य मानिन्न । त्यसको परिभाषा बहुसंख्यक मानिसको धारणामा निर्भर हुन्छ । यद्यपि सत्यले अल्पमत वा बहुमतका आधारमा स्वरूप ग्रहण गर्ने होइन; यसो हुनु हुन्न पनि । तर, अहिले यस्तै भइरहेको छ । तत्कालको आवेग, उक्साहट र प्रतिक्रियाका आधारमा दृष्टिकोण बनाउने परिपाटी बाक्लिएको छ । नरोकिए यस्तो अभ्यासले लोकतन्त्रमाथि नै घात गर्दै जान्छ ।

सन्दर्भ दक्षिण भारतीय सहर हैदराबादको हो । गत साता एक पशु चिकित्सकलाई सामूहिक बलात्कारपछि जिउँदै जलाइएको घटनाले सिङ्गो भारतीय मानसलाई झंकृत पार्‍यो । त्यहाँको प्रादेशिक सरकार र प्रहरी निकै आलोचित भए; अपराधीलाई यथाशीघ्र नियन्त्रणमा लिन दबाबमा परे । प्रहरीले चार युवकलाई समात्यो । अनुसन्धानकै क्रममा मुठभेड (इनकाउन्टर) भएपछि ती चारै जना मारिए भन्ने प्रहरी दाबी सार्वजनिक भयो, केही समयको अन्तरालमा । एउटा तप्काले यो इनकाउन्टरको तारिफ गर्‍यो । साहसिक र आवश्यक पहल भन्दै कतिपय ठाउँमा मिठाई वितरण गरियो । अन्य घटनामा पनि यसरी नै 'शीघ्र न्याय' दिनुपर्नेमा जोड दिइयो । तात्तातो सजायले अपराध नियन्त्रण हुने तर्क सारिए । यस्तै प्रकारका जघन्य अपराधका मुद्दाहरू प्रहरी अनुसन्धान र अदालती प्रक्रियामा लामो समयदेखि अल्झिएका, पीडित थप जोखिममा परेका, अपराधी अर्को अपराधमा लिप्त रहेका जस्ता उदाहरण भारतभरि नै देखिएको पृष्ठभूमिमा हैदराबाद प्रहरीको अग्रसरता प्रशंसाको कारण बन्यो ।

उक्त घटनालाई लिएर भारतीय मानस विभाजित बन्यो । कतिपयले इनकाउन्टर नभई प्रहरीले जानाजान हत्या गरेको बताए । प्रहरीको यो कृत्यको आलोचकमा संघीय सरकारमा सत्तारूढ भारतीय जनता पार्टीकी नेत्री मेनका गान्धीसमेत देखिइन् ।

यो विमर्शको बाछिटा नेपालमा पनि पर्‍यो । जघन्य अपराधका घटनामा प्रहरीको कमजोरी र अदालतको जटिल प्रक्रियाबाट न्याय बन्धकी परेको ठान्नेहरूले यहाँ पनि हैदराबादमै जसरी सडकमै न्याय दिनुपर्ने मत राखे । नेपाली समाजको एउटा वृत्तलाई सडक न्यायले आकर्षित गर्‍यो ।

तत्काल र किफायती न्याय प्रत्येक नागरिकको अधिकार हो । हामीकहाँ छिटो न्यायप्राप्तिमा कतिपय अवस्थामा जाँच अधिकारीको अयोग्यता, दलीय संरक्षण, अनेक चलखेल बाधक बन्दै आएका छन् । प्रहरीको लापरबाही, तथ्य प्रस्तुतिमा हेलचेक्र्याइँसँगै सरकारी वकिलहरूले आरोपीको दबाबमा आएर सबुत र साक्षीलाई यथोचित किसिमले प्रस्तुत नगरिदिँदा भुइँतहमा न्यायका लागि छटपटी रहँदै आएको छ । रौतहटमा आफताब आलम आरोपित रहेको घटना यस्तै लापरबाहीको राम्रो दृष्टान्त हो । कतै साक्षीको भावनात्मक दोहन गर्ने त कतै साक्षीलाई अनेक प्रलोभन र धम्की दिने, पीडित पक्ष गुम्सिएर बस्नुपर्ने जस्ता कारणले प्रहरी र अदालतसम्म पुग्नै नसकेका घटनाहरू हाम्रै वरिपरि छन् । यसलाई लिएर सामान्यजनमा एक खालको बेचैनी भेटिन्छ । कैयौं मानिसमा कानुनी कारबाहीको प्रतीक्षा गर्ने धैर्य कम हुँदै गएको छ । यसले सडकमा तुरुन्त न्याय पाउने मनोविज्ञानलाई गहिर्‍याउँदै लगेको छ ।

जनदबाब र जनभावनामा आधारित इनकाउन्टर भविष्यमा खतरनाक साबित हुन सक्ने हेक्का भुइँतहमा कम हुँदै जानु स्वस्थ समाजका लागि उपयुक्त होइन । यसबारे जनचेतना आवश्यक छ । इनकाउन्टरलाई सराहना गर्नुको सोझो अर्थ गैरकानुनी हत्यालाई सामाजिक मान्यता दिनु हो । एक दशकपहिले मधेशमा च्याउसरि सशस्त्र समूह अस्तित्वमा आएका थिए, जसले तृणतहलाई सन्त्रस्त पारेका थिए । तीमध्ये अधिकांश गैरराजनीतिक चरित्रका थिए । यस्तोमा इनकाउन्टर तराईमा खटिएका प्रहरीका लागि 'सेलेब्रिटी' बन्ने सहज बाटो थियो । यसरी भएका गैरन्यायिक हत्याहरू भुइँतहमा खुब प्रशंसित भए । निकै पछि कानुनको शासन कमजोर हुँदै गएको ठम्याइले ठाउँ पायो । तबसम्म उल्लेख्य संख्यामा हत्या भइसकेको थियो ।

> इनकाउन्टरलाई सराहना गर्नुको सोझो अर्थ गैरकानुनी हत्यालाई सामाजिक मान्यता दिनु हो । यसमा प्रहरीलाई हौस्याउनुको अर्थ कालान्तरमा आफैमाथि इनकाउन्टरको अनुमति दिनु हो ।

तुरुन्त न्याय पाइने भन्दैमा 'सडक न्याय' लाई प्रश्रय दिन मिल्दैन । निर्मला पन्तको घटनामा प्रहरीले सुरुदेखि नै गल्तीमाथि गल्ती गर्दै गयो । उक्त घटनामा सुरुमै समातिएकालाई प्रहरीले मुख्य दोषी ठहर गर्दै हैदराबादी शैली अपनाएको भए के हुन्थ्यो ? प्रहरीले वाहवाही त पाउने थियो, तर कोही निर्दोष मारिने थियो । यही घटनाले देखाएको तथ्य के हो भने, हतारमा न्याय पाउने चक्करमा विधिको बलात्कार गर्नु हुन्न । छिटो न्यायको खोजीमा प्रहरी वा भीडलाई 'न्याय' को अधिकार दिन सकिँदैन । प्रहरी वा भीडतन्त्रको न्यायले शासकलाई गैरजवाफदेही बन्न सघाउँछ । निर्दोषहरू अनेक कुटिल स्वार्थको सिकार बन्न सक्छन् । निकट अतीतमै राजनीतिक पूर्वाग्रह वा प्रहरीतन्त्रभित्रको अनैतिक प्रतिस्पर्धाले कैयौं इनकाउन्टर भएकै हुन् । इनकाउन्टरका लागि प्रहरीलाई हौस्याउनुको अर्थ कालान्तरमा आफैमाथि इनकाउन्टरको अनुमति दिनु हो ।

न्यायको छटपटीले कतिपय अवस्थामा प्रतिशोधको भाव जन्माउँछ । अधैर्यले न्यायको बोधलाई मार्छ । कुण्ठामा बदला लिनुलाई न्याय मान्न सकिँदैन । कुनै पनि स्वस्थ समाज विधिसम्मत न्यायका लागि चाहिँ लड्छ; त्यस्तो न्यायप्राप्तिका लागि संरचनात्मक सुधारको खोजी गर्छ । अदालत जानुभन्दा प्रहरीबाट छिटो न्यायको अपेक्षा गर्नुले कानुनी शासनको मान्यतालाई हरण गर्छ । जाँच, प्रमाण, बहस, साक्ष्य र अदालतको फैसलासम्मको चरण सकिएपछि मात्र कानुनी प्रक्रिया अवलम्बन भएको मानिन्छ । यस्तो प्रक्रियाबाट मूल्यमान्यताको पालना कत्तिको हुँदै छ, त्यसको लेखाजोखा र निगरानीको काम चाहिँ राज्य संयन्त्र, मिडिया र नागरिक समाजको हो । हामीकहाँ आरोपित वा इनकाउन्टर भएका व्यक्तिको अनुहार हेरेर दलहरूले अडान राख्ने गरेका छन् । यस्तोमा प्रतिस्पर्धी दलले कतिपय अवस्थामा इनकाउन्टरलाई महिमामण्डन गर्ने गर्छ ।

न्याय हुनु मात्र पर्याप्त हुन्न, न्याय हुँदै गरेको झल्किनु पनि अधिकारतिर संकेत गर्छ । यसले अदालत र प्रहरीतन्त्रमा सुधार चाहनेहरूलाई एउटा आधार दिन्छ । लोकतन्त्रमा यो दृष्टिकोणले ठाउँ पाउनुपर्छ । समयमा पाइएको न्याय नै सार्थक हुन्छ । न्यायिक प्रक्रियामा विलम्ब र महँगीबारे फराकिलो बहस हुनुपर्छ । प्रहरीद्वारा गरिएको अनुसन्धान र अदालतद्वारा गरिएको फैसला जनभरोसाको पहिलो सर्त हो, जसमा हामी यसमा पटकपटक चुक्दै आएका छौं र यही सडकमा न्याय खोज्ने मनोविज्ञानको जननी हो ।

स्वतन्त्र र समर्थ न्याय प्रणाली कानुनी राज्यको आधार हो । कसैको आस्था, अनुहार र अस्मिताका आधारमा न्याय प्रभावित हुनु हुँदैन । जघन्य अपराधका दोषीलाई कम समयमा सजाय दिनुपर्ने आम चाहना देखिन्छ । यसका लागि एकातिर संरचनात्मक सुधार चाहिएको छ भने, अर्कातिर 'फास्ट ट्र्याक' को विधि । अनुसन्धानका लागि आवश्यक प्रविधि र विज्ञताको व्यवस्थापनमा जोड दिनु त छँदै छ ।

कतिपय अवस्थामा विधि र प्रक्रियाको कुरा गर्दा जघन्य अपराधका पीडितहरूबाट गुनासो आउने गर्छ । हामी साँच्चै न्यायको पक्षमा छौं भने, यस्ता असुविधाजनक प्रश्नहरूको सामना गर्न तयार रहनुपर्छ । दोषीले कम र निर्दोषले ज्यादा सजाय पाउने अवस्थाको अन्त्य हुनुपर्छ । कारागारमा कुन तह र तप्काका बढी छन्, तिनको वर्गीय र जातीय अध्ययनको परिपाटी हामीकहाँ कम छ । कमजोर वर्ग र जातिकाहरू कतिपय स्थानमा महत्त्वाकांक्षी



पर्छ । ससाना भूलले कालान्तरमा ठूलो रिक्तता ल्याउँछन् । न्यायाधीशहरूको नियुक्ति होओस् वा सुरक्षा निकायमा उच्च पदस्थहरूको बहाली, सबैतिर दलीय स्वार्थले प्रश्रय पाउँदै गरेको अवस्थामा साँच्चिकै न्याय पाइन्छ भन्ने विश्वास भुइँतहमा मर्दै गएको छ । सबै हत्या वा बलात्कारले राष्ट्रिय चर्चा पाउँदैनन् । लोकतान्त्रिक गणतन्त्रमा कमजोरहरूले न्यायप्राप्तिमा कत्तिको अनुकूलता अनुभव गर्छन्, त्यसले लोकतन्त्रको स्तर प्रस्ट्याउँछ । सामाजिक अनुशासन र कानुनी अनुशासन एकअर्काका परिपूरक पनि हुन् र परस्पर अन्तरविरोधी पनि । सामाजिक आवश्यकताले कानुन निर्माणको बाटो देखाउँछ भने, कानुनले समाजलाई विधिको बाटामा हिँड्न प्रेरित गर्छ । समाजको उन्माद, जो सडक वा मिडियाबाट यदाकदा मुखरित हुने गर्छ, त्यसबाट प्रहरी वा अदालत प्रभावित हुनु हुन्न । विधिको आफ्नै अन्तर्राष्ट्रिय अभ्यास र परम्परा हुन्छ । जसरी इनकाउन्टर आलोच्य हो, त्यसरी नै भीडद्वारा न्यायिक प्रक्रियालाई प्रभावित गर्न खोज्नु पनि अर्को इनकाउन्टर हो ।

आरोपी र दोषीबीचको भिन्नता नबुझ्दासमेत भीडतन्त्रले मुखर हुने मौका पाउँछ । प्रहरीले नै समात्ने, छानबिन र सजाय दिन थाल्ने हो भने अदालतको के अर्थ ? 'इनकाउन्टर कल्चर' लाई कुनै पनि सर्तमा स्वीकार गर्न सकिँदैन । यो भनिराख्दा यहाँ यो पनि दोहोर्‍याउनुपर्छ, 'ढिलो न्याय दिनु भनेको न्याय नदिनुजत्तिकै हो ।' यो न्याय क्षेत्रमा लोकप्रिय कथन हो, जसले द्रुत न्यायको प्रहरीको निसानामा पर्ने गरेका छन् । अपराध कुनै खास वर्ग र जातिकाले मात्र गर्छन् ? प्रहरी चौकीलाई कमाउने मौजा ठान्ने सुरक्षाकर्मीहरूले को बाहिरबाट कमाएर फर्किए, तिनलाई फन्दामा कसरी पार्ने भन्ने किसिमको घृणित खेल खेल्ने गरेको मधेशमा प्रशस्त सुनिन्छ ।

अधिकांश इनकाउन्टर नक्कली हुन्छन्; ती मूलतः प्रहरीद्वारा गरिएका हत्या हुन्छन् । यस्ता इनकाउन्टरले तात्कालिक रूपमा झुटो सन्तुष्टि सञ्चार गर्छन् । तर यस्तो अवस्थाले संरचनात्मक सुधारको विमर्शलाई किनारतिर धकेल्छ । हुन चाहिँ लोकतन्त्रमा कुनै पनि तह र तप्काको अपराधीमा कानुनको भय उत्पन्न हुनुपर्ने हो । पीडितले होइन, अपराधीले लज्जाबोध गर्नुपर्ने हो । तर हामीकहाँ किन अपराधीहरू हाँस्दै प्रहरी र अदालतसम्म पुग्छन् ? यसको समाजशास्त्रीय अध्ययन जरुरी छ ।

हैदराबादमा ती चार युवकको नियोजित रूपमा हत्या भएको भनी अनेक प्रश्न उठिराख्दा प्रहरीले उही पारम्परिक जवाफ दिएको छ । भारतमा फाँसीको प्रावधान छ । पक्राउ परेकाहरूलाई बलात्कारी र हत्यारा प्रमाणित गरेर त्यहाँको अदालतले फाँसी दिएको भए त्यो बरु तारिफ र अनुकरण योग्य हुने थियो । नेपालले रोजेको लोकतन्त्रमा न्याय प्रक्रियामा अलि ढिलाइ हुने भए पनि कमजोरहरूले अवश्यै न्याय पाउँछन् भन्ने बुझाइको प्रसार हुन सक्नु नै यस व्यवस्थाका लागि सञ्जीवनी हुन सक्छ ।

# सम्पादकलाई चिठी

## 'हग' होइन, नमस्कार गरौं

गण्डकी प्रदेशसभा महिला सदस्यबाटै 'संसदभित्र यौनहिंसा भयो' भन्ने आशयको समाचार आयो । तर इज्जतको डरले त्यस्तो यौनहिंसा सहन बाध्य भएको भन्ने कुरा पीडित पक्षकै हुनु दोहोरो मापदण्डको देखियो । जबसम्म पुरुषहरूबाट हुने असामान्यव्यवहारप्रति तत्काल तिखो प्रतिक्रिया व्यक्त गर्ने साहस महिलामा हुन्न, यौनहिंसामा कसरी कमी आउला ? आधुनिक देखाउन पुरुषसँग हात मिलाउने, 'हग' गर्ने अनि यतिबेर र उतिबेर टाँसिइरहने भन्ने प्रश्नले प्रश्नमात्रै खडा गर्ने हो । समाधान आउन्न । आफ्नो संस्कृति पहिचान गरेर सम्मान र आत्मियता जनाउन नमस्कार गरे यस्तो खाले यौनहिंसाको पीडाबाट मुक्त हुन सकिन्छ ।

– **महेशप्रसाद ढुंगाना**, *काठमाडौं*

## भारतको हेपाहा प्रवृत्ति

भारतले नेपाली भूमिलाई आफ्नो नक्सामा समावेश गरेपछि उत्पन्न विवाद कायमै रहेका बेला उसले सीमा क्षेत्रमा पुनः सडक निर्माण गर्न थालेको समाचार आएको छ । यसको अर्थ हो, भारतले नेपालाई छिमेकी राष्ट्रको रूपमा अलिकति पनि महत्त्व दिँदैन । ऊ नेपाललाई वास्तै नगरी आफ्नो मिचाहा गतिविधि अगाडि बढाइरहन्छ । आम नेपालीले आफ्नो भूमिप्रति जसरी चिन्ता व्यक्त गरेका छन्, सो चिन्ता जहाँबाट हुनुपर्थ्यो, त्यहाँबाट भइरहेको छैन । अर्थात् राष्ट्रिय स्तरबाट समस्या समाधानको गम्भीर पहल भएको पाइँदैन । केही साता अघि प्रमुख प्रतिपक्षी दलका नेता शेरबहादुर देउवाले प्रधानमन्त्री केपी शर्मा ओलीकै सहमतिमा भारतले आफ्नो नक्सा सार्वजनिक गरेको भनेर लगाएको आरोप ठिकै पो हो कि जस्तो पनि लाग्छ । किनकि देशको सिमाना मिचिँदा पनि सरकारले औपचारिक रूपमा मुख खोल्दैन ।

– **सुजन देवकोटा**, *पालुङटार-४, गोरखा*

## 'दुष्प्रचार मात्र हो'

मंसिर २२ गते सम्पादकलाई चिठीमा प्रकाशित डा. प्रेमसिंह बस्न्यातको 'सिन्धुलीगढी अतिक्रमण रोकियोस्'ले कमलामाई नगरपालिकाको ध्यानाकृष्ट भएको छ । लेखले सिन्धुलीगढीमा भैरहेका र पाइप लाइनमा रहेका कामप्रति आम जनतामा गलत सन्देश सम्प्रेषण गरेको छ । उहाँले लेख्नुभएजस्तो अवस्था सिन्धुलीगढीमा नरहेको जानकारी गराउन चाहन्छु । निर्वाचित जनप्रतिनिधिहरू आएपछि नगरपालिकाको प्राथमिकतामा सिन्धुलीगढीको संरक्षण, सम्बर्द्धन र पुनर्निर्माणमा यथेष्ट ध्यान दिइएको छ । गढीको गुरुयोजना, पुरातत्त्व विभागसित समन्वय तथा सहकार्यमा आयोजना प्रतिवेदन तयारी र निर्माण तथा व्यवस्थापनका परियोजनाहरू कार्यान्वयन गर्दै आइरहेको छौं । सिन्धुलीगढीमा हामीले सुरु गरेका निर्माणका कार्यले गढीको पुरातात्त्विक र ऐतिहासिक ओजलाई यथावत नै कायम राख्दै आएको छ, राख्नेछ । एकछिनको घुमघाम र अरुको सूचनाको भरमा विश्लेषण गरेर हाम्रो प्रयासलाई अन्यथा सम्झनु र लेखिदिनु पूर्वाग्रह तथा दुष्प्रचार मात्र हो ।

– **खड्गबहादुर खत्री**, *कमलामाई नगरपालिका प्रमुख, सिन्धुली*

## 'साग'को सन्देश



पूर्वाधार व्यवस्थापनका कारण अन्तिम समयसम्म अनिश्चित रहेको १३ औं दक्षिण एसियाली खेलकुद (साग) काठमाडौंमा समापन भएको छ । एकातिर उद्घाटन समारोह चलिरहँदासमेत अर्कोतर्फ पूर्वाधार निर्माण एवं व्यवस्थापनका काम भइरहेको थियो । अस्तव्यस्त व्यवस्थापनबीच पनि नेपालले १३ औं सागको सुखद समापन गर्‍यो । स्वदेशमा आयोजित प्रतियोगितामा नेपाली खेलाडीहरूको प्रदर्शन प्रशंसनीय रह्यो । दोस्रो स्थानमा रहँदै प्रतियोगिताको अन्त्य गरेको नेपालले अहिलेसम्मकै सर्वाधिक स्वर्ण पदक जित्न सफल भयो । यो सागले नेपालीलाई खुसीमात्र दिएन । यसमा भएका व्यवस्थापकीय कमजोरी, खेलाडीप्रति जिम्मेवार निकायको गैरजिम्मेवारीपन, भ्रष्टाचार, खेलाडीहरूमा रहेको भविष्यप्रतिको चिन्ताजस्ता पक्ष छताछुल्ल पारेर विदा भएको छ । १३ औं दक्षिण एसियाली खेलकुदले हामीलाई निम्न सन्देश दिएको छ ।

१. पूर्वाधार निर्माण र व्यवस्थापनको काम समयमै थालिएको भए गुणस्तरयुक्त खेलकुद पूर्वाधार निर्माण हुनसक्थ्यो । सम्पूर्ण आमन्त्रित विदेशी खेलाडी तथा प्रशिक्षकहरूका अगाडि नेपालको साख गिर्ने थिएन ।
२. प्रतियोगिता उद्घाटनकै क्रममा खेलकुद पदाधिकारी तथा मन्त्रिपरिषदका सदस्यहरूलाई प्रतियोगिताकै बजेटबाट दौरा-सुरुवाल बाँडिएको समाचार आइरहँदा प्रतिस्पर्धाका क्रममा खेलाडीहरूलाई 'साइक्लिङ'का लागि साइकल उपलब्ध नगराइएको, सुटिङका क्रममा नपड्किने पेस्तोल दिइएको, पुरानो जुत्ता पटक-पटक सिलाएर खेल्नुपरेको, उपलब्ध गराइएको पोसाकको साइज नमिलेको जस्ता समाचार आइरहे । यतिसम्म कि अन्य देशका प्रतिस्पर्धीहरूसँग खेल सामग्री मागेर खेल्नुपरेका गुनासासमेत आए । सागको समाप्तिसँगै यी गुनासा मत्थर त होलान्, तर के यस्तैतालले नेपाली खेलकुद अगाडि बढ्छ ?
३. देशको नाम चम्काउन रातदिन मरिमेट्ने खेलाडीहरूको जीवनयापनका लागि राज्यले न्यूनतम आवश्यकता परिपूर्तिको ठोस कदम चाल्नु अत्यावश्यक छ ।
४. थोरै समयको वैदेशिक प्रशिक्षणलाई छाड्ने हो भने नेपालमा उपलब्ध सीमित स्रोत र साधनका भरमा खेलाडीले यो उपलब्धि हासिल गरेका हुन् । दक्ष प्रशिक्षक, खेलमैदान र खेलसामग्रीको अभाव, सन्तुलित भोजन तथा पोषणको कमी, अत्यन्त न्यून पारिश्रमिक र सुविधाजस्ता समस्यासँग जुध्दै खेलाडीहरूले यो सागमा राखिएको ५० स्वर्णको कोशेढुङ्गा पार गरेका छन्, तर के यो सधैं सम्भव हुन्छ? अतः हाम्रा सबै खेलाडीलाई कसरी अधिकतम सेवा-सुविधासहित अभ्यासको वातावरण तयार गर्न सकिएला भन्ने विषयमा गम्भीर समीक्षा जरुरी छ ।

– **गोपाल ढुङ्गेल**, *रतुवामाई-९, इटहरा, मोरङ*

●●●

आफ्नै पुरानो साइकल, प्रतिस्पर्धीको पेस्तोल लगायतका एकदमै साना तर ख्याल गर्नैपर्ने कुरामा राष्ट्रिय खेलकुद परिषद र संघहरूबीच तादात्म्यता मिल्न नसक्दा केही तिता समाचार खेलाडीहरूबाटै बाहिरिए । नेपाली प्रशिक्षक हुनुपर्दा प्रशिक्षकले पोखेको गुनासो सुन्दा दुःख लाग्यो । प्राविधिक त्रुटिलाई ख्याल नगर्दा काठमाडौं, पोखरा र जनकपुर हुनुपर्नेमा धेरै ठाउँमा जनकपुर छुट्टिन पुग्यो, जुन सामाजिक सञ्जालमा बहसको विषय भयो । समापनको दिन फुटबल फाइनल अगाडि कर्मचारी र सांसदको 'खेल'को नाटक अलिक भद्दा हुनपुग्यो । यद्यपि प्रविधिमैत्री १३ औं साग नेपाली खेलकुद जगतको लागि पुनर्जीवन पाउने अवसर बन्न सकोस् । आगामी दिनहरूमा नेपाली खेलकुद र खेलाडीको भविष्य बचाउन सकोस् ।

– **सन्तोष सागर**, *खाँदबारी, संखुवासभा*

●●●

१३ औं सागमा ५१ स्वर्ण पदकसहित नेपालले २०६ पदक हात पार्न सफल भयो । आइतबार समापन खेलमा नेपाली खेलाडीहरूले देशको इज्जत राख्न सफल भए । हारबाट शिक्षा लिएर आउने सागको तयारी गर्‍यो भने योभन्दा बढीसफलता मिल्नेछ । नेपाल मार्सल आर्टमा सबैभन्दा बढी पदक ल्याउन सफल भयो । सबै खेलको महत्त्व उत्तिकै भए पनि फुटबल आमदर्शकको रुचिको खेल थियो । मंगलबार दशरथ रङ्गशालामा भएको फुटबल फाइनल खेलले आमदर्शकको ध्यान खिचेको थियो । भुटानसँगको फाइनल खेलमा नेपाल स्वर्ण पदक जित्न सफल भयो । तर फुटबल हेर्न गएका दर्शकहरूलाई प्रहरीले लाठीचार्ज गर्नु ठिक थिएन ।फुटबलको टिकट अघिल्लो दिनै सकिएको जानकारीमा आएको थियो । टिकट बिक्री गर्दा पनि दोब्बर मूल्यमा बिक्री गरेर दरिद्रता देखाएको छ ।

– **पुरुषोत्तम घिमिरे**, *जोरपाटी, काठमाडौं*

# मधुमेहको महामारी




डा. अरुणा उप्रेती

डा. ज्योति भट्टराई

'मधु' अर्थात् मह, गुलियो आदि शब्दले नै मुखमा स्वाद दिलाउँछ, खाँदाखेरि झन् मिठो। पञ्चामृतमध्ये एक मानिने महले स्वास्थ्य राम्रो गर्छ, छालामा चमक पनि बढाउँछ भन्छन्। तर मधु यति प्रिय भएर पनि जब शरीरमा मधुमेह हुन्छ, अनि हामी तर्सिन्छौं। 'लौ कसरी जीवन बिताउने ? के खाने ? के पिउने ?' भनेर छटपटी हुन्छ। जीवनभर औषधि खानुपर्छ भनेर मन अस्वस्थ हुन्छ। झन् यदि बालबालिकालाई मधुमेह भयो भने अर्थात् उनीहरूको रगतमा चिनी (मधु) बढी भयो भने अभिभावकको मनै भरंग हुन्छ। जुन मधु कहिले प्रिय बन्छ, पञ्चामृतमध्ये एक मानिन्छ, त्यही मधु शरीरमा बढी भएपछि रोग बनिदिन्छ। कस्तो विडम्बना !

पहिले-पहिले मधुमेह ४० कटेपछि हुन्छ भन्ने चलन थियो। अहिले अस्वस्थकर जीवनशैली, पत्रु खाना, अत्यधिक तनावले गर्दा युवावस्थामै मधुमेह अर्थात चिनीको रोग लाग्छ। अझ कतिजना त आमाको पेटबाट नै यो रोग लिएर जन्मिन्छन्। आमालाई गर्भावस्थामा मधुमेह भयो भने बालक पनि रोगी जन्मिने सम्भावना धेरै हुन्छ।

**अभिभावकले बच्चाबच्चीलाई माया गरेर चाउचाउ, चिसो पेय, चिज बल दिनु भनेको सन्तानलाई माया होइन, रोगको पोको दिनु हो।**

आजकल 'डायबिटिज' नामले चिनिने चिनी रोगबारे नसुन्ने प्रायः कमै हुन्छन्। टोल-टोलमा मानिसहरू यो समस्याबाट पीडित छन्। यस्तै अवस्था रहिरह्यो भने केही समयपछि हरेक परिवारमा मधुमेहका बिरामी हुनेछन्। केही महिनाअघि एक डाक्टरको क्लिनिकमा १६ वर्षका आयुष मधुमेहको समस्या लिएर आए। उनकी आमा वैदेशिक रोजगारमा गएर फर्केकी हुन्। उनी छोरालाई धेरै माया देखाउन धेरै पत्रु खाना, चकलेट, चिसो पेयपदार्थ दिँदारहिछन्। आयुषलाई घरको स्वस्थकर खानेकुरा खान बाबाले पनि कर गरेनन्। आयुषलाई समस्या भयो। जाँच गर्दा थाहा भयो, उनलाई मधुमेह भएछ। मोटोपन, अस्वस्थकर खाना, कम्प्युटर र टिभीमा बसिरहने बानीले मधुमेह निम्ताएछ। यति सानो उमेरमै मधुमेह भएपछि अभिभावकलाई चिन्ता पर्ने नै भयो। उनलाई इन्सुलिन नै दिनुपर्‍यो। त्यसपछि मात्र उनका अभिभावकले चेते। इन्सुलिन दिएर, खानामा सुधार गरेर मोटोपन घटाएपछि रोगमा सुधार हुँदै गएपछि इन्सुलिनको मात्रा पनि घट्दै गयो र बन्द भयो। अहिले आयुष मधुमेहबाट मुक्त छन्। यदि पहिले नै उनका अभिभावकले ध्यान दिएको भए आयुषले समस्या भोग्नैपर्ने थिएन। तर यदि उनले भविष्यमा खानपान र जीवनशैली बिगारे पुनः समस्या हुनसक्छ।

मधुमेह विभिन्न प्रकारका हुन्छन्। पहिलो प्रकारका मधुमेहमा शिशुको शरीरमा इन्सुलिनले रगतमा चिनी (ग्लुकोज) लाई नियन्त्रण गर्छ, त्यो नै अभाव हुन्छ। दोस्रो प्रकारको मधुमेह प्रायः ४०-५० वर्ष कटेपछि अस्वस्थकर जीवनशैली, मोटोपनको कारणले धेरै हुन्छ। इन्सुलिनले राम्रोसँग काम गर्दैन। विदेशमा ४० को उमेर भएपछि देखिने यो समस्या नेपालमा अहिले सानै उमेरमा देखिन थालेको छ।

मधुमेह भएपछि जटिलता बढ्ने र मृगौलाले पनि काम गर्न गाह्रो हुने अवस्था आउन सक्छ। मृगौला बिग्रेपछि फेर्ने वा डायलसिस गर्ने मात्र उपाय हुन्छ। यी दुवै उपाय सजिला छैनन्। आर्थिक दृष्टिले झनै महँगो छ र साधारण नेपाली परिवारको बजेटले धान्न मुस्किल पर्छ।

मोटोपन, मधुमेह र खानपानका कारण जनस्वास्थ्यमा परेको समस्यालाई लिएर कतिपय देशले यसबारे गम्भीर रूपमा सोच्न थालिसकेका छन्। सिंगापुरका हरेक ९ जनामा १ जनालाई मधुमेह छ। ६० कटेकाहरूमा हरेक १० जनामध्ये ३ जनालाई मधुमेह छ। मधुमेहले गर्दा प्रत्येक वर्ष १२०० जनाको खुट्टा काट्नुपर्ने अवस्था छ। त्यसैले सन् २०१९ मा त्यहाँ चिसो पेयपदार्थ पिउने प्रेरणा दिने विज्ञापनमा रोक लगाइएको छ। यस्ता चिसो पेयपदार्थमा ३५५ मिलिलिटरमा ११ चम्चा चिनी हुन्छ भनी हार्वर्ड स्कुल अफ पब्लिक हेल्थको अध्ययनमा उल्लेख छ। विश्व स्वास्थ्य संघले 'एक दिनमा पुरुषले ९ चम्चा र महिलाले ६ चम्चा चिनी खान सिफारिस गरेको छ।' तर चिसो पेयपदार्थ केक, कुकिज, बिस्कुट, पाउरोटी आदि खाँदा योभन्दा धेरै चिनी खाइन्छ। जन्मदिनमा स्वास्थ्य राम्रै रहोस् भनेर शुभकामना दिँदा पनि केक दिएर हामी बालबालिकामा मधुमेहको समस्या बढाइरहेका हुन्छौं।


बुटवलका १४ वर्षीय रमेशको निधारमा घाउ आयो, निको भएन। जँचाउँदा थाहा भयो, उनलाई दोस्रो प्रकारको मधुमेह रहेछ। अहिले उनले औषधि खाएर मधुमेह नियन्त्रणमा राखेका छन्। यसरी खानपान तथा मोटोपनले गर्दा बालबालिकामा दोस्रो प्रकारको मधुमेह बढिरहेको छ। अभिभावकले बच्चाबच्चीलाई माया गरेर चाउचाउ, चिसो पेय, चिज बल दिनु भनेको सन्तानलाई माया होइन, रोगको पोको दिनु हो।

गर्भावस्थामा मधुमेहको समस्या छ भने समयमा नै उपचार गरेर आमा र शिशु दुवैलाई विकलांगता तथा मृत्युबाट जोगाउन सकिन्छ। तर अझै कतिपय मधुमेह भएका महिला अस्पताल, स्वास्थ्यचौकी जान सक्दैनन्। स्वास्थ्यसेवाबाट वञ्चित छन्। मोटोपन भएकाहरू मात्र होइन, स्वास्थ्यकर खाना नभएर कुपोषण भएकालाई पनि मधुमेह हुनसक्छ भन्ने धेरैलाई थाहा छैन। आमालाई कुपोषण हुँदा पनि उनीबाट जन्मिएको बच्चा सानो जन्मिन्छ र पछि उसलाई मधुमेह हुनसक्छ।

नेपालमा यसरी कुपोषित आमाबाट जन्मिने बच्चाहरू कति छन् ? गाउँघरमा जन्मिने बच्चाहरूको अवस्था कस्तो छ ? त्यसको कुनै तथ्यांक पनि छैन। त्यसबारे चर्चा, परिचर्चा पनि हुँदैन। जनकपुरबाट उपचार गर्न आएकी ३० वर्षकी मुना यादव पातली थिइन्। उनलाई कुपोषणको कारण दोस्रो प्रकारको मधुमेह भएको रहेछ। सायद उनी जन्मँदा उनको आमा पनि कुपोषित नै थिइन् कि !

युनिसेफको २०१९ को एक तथ्याङ्क अनुसार विश्वका प्रत्येक ३ मध्ये १ बालबालिका कुपोषणको सिकार छन्। दक्षिण एसियामा भने ५० प्रतिशत बालबालिका कुपोषणको मारमा परेका छन्। ती बालबालिकालाई पछि मधुमेह वा उच्च रक्तचाप हुनसक्ने सम्भावना छ। समयमा नै बालबालिकालाई पत्रु खानाबाट बचाए मधुमेहबाट जोगिने सम्भावना बढ्ने थियो कि ? अभिभावकले यसमा विचार पुर्‍याउलान् त ?

# संविधान संशोधनका तरंग



किशोर नेपाल

नेकपा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' जानी-नजानी विवादमा परिराखेका हुन्छन्। हालै उनको अध्यक्षतामा बसेको नेकपाको सचिवालय बैठकले कामरेड वामदेव गौतमलाई पार्टी उपाध्यक्षमा नियुक्त गर्न विधान संशोधन गर्ने प्रस्ताव पारित गरेपछि उनी एक पटक फेरि विवादमा परेका छन्। पार्टीले वामदेव गौतमलाई पार्टीको उपाध्यक्षमा मात्रै नियुक्त गरेको छैन, राष्ट्रिय सभामा मनोनीत गर्ने मनसुबा पनि प्रकट गरेको छ। तर, पार्टीका शुभाकांक्षी मित्रहरूको शुभकामनालाई सायद वामदेवले गलत सम्झिएका छन्। त्यसैले त उनी प्रधानमन्त्री भएर देश हाँक्न चाहन्छन्।

वर्तमान संविधानमा राष्ट्रिय सभाका सदस्यलाई प्रधानमन्त्री बनाउन सकिने व्यवस्था गरिएको छैन। यो स्थितिमा वामदेव गौतमको प्रधानमन्त्री बनेर देश हाँक्ने आकांक्षा सहजै अंकुरित हुने सम्भावना देखिँदैन। वामदेवले खोजेका कारण संविधान संशोधन नभए पनि कुनै अर्कै अभिप्राय र अर्कै प्रयोजनका साथ संविधान संशोधनका सम्भावनाहरू नेपालको राजनीतिक क्षितिजमा देखिएका छन्। केही दिनअगाडि राष्ट्रपति विद्यादेवी भण्डारी प्रधानमन्त्री केपी ओलीको स्वास्थ्यस्थितिको जायजा लिन शिक्षण अस्पताल पुगेकी थिइन्। प्रधानमन्त्री ओली त्यसै दिन डिस्चार्ज हुँदै थिए। राष्ट्रपति र प्रधानमन्त्रीबीचको यो भेट संयोग मात्र नभएर महत्त्वपूर्ण राजनीतिक उपक्रम थियो। दुवै नेताका बीच महत्त्वपूर्ण वार्तालाप भएको थियो। वार्ताको केन्द्रविन्दुमा वामदेवको प्रधानमन्त्री बन्ने आकांक्षा ठूलो आकारमा रहेको अनुमान पर्यवेक्षकहरूले गरेका छन्।

राष्ट्रपति भण्डारी र प्रधानमन्त्री ओली एकअर्कासँग पारस्परिक विचार आदानप्रदान गर्छन्। यो कुरा कसैबाट लुकेको छैन। तर, पछिल्लो भेटमा उनीहरूका बीच के कुरा भयो ? यो अहिलेसम्म राजनीतिको गर्भमै लुकेको छ। प्रधानमन्त्री ओलीले अपर्झट आइपर्ने मामिलामा राष्ट्रपति भण्डारीसँग छलफल गर्ने गर्छन्। उनी गम्भीर रूपमा बिरामी परेको अहिलेको अवस्थामा छलफललाई अस्वाभाविक भन्न मिल्दैन। कुनै पनि मानिसले आफ्नो विचार हम्मेसी अरू कसैसँग 'सेयरिङ' गर्न सक्दैन। प्रधानमन्त्री ओलीले आफ्ना अपूरा कामलाई विश्वास र भरोसाका साथ राष्ट्रपति भण्डारीलाई नै जिम्मा लगाउँछन् भन्ने चाहिँ जगजाहेर नै छ। यस हिसाबले, राष्ट्रपति भण्डारीसँगको पछिल्लो भेटमा प्रधानमन्त्री ओलीले उनलाई संवैधानिक राष्ट्रपतिको भूमिकाबाट कार्यकारी राष्ट्रपतिको भूमिकामा उकाल्न खोजेको हुन सक्ने सम्भावनाहरू प्रशस्त रहेको बताउँछन्, दुवैतर्फका सूत्रहरू। यही क्रममा संविधान संशोधनमा जान सकिने छलफल भएको पनि जानकार सूत्रको दाबी छ।

नेकपाका प्रायः जिम्मेवार नेताहरू अहिलेको संसदीय पद्धतिको विकल्पमा राष्ट्रपतिको प्रत्यक्ष नेतृत्वको शासन अन्तर्गत जान चाहन्छन्। यसबाट देश विकासको गति तीव्र हुने भनाइ नेकपाका नेताहरूले राख्दै आएका छन्। यही भनाइ नेकपालाई ठूलो संगठन बनाउनका लागि एमालेमा मिसिएका माओवादी नेताहरूको पनि छ। अहिले देश राष्ट्रपति प्रणालीमा गएका खण्डमा नेकपा (विप्लव) र वैद्यहरू पनि नेकपाको मूल प्रवाहमा सरिक हुने सम्भावना बढेको छ। यति मात्र होइन, संघीय पद्धतिबाट आफूलाई अलग राख्दै आएको जनमोर्चा, बाबुराम-उपेन्द्र यादवको समाजवादी पार्टी लगायतका वामपन्थी रुझानका घटकहरूको स्तरोन्नति देश राष्ट्रपति प्रणालीमा गएपछि मात्रै हुनेछ। नेकपाका नेताहरूको विश्लेषणमा, यति बेला राष्ट्रपति प्रणालीको पक्षमा जानु पार्टीका लागि हितकर हुनेछ। नेकपाका लागि यतिखेर संविधानमा संशोधन गराउने निकै राम्रो 'सिजन' सुरु भएको छ। नेकपा र उसका सहयोगी दलको पकडमा दुईतिहाइ बहुमत भएकाले त्यसैका आधारमा संविधान संशोधन गर्नु समीचीन हुनेछ। तर, यस्तो खेल खेल्नु भनेको जनताका टाउकामा बहुमतको तानाशाही लाद्नु हो। यस्तो कार्यलाई अन्तर्राष्ट्रिय समुदायको राजनीतिक समर्थन रहँदैन। अहिले प्रतिपक्ष कमजोर र शिथिल देखिएको छ। यस्तो बेला वर्तमान सरकारले संसदमा रहेको दुईतिहाइ मतका आधारमा संविधानलाई संशोधनमा लैजान सक्छ।

**प्रतिपक्षी कांग्रेसमा संविधान संशोधनको प्रतिरोध गर्ने कुनै रणनीति नदेखिएको अवस्थामा देश कुनै पनि बेला साम्यवादी 'मोडल' मा जान सक्छ।**

संविधान भनेको एक प्रकारको 'धार' हो, जुन निरन्तर राजनीतिक तरंगहरूसहित प्रवाहित भैरहेको हुन्छ। अहिले संविधान संशोधनका पक्षमा देखिएका संकेतहरू सबैले बुझ्ने हिसाबले स्पष्ट छैनन्। प्रतिपक्षका नेताहरूले समेत अहिलेका संकेत-तरंगहरू बुझ्न खोजेको देखिएको छैन। प्रतिपक्षी कांग्रेसमा संविधान संशोधनको प्रतिरोध गर्ने कुनै रणनीति नदेखिएको अवस्थामा देश कुनै पनि बेला साम्यवादी 'मोडल' मा जान सक्छ। अहिले नेकपाभित्र शक्तिमा सहभागिता होइन, शक्तिलाई एकै ठाउँमा केन्द्रित गर्ने वातावरणको निर्माण भैरहेको छ। समग्रतामा त्यसलाई रोक्न गाह्रो छ। यसैले पनि प्रतिपक्षले यसमा 'चीलको जस्तो नजर' लगाउन सक्नुपर्ने हो।

त्यो दायित्वको परिप्रेक्ष्यमा प्रश्न उठ्छ– नयाँ ढंगबाट माओवादीको दायित्व बोक्नेचाहिँ कुन नेकपा (माओवादी) ले हो त ? माओवादी आन्दोलनका क्रममा थुप्रै मानिस मारिए, थुप्रै हराए, थुप्रै विस्थापित भए, थुप्रैको अंगभंग भयो। त्यसपछि मात्रै यो परिवर्तन आएको हो। जसले जेसुकै भने पनि, जतिसुकै ठूलो क्षति भएको गुनासो गरे पनि माओवादी नभएको भए नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना सम्भव थिएन। तर, माओवादी पार्टीले आफ्नो क्रान्तिकालीन उद्देश्यलाई कायम राख्नुपर्ने थियो कि थिएन ? यो प्रश्न अब उठ्न थालेको छ। अहिले यो निर्धक्क भन्न सकिन्छ– युद्धको दायित्वको भारी बोक्न नसकेर नै प्रचण्ड नेकपाका नाममा पलायन भएका हुन्। यसमा 'यदि' र 'तर' जस्ता शब्दहरूको गुन्जायस नै छैन।

कुनै पनि देशको संविधान टिकाउ बनाइन्छ। संविधानमा संशोधन आफैमा अनावश्यक कुरा होइन। तर, संविधानको मौलिक ढाँचाविरुद्ध संशोधन हुन सक्दैन।




अहिलेको प्रसंगमा, नेकपासँग सोध्नैपर्ने प्रश्न हुन्– राष्ट्रपति र प्रधानमन्त्री एउटै पार्टीको भएपछि सभामुख त्यसै अनुसारको हुने कि नहुने ? प्रधानमन्त्रीको उत्तराधिकारी राष्ट्रपतिको इच्छामा निर्भर हुने कि नहुने ? यी प्रश्न अहिले संविधानका अन्तरकुन्तरमा फसेका छन्। नेकपा दुईतिहाइका आधारमा संविधान संशोधन गर्ने प्रक्रियामा जानुभन्दा पहिले नै प्रतिपक्षले यी अन्तरकुन्तर खोतल्न सक्नुपर्छ। होइन भने लोकतन्त्र र संवैधानिक शासन व्यवस्था दुवैको अस्तित्व धरापमा पर्छ। यो कुरालाई प्रतिपक्षका नेताहरूले जति छिटो बुझ्न सके त्यति नै फाइदा हुनेछ, लोकतन्त्रलाई।

कुनै बेला प्रधानमन्त्री ओलीको राजनीतिक दल पनि हिंसात्मक आन्दोलनबाटै मूलधारको राजनीतिमा आएको थियो। एमाले र माओवादीबीच एकतापछिको परिवर्तित राजनीतिक परिस्थितिमा नेकपा अध्यक्ष प्रचण्डको दायित्व निश्चय पनि धेरै बढेको छ। जसले जे भने पनि

जहाँसम्म नेपालको संविधानको प्रश्न छ, यसका केही अप्ठेरा बाँकी नै छन्। पहिलो त संविधान जारी भएको दिनदेखि नै मधेसले यसमा संशोधन खोजेको छ। संविधान बनाउँदा राम्ररी विचार पुर्‍याउन सकेको भए यो अवस्था आउने थिएन। मधेसको चाहना अनुसार संविधान संशोधनका लागि 'सरकारमा बसेर लडिरहेका' उपेन्द्र यादव यति बेला अपमानजनक स्थितिमा पुगेका छन्। तर पनि प्रत्यक्ष राष्ट्रपति प्रणालीको पक्षमा यादवको पार्टी वर्तमान सरकारका भरोसायोग्य मित्र हुने विश्वास गरेका छन्, पर्यवेक्षकहरूले। उनका 'मेन्टर' र सहयात्रीका रूपमा देखा परेका बाबुराम भट्टराई आफै पनि प्रत्यक्ष राष्ट्रपति प्रणालीका पक्षधर हुन्। भट्टराईले बुझेका छन्, संशोधन संविधानको जीवन बढाउनका लागि हुने गर्छन्। अहिलेको अवस्थामा संविधानलाई जिस्क्याउनु भनेको अर्को द्वन्द्वलाई आमन्त्रण दिनु हो। के यो द्वन्द्वको सम्भावना टर्न सक्छ ?

# उपलब्धिविहीन जलवायु सम्मेलन



अब्दुल्लाह मियाँ

स्पेनको म्याड्रिडमा भइरहेको जलवायु परिवर्तन सम्बन्धी राष्ट्रसंघीय संरचना महासन्धि (युएनएफसीसीसी) का पक्ष मुलुकहरूको पच्चीसौं सम्मेलन बिहीबार सकिँदै छ। यो सम्मेलनको मुख्य उद्देश्य विश्वभर बढ्दो जलवायुजन्य जोखिम कसरी न्यून गर्ने अनि जोखिम भोगिरहेका र विकासको दिशामा अघि बढिरहेका नेपालजस्ता मुलुकलाई कसरी न्याय दिलाउने भन्ने हो। चार वर्षअघि (२०७२ मंसिरमा) फ्रान्समा पक्ष मुलुकहरूबीच भएको 'पेरिस सम्झौता' का कारण पछिल्लो पटक अमेरिकाले सदस्यताबाट हात झिकेका कारण 'कोप २५' अर्थात् यस पालिको सम्मेलन खासै उपलब्धिमूलक भने बन्न नसक्ने देखिएको छ।

**विकसित मुलुकहरू जलवायु संकटलाई नाफा कमाउने अवसरका रूपमा लिन अग्रसरजस्ता देखिन्छन्।**


### कार्बन व्यापार

यो सम्मेलनको एउटा मुख्य उद्देश्य थियो– पेरिस सम्झौताको धारा ६ मा भएका व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि नियम (रुल बुक) बनाउनु। करिब एक साता चलेको विभिन्न चरणको छलफलले धारा ६ मा बमोजिम कार्बन व्यापारबाट आर्जित योगदानको कति प्रतिशत हिस्सा अनुकूलन कार्यक्रमका लागि अलग्याउने र कार्बन व्यापारको पारदर्शिताका लागि समग्र प्रतिवेदन प्रणाली कस्तो हुने भन्नेबारे सहमति जुटाउनुपर्ने थियो। हरितगृह उत्सर्जनको आधारविन्दु तय गरी त्योभन्दा कम गरिएको उत्सर्जनलाई कसरी पुष्टि गर्ने र विश्वव्यापी उत्सर्जन न्यूनीकरणका लागि समग्रमा कति योगदान गर्ने भन्नेमा पनि मतैक्य हुन सकेन।

धारा ६ मा भएको व्यवस्थाबारे एक सातासम्म विभिन्न चरणमा छलफल गरी युएनएफसीसीसी सचिवालयले एउटा मस्यौदा जारी गरेको छ, जसमा कार्बन व्यापार सम्बन्धी आगामी बाटोबारे कुनै ठोस निर्णय उल्लेख छैन। २०५४ सालमा जापानको क्योटोमा भएको क्योटो अभिसन्धिको स्वच्छ विकास संयन्त्र (सीडीएम) अन्तर्गत आर्जन गरिएका कार्बन क्रेडिटका एकाइहरूलाई पेरिस सम्झौताको धारा ६(४) अन्तर्गत ल्याई गणना गर्ने कि नगर्ने भन्ने विवादको टुंगो पनि यो सम्मेलनमा लाग्ने अपेक्षा थियो। पहिलो सातासम्मको छलफलले त्यसलाई निष्कर्षमा पुर्‍याउन सकेन।

कार्बन व्यापार सम्बन्धी उक्त मस्यौदाका कारण जलवायु परिवर्तनबाट प्रभावित आदिवासी जनजाति, स्थानीय जनता र महिला समुदायलाई चिन्तित र आक्रोशित बनाउने अधिकारकर्मीहरूले व्याख्या गरेका छन्। त्यसविरुद्ध युवादेखि आदिवासी जनजातिका प्रतिनिधिहरूसम्मले विभिन्न तरिकाले सदस्य मुलुकहरूलाई दबाब दिइरहेका छन्।

कार्बन व्यापार सम्बन्धी प्रभावकारी नियम नबनाए विरोधका स्वरहरू अझ बढ्ने सम्भावना देखिन्छ। प्रस्तावित नियमहरूमा स्थानीय जनता र नागरिक अधिकार सुरक्षाका मापदण्ड समावेश हुनुपर्नेमा अधिकारकर्मीहरूले जोड दिइरहेका छन्। त्यस्ता नियम नाफामुखी मात्र भए जलवायु परिवर्तनको समस्या कहिल्यै सम्बोधन नहुने र कार्बन व्यापारका विषयमा पर्दाभित्र कलुषित सहमति गरेर खराब नियम बनाउनुभन्दा बरु बनाउनै नहुने उनीहरूको तर्क छ।



पहिलो साता कुनै सहमति जुट्न नसकेपछि अब यी विषय मन्त्रीहरू सम्मिलित उच्चस्तरीय बैठकमा प्रस्तुत हुनेछन्।

### जलवायुजन्य जोखिम र हानि-नोक्सानी

यो सम्मेलनको अर्को विषय थियो– जलवायुजन्य जोखिम र हानि-नोक्सानी सम्बोधनका लागि विकसित मुलुकहरूको लगानी वृद्धि।

पोल्यान्डको वार्सामा सन् २०१३ मा भएको कोप १९ ले जलवायुजन्य जोखिम न्यूनीकरण र हानि-नोक्सानीको मुद्दामा काम गर्न वार्सा इन्टरनेसनल मेकानिजम फर लस एन्ड ड्यामेज (विम एक्जम) संरचना बनाएको थियो। यो युएनएफसीसीसीकै एउटा महत्त्वपूर्ण संरचना हो।

जलवायुजन्य जोखिम न्यूनीकरण र हानि-नोक्सानीको सम्बोधनका लागि विद्यमान कुनै पनि सम्बन्धित वित्त संयन्त्र प्रभावकारी नभएको भन्दै नयाँ संयन्त्र बनाउन नेपालजस्ता अति कम विकसित (एलडीसी) र टापु राष्ट्रहरूको समूहले दबाब दिइरहेको छ। जलवायुजन्य जोखिम न्यूनीकरणका लागि कम विकसित मुलुकहरूको कोष (एलडीसी फन्ड), हरित जलवायु कोष (ग्रिन क्लाइमेट फन्ड) र अनुकूलन कोष (एडप्टेसन फन्ड) मा पर्याप्त सहयोग घोषणा गर्नुपर्नेमा पनि समूहको जोड छ। तर विकसित अर्थात् बढी हरितगृह ग्यास उत्सर्जन गर्ने मुलुकहरूले टसको मस गरेका छैनन्।

पछिल्ला वर्षहरूमा जलवायु परिवर्तनका कारण बाढी-पहिरो, हिमपहिरो, हिमताल विस्फोटनको जोखिम (ग्लफ) अतिवृष्टि र अनावृष्टिका कारण लाखौं जनधनको क्षति, भोकमरी र स्वास्थ्यजन्य समस्या निम्तिएका छन्। नेपालमा हिमाली क्षेत्रमा बढ्दो तापक्रमका कारण हिमालहरू काला पत्थर बनिरहेका छन्, जसले गर्दा पर्यटनमा नकारात्मक असर परेको छ। स्थानीय बासिन्दाको जीविकोपार्जनमा पनि असर परेको छ। जबकि जलवायु परिवर्तनमा नेपालजस्ता मुलुकको नगण्य भूमिका छ। नेपालले वार्षिक ०.०२७ प्रतिशत हरितगृह ग्यास उत्सर्जन गर्छ, जुन चीन र अमेरिकाको तुलनामा केही होइन। चीन र अमेरिका विश्वमै बढी कार्बन उत्सर्जन गर्ने मुलुक हुन्।

विकसित मुलुकहरू भने जलवायुजन्य समस्या निम्त्याउनमा आफ्नो जिम्मेवारी नरहेको दाबी गर्छन्। ती बरु जलवायु संकटलाई नाफा कमाउने अवसरका रूपमा लिन अग्रसरजस्ता देखिन्छन्। जलवायुजन्य जोखिम र हानि-नोक्सानी तथा क्षतिको सामनाका लागि सहयोग गर्न अमेरिका, अस्ट्रेलिया र युरोपली मुलुकहरूले अस्वीकार गर्दै आएका छन्। उनीहरू अब हुने सम्झौतामा फेरि पनि आफूअनुकूल शब्द घुसाउनतिर केन्द्रित छन्, ताकि कुनै दायित्व लिन वा क्षतिपूर्ति दिन नपरोस्।

### हरितगृह ग्यास कटौती

यो सम्मेलनलाई जलवायु सम्बन्धी राष्ट्रिय रूपमा निर्धारित योगदान (एनडीसी) को क्षमता प्रवर्द्धन गरी उत्सर्जन न्यूनीकरणका महत्त्वाकांक्षी लक्ष्यहरू बढाउने अवसरका रूपमा पनि घोषणा गरिएको थियो। यसको टुंगो अब हुने उच्चस्तरीय बैठकमा मन्त्रीहरूले गर्ने सम्बोधनबाट लाग्नेछ। यद्यपि अमेरिका पेरिस सम्झौताबाट बाहिरिएका कारण अन्य सदस्यराष्ट्रले उत्सर्जन न्यूनीकरणको महत्त्वाकांक्षी लक्ष्य अभिवृद्धिको प्रतिबद्धता जाहेर गर्नमा कन्जुस्याइँ गर्ने हुन् कि भन्ने चिन्ता थपिएको छ। सदस्यराष्ट्रहरूले यस्तो प्रतिबद्धता गरेनन् भने जलवायु संकटले झनै विकराल रूप लिन सक्ने विज्ञहरूले टिप्पणी गरेका छन्। सम्मेलन उद्घाटनका दिन संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटरेसले पनि अब फर्केर हेर्ने समय नभएकाले पृथ्वी बचाउन महत्त्वाकांक्षी बन्न सबैको ध्यानाकर्षण गराएका थिए।

त्यसैले यो सम्मेलनबाट एनडीसीको कार्यान्वयन र पुनरवलोकन गर्नुपर्ने हुन्छ, जसका लागि २०७७ सालसम्मको समय तोकिएको छ।

### जलवायु वित्त (क्लाइमेट फाइनान्स)

विकसित मुलुकहरूले हरित जलवायु कोष (जीसीएफ) मा १०० बिलियन अमेरिकी डलर जम्मा गर्ने प्रतिबद्धता सन् २०१७ मै जनाएका थिए। यद्यपि सबै विकसित मुलुकले त्यो वाचा पूरा गरिसकेका छैनन्। त्यसैले विकसित देशहरूले अब जलवायु वित्तमा दोब्बर वृद्धिको कबोल गर्नुपर्ने अवस्था आएको छ।

# रोहिंग्याविरुद्ध नरसंहार भएको छैन : सुची



## म्यान्मारविरुद्धको मुद्दा 'अधुरो र गलत'

लन्डन (एजेन्सी)–म्यान्मारकी नेतृ आङ सान सुचीले संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय अदालत (आईसीजे) मा मुलुकविरुद्ध लागेको नरसंहार आरोपको खण्डन गरेकी छन्। उनी आफ्नो मुलुकको बचाउ पक्ष उभिएकी छन्। नोबेल शान्ति पुरस्कार विजेतासमेत रहेकी उनले म्यान्मार (पूर्व बर्मा) मा रोहिंग्या मुस्लिमविरुद्ध अत्याचार गरिएको भन्ने प्रत्यक्षदर्शीको दाबीलाई ठाडै अस्वीकार गर्दै मुलुकको पक्ष लिएको बीबीसीले जनाएको छ। उनले अदालतमा आफ्नो भनाइ राख्दै म्यान्मारविरुद्धको मुद्दालाई 'अधुरो र गलत' भएको बताइन्। नेतृ सुचीले भनिन्, 'राखिनमा धेरै रोहिंग्या बसोबास गर्थे। तर, उनीहरूमाथि अत्याचार भएको छैन।'

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसग राख्नुहोला। ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला।

**गोल्डेन इगल मेनपावर प्रा. लि.**
सिनामंगल, भत्केको पुल, काठमाडौं, नेपाल फोन: ४४६५०९२, ४४८६९४१, ९८०२०५२१४१, ९८०३३०१३९०, ९८१३३३८०११, ९८१८७६०६१९, ९८१३३३८०११
श्रम ईजाजत नं. ३९१/०५९/०६०
email: mdgoldeneagle@gmail.com



## UAE मा PSBD Security Guard हरुलाई रोजगार

SKILL FORCE SECURITY SERVICES

पुन: विज्ञापन स्वीकृत मिति: २०७६/८/२४ चलानी नं.: २८४ LT No.: 224786

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED. | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खान सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 100 | 20 | काममा दक्ष | 2000 | ६१,९२४।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Basic Salary AED 2000 र Compulsory Overtime Allowance AED 770 सहित AED 2770 (रू. ८९,३५५) भन्दा माथी कमाउन सकिनेछ।

Approval Ready भएको हुनाले महिना दिन भित्र उडि सक्नु पर्नेछ।

उमेर : 21 देखि 39 बर्ष, उचाई : 5.6 भन्दा माथि, SLC/+2 सो सरह, English भाषा राम्रो सँग लेख्न र बोल्न सक्ने साथै सम्बन्धीत कामको अनुभव भएकाहरुलई विशेष प्राथमिकता दिईनेछ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | रु.१०,०००।- |

फाईनल अन्तरवार्ता : कम्पनीको प्रतिनिधिबाट २०७६ पौष २ गते (18 Dec., 2019) यस प्रा. लि. को कार्यालय बसुन्धारा काठमाडौंमा र पौष ३ गते (19 Dec., 2019) खुकुरी होटल, इटहरी सुनसरीमा हुनेछ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला।

**SAB International Human Resource Pvt. Ltd.**
Baluwakhani Road, Basundhara (Behind Mother House), Kathmandu
Tel: 01- 4016509,4016503, 9818258132, 9816138559
9841534874, 9852048830, 9851014572, 9814166039, 9813367848
Gov. Lic. No.: 984/067/068



## SECURITY GUARD हरुलाई रोजगारी

Company: Skill Force Security Services LLC, Dubai, UAE

पुर्व स्वीकृती मिति: 2018/03/21 चलानी नं: 60128596 LT: 207491 पून विज्ञापन स्वीकृती मिति: 2019/12/11 चलानी नं: 296

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard - PSBD | 34 | स. काममा दक्ष | 2000 | ६१,७४६ | छ | ८ घण्टा | ६ दिन | छैन | छ | २ वर्ष |
| 2 | Security Guard - DPS | 44 | | 1960 | ६०,५११ | | | | | | |

| स्वदेशमा गरिने मेडिकलको शुल्क कति लाग्ने र कसले व्यहोर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जिवन बिमा खर्च व्यहोर्ने/ कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्यानकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु ७००/- कामदारले तिर्ने | रु १५००/- कामदारले तिर्ने | रु १०,००० |

- कम्तीमा SLC पास भएको र अंग्रेजी भाषा राम्रो संग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ।
- उमेर २१ देखि ३८ बर्ष सम्मको र उचाई कम्तीम ५ फिट ७ ईन्च हुनुपर्नेछ।
- Civil Security Guard को हकमा कम्तीमा २ वर्ष काम गरेको अनुभवको प्रमाण-पत्र हुनुपर्नेछ।

**नोट:** PSBD को BASIC SALARY 2000 भएतापनि OT सहित २६ दिनको AED 2770 र DPS को BASIC SALARY 1960 भएतापनि OT सहित २६ दिनको AED 2260 को ग्यारेन्टी गरिन्छ।

फाईनल अन्तरवार्ता: पौष २ गते (18th Dec. 2019) संस्थाको कार्यालय सामाखुसी, काठमाण्डौंमा हुदैछ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्य रुपमा लिनुहोला। २) आफु काम गर्न जाने मूलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफु जाने मूलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता पत्र मा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफुसाग सुरक्षित राख्नुहोला। ६) काममा विदेश जाादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला।

FUTURE STAR MANPOWER PVT. LTD.
**फ्यूचर स्टार म्यानपावर प्रा. लि.**
टाउनप्लानिङ (स्विमिङपुल), सामाखुसी, ईजाजत पत्र नं. ३९७/०६०/०६१
Contact: 01-4360576, 4350719, 9810101810
Email: futurestarmp397@gmail.com, Web.: www.futurestarmanpower.com



## Qatar को प्रतिष्ठित कम्पनीमा रोजगारको अवसर

Company: Al Darwish Engineering W.L.L, Doha, Qatar

पूर्व स्वीकृती मिति: २०७६/०८/०४ चलानी नं. ६०१४६६४६ LT.No. 227435

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labourer | 322 | कामममा दक्ष | 900 | २८,३४३।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Mason | 75 | | 1100 | ३४,६४२।- | | | | | | | |
| ३. | Carpenter | 47 | | 1100 | ३४,६४२।- | | | | | | | |
| ४. | Reinforc Fitter | 100 | | 1100 | ३४,६४२।- | | | | | | | |
| ५. | General Supervisor | 10 | | 2500 | ७८,७३३।- | | | | | | | |

यसै कम्पनीको लागि GCC Time Keeper र GCC Welder हरुको माग भएकोले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | रु. १०,०००।- कामदार आफैंले |

अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट २०७६ पौष ३ र ४ गते (Dec. 19 & 20) अञ्जली सिप विकास तालिम केन्द्र ईटहरीमा र पौष ५ गते (Dec. 21) पि.आई.टि ट्रेनिङ्ग सेन्टर जनकपुरमा हुनेछ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला।

**AAROHI H.R. SOLUTIONS PVT. LTD.**
Basundhara-9, Kathmandu, Tel : 4361807, 4362925
Mob.: 9808444939, 9851068586
Govt. Lic. No. 1244/074/075
E-mail: info@aarohihrsolutions.com | Web: www.aarohihrsolutions.com



## भावपूर्ण श्रद्धाञ्जली



जन्म: १९९५।९।२९

स्वर्गारोहण: २०७६।८।१४

**स्व. रूकमणी श्रेष्ठ**

हाम्रा संस्थापक निर्देशक बद्री कुमार श्रेष्ठ तथा शंकर श्रेष्ठका पुजनीय माता **रूकमणी श्रेष्ठ**को मिति २०७६।८।१४ गते भएको दु:खद् निधनले हामीलाई मर्माहत तुल्याएको छ। यस दु:खद घडीको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी भगवानसँग पुकार गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

NOBEL ACADEMY Secondary School — नोवेल एकेडेमी परिवार, नयाँ बानेश्वर, काठमाडौं।
NOBEL COLLEGE — नोवेल कलेज परिवार, सिनामंगल, काठमाडौं।
NOBEL HOSPITAL — नोवेल हस्पिटल परिवार, सिनामंगल, काठमाडौं।



## हार्दिक समवेदना



जन्म: २०५२ मंसिर ०७ गते

स्वर्गारोहण: २०७६ मंसिर २५ गते

**स्व. श्री सुरज न्यौपाने**

यस संस्थाका कर्मचारी श्री सुरज न्यौपानेको मिति २०७६/०८/२५ गतेका दिन असामयिक निधन हुन गएकोमा वहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दु:खद घडीमा शोक सन्तप्त परिवारप्रति धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना व्यक्त गर्दछौं।

साथै यहि मिति २०७६/०८/२६ गते बिहिबारका दिन यस संस्थाका मुख्य कार्यालय लगायत सेवा केन्द्रका कार्यालयहरु पनि बन्द रहने व्यहोरा जानकारी गराईन्छ।

**ग्रेट गंगा सागर बचत तथा ऋण सहकारी संस्था लि. परिवार**



## श्रद्धाञ्जली



जन्म वि.सं. १९८०-१२-१५

स्वर्गारोहण वि.सं. २०७६-०८-१७

**स्व. भीमादेवी न्यौपाने**

यस हिलसाईड कलेज अफ इन्जिनियरिङ्ग संस्थाका प्रबन्ध निर्देशक श्री गोपिकृष्ण न्यौपानेकी ममतामयी माता **भीमादेवी न्यौपाने**को यही २०७६ मंसिर १७ गते दु:खद निधन भएकोमा दिवङ्गत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोक सन्तप्त परिवारजन प्रति भावपूर्ण समवेदना प्रकट गर्दछौं।

**जनार्दन नेपाल**
अध्यक्ष
एवं
हिलसाईड कलेज अफ इन्जिनियरिङ्ग, परिवार
गौरीशंकर इंग्लिश बोडिङ्ग सेकेन्डरी स्कुल, परिवार

**बजारको तयारी**
धनकुटाको बेलहारामा गाडीबाट गोलभेडा झार्दै ।



# अर्थ वाणिज्य

ekantipur.com

# क्षतिपूर्ति पाउँदैनन् किसान

'गरिमाले गरेको क्षति मूल्यांकन गरी समितिले मंसिर ६ गते प्रतिवेदन बुझाए पनि ठोस निर्णय भएन'

■ **राजु चौधरी** (काठमाडौं)

दुई वर्षअघि बारा र पर्साका किसानले लगाएको मकै बालीमा दाना लागेन । उनीहरूले ड्रेगन, स्रेस्ता, सीपी ८३८ लगायत हाइब्रिड मकैको बीउ रोपेका थिए ।

भारतीय कम्पनीले उत्पादन गरेको बीउबाट भएको क्षतिपूर्तिका लागि किसानले आन्दोलन गरे । ५ वर्षअघि भक्तपुरका किसानले चिनियाँ धान 'डी वाई ६९' को बीउ रोपेका थिए । धानका बालामा फल नै लागेन । 'डी वाई ६९' बीउ चिनियाँ उत्पादक डेयु सिड कम्पनीको उत्पादन थियो । २६ करोड रुपैयाँ बराबरको क्षति दाबी गर्दै कृषकले आन्दोलन नै गरे । क्षतिपूर्तिको कुरा संसद्मा समेत उठ्यो । तर, किसानले क्षतिपूर्ति पाएनन् ।

गत वर्ष चितवनमा किसानले उन्नत जात (हाइब्रिड) भनेर लगाइएको मकैमा पनि दाना लागेन । उनीहरूले भारतको नुजिविडु सिड्स लिमिटेडले उत्पादन गरेको स्रेस्ठा जातको मकै लगाएका थिए । मकैका घोगा हेर्दा ठूलै देखिए पनि दाना लागेन ।

यी घटनाहरू उदाहारण मात्रै हुन् । तराईमा खडेरी, बाढी र डुबानका कैयौं घटनाहरू छन् । तर, यी घटनाका अधिकांश किसानले सरकारबाट पाउनुपर्ने क्षतिपूर्ति पाएका छैनन् । सरकारले एकातर्फ किसानलाई प्रोत्साहन गर्ने, कृषि उत्पादनमा आत्मनिर्भर बनाउने घोषणा गरे पनि काम-कारबाही भने त्यसको विपरीत गरेको किसान अगुवाहरू बताउँछन् । 'क्षतिपूर्ति पाउने किसानको हकअधिकार नै हो । ऋण गरेर खेती गरेका किसानले क्षतिपूर्ति नपाउँदा निरुत्साहित बन्दै गएका छन्,' राष्ट्रिय कृषक समूह महासंघका निवर्तमान अध्यक्ष उद्धव अधिकारीले भने, 'सरकारबाटै धोका हुँदा किसान पलायन हुने अवस्था हुन्छ ।'

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अधिकारीहरू डीवाई ६९' धानको ढिलाइ भएको स्वीकार गर्छन् । मकैको हकमा भने किसानले क्षतिपूर्ति पाएको मन्त्रालयको दाबी छ । 'मकैमा बीउभन्दा मौसमका कारणले क्षति भएको थियो । डीवाई ६९ धानमा कसरी दिने/प्रक्रिया पूरा गर्दा ढिलाइ भयो,' कृषि मन्त्रालयका प्रवक्ता हरिबहादुर केसीले भने, 'राज्यले दिन चाहेको क्षतिपूर्तिमा किसान खुसी देखिएनन् । त्यसपश्चात् क्षतिपूर्तिको कुरा त्यसै हराएर गयो ।'

पछिल्लो समय धेरै फल्ने आशामा तराईका किसानले गरिमा जातको हाइब्रिड बीउ रोपेका थिए । बीउ नक्कली परेपछि १३ जिल्लाका किसान पीडित छन् । सबैभन्दा बढी चितवन, कैलाली, बाँके, बर्दिया, दाङ, तनहुँ, कञ्चनपुर, नवलपरासीलगायत १३ जिल्लाका ६० पालिकाहरूमा क्षति पुगेको छ । ती क्षेत्रका झन्डै ७ हजार घरधुरीको १७ हजार ८ सय ६ हेक्टरबाट ८ हजार ५ सय टन धान उत्पादन नोक्सान भएको बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रले जनाएको छ । केन्द्रका प्रमुख मदन थापाको संयोजकत्वमा गठित क्षतिपूर्ति मूल्यांकन समितिले उत्पादन लागत र परिमाण आधारमा २३ करोड रुपैयाँसम्मको क्षति मूल्यांकन गरेको छ ।

क्षतिपूर्तिको विवरणसहितको प्रतिवेदन मंसिर ६ गते कृषि सचिव युवकध्वज जीसीलाई बुझाए पनि क्षतिपूर्ति दिने प्रक्रिया अगाडि बढेको छैन । नक्कली धानबाट पीडित किसानलाई क्षतिपूर्ति दिनमा सरकारबाट आलटाल हुँदै आएको छ । 'उत्पादन र लागतका आधारमा क्षतिको विवरण बुझाएका छौं,' केन्द्रका प्रमुख थापाले भने,



**बाला नलागेपछि चितवन खैरहनीका किसान हरियो धान काट्दै ।** *फाइल तस्बिर : कान्तिपुर*

**मन्त्रालय भन्छ, 'आयातकर्ताबाटै तिराउँछौं ।' आयातकर्ता भन्छ, 'जेल जान तयार छु, करोडौं तिर्न सक्दिनँ ।'**

'क्षतिपूर्तिको हकमा मन्त्रालयबाट निर्णय हुन्छ । केही ढिलाइ भएको छ ।'

धान नक्कली भएको पुष्टि भएपछि राष्ट्रिय बीउ बोर्डको बैठकले आयातकर्ता दाङस्थित सनराइज एग्रिकल्चर रिसर्च सेन्टर प्रालिको इजाजत पत्र खारेज गर्नसमेत सिफारिस गरेको थियो । तर, खारेजको प्रक्रिया पनि बढेन । न त क्षतिपूर्तिका लागि कृषि मन्त्रालयले तत्परता देखाएको छ । सरकारी निकायसँगै किसानको हकहितका लागि खोलिएका संघसंस्थाहरू पनि मौन छन् । किसानको हकमा अवाज उठाएका छैनन् ।

'यसअघि पनि यस्तै समस्याबाट किसान पीडित भए । अहिले पुनः चिन्ता बढेको छ,' महासंघका संस्थापक अध्यक्षसमेत रहेका अधिकारीले भने, 'क्षतिपूर्ति समितिले पनि दोधारे प्रतिवेदन पेस गरेको छ । व्यापारीलाई कठघरामा राखेर तिराउनुपर्थ्यो । सरकारी निकाय एकले अर्कालाई देखाएर पन्छिन खोजेका छन् ।'

बीउमा नियमन गर्ने निकाय बीउबिजन केन्द्र र नार्कको समेत मिलेमतो रहेको उनले दाबी गरे । बीउ परीक्षण गर्ने दायित्व हुँदाहुँदै परीक्षण नगर्दा किसान सधैं मर्कामा परेको उनको भनाइ छ । हाल सरकारी तवरबाट किसानको पीडा तथा गुनासो सुन्न र सरकारलाई सुझाव दिन राष्ट्रिय किसान आयोग पनि छ । तर, आयोग कर्मचारी भर्ती केन्द्र मात्रै भएको किसानहरूको आरोप छ । पीडित किसानलाई क्षतिपूर्ति दिलाउन सन्दर्भमा आयोग मौन छ । आयोगका प्रवक्ता रवीन्द्र केसीले पनि क्षतिपूर्तिका लागि आग्रह जानकारी दिए । 'प्रक्रियागत रूपमा जान्छौं ।

बाँकी पृष्ठ १२ ▸▸

# सुरक्षा कोषमा जान राष्ट्र बैंकको ताकेता

बैंकहरू तत्काल दर्ता हुन नजाने

■ **यज्ञ बञ्जाडे** (काठमाडौं)

बैंक तथा वित्तीय संस्थालाई सामाजिक सुरक्षा कोषमा दर्ता हुन राष्ट्र बैंकले निर्देशन दिएको छ । बैंक तथा वित्तीय संस्थाका नाममा सूचना जारी गर्दै राष्ट्र बैंकले बुधबार यो सूचना जारी गरेको हो । हालको व्यवस्थाअनुसार सामाजिक सुरक्षा कोषमा जाँदा कर्मचारीले खाइपाई आएको सुविधा पनि घट्ने, दोहोरो कर लाग्नेलगायत बुँदामा अडान राखेर कोषमा दर्ता हुन बैंकहरू नगइरहेको अवस्थामा राष्ट्र बैंकबाट उक्त निर्देशन आएको हो ।

'योगदानमा आधारित सामाजिक सुरक्षा कोष सामाजिक सुरक्षा योजना गत साउन १ गतेदेखि औपचारिक रूपमा लागू भएको विदितै छ,' सूचनामा भनिएको छ, 'यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरू सामाजिक सुरक्षा कोषमा सूचीकरण गर्ने व्यवस्था गर्नु/गराउनु हुन सम्बन्धित सबैमा यो सूचना जारी गरिएको छ ।'

राष्ट्र बैंकले सूचना जारी गरे पनि बैंकहरू तत्काल दर्ता हुन नजाने भएका छन् । यो विषयमा सिधैं सामाजिक सुरक्षा कोषसँग नियमित रूपमा छलफल भइरहेकाले तत्काल बैंकहरू दर्ता हुने सम्भावना कम रहेको नेपाल बैंकर्स संघका कार्यकारी निर्देशन अनिल शर्माले बताए । 'संघले नियमित रूपमा कोषसँग छलफल गरिरहेको राष्ट्र बैंकलाई जानकारी छैन,' शर्माले भने, 'अब राष्ट्र बैंकलाई पनि जानकारी गराउँछौं ।' बैंकहरू कोषमा जान इच्छुक भए पनि कर्मचारीहरूबाटै विरोध आएकाले अप्ठ्यारो भएको उनले बताए । 'हाल खाइपाई आएको सुविधा घट्ने भएपछि कर्मचारी अनिच्छुक देखिए,' उनले भने, 'कर्मचारीहरूलाई जबर्जस्ती जाऊ भन्दा पनि मानव अधिकारको मुद्दा उठ्न सक्छ ।' यसकारण प्रमुख विवादित बुँदा संशोधनका लागि कोषलाई आग्रह गरिएको शर्माले बताए ।

अहिलेकै अवस्थामा सामाजिक सुरक्षा कोषमा दर्ता हुन जाँदा दोहोरो कर तिर्नुपर्ने संघले दाबी गरेको छ । सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि (पहिलो संशोधन) को व्यवस्थाअनुसार योगदानकर्ताले अहिले पनि कर बुझाएर मात्र रकम जम्मा गर्ने र अवकाश रकम लिँदा सोही रकममा पुनः १५ प्रतिशत कर तिर्नुपर्ने भएकाले दोहोरो कर रहेको संघले बताएको छ । संघले यो कुरा सामाजिक सुरक्षा कोषमा सूचीकरण सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर राय यादव पनि जानकारी गराइसकेको छ ।

**'यो विषयमा सिधैं सामाजिक सुरक्षा कोषसँग नियमित रूपमा छलफल भइरहेकाले तत्काल बैंकहरू दर्ता हुने सम्भावना कम छ'**

'योगदानकर्ताले हाल आफ्नो आयमा ३६ प्रतिशतसम्म कर तिर्ने र अवकाश रकम लिँदा सोही रकममा पुनः १५ प्रतिशत कर तिर्नुपर्ने विद्यमान व्यवस्था छ,' संघले मन्त्रालयलाई लेखेको पत्रमा उल्लेख छ, 'यसरी कर्मचारीलाई दोहोरो करको व्यवस्था हटाउनका लागि आवश्यक व्यवस्था गरिनुपर्ने ।' पहिले र पछि गरी योगदानकर्ताले एउटै रकममा करिब ५१ प्रतिशत कर तिर्नुपर्ने अवस्था रहेको बैंकर्स संघको दाबी छ ।

योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको व्यवस्था नेपालका लागि नयाँ भएकाले यसमा ०७६ साउनदेखि नियुक्त हुने श्रमिक र श्रम ऐनअनुसार सुविधा नपाएका पुराना श्रमिकहरूका लागि मात्र अनिवार्य र बाँकीका लागि स्वैच्छिक गर्न संघले आग्रह गरेको छ । नयाँ आउने कर्मचारीले स्वतः स्वीकार पनि गर्ने भएकाले पुरानाको हकमा स्वैच्छिक गरिएमा कार्यक्रम सफल हुने संघको सुझाव छ ।

सामाजिक सुरक्षा कोषमा दर्ता भएपछि कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्न नपाउने विषयमा पनि संघले असन्तुष्टि जनाएको छ । कोषले विभेदकारी ऐन संशोधन गर्न तयार रहेको बताएको छ । यसमा बैंकरहरू विश्वस्त छैनन् । विगतमा सरकारको तर्फबाट आएको अधिकांश आश्वासन पूरा नभएको र भएका पनि तोकिएको समयभन्दा ढिलो भएकाले आश्वस्त हुने ठाउँ नरहेको बैंकहरूको भनाइ छ ।

हाल सञ्चालनमा रहेका अधिकांश बैंक तथा वित्तीय संस्था कोषमा दर्ता भएका छैनन् । अरू निजी क्षेत्रको हालत पनि त्यस्तै छ ।

बाँकी पृष्ठ १२ ▸▸





Medical Partner | Online Health Partner | Insurance Partner | Celebration Partners

STAR HOSPITAL | dabai24 | नेको इन्स्योरेन्स लि. Neco Insurance Ltd. | City Express | IME LIFE | Nepal Clearing House | goodlife | 2pm | Purex | KNP Japan Pvt. Ltd. | JJ | शिवम् सिमेन्ट | BHS

# नेप्सेमा दोहोरो अंकको वृद्धि

काठमाडौं (कास)- सेयर कारोबार मापक नेप्से परिसूचक बुधबार दोहोरो अंकले बढ्यो । पछिल्ला ६ कारोबार दिन निरन्तर बढेको नेप्सेमा बुधबार दोहोरो अंकले बढेको हो । अघिल्लो दिनको तुलनामा १०.११ अंक (०.८८ प्रतिशत) ले बढेपछि नेप्से १ हजार १ सय ६१.४७ विन्दुमा पुगेको छ ।

सो दिन नेप्से १ हजार १ सय ५०.८४ विन्दुबाट सुरु भएको थियो । कारोबारमा आएकामध्ये उत्पादन तथा प्रशोधनबाहेक बाँकी सबै समूहको परिसूचक बढेपछि समग्र नेप्से दोहोरो अंकले बढेको हो । बुधबार व्यापार समूहको परिसूचक सबैभन्दा बढी करिब ६ प्रतिशत बढ्यो । यस्तै लघुवित्त र निर्जीवन बिमा समूहले पनि क्रमशः ३.५४ प्रतिशत र २.६६ प्रतिशत सहित व्यापार समूहलाई नै पछ्याएका छन् । सो दिन होटल, विकास बैंक, वित्त र जीवन बीमा समूहको परिसूचक पनि १ प्रतिशतभन्दा धेरैले उकालो लागेका छन् । सबै समूहको परिसूचक बढे पनि उत्पादन तथा प्रशोधन समूहको परिसूचक भने १.३५ प्रतिशतले ऋणात्मक रह्यो ।


CENTURY BANK | सेञ्चुरी बैंक

## धितोमा रहेको सम्पति पुन-लिलाम विक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको १५ दिने सार्बजनिक सूचना

(प्रकाशित मिति २०७६/०८/२६)

तपसिलमा उल्लेखित ऋणीले यस सेञ्चुरी कमर्सियल बैंक लि. शाखा कार्यालय बीरगञ्जबाट बिभिन्न शिर्षक अन्तर्गतको ऋण कर्जा लिएबापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवां, व्याज, थपव्याज, अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायत बैंकको संपूर्ण लेना रकम चुक्ता भुक्तान गर्न पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता गर्दा एवं मिति २०७५/१२/१८ गतेको अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रीकामा "ऋण चुत्ता गर्नेवारे ३५ दिने सार्वजनिक सूचना" प्रकाशित गर्दा समेत बैंकको ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गर्नु भएकोले ऋणीले ऋण कर्जा लिदाँ धितो सुरक्षण वापत लेखिदिनु भएको तपसील बमोजिमको सम्पत्ति जे जस्तो अवस्थामा रहेको छ, सोही अवस्थामा गोप्यसिलबन्दी बोलपत्रद्वारा पुन-लिलाम विक्री गरिनेहुंदा उक्त सम्पत्ति लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी तथा संगठित संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफ्नो बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित ऋण रकम वापत धितो जमानतदिनु हुने र सम्बन्धित सरोकारवाला सवैलाई धितो सूरक्षणमा रहेको चल/अचल सम्पत्ति पुन-लिलाम बिक्री गरिने बारे यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्री गर्दा पनि बैंकको सम्पूर्ण रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अनुसार ऋणी, व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिवाट धितोले नखामेको वक्यौता कर्जा रकम असूल उपरका लागि आवश्यक प्रक्रिया अगाडि बढाईने समेतको व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सरोकारवाला सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । तसर्थ, यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालय वा प्रधान कार्यालय कर्जा अशुली बिभागमा सम्पर्क राखी यथाशिघ्र सम्पूर्ण कर्जा भुक्तानी गरीगराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउनहुन समेत बिशेष अनुरोध गरिएको छ ।

तपसिल

| ऋणीको तथा जमानी दिनेको बिवरण | सुरक्षण तथा जमानी दिनेको विवरण |
|---|---|
| **ऋणी :**<br>कम्पनी ऐन २०२१ बमोजिम नेपाल सरकार, (साविक श्री ५ को सरकार), उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौंमा मिति २०५२/०८/८/६ मा दर्ता भई प्रा.लि.नं.४२१२/०५२/५३ कायम भएको तथा औ.व्य.ऐन. २०४९ बमोजिम नेपाल सरकार (साबिक श्री ५ को सरकार), उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय बारा, कलैयामा मिति २०५२/०९/२८ मादर्ता भै उ.द.प्र.फ.नं. ७६६/२०५२/५३ कायमभएको बारा जिल्ला लिपनीमाल गा.वि.स./न.पा. वडा नं. ०८ मा रजिर्ष्टड कार्यालय रहेको श्री डेनियम लेवोरेटरिज प्रा.लि.<br>**संचालक तथा ब्यक्तिगत जमानतकर्ता :**<br><br>**रामबाबु प्रसाद चौरसिया**<br>बाबु : जगरनाथ राउत बरै<br>बाजे : हुसेनी राउत बरै<br>स्थायी ठेगानाः पर्सा जिल्ला सबैठवा, गा.वि.स., वडा न. ०५<br>हालको ठेगाना : पर्सा जिल्लावीरगञ्ज म.न.पा., वडान. १०<br>ना.प्र.नं. : ८०२३१५२८<br>जारी मिति :२०४५/१०/१३, जिल्ला प्रशासन कार्यालय पर्सा ।<br>**संचालक तथा ब्यक्तिगत जमानतकर्ता :**<br><br>**राम असिस प्रसाद बरै**<br>बाबु : दुखी राउत बरै<br>बाजे : चलितर राउत बरै<br>स्थायी ठेगानाः बारा जिल्ला नगवा, गा.वि.स., वडा नं ७<br>हालको ठेगाना : पर्सा जिल्ला वीरगञ्ज म.न.पा., वडा नं १६<br>ना.प्र.नं. : ६०७/६४१२१०६१<br>जरी मिति :२०३४/१२/१८, जिल्ला प्रशासन कार्यालय,बारा<br>**ब्यक्तिगत जमानतकर्ता :**<br><br>**धनमती देवी चौरसिया**<br>बाबु : जयमंगल राउत<br>पति : रामबाबु प्रसाद चौरसिया<br>स्थायी ठेगानाः पर्सा जिल्ला सबैठवा गा.वि.स.,वडा न.०५<br>हालको ठेगाना : पर्सा जिल्ला वीरगञ्ज म.न.पा.,वडा नं १०<br>ना.प्र.नं. : ५३<br>जारी मितिः२०४४/१२/२१, जिल्ला प्रशासन कार्यालय पर्सा<br>**ब्यक्तिगत जमानतकर्ता :**<br><br>**लव कुमार चौरसिया**<br>बाबु : रामबाबु प्रसाद चौरसिया<br>बाजे : जगरनाथ राउत बरै<br>स्थायी ठेगाना : पर्सा जिल्ला सबैठवा गा.वि.स., वडा न. ०५<br>हालको ठेगाना : पर्सा जिल्ला वीरगञ्ज म.न.पा.,वडा नं १०<br>ना.प्र.नं. : ३४८०२३२८०१<br>जारी मिति : २०६३/०८/०३, जिल्ला प्रशासन कार्यालय पर्सा । | १.डेनियम लेवोरेटरिज प्रा.लिको नाममा दर्ता कायम रहेको बारा जिल्ला लिपनीमाल गा.बि.स., वडा नं. ८ स्थित कि.नं. ९२३,९६८,९८१,६५६ र ९८२ को क्षे.फ. क्रमशः ०-१-०-०, ०-१-०-०, ०-१-३-०, ०-३-०-० र ०-८-१०-० बिघा घर जग्गा तथा उक्त घरजग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापत समेत सम्पुर्ण ।<br>२.रामबाबु प्रसाद चौरसियाको नाममा दर्ता कायम रहेको बारा जिल्ला ईटियाही गा.वि.स/न.पा. वडा नं.९ स्थित कित्ता नं. ११५३ को जम्मा क्षेत्रफल ०-३-१८-४विगाहाको घर जग्गा तथा उक्त घरजग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापत समेत सम्पुर्ण ।<br>३. डेनियम लेवोरेटरिज प्रा.लिको नाममा रहेको मौज्दातको हाईपोथिकेसन, स्थिर सम्पति तथा चालु सम्पतिको हाईपोथिकेशन तथा भुक्तानी प्राप्त गर्न बांकी रकम संकलन गर्ने अख्तियारनामा ।<br>४. राम बाबु चौरसियाको नामको ऋणी कम्पनीको शेयर कित्ता ४५,०००<br>५. राम आषिस प्रसाद बरैको नामको ऋणी कम्पनीको शेयर कित्ता ४५,०००<br>**ब्यक्तिगत जमानतकर्ता :**<br><br>**दुर्गेश कुमार चौरसिया**<br>बाबु : रामबाबु प्रसाद चौरसिया<br>बाजेः जगरनाथ राउत बरै<br>स्थायी ठेगानाः पर्सा जिल्ला सबैठवा गा.वि.स., वडा न.०५<br>हालको ठेगानाः पर्सा जिल्ला वीरगञ्ज म.न.पा., वडा नं १०<br>ना.प्र.नं. ३४१०६८/२१९ मितिः२०६७/०८/१६, जिल्ला प्रशासन कार्यालय पर्सा ।<br>**ब्यक्तिगत जमानतकर्ता :**<br><br>**ईभा चौरसिया**<br>बाबु : रामबाबु प्रसाद चौरसिया<br>बाजेः जगरनाथ राउत बरै<br>स्थायी ठेगानाः पर्सा जिल्ला सबैठवा, गा.वि.स., वडा न.०५<br>हालको ठेगानाः पर्सा जिल्ला वीरगञ्ज म.न.पा.,वडा नं १०<br>ना.प्र.नं. ३४-०१-७०-०६७५५, मितिः २०७०/०५/१४, जिल्ला प्रशासन कार्यालय पर्सा ।<br>**ब्यक्तिगत जमानतकर्ता :**<br><br>**जग मोहन प्रसाद वरै**<br>बाबु : राम असिस प्रसाद बरै<br>बाजे : दुखी राउत बरै<br>स्थायी ठेगाना : पर्सा जिल्ला बीरगञ्ज न.पा. वडा न.१९<br>हालको ठेगाना : पर्सा जिल्ला वीरगञ्ज म.न.पा.,वडा नं १६<br>ना.प्र.नं. : ३४१०२२/३७४०<br>जारी मिति : २०६५/०२/२६, जिल्ला प्रशासन कार्यालय पर्सा ।<br>**ब्यक्तिगत जमानतकर्ता :**<br><br>**बृज किशोर चौरसिया**<br>बाबु : राम असिस प्रसाद बरै<br>बाजे : दुखी राउत बरै<br>स्थायी ठेगाना : पर्सा जिल्ला बीरगञ्ज न.पा. वडा न.१९<br>हालको ठेगानाः पर्सा जिल्ला वीरगञ्ज म.न.पा.,वडा नं १६<br>ना.प्र.नं. : ३४१०२२/३७४१<br>जारी मिति : २०६५/०२/२६, जिल्ला प्रशासन कार्यालय पर्सा । |

**लिलामीका शर्तहरु**

१ बोलपत्र फारम बैंकको प्रधान कार्यालय कर्जा असुली बिभाग पुतलीसडक, काठमाडौ तथा शाखा कार्यालय, बीरगञ्जबाट रु.५००/ बुझाई प्राप्त गर्न सकिने छ ।
२. उक्त सम्पत्ती जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा खरिद गरि लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
३. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्वन्धित कागजात हेर्न चाहनु हुने महानुभावहरुले यस बैंकको शाखा कार्यालय, बीरगञ्जमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
४. सकारगरी लिन चाहेको सम्पती के कती रकममा लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । यदि अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाइ मान्यता दिइनेछ ।
५. आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम बापत यस बैंकको नाममा रहेको खाता नं. Escrow Account No. ९१८०४५०१६०० मा जम्मा गरी नगद जम्मा भौचर समेत शिलबन्दी बोलपत्रका साथ समाबेस गरि पेश गर्नु पर्नेछ ।
६. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र बैंकको प्रधान कार्यलय कर्जा असुली बिभाग पुतलिसडक काठमाण्डौमा प्राप्त भई सक्नु पर्ने छ ।
७. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा परेमा बिदाको लगतै बैंक खुलेको पहिलो दिन मध्यान्ह १२:०० बजे सम्म बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा पनि बिदाको लगतै बैंक खुलेको दिन सोहि समयमा बोलपत्र खोलिनेछ ।
८. शिलबन्दी बोलपत्र बैंकको प्रधान कार्यालय कर्जा असुली बिभाग पुतलीसडक, काठमाडौमा, सरकारी प्रतिनिधि तथा बोलपत्रकर्ता वा निजको प्रतिनिधी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर बोलपत्रकर्ता वा निजको प्रतिनिधिको अनुपस्थितिमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।
९. लिलाम सकार गर्ने व्यक्तिले बैंकबाट लिलाम स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिनभित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनु पर्ने छ । उक्त बांकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको रकम स्वतः जफतहुनेछ ।
१०. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोल कबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा बैंकले प्रचलित ऐन कानून तथा आफ्नो नियमानुसार उक्त सम्पत्तिको स्वामित्व आफुमा लिन सक्नेछ ।
११. उक्त लिलाममा राखेको सम्पत्ति नामसारी गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर र धारा बिजुली शुल्क (बांकी बक्यौता समेत) आदि सकार गर्ने व्यक्तिवा पार्टी आफैले तिर्नु पर्नेछ ।
१२. उल्लेखित सम्पत्ती लिन चाहने बोलपत्र कर्ताले उक्त सम्पत्तीको छुट्टा छुटै मुल्य उल्लेख गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
१३. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१४. सम्पत्ति नामसारी भईसकेपछि साबिकको भोग चलनकर्ताबाट हकभोग छुटाई सकार गर्नेको हकभोग कायमगर्ने दायित्व सम्बन्धित खरिद कर्ताको हुनेछ । उक्त कार्यको लागी बैंकले आबश्यक सहयोग गर्नेछ ।
१५. यस सम्बन्धमा अन्य जानकारीको लागी यस बैंकको प्रधान कार्यालय कर्जा असुली बिभाग, पुतलीसडक, काठमाडौ तथा साखा कार्यालय बीरगञ्जमा सम्पर्क राख्नहुन अनुरोध छ ।
१६. बोलपत्र खोले पश्चात बोलपत्रदाताहरु मध्ये सबै भन्दा बढी बोलपत्र पेश गर्ने सँग बोलपत्र रकमको सम्बन्धमा आवश्यकता अनुसार सहमति गरी रकम बढाउन सकिनेछ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७६/०९/१० गते बिहीबार,**
**बोलपत्र खोलिने मिति : २०७६/०९/११ गते शुक्रबार,**
**समयः मध्यान्ह १२:०० बजे**
**स्थान : सेञ्चुरी कमर्सियल बैंक लि.कर्जा असुली बिभाग पुतलीसडक, काठमाडौ**

**सेञ्चुरी कमर्सियल बैंक लिमिटेड**
केन्द्रीय कार्यालयः पुतलीसडक, काठमाण्डौं । फोनः ४४४५०६२ । फ्याक्सः ४४४१४२२
शाखा कार्यालयः विरगञ्ज । फोन नं. ०५१-५३३७०५


# कचौराको आवाजले तान्छ पर्यटक

'कचौराको आवाजबाट म्युजिक थेरापी गरिन्छ । जसले मानिसको दिमागलाई शान्त बनाउँछ ।'

■ **नुमा थाम्सुहाङ** (काठमाडौं)



काठमाडौं ठमेलको एक पसलमा राखिएका 'सिंगिङ बल' । तस्बिर : नुमा/कान्तिपुर

स्पेनका लुकास लोपेजले ठमेलबाट मधुरो आवाज निस्कने कचौरा किने । हेर्दा सानो कचौरा भए पनि यसको आवाज मिठो लागेकाले किनेको उनले बताए । 'यसबाट निस्कने आवाज निकै मनपर्‍यो,' उनले भने, 'एउटाबाट नै विभिन्न प्रकारको आवाज निकाल्न सकिँदोरैछ त्यसैले किने ।'

विभिन्न आकारमा पाइने गोलो खालको कचौरा 'सिंगिङ बल' नामले परिचित छ । यसैको आवाजमा विदेशी पर्यटक तानिएको वसन्तपुर झोछें, एए क्राफ्टका अच्युत अर्यालले बताए । 'यो मनपराउनुको अर्को कारणमा यसको आवाजबाट म्युजिक थेरापी पनि गरिन्छ,' उनले भने, 'जसले मानिसको दिमागलाई शान्त बनाउँछ ।'

थोक व्यापार गर्ने उनले महिनामा ढलोट र कासको गरेर एक टन सिंगिङ बल बेच्छन् । दुई सय ग्रामदेखि १५ केजीसम्मको कचौरा उनको पसलमा छ । कासको प्रतिकिलो २५ सय रुपैयाँ र ढलोटको १ हजार रुपैयाँ पर्ने उनले बताए । यसबाट गरिने थेरापी

> **'विदेशीहरूले खोज्ने भनेको नेपाली हस्तकलाका सामान नै हुन्, मेसिनले बनाएको भन्दा बढी हातले बनेको नै रुचाउँछन्'**

र विभिन्न आवाजले गरेर पर्यटकहरूले मनपराउने गरेको उनी बताउँछन् । एउटा कचौराबाट धेरै प्रकारको आवाज निकाल्न सकिन्छ । कचौराको मोटाइ, गहिराइ, धातु र बजाउने मानिसमा भर पर्ने उनको भनाइ छ ।

ठमेल, क्रिएटिभ आर्टका सुरेन्द्र मुनिकारले पनि ३० वर्षदेखि सिंगिङ बल बेच्दै आएका छन् । पहिलाको तुलनामा यसको आकर्षण बढ्दै गएको उनले बताए । उनले भक्तपुर, पाटन र काठमाडौंमा बनेका कचौराहरू बेचिरहेका छन् । 'विदेशीहरूले खोज्ने भनेको नेपाली हास्तकलाका सामान नै हुन्,' उनले भने, 'मेसिनले बनाएको भन्दा बढी हातले बनेको नै रुचाउँछन् ।' महिनामा उनले १ लाख रुपैयाँसम्मको कारोबार गर्दै आएका छन् ।

'अहिले ट्रेकिङ जाने विदेशी पर्यटकको चाप बढी छ,' उनले भने, 'नेपालबाट फर्किंदा उनीहरूले उपहार र म्युजिकका रूपमा किन्छन् ।' एउटा काठबाट यसलाई छोएर, आफ्नै हातको प्रयोगले एकै पटक धेरै प्रकारको साउन्ड निकाल्न सक्नु पनि यसको विशेषता भएको बताए । पित्तल, कास र सात धातुबाट बनेका कचौरा बिक्री गरिरहेका उनको पसलमा १ हजार रुपैयाँदेखि १ लाख २५ हजार रुपैयाँसम्मको कचौरा छन् ।

'सिंगिङ बलको बजार बढ्दो छ,' ठमेल स्वस्तिका ह्याण्डिक्राफ्टका माधव ढकालले भने, 'सबैको मूल्य बढ्दो छ । यसमा पनि केही प्रभाव परेको देखिन्छ । मेरो पसलबाट युरोपियन पर्यटकहरूले बढी सामान किन्छन् ।' महिनामा ३ लाख रुपैयाँका सामान बेच्दा १ लाख रुपैयाँसम्म नाफा रहने उनले सुनाए । नेपाल र भारतमा बनेको सिंगिङ बल बिक्री गरिहेका उनी भन्छन्, 'यसबाट निस्कने आवाज नै यसको आकर्षण हो । म्युजिसियनहरूले पनि यसको आवाजमा चासो देखाएको पाइन्छ ।'

यसको प्रचारप्रसार गर्न सके स्वास्थ्य र पर्यटन व्यवसाय दुवैका लागि फाइदा पुग्ने ठमेल, बद्धभिजन ह्यान्डिक्राफ्टका सुशील पाण्डे बताउँछन् । नजिकिँदै गरेको भ्रमण वर्षमा सरकारले पर्यटन व्यवसायलाई सहयोग पुर्‍याउन यस्ता कुराहरूको फाइदाबारे प्रचार गर्नुपर्ने उनको भनाइ छ । 'मूलतः अमेरिकी र युरोपेली पर्यटकहरूले नै किन्छन्,' उनले भने, 'हेर्दा सानो भाँडाबाट ध्यान गर्न मिल्छ भन्ने उनीहरू नै पत्याउँदैनन् । यसको फाइदा र प्रयोगबारे हामीले प्रचार गर्न सके व्यापार अझ राम्रो हुन्थ्यो ।'

महिनामा १ लाख रुपैयाँसम्म कारोबार गरिरहेका उनले प्रतिगोटा ४ सय रुपैयाँदेखि १५ हजार रुपैयाँसम्मको विभिन्न धातुका सिंगिङ बल बिक्री गरिहेका छन् । सम्भावना धेरै भएकाले पर्यटकहरूको गाइड बुकमा पनि नेपाली हस्तकलाबारे केही जानकारी दिनुपर्ने उनले बताए ।

पाटन, कटेज क्राफ्टका सञ्चालक कल्याणकृष्ण ताम्राकारले दुई किसिमबाट सिंगिङ बल बनाइने बताए । 'ह्याम्बरले पिटेर र ढलाइ गरी दुई किसिमले बनाइन्छ,' उनले भने, 'तामा, टिन, जिंक, आइरन, लिड र थोरै मात्रामा सुन र चाँदी गरी सात प्रकारको धातुबाट यसलाई बनाउँछौं । यसमा दुःख धेरै छ, ६५० डिग्रीको आगोमा काम गरी यसलाई पगालेर आकार दिने काम गर्छौं ।'

बलको आकार र गुणस्तरअनुसार समय लाग्ने उनी बताउँछन् । उनको कटेजमा एक दिनमा २५० केजीको १/२ सय वटा ३५० ग्रामदेखि १० किलोसम्मको बल बनाइन्छ । १३ सेन्टिमिटरदेखि ६० सेन्टिमिटरसम्मको आकारको बल बनाउने उनले बताए । म्युजिक थेरापिस्टसमेत रहेका उनले सिंगिङ बलको भाइब्रेसनबाट थेरापी गरिने बताए । 'यसबाट निस्कने भाइब्रेसनबाट गरिने थेरापीले मानिसको शरीर र दिमागलाई शान्त बनाउन सहयोग पुर्‍याउँछ ।'

## सुरक्षा कोषमा...

हाल कोषमा लक्ष्मी, प्राइम, प्रभु, नेपाल क्रेडिट एन्ड कमर्स, मेगा, जनता र ग्लोबल आईएमई गरी ७ वटा वाणिज्य बैंक मात्र दर्ता भएका छन् । कोषले यही मंसिर १४ गतेसम्म कोषमा दर्ता हुने थप गरेको समय सकिएको छ । थप समयमा पछि धेरै दाता दर्ता हुन नसकेपछि कोषले सबै मन्त्रालयलाई हारगुहार गरेको छ । सोही कारण सबै मन्त्रालयले मातहतका निकायलाई पत्र काटेर कोषमा दर्ता हुन निर्देशन दिएका छन् । सोही क्रममा राष्ट्र बैंकले पनि सूचना जारी गरेको हो ।

संघका अनुसार उपदान/ निवृत्तिभरणबापत सरकारी कर्मचारीले मासिक तलबबाट ६ प्रतिशत र सरकारबाट थप ६ प्रतिशत गरी १२ प्रतिशत योगदान गर्नुपर्छ । निजी क्षेत्रका कर्मचारीले उपदानबापत ८.३३ प्रतिशत, कर्मचारीको मासिक तलबबाट १० प्रतिशत र रोजगारदाताबाट थप मासिक १० प्रतिशत योगदान हुन्छ । यो व्यवस्थामा सरकारीलाई कर्मचारी सञ्चयकोषको सुविधा छ । निजीलाई छैन ।

निवृत्तिभरण कोषमा कर्मचारीको मासिक तलबबाट कट्टा भई प्राप्त भएको रकम, सरकारबाट थप भएको रकम, त्यसको ब्याज र कोषले आर्जन गरेको नाफाको रकम सम्बन्धित कर्मचारीको छुट्टै व्यक्तिगत निवृत्तिभरण खातामा जम्मा हुन्छ । यो सुविधा सामाजिक सुरक्षा कोषमा छैन । यसको अर्थ निजी कर्मचारीले ती त्यस्तो रकम पाउँदैनन् ।

निजी क्षेत्रले पाउने पेन्सनमा पनि विभेद रहेको संघले दाबी गरेको छ । हालको व्यवस्थाअनुसार जम्मा सेवा वर्षमा अन्तिम तलबको रकम गुणा गरी ५० ले भाग गरेर सरकारी कर्मचारीको पेन्सन गणना गरिन्छ । कुल योगदानमा लगानीको प्रतिफल जोडेपछि १८० ले भाग गरी निजी क्षेत्रको पेन्सन गणना गर्ने कानुनी व्यवस्था छ । यो व्यवस्थाअनुसार समान योगदान गरे पनि सरकारीभन्दा निजी क्षेत्रका कर्मचारीको पेन्सन चार गुणा कम हुन आउने बैंकर्स संघले दाबी गरेको छ ।

उता कोषले भने जसरी भए पनि दर्ता हुन बैंकहरूलाई आग्रह गरिरहेको छ । नमिलेका वा विवादित विषय भए कोषभित्रै बसेर परिमार्जन गर्न सकिने भन्दै दर्ता हुन कोषले आग्रह गरेको हो ।

## क्षतिपूर्ति पाउँदैनन्...

तत्काल उपलब्ध गराउन सरकारलाई आग्रह गरेका छौं,' उनले भने, 'मन्त्रीमण्डल विस्तारले केही प्राविधिक समस्या देखियो । यद्यपि सम्बन्धित निकायलाई आग्रह गरिएको छ ।' मन्त्रालयका अनुसार धानको क्षतिपूर्ति दिने मोडल सन्दर्भमा अझै टुंगो लागेको छैन ।

कृषि सचिव युवकध्वज जीसीको अध्यक्षतामा आइतबार बसेको राष्ट्रिय बीउबिजन समितिको बैठकले पनि क्षतिपूर्तिबारे टुंगो लगाउन सकेन । 'आर्थिक रकम (कसरी र कसले दिने) र कानुनको पाटोमा छलफल भएको थियो,' मन्त्रालयका प्रवक्ता हरि केसीले भने, 'क्षतिपूर्ति आयातकर्ताबाट मात्रै भराउँदा ऊ अदालत जान सक्छ । किसानले क्षतिपूर्ति पाउने सम्भावना न्यून हुन्छ । त्यसैले कुन विधिबाट जाने भनेर कानुनी बाटो हेर्दै छौं ।' कानुनअनुसार किसानलाई क्षतिपूर्ति आयातकर्ताले नै दिनुपर्छ । आयातकर्ताबाट असुल्न नसके क्षतिपूर्ति सरकारीले पनि दिनुपर्छ । तर, आयातकर्ताले मन्त्रालयमै आफू जेल जान तयार भएको बताउँदै आएको छ ।

'आयातकर्ताले करोडौं क्षतिपूर्ति तिर्ने हैसियत नभएकाले जेल जान तयार भएको बताएको छ,' केन्द्रका प्रमुख थापाले भने, 'हामीले आयातकर्तालाई क्षतिपूर्तिका लागि तयार भई केन्द्रको सम्पर्कमा रहन आदेश दिएका छौं ।'

आयातकर्ता दिवानजंग चौधरी हुन् । कृषि मन्त्रालयका प्रवक्ता हरिबहादुर केसीले पनि क्षतिपूर्ति प्रक्रिया ढिलाइ भएको स्वीकार गरे । उनले कानुनी प्रक्रिया पुर्‍याएर मात्रै निर्णय गरिने बताए । 'किसानलाई क्षतिपूर्ति नदिँदा आयातकर्तालाई जेल मात्रै हाल्न सक्छौं,' उनले भने, 'त्यसैले प्रक्रियाअनुसार निर्णय हुन्छ । यसका लागि आयातकर्ता, पालिका, प्रदेश सरकारसहित छलफल गर्दै छौं ।'

गरिमा नामको बीउ भारतको रेनोभा सिड साइन्स इन्डिया प्रालिले उत्पादनको गरेको हो । नेपालतर्फको प्रास्तावक नेपालगन्जस्थित बीउ साउथ इस्ट एसियन सिड कम्पनी प्रालि हुन् । आयातकर्ता भने दाङमा रहेको सनराइज एग्रिकल्चर रिसर्च सेन्टर प्रालि हो ।


## डिस्ट्रीब्यूटरसीप सम्बन्धी सूचना

**एक प्रतिष्ठित बहुराष्ट्रिय कम्पनीले नेपाल भरि बितरकको (Distributors) खोजि गरिरहेको छ । FMCG (Fast Moving Consumer Goods) उत्पादन गर्ने नेपालको सबभन्दा ठुलो र पुरानो कम्पनी मध्ये एक उक्त कम्पनी, आफ्नो वितरण च्यानल (Distribution Channel) लाई देशका हरेक कुनामा सबल बनाउन लक्ष्य राख्छ ।**

**अतः सबल आर्थिक क्षमता भएका, अनुभवी (Consumer Goods Industry मा) तथा ईच्छुक फर्म/पार्टीलाई आवेदन दिनलाई अनुरोध गरिन्छ ।**

**थप जानकारीको लागिः ९८०११७५१०४**


## अर्थ संक्षेप

### दराजको किनमेल मेला १२.१२ घोषणा

काठमाडौं (कास)- ११.११ भव्य सफलता भन्दै अनलाइन सपिङ दराजले किनमेल मेला १२.१२ को घोषणा गरेको छ । 'दराजको १२.१२.अभियान यही २६ मंसिरदेखि पुस २ सम्म लागू हुनेछ,' विज्ञप्तिमा भनिएको छ, 'यस अभियानद्वारा उपभोक्ताहरूले अन्तर्राष्ट्रिय र स्वदेशी टप ब्रान्डका सरसामानहरूमा ६० प्रतिशतसम्मको भारी छुट प्राप्त गर्न सक्नेछन् ।' उपभोक्ताहरूले दराजका बैंकिङ पार्टनरहरूको डेबिट र क्रेडिट कार्ड प्रयोग गरि अनलाइन पेमेन्ट गर्दा थप २० प्रतिशत अथवा १५ सय रुपैयाँसम्मको छुट पाउने जनाएको छ ।

### ऋणपत्र ल्याउँदै एनसीसी

काठमाडौं (कास)- नेपाल क्रेडिट एन्ड कमर्स (एनसीसी) बैंकले १०.५० प्रतिशत ब्याजसहित दस वर्षका लागि ऋणपत्र निष्कासन गर्न नबिल इन्भेस्टमेन्ट बैंकिङलाई निष्कासन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ ।

### पोखरा लिगमा सुबिसु पार्टनर

काठमाडौं (कास)- सुबिसु केबलनेटले पोखरा प्रिमियर लिगको दोस्रो संस्करणमा इन्टरनेट पार्टनरका रूपमा सहभागिता जनाएको छ । सुबिसुका प्रमुख कार्यकारी अधिकृत विनयमोहन साउद, क्विन्स इभेन्ट नेपालका प्रबन्ध निर्देशक छुम्बी लामा र नेपाली क्रिकेट टिमका पूर्वकप्तान पारस खड्काको उपस्थितिमा सहकार्यका लागि सम्झौतापत्रमा हस्ताक्षर गरिएको छ । प्रत्येक खेलमा उत्कृष्ट क्याचर क्लियर, टीभी क्लियर क्याच तथा फास्टेस्ट फिफ्टीलाई उपहारस्वरूप सुबिसु इन्टरनेट र क्लियर टीभी सेवा १ वर्षका लागि निःशुल्क प्रदान गरिनेछ ।

### सुजुकीको सर्भिस क्याम्प

काठमाडौं (कास)- सीजी मोटोकर्पको डल्लुस्थित सुजुकी 'स्टेट-अफ-आर्ट' सर्भिस सेन्टरमा सुजुकी ब्रान्डका कारधनीका लागि छदिने निःशुल्क सर्भिस क्याम्प सुरु भएको छ । सर्भिस क्याम्प अवधिमा एसी, ब्याट्री, ओभरअल चेक, कार वास निःशुल्क गरिनेछ । थ्रि डी ह्वील अलान्मेन्ट र एसडीटी डायग्नोस्टिकमा ५० प्रतिशत छुट दिइनेछ । स्पेयर पार्टस्, इन्जिन आयल र एसेसोरिजमा १० प्रतिशत छुट दिइनेछ । क्याम्प मंसिर ३० गतेसम्म हुनेछ ।

### छायामा क्रिसमस मार्ट

काठमाडौं (कास)- ठमेल छाया सेन्टरमा 'क्रिसमस मार्ट २०१९' आयोजना हुने भएको छ । नजिकिँदै गरेको क्रिसमस डेको अवसरमा मंसिर २७ गतेदेखि तीन दिनसम्म सञ्चालन हुनेछ । नेपाल भ्रमण वर्ष २०२० को प्रवर्द्धनका लागि नेपाल पर्यटन बोर्ड र नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल्र्स एजेन्टसको सहकार्यमा कार्ल डुइसवर्ग सोसाइटी नेपाल र इभेन्ट सोलुसनको आयोजनमा क्रिसमस मार्ट २०१९ सञ्चालन हुन लागेको आयोजकले बताएका छन् ।




# श्रीराम सुगर मिल बन्द हुँदै

■ शिव पुरी (रौतहट)

उखु क्रसिङकै सिजनमा गरुडास्थित श्रीराम सुगर मिल बन्द हुने भएको छ। मिल बन्द हुने खबरले किसान र मिलका कर्मचारी तनावमा छन्।

सञ्चालनको २५ वर्षपछि क्रसिङ गर्ने सिजनमा आएर मिल बन्द हुन लागेको हो। पछिल्लो एक दशकयता मिल घाटामा चलेको थियो। झन्डै २५ वर्षको इतिहास बोकेको ठूलो उद्योग एकाएक बन्द हुने अवस्था आएपछि किसानको बिचल्ली हुने भएको छ। उनीहरूलाई ८ हजार बिघा क्षेत्रफलमा लगाएको खुटी, कात्तिका र माघे जातको झन्डै १४ लाख क्विन्टल उखु अब के गर्ने र कहाँ बेच्ने भन्ने अन्योल छ। मिल मर्मत र सफा गरी क्रसिङको तयारीमा जुट्नुपर्ने बेला मिल सञ्चालक चुप बसेपछि किसान छटपटिएका छन्।

सञ्चालकले यसअघि नै विभिन्न कारण देखाएर मिल नचलाउने भनिसकेका छन्। यही कारण किसान अगुवाहरू मिलमा भेला भएका हुने गरेका छन्। मिल सञ्चालकले पछिल्लो दस वर्षयता नाफा ओरालो लागेकाले बन्द गर्नुपर्ने अवस्था आएको बताएका छन्। मिलका वरिष्ठ कार्यालय सहायक श्यामनन्दन यादवले पुसमा क्रसिङ सुरु गर्नुपर्नेमा अहिलेसम्म कुनै सुरसार नभएको बताए। २०५१ सालबाट मिलले उखु क्रसिङ थालेको थियो। बारा, पर्सा, रौतहटका किसानको एक सिजनामा ३० लाख क्विन्टलसम्म उखु क्रसिङ गर्ने मिलको लक्ष्य हो। तर, पछिल्लो दस वर्षयता १५/२० लाख क्विन्टरभन्दा कम क्रसिङ गरिरहेको छ। २४ सै घण्टा सञ्चालन हुनुपर्ने मिल विभिन्न कारणले बन्द हुँदै आएको कर्मचारीहरू बताउँछन्। उखु उत्पादक संघ रौतहटका पूर्वअध्यक्ष जयनाथ यादवले मिल सञ्चालकले एकपक्षीय ढंगले बन्द गर्न लागेको आरोप लगाए। 'मिल चलाउने वातावरण भएन भन्नु गलत हो। व्यवस्थापन पक्ष बलियो भइदिएको भए कुनै समस्या आउँदैनथ्यो,' उनले भने, 'यत्रो किसानलाई बिचल्ली बनाएर क्रसिङको मुखमा आएर मिल बन्द गर्न दिँदैनौं।'

मिलले २०७१ सालदेखि किसानको झन्डै ३७ करोड बाँकी राखेको छ। समयमा भुक्तानी नदिएको भन्दै मिल र किसानबीच झगडा हुँदै आएको थियो। यही कारण केही किसानले सस्तो मूल्यमा खाडसरीलाई उखु बेचेका छन्। मिल बन्द हुने हल्ला चलेपछि हस्याङफस्याङ गर्दै पुगेका गढीमाई-३ गम्हरियाका किसान मोहम्मद मजबुल्लाहले मिल सञ्चालन भएदेखि उखु बाली लगाउँदै आएको र अहिले बन्द भनेपछि चिन्तामा परेको सुनाए। 'मेरो पनि २ लाख बाँकी लिनुछ। त्यो रकम पछि लिउँला,' उनले भने, 'सबैभन्दा पहिले मिल सञ्चालनको वातावरण बनाउनुपर्‍यो। मिल नै बन्द गर्नुपर्ने त्यस्तो के अवस्था आइपर्‍यो ?'

# नेपालमै गाडी 'एसेम्बल' गर्न सम्झौता




लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत महाप्रसाद अधिकारी (बायाँ) र मोट्रेक्सका प्रतिनिधि बुधबार सम्झौता-पत्र आदानप्रदान गर्दै। तस्बिर : कान्तिपुर

काठमाडौं (कास)- नेपालमै चारपांग्रे सवारी साधन उत्पादनका लागि लगानी बोर्ड र कोरियाली कम्पनी मोट्रेक्सबीच सम्झौता भएको छ। बोर्डले मोट्रेक्ससँग गाडी एसेम्बल प्लान्ट स्थापनाका लागि परियोजना लगानी सम्झौता गरेको छ। बुधबार आयोजित कार्यक्रममा बोर्डका प्रमुख कार्यकारी अधिकृत महाप्रसाद अधिकारी र मोट्रेक्सका प्रतिनिधिबीच सम्झौतामा हस्ताक्षर भएको हो।

सन् २००१ मा कोरियामा स्थापना भएको मोट्रेक्स कम्पनीले नेपालमा १० अर्ब ५४ करोड रुपैयाँ लगानी गर्ने बोर्ड कार्यालयले जनाएको छ। प्रधानमन्त्रीको अध्यक्षतामा बसेको बोर्ड बैठकले उक्त रकम बराबरको प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) स्वीकृत दिइसकेको छ। सरकारले गत चैत १५ र १६ गते आयोजना गरेको लगानी सम्मेलनको पूर्वसन्ध्यामा कोरियाली कम्पनीको लगानी स्वीकृत पाएको थियो। बोर्ड कार्यालय स्रोतका अनुसार कोरियाली कम्पनीलाई गाडी एसेम्बल गर्न लागि रूपन्देहीमा जग्गा उपलब्ध गराउने तयारी छ। 'करिबकरिब जग्गाको क्षेत्रफल पनि निश्चित भइसकेको छ,' बोर्ड कार्यालय स्रोतले भन्यो।

कोरियाली कम्पनीले बोर्डमा पेस गरेको प्रस्तावमा पहिलो वर्ष ५ हजार, दोस्रो वर्ष १० र तेस्रो वर्ष १५ हजार थान सवारी एसेम्बल गर्ने उल्लेख छ। अबको १८ महिनामा उद्योग स्थापना गरिसक्ने उसको योजना छ। उद्योग स्थापनाको सुरुको वर्षमा २ हजार र पछि २० हजार वटा चारपांग्रे सवारी साधन उत्पादन गर्ने लक्ष्य राखेको बोर्डले जनाएको छ। मुख्यगरी कार, ठूला सवारी साधन उत्पादन गर्ने उसको प्रस्ताव हो। विद्युतीय सवारीलाई बढी प्राथमिकता दिने उसको प्रतिबद्धता रहेको बोर्ड कार्यालयले जनाएको छ।

# डोजरले कोतर्‍यो पेट्रोलियम पाइपलाइन

काठमाडौं (कास)- सडक विस्तार गर्ने क्रममा पेट्रोलियम पााइपलाइनमा डोजरले करिब एक फिटमा क्षति पुर्‍याएको छ।

नेपाल आयाल निगमका अनुसार वीरगन्जको गण्डक चोकबाट करिब २ सय मिटरमा सडक विस्तार गर्ने क्रममा ठेकेदारको लापरबाहीले पाइपलाइनमा सामान्य क्षति भएको हो। पाइपलाइन बिछ्याएको ठाउमा भारतको सीमादेखि अमलेखगन्जसम्ममा खतराको सकेत राखिएको छ। तर, खतराको संकेतलाई बेवास्ता गर्दै डोजर लगाउँदा पाइपलाइनमा क्षति पुगेको हो।

'ठेकेदारले एकदमै हेलचेक्र्याइँ गरेको देखिन्छ। डोजरले मुख्य पाइपलाइनमा एक फिट कोतरिदिएको छ,' निगमका एक उच्च अधिकारीले भने, 'निगमको सुरक्षागार्डले



तत्काल सेनालाई खबर गरेपछि ठूलो घटना हुनबाट बच्यो।' ती अधिकारीका अनुसार सुरक्षागार्डले नेपाली सेनालाई खबर गरेपछि सेनाले तत्काल डोजरलाई रोकेर पुनः माटोले पुर्न लगाएका थिए। पेट्रोलियम पाइपलाइनमा उच्च गतिमा डिजेल आयात हुन्छ। निगमका अनुसार एक पटक पम्प गरेपछि ४ देखि ५ लाख लिटर तेल आउँछ।

'उक्त तेल पाइपबाट बाहिर बग्ने बित्तिकै त्यो क्षेत्र नै ध्वस्त हुन्थ्यो,' ती अधिकारीले भने। उनका अनुसार पाइपलाइनमा भएको सामान्य क्षतिले तत्काल असर नगरे पनि यस्तै लापरबाही भए ठूलो घटना हुन सक्छ। मोतीहारीबाट पम्प भएपछि करिब ५ लाख लिटर आउँछ। पम्प भएको तेल बीचमा रोक्न सरकारसँग कुनै मेकानिजम छैन। बीचबाटो पाइपमा क्षति भए त्यसले सोही क्षेत्रलाई असर गर्ने निगमको भनाइ छ।

निगमका अनुसार वीरगन्ज महानगरपालिकाले गण्डक चोकको वाइपासमा सडक निर्माण गरिरहेको छ। घटनाको सम्बन्धमा महानगरपालिका र त्यसअन्तर्गतको सडक विभागलाई जानकारी गराए पनि चासो नदिएको निगमको कर्मचारीहरू गुनासो छ।

'जेठमा पनि सडक विस्तारको क्रममा परवानीपुर नजिक डोजरले फाइबर फुटाइदिएको थियो। अहिले पुनः त्यस्तै समस्या देखियो,' निगमका अर्का अधिकारीले भने, 'सम्बन्धित निकायलाई जानकारी गराउँदा पनि सुनुवाइ भएन। संवेदनशील कुरामा पनि बेवास्ता हुँदै आएको छ।' जेठमा वीरगन्ज-पथलैया व्यापारिक सुधार आयोजनाले सडक विस्तारको क्रममा लगाएको डोजरले फाइबरको पाइप फुटाइदिएको थियो।

पाइपमा रहेको अप्टिकल फाइलबरले भारतबाट नेपाल आउने तेलबारे विभिन्न प्रकारको तथ्यांक तथा सूचना दिने गर्छ। त्यसले पाइपलाइन उद्घाटन केही दिन सरेको थियो। भदौ अन्तिममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले संयुक्त उद्घाटन गरेपश्चात पाइपलाइन सञ्चालन भइरहेको छ।

# पूर्वअर्थमन्त्री महतको पुस्तक सार्वजनिक



काठमाडौं (कास)- पूर्व अर्थमन्त्री रामशरण महतद्वारा लिखित समसामयिक नेपाली अर्थतन्त्रसम्बन्धी पुस्तक बुधबार सार्वजनिक भएको छ। पूर्वराष्ट्रपति रामवरण यादवले पुस्तकको विमोचन गरेका हुन्। 'ट्रायल्स, ट्रेमर एन्ड होप' नाम दिइएको पुस्तक भारतको नयाँदिल्लीस्थित एड्रोइट पब्लिसर्सले प्रकाशन गरेको हो।

इन्स्टिच्युट फर स्ट्राटेजिक एन्ड सोसियो-इकोनोमिक रिसर्चले आयोजना गरेको पुस्तक सार्वजनिकीकरण कार्यक्रमका वक्ताहरूले पुस्तक नेपाली आर्थिक इतिहासको नालीबेली जान्नका लागि उपयोगी भएको टिप्पणी गरे। कार्यक्रममा पूर्वराष्ट्रपति यादव, पूर्वपरराष्ट्रमन्त्री भेषबहादुर थापा, विश्व बैंकका पूर्वउपाध्यक्ष विन्दु लोहनी, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष स्वर्णिम वाग्ले, पत्रकार कनकमणि दीक्षितलगायतले बोलेका थिए।

पुस्तकमा समावेश भएका विषयबारे बोल्दै लेखक महतले सन् १९९० यता भएको सरकार परिवर्तन, अर्थ नीतिमा आएको परिवर्तन, वैदेशिक सम्बन्ध, जलविद्युत्को सम्भावना र व्यापारजस्ता विषय पुस्तकले समेटेको जानकारी दिए। उनले सेवा प्रवाह र सुशासनको गुणस्तर सुधार्न नसक्दा नेपालको उत्पादकत्व दक्षिण एसियामै कमजोर भएको टिप्पणी गरे।

# धान बेच्न आएनन् किसान

■ बिनु तिम्सिना (विराटनगर)

किसानहरूले धान बेच्न नल्याएका कारण नेपाल खाद्य संस्थानको विराटनगरस्थित कार्यालयमा यो वर्ष धान खरिद प्रक्रिया सुरु हुन सकेको छैन। मंसिर सकिन लाग्दासमेत किसानहरूले बिक्रीका लागि धान नल्याएपछि संस्थान के गर्ने भन्ने अन्योलमा परेको छ।

खाद्य संस्थानको विराटनगरस्थित अञ्चल कार्यालयले सरकारले निर्धारण गरेको समर्थन मूल्यमा यो सिजनमा १० हजार क्विन्टल धान खरिद गर्ने जिम्मेवारी पाएको छ। तर, हालसम्म किसानहरू धान बेच्न संस्थानको सम्पर्कमा नआएको कार्यालयका लेखा प्रमुख हरिप्रसाद भण्डारीले बताए।

यसअघि वास्तविक किसानहरूसँग भन्दा पनि बिचौलिया व्यापारीहरूसँग संस्थानले धान खरिद गरेको भन्दै धेरै गुनासाहरू आएकाले संस्थानले यस पटक भने सुनसरी र मोरङका सबै स्थानीय तहहरूमा धान खरिदको सूचना पठाएको उनले जानकारी दिए।

'हरेक वर्ष वास्तविक किसानहरूसँग भन्दा बिचौलिया व्यापारीसँग संस्थानले धान खरिद गर्‍यो भन्ने गुनासो आउँछ,' उनले भने, 'यस वर्ष वास्तविक किसानसँग धान खरिद गर्ने भन्दै हामीले सुनसरी र मोरङका सबै स्थानीय तहमा धान बिक्रीको सूचना पठाएका छौं।'

किसानका नाममा बिचौलियाले फाइदा नलिउन् भन्नका लागि संस्थानले एक बिघा खेती गर्ने किसानसँग एक सय मन अर्थात् चार हजार किलोग्रामका दरले धान खरिद गर्ने सीमा निर्धारण गरेको उनले जानकारी दिए। धान बेच्नका लागि किसानहरूले नागरिकता र धान फलाएको खेतको धनीपुर्जासमेत ल्याउनुपर्ने प्रावधान राखिएको उनले बताए। खाद्य संस्थान विराटनगरले खासगरी मोरङ कारागार, सुनसरीको झुम्का कारागार, धनकुटा कारागार र तेह्रथुम कारागारमा चामल आपूर्ति गर्दै आएको छ। चारै जिल्ला कारागारसँग सोना मन्सुली चामल दिने सम्झौता गरेकाले संस्थानको किसानहरूसँग सोना मन्सुली जातको धान मात्रै खरिद गर्ने गरेको छ।

# निष्क्रिय बने छोटी भन्सार

■ मधु शाही (बाँके)

चिल्लो कालोपत्रे सडक दुई मुलुकबीच लक्ष्मण रेखाजस्तै बनेको छ। सीमापारिका बासिन्दा दैनिक भैंसी, गोरु, भेडा, बाख्रा लिएर राप्ती तीरैतीर चराउन आउँछन्। नेपालीहरू घरमा नुनदेखि सुनसम्म खरिद गर्न सीमापारि जान्छन्। उनीहरूले वारिपारि गर्ने सिमाना नजिकै एउटा थोत्रो भवन छ। भग्नावशेष भवनलाई नियालेर हेर्ने हो भने त्यहाँ छोटी भन्सार भनेर कताकति नाम लेखिएको देखिन्छ। बरपीपल, घाँस र झाडी पलाएर अलपत्र परेको छोटी भन्सार देखेर डुडुवा गाउँपालिका-१ का स्थानीय पुराना दिन सम्झन्छन्। जतिबेला छोटी भन्सार सञ्चालनमा थियो।

डुडुवा-१ को सिमाना छेउ होलिया गाउँ छ। पारि भारतीय भूमि पर्छ। त्यहाँको सानो बस्तीको नाम पनि होलिया राखिएको छ। मान्छेको रहनसहन र जीवनशैली पनि उस्तै छ। तर, किनमेलमा खुला सिमानाले ल्याएको विकृति र असुरक्षाले स्थानीय चिन्तित छन्। ५९ वर्षे श्रीराम कुर्मीका अनुसार पञ्चायतकालमा सञ्चालित छोटी भन्सारले दुई देशबीचको अन्तर झल्काएको थियो। खुलेयाम सामान मनपरि किन्ने विकृतिलाई नियमबद्ध तरिकाले रोकथाम हुने गर्थ्यो। 'हमार बाबुजी भन्सारमे काम करते थे,' उनले भने, 'उस टाइम सामान खरिद मे गैरकानुनी काम नही हो पाता था।' उनले अहिले ठीक उल्टो परिस्थिति सिमानामा पाएका छन्। भारतमा हरेक शुक्रबार 'शुक्र' मेला लाग्छ। जहाँ नेपालीको ठूलो संख्यामा किनमेल गर्न जाने गर्छन्। कतिपयले गैरकानुनी सामानसमेत लुकाएर ल्याउने गरेको उनले सुनाए। तर, यसको सुरक्षाको जाँच कसैबाट पनि नहुने उनले सुनाए।

राप्तीपारि पर्ने नरैनापुर गाउँपालिकामा पनि छोटी भन्सार थियो। भारतको सिमाना पर्ने उक्त गाउँपालिकाको ४ वडामा छोटी भन्सारको भवन अझै देख्न सकिन्छ। भग्नावशेष अवस्थामा छ। तीन बिघा जमिनमा रहेको भन्सार वरिपरि स्थानीयले उपभोग गर्दै आएका छन्। तरकारी लगाउने, खेती गर्ने र भवनमा गाईबस्तु बाँध्ने गर्छन्। ५५ वर्षे स्थानीय सम्सुल लक्काले भन्सार नहुँदा अवैध व्यापार, सामाजिक असुरक्षा र गैरकानुनीजस्ता गतिविधि बढ्दै गएको बताउँछन्। छोटी भन्सार सञ्चालन हुँदा साइकलसमेत किन्न भन्सार तिर्नुपर्थ्यो। अवैध गतिविधि रोक्नसमेत भन्सारले निकै सहज भएको थियो। अहिले खुलेयाम सीमा वारपार किनमेल हुन्छ। उनले रातिको २ बजेदेखि माटो चोरी हुने गतिविधि बढ्न थालेको बताए। 'खुला सीमा छ, रातभरि चोरी हुन्छ,' उनले भने, 'सुरक्षा निकायले खासै चासो दिएको हुँदैन। किनमेल मनपरी छ।'

०१५ सादेखि नै चल्दै आएको छोटी भन्सारले नरैनापुरको वरिपरि पर्ने खुला सीमाका व्यापारमा नियन्त्रण गर्थ्यो। वरिष्ठ अधिवक्ता इन्द्रजित तिवारीले सानैदेखि त्यही भन्सार देखे। उनलाई याद भएअनुसार भन्सार कार्यालयमा राप्तीपारिका बासीको कारोबार हुन्थ्यो। पछि द्वन्द्वकालमा प्रहरी, कर्मचारी सबै भागे। त्यस समयदेखि छोटी भन्सार कार्यालय अलपत्रमा छ।

> दुई दशकदेखि निष्क्रिय छोटी भन्सारलाई सरकारले सुचारु गर्न चासो दिएको छैन र आवश्यक पनि देखेको छैन

'कसैले राजस्व तिर्दैनन्,' अधिवक्ता तिवारीले भने, 'भद्रगोल छ, जसले जे गरे पनि फरक पर्दैन।' भन्सार नहुँदा राप्तीपारि अनियमितता बढेको अधिवक्ता तिवारीको ठम्याइँ छ। सिमाना हुँदै भारतीय प्लेटका गाडीहरू सञ्चालित छन्। यहाँ न कसैले हेल्मेट लगाउँछ। न कुनै ट्राफिक नियम नै पालना हुन्छ।

त्यस्तै जानकी गाउँपालिका-१ बडैया गाउँ छेउमा भारतीय सीमा छ। पञ्चालयतकालमा त्यहाँ छोटी भन्सार थियो। सीमा नजिकै भारतको सुप्री बजार छ। पहिला त्यही बजारबाट किनमेल हुने गर्थ्यो। भन्सारले लेखाजोखा गर्न दुवै मुलुकबीच चोक प्वाइन्ट राखिएको थियो। नेपालको सिमानामा छोटी भन्सार नै सञ्चालनमा थियो। जनयुद्ध सुरु भएलगत्तै यहाँको भन्सार बिस्तारै निष्क्रिय हुँदै गएको स्थानीय बताउँछन्। भवन छैन। खुला चौर छ। तर, ६ वर्षदेखि भारतको सुप्री बजार भने व्यापार गर्न सुरु भएको छ। सानो बजार भए पनि यहाँ झन्डै तीन वटा कुखुरा फार्म खोलिएका छन्। त्यही सिमाना हुँदै नेपालीले दैनिक साइकल, झोला, मोटरसाइकलमा कुखुरा ओसार्दै आएका छन्। सीमा नजिकै बस्ने ४० वर्षीया कमला थापाले नेपालगन्जको मूल भन्सारदेखि सामान ल्याउन गाह्रो मान्नेहरू खुला सीमा पुग्ने गरेको बताइन्। सरकारले कुखुरा आयातमा रोक लगाएको छ। तर, यही नाका हुँदै क्विन्टलका क्विन्टल कुखुरा ओसार्ने व्यापारीसमेत रहेको उनले बताइन्। उनका अनुसार कतिपयले दिनभरिमै थोरैथोरै गरी कुखुरा खरिद गर्दै लाने गरेका छन्। त्यस्तै, रक्सी सेवन गर्न भारतीय मूलका गाउँभरि आउने गर्छन्। यहाँको गाउँबस्तीमा भित्रभित्रै रक्सीको ठूलै व्यापार हुने गरेको उनले सुनाइन्। सुप्री बजारदेखि नेपालगन्ज रुपैडियो नाका पुग्न पाँच किलोमिटर लाग्छ।

गैरकानुनी काम गर्न खुला सिमानाले सहज बनाएको ६० वर्षे मिश्रीलाल बनियाँले बताए। 'दैनिक दुई हजार नेपाली यही सीमाबाट व्यापार गर्छन् भन्सारबिना,' उनले भने। नेपालगन्ज भन्सार शाखा ०३३ सालमा स्थापना भएको हो। देशभर छोटी भन्सारको संख्या ११६ छ। यी सबै निष्क्रिय छन्। पञ्चायतकालदेखि सञ्चालनमा आएका छोटी भन्सारको खास उद्देश्य खुला सिमानामा चुहावट हुँदै आएका व्यापारको नियन्त्रण गर्नु थियो। अहिले यी प्रायः निष्क्रिय हुँदा राजस्व चुहावटमा सघाउ पुगेको नेपालगन्ज भन्सार अधिकृत भरत खतिवडाले बताए। उनका अनुसार खुला सिमानाका कारण झन्डै १० करोडको राजस्व चुहावट हुँदै आएको छ। पुरानो छोटी भन्सार रहेको साइगाउँबाट बढी तस्करी हुन्छ। नरैनापुरतिरबाट हरियो केराउ दुई ट्रक चोरी गरेको अवस्थामा गत साता पक्राउ परेको थियो। छोटी भन्सार निष्क्रिय हुँदा खुला नाकादेखि चोरी पैठारी बढ्दै छ। भन्सार शाखा नेपालगन्जका प्रमुख शान्तिराम निरौलाले खुला सिमानाबाट चौरी पैठारी रोक्न काँडेदार बार लगाउनुपर्ने बताए। 'माओवादी जनयुद्धपछि निष्क्रिय हुँदै गएका यी भन्सारलाई सरकारले सुचारु गर्न खासै महत्त्व दिएको छैन र आवश्यक पनि देखेको छैन,' उनले भने, 'भएका मूल भन्सारलाई चुस्त बनाउने र खुला सीमामा तारबार गरे मात्रै पनि चोरी पैठारी नियन्त्रण गर्न सकिने थियो।'

# त्रिफला उत्पादनमा सहकारी

■ अर्जुन राजवंशी (बिर्तामोड)

झापाका किसानले आयुर्वेद औषधि 'त्रिफला चूर्ण' उत्पादन गर्न थालेका छन्। अर्जुनधारा नगरपालिका-९ स्थित त्रिगाउँ जडीबुटी उत्पादन तथा प्रशोधन सहकारीका किसानले गत वर्षदेखि त्रिफला चूर्ण उत्पादन गर्न थालेका हुन्।

सहकारीले हर्रो, बर्रो र अमलाको मिश्रणबाट त्रिफला चूर्ण उत्पादन गर्दै आएको हो। शनिश्चरे, अर्जुनधारा, खुदुनाबारी र बुधबारेका २४७ किसानले सहकारी स्थापना गरेका थिए। ०६७ सालमा स्थापना भएको सहकारी लामो समय निष्क्रिय थियो।

'सहकारीलाई चलायमान बनाउन दुई वर्षदेखि हामीले त्रिफला चूर्ण उत्पादन गर्न थालेका हौं,' सहकारीका अध्यक्ष हरिप्रसाद दाहालले भने, 'गत वर्ष कच्चा पदार्थ हातले कुटेर बनाएको त्रिफला चूर्णले राम्रो प्रशंसा बटुलेपछि यो वर्ष मेसिन राखेर व्यवस्थित रूपमा उत्पादन गरिरहेका छौं।' सहकारीले यो वर्षदेखि प्रशोधन केन्द्र स्थापना गरी व्यवस्थित रूपमा त्रिफला चूर्ण उत्पादन गर्न थालेको हो।

डिभिजन वन कार्यालयको १५ लाख अनुदान तथा सहकारीको ३ लाख १२ हजार गरी १८ लाख रुपैयाँको लागतमा प्रशोधन भवन, तीन वटा प्रशोधन मेसिन र एउटा प्याकेजिङ मेसिन खरिद गरेको अध्यक्ष दाहालले जानकारी दिए। गत साउनदेखि मेसिनबाट त्रिफला चूर्ण बनाउने काम गरिरहेको उनले बताए।

अमला जिल्लामा प्रशस्त मात्रामा पाइन्छ। हर्रो जिल्लाका विभिन्न स्थान तथा संखुवासभाबाट ल्याउने गरेको प्राविधिक पुरुषोत्तम भट्टराईले बताए। बर्रो जिल्लाकै सामुदायिक वनहरूबाट खरिद गर्ने गरेको उनले बताए। हर्रो, बर्रो र अमला प्रतिकिलो ५० रुपैयाँका दरले खरिद गर्ने गरेको भट्टराईले जानकारी दिए।

काँचो हर्रो, बर्रो र अमला मेसिनमा फुटाएर सुकाउनुपर्छ। सुकाएर पुनः मेसिनमा धूलो बनाउनुपर्छ। धुलो बनाएर आवश्यकताअनुसार तीन वटैको सम्मिश्रणबाट त्रिफला चूर्ण उत्पादन गर्न सकिने भट्टराईले बताए। सहकारीले त्रिफला चूर्ण दुई सय ग्रामको प्याकेज बनाएर बिक्री गर्ने गरेको छ। दुई सय ग्राम प्याकेजको २५० रुपैयाँमा बेच्ने गरेको अध्यक्ष दाहालले बताए। 'पहिलो वर्ष हातले कच्चा पदार्थ फुटाएर बनाएको एक सय केजी त्रिफला चूर्ण सबै बिक्री भयो। परीक्षणका लागि बनाएको त्रिफला चूर्णले उपभोक्ताबाट राम्रो प्रतिक्रिया पाएपछि हामीले थप लगानी गरेर यो वर्षदेखि मेसिनबाट उत्पादन गर्न थालेका हौं,' सहकारीका सदस्यसमेत रहेका भट्टराईले भने।



## सुत्केरी...

'मैले काम गर्ने साहु तथा गाउँका अन्य व्यक्तिसित ऋण लिएर ट्रमा सेन्टरमा उपचार गर्दा र औषधिमा लागेको खर्च बुझाएँ र छोरीलाई ल्याएँ,' गोपीले भने। उनले विराटनगरमा आमासँगै राखेर छोरीको हेरचाह गर्न सक्ने अवस्था नरहेपछि घर ल्याइएको बताए। 'घरमा अरू भए पनि नवजात शिशुलाई आमाभन्दा टाढा राख्दा गाह्रो पर्ने रहेछ,' उनले भने।

विराटनगर अस्पतालमा रहेकी ललिता निको भइसकेकी छन्। तर डिस्चार्ज हुन अस्पतालमा उपचारबापत लागेको खर्च ३ लाख ५० हजार रुपैयाँ बुझाउनुपर्ने भएको छ। 'बिल तिर्न नसक्दा अस्पताल प्रशासनले आउन दिएको छैन,' गोपीले भने, 'ऋण गरेर ट्रमा सेन्टरमा दुई लाखभन्दा बढी बुझाइसकें। अब साढे तीन लाख कसरी जुटाऊँ।'

पैसा खोज्न गोपी ललितालाई अस्पतालमै छाडेर मंगलबार गाउँ आएका हुन्। उनले वडा कार्यालयदेखि जिल्ला समन्वय समितिसम्म सहयोगका लागि अनुनय गरेका छन्। अरू मानिससामु समेत हात फैलाइरहेका छन्। 'खेत पनि छैन। नत्र बेचेर पैसा जुटाउँथें। हामी गरिबको पीडा कसले बुझिदिने ?' उनले भने। उनले ललितालाई खानासमेत दिन नसकेको बताए। 'अस्पतालमै रहेका अन्य बिरामीले दिएको खानाबाट श्रीमतीले छाक टार्छिन्,' उनले भने, 'म सप्तरी आएपछि उनले खाना खाइन् कि खाइनन्, थाहा छैन।'

विराटनगर अस्पताल प्रालिका प्रशासन प्रमुख पदम बिनाडीले ललिताको उपचारमा लागेको खर्च नबुझाइएकाले डिस्चार्ज नगरिएको बताए। 'अति गम्भीर अवस्थामा ललितालाई हाम्रो अस्पतालमा ल्याइएको थियो। हामीले सुरुमा पैसा खोजेनौं, बिरामीलाई बचायौं। अब उपचारमा लागेको खर्च त तिर्नैपर्छ,' उनले भने।

# खोलो सर्दै घरतिर

भूकम्पपछि पुनर्निर्माण गरिएको खानीगाउँ बस्तीमा दोङस्याङ खोलाले उठिबास लगाउँदै छ। खोलो घरतिर नजिकिँदै आएपछि ५८ परिवारले थातथलो छाडिसकेका छन्।

■ **हरिराम उप्रेती** (खानीगाउँ, गोरखा)



गोरखाको धार्चे गाउँपालिका-७ लापुस्थित खानीगाउँको बस्ती। एक सय १३ घरधुरीको बस्ती भूकम्पपछि पहिरोको जोखिममा परेको छ। *तस्बिर : हरिराम/कान्तिपुर*

धार्चे गाउपालिका-७ लापुस्थित खानीगाउँका कान्छा कामीको घर साढे चार वर्षअघिको भूकम्पले भत्कायो। सात जनाको परिवारले २ हिउँद टेन्टमै बितायो। घरको जग नहाली पुनर्निर्माण प्राधिकरणले अनुदान नदिने भएपछि उनले छिमेकीलाई गुहारे। सरकारी अनुदान ३ लाखसमेतले एकतले घर बनाए। घर बनाएपछि अर्को समस्या आइलाग्यो। नजिकैको दोङस्याङ खोलो कान्छाकै आँगनतिर सर्न थाल्यो। 'दुई वर्षअघिसम्म खोला छेउबाट सबैभन्दा टाढा मेरो घर थियो,' उनले भने, 'अहिले मेरोभन्दा अगाडिका एउटै घर छैनन्, मेरो घर खोलाछेउ पुग्यो।'

खोलो नजिकिएपछि कान्छाको घरको आँगन चिरिएको छ। उनलाई कतिखेर घर भासिएला भन्ने डर छ। 'सानो पानी परे पनि के-कसो हुने हो भन्ने चिन्ता हुन्छ। रात खोलातिर हेरेरै बित्छ,' उनले भने।

कान्छाकै जस्तो समस्या गाउँका १ सय १३ भूकम्पपीडित परिवारलाई छ। भूकम्पपछि पुनर्निर्माण भएको घरतिर खोलो सर्दै आएपछि ५८ परिवारले थातथलो छाडिसकेका छन्। भूकम्पपछि बनेका २२ घर भग्नावशेषजस्ता भइसके। पुनर्निर्माणका बेला सुरक्षित जग्गा चयन नहुँदा र प्राधिकरणले घर निर्माण भइरहेको स्थान सुरक्षित छ/छैन भनेर स्थानीयलाई नबताउँदा समस्या देखिएको हो। स्थानीय पुनराम गुरुङले भूकम्पपछि ५ वटा घर बनाएकामा ३ वटा भत्किसकेको बताए। भएका २ घर पनि सुरक्षित जग्गामा छैनन्। 'प्राधिकरणका प्राविधिकले भनेजस्तै गरेर भूकम्पप्रतिरोधी घर बनाएका थिएँ। तर जमिन राम्रो नहुँदा घर बस्न लायक भएनन्,' पुनरामले भने। भूकम्पपछि सालिन्दा नयाँ घर बनाउँदा ऋणले च्यापिएको पुनरामले सुनाए। 'सरकारले दिएको ३ लाखले भूकम्पप्रतिरोधी दुईकोठे घर बनाएको थिएँ, त्यो भत्किएर फेरि दुइटा बनाइसकें,' उनले भने, 'जमिनै कमजोर भएपछि घर के टिक्थ्यो।' दोङस्याङ खोलाका कारण जमिनमा धाँजा फाटेको पुनरामले सुनाए।

**थातथलोको माया**

गुरुङ जातिको बाहुल्य र केही दलित रहेको खानीगाउँवासीले निरन्तरको प्राकृतिक विपत्तिका बाबजुद पनि थातथलो छाड्न सकेका छैनन्। भूकम्पअघि १ सय १३ घरधुरीको झुरुप्प बस्ती भने अहिले फेरिएको छ। परम्परागत घर, आँगनमै खानेपानीको धारा, शान्त जीवन छैन। भूकम्पले गाउँको लय बदलिदिएको छ। भूकम्पमा परेर गाउँका सातले ज्यान गुमाएका थिए। भूकम्पपछिको एक वर्ष भग्नावेशष हटाउँदैमा बित्यो। पुनर्निर्माण प्राधिकरणको टोलीले १ सय १३ मध्ये ९८ घरलाई लाभग्राही सूचीमा राखेपछि पुनर्निर्माण सुरु भयो। सरकारी अनुदान ३ लाखले घर नबन्ने स्थानीयले निष्कर्ष निकाले। आलोपालो गरेर घर बनाउन उनीहरू कस्सिए। केही रकम ऋण काढे। एक वर्षमै बस्ती ठडाए। टेन्ट र टहरोमा बसेर आजित स्थानीय पुनर्निर्माण सकेको नयाँ घरमा सर्न हतारिए। जनजीवन सामान्य बन्दै गएका बेला २०७४ साउन ९ मा दोङस्योङ खोलाले बस्तीतर्फ कटान थालेपछि विपत्ति थपियो।

स्थानीयका अनुसार करिब ५० रोपनी खेतीयोग्य जमिन जोखिममा छ। गुरुङ समुदायको अर्घ्युस्थल, प्रवेशद्वारको माने, घाँटु नाच्ने ठाउँ रहेको स्थल बगरमा परिणत भएको छ। पुनरामले भने, 'अर्घ्यु गर्ने चौर खोलाको सेन्टर परेको छ, हिँड्ने मूलबाटो सबै बगायो।' गुम्दाको यमगाउँ-खानीगाउँ-लापु भीरकुना हुँदै सोती जाने पदमार्गअन्तर्गत खानीगाउँ क्षेत्रको पदमार्ग बगाएदेखि स्थानीयले सास्ती पाएका छन्। करिब ४५ मिनेटको दूरीमा रहेको लापुगाउँस्थित कालरात्रि माविमा खानीगाउँबाट जाने ३० भन्दा बढी विद्यार्थी र खर्कको गोठ जाने गाउँलेलाई समस्या छ। स्थानीयले झोलुंगे पुलको माग राखेका छन्।

सुरक्षित जग्गा नभएका करिब ८ घरधुरी अझै ठाउँठाउँमा चिरिएको नवनिर्मित घरमा बसिरहेका छन्। अन्यत्र जग्गा नहुँदा उनीहरू असुरक्षित रूपमा बस्न बाध्य छन्। तीसमाया गुरुङको नवनिर्मित घरको मझेरी बीचभागबाट चिरिएको छ। 'अर्को घर बनाउन सक्दनौं,' उनले भनिन्, 'बर्खाको समयमा घरमा खाना खाएर सुत्न छिमेकीकहाँ जान्छौं।' अन्यत्र सर्न सुरक्षित जग्गा नपाएको उनको गुनासो छ।

जिल्ला विपद् व्यवस्थापन समितिले खानीगाउँको भौगर्भिक अध्ययनका लागि प्राधिकरणमा पत्राचार गरेपछि भूगर्भविद्को टोलीले गत माघमा सर्वेक्षण गरेको थियो। त्यस क्रममा बस्ती पहिरोको जोखिममा परेको निष्कर्ष निकालिएको थियो। तर बस्ती सार्ने प्रक्रिया सुरु भएको छैन। टोलीले गाउँलेलाई ३ सय मिटरको दूरीमा रहेको कोलडाँडामा सर्न सुझाएको थियो तर थातथलोको माया र अपर्याप्त जमिनका कारण स्थानीयले सर्न मन देखाएनन्। 'जिजुबाजेले रोजेर बसेको ठाउँ झट्ट छाडेर हिँड्न मनले मान्दैन, बसे मरिन्छ कि भन्ने डर उत्तिकै छ,' पुनरामले भने, 'बस्ती सार्दा गिटी कुटेर वा दाउरा बटुलेर भए पनि गुजारा चलाउन सजिलो हुने ठाउँ रोज्नुपर्छ।'

बस्ती जोखिमयुक्त भनेर निर्णय भने भइनसकेको प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीयको पूर्वाधार कार्यालय) गोरखाका प्रमुख रामशरण आचार्यले बताए।


## ३० हजार टाकामा भित्रिन्छन्...

रोहिंग्या आप्रवासीको विगत एक वर्षमा वृद्धि, उनीहरूको घर फिर्ती, थप रोहिंग्यालाई आउन नदिने उपाय र हाल उनीहरू रहेको स्थानको अवस्था अध्ययन गरेर कार्यदलले प्रतिवेदन गृह मन्त्रालयमा बुझाइसकेको छ। 'मौलना जुवेरलगायत आप्रवासीका केही अगुवा बंगलादेशमा रहेका रोहिंग्याबाट रकम असुली गर्दै नेपाल भित्र्याउने कार्यमा संलग्न रहेकाले आप्रवासीको संख्या बढ्दै गएको देखिन्छ,' छानबिन कार्यदलका एक सदस्यले भने।

रोहिंग्या भित्र्याउने आरोप लागेका मियाँलाई रोहिंग्याको साथी बनेर फोन गर्दा उनले भने, 'म पनि अवैध रूपमा बसिरहेको छु। तपाईंको साथीसँग पासपोर्ट छ भने म सहयोग गर्न तयार छु।' उनी नम्बर कसले दियो भन्दै सशंकितसमेत भए।

रोहिंग्याहरू बूढानीलकण्ठमा राममन्दिरनेर जनक अधिकारीको ६ रोपनी ५ आना जग्गामा ३५ वटा टहरा बनाएर बसेका छन्। उनीहरूले वार्षिक दुई लाख ४० हजार भाडा तिर्छन्। यहाँ ४५ परिवारका एक सय ७३ जना छन्। यहाँ बाँसका थप तीनवटा टहरा बनाइँदै छ। जसबाट थप रोहिंग्या आउन लागेको अनुमान गर्न सकिन्छ। त्यहाँ रहेकाहरू भने पहिला नै बसेकालाई समस्या भएकाले नयाँ बनाएर सर्न लागेको दाबी गर्छन्। टहरा भने उत्तिसको खाँबो र बाँस गाडेर बनाइएका हुन्।

बूढानीलकण्ठ-११ को लसुनेटारमा हरिचन्द्र श्रेष्ठको तीन रोपनी आठ जग्गामा २७ वटा टहरामा २५ परिवारका एक सय चार जना बस्छन्। उनीहरूले यो जग्गा वार्षिक एक लाख १५ हजार रुपैयाँ भाडा तिर्ने गरी पाँच वर्षलाई लिएका हुन्। ११ परिवारका ४८ जना रोहिंग्या बस्न लसुनेटारमा केदार खड्काको एक रोपनी आठ आना जग्गा तीन वर्षका लागि भाडामा लिइएको थियो। स्थानीयले विरोध गरेपछि भत्काइएको छ। लसुनेटारमै ज्योति केसीको तीन रोपनी जग्गा वार्षिक एक लाख २० हजार रुपैयाँमा ०७८ सम्म प्रयोग गर्ने गरी लिएर १८ वटा टहरा बनाइएका छन्, जहाँ १८ परिवारका ५३ जना बस्छन्।



बूढानीलकण्ठ ११ स्थित राममन्दिर छेवैमा रहेको रोहिंग्या शिविर। *तस्बिर : कान्तिपुर*

४८ जना रोहिंग्या समूह भने लसुनेटारमा बस्न नपाएपछि कागेश्वरी मनोहरा नगरपालिका-३ सुन्दरीजल पुगेको थियो। त्यहाँ बासु भण्डारी, जनार्दन भण्डारी र विष्णुहरि फुयालको ५ रोपनी जग्गा वार्षिक एक लाख रुपैयाँ तिर्ने गरी भाडा लिइएको थियो। टहरा निर्माण गरे पनि स्थानीय बासिन्दाको विरोधपछि उनीहरू त्यहाँबाट हटे। त्यही समूहले टोखा नगरपालिका वडा नम्बर ३ मा कृष्णमान डंगोलको १० रोपनी जग्गा वार्षिक चार लाख रुपैयाँ तिर्ने गरी लिएको थियो। टहरा निर्माण गरे पनि स्थानीयले विरोध गरेपछि बस्न पाएनन्। 'काठमाडौंमा कतै पनि बस्न नपाएपछि उनी काभ्रेको पनौती पुगेका छन्,' राष्ट्रिय अनुसन्धान विभाग स्रोतले भन्यो।

विभाग स्रोतका अनुसार तीन सय ७८ जना रोहिंग्या काठमाडौंमा छन्। यसमा दुई सय नौ पुरुष र एक सय ६९ महिला छन्। 'स्थलगत अवलोकन, राष्ट्रिय अनुसन्धान विभागको जिल्ला कार्यालय र प्रहरीबाट संकलन गरिएको तथ्यांक हो यो,' स्रोतले भन्यो। यूएनएचसीआरको तथ्यांकमा भने शरणार्थीको मान्यताका लागि दर्ता भएका तीन सय ५० र शरणका लागि निवेदन दिएका तर दर्ता नभएका १० जना गरी तीन सय ६० मात्रै रोहिंग्या नेपालमा रहेको देखिन्छ।

गृह स्रोतका अनुसार अधिकतर रोहिंग्याको उमेर ३० वर्षभन्दा कम छ। उनीहरू नेपाली साथी र ठेकेदारमार्फत मजदुरीमा जाने गरेका छन्। 'हामीलाई सिधै काम दिन पनि मान्दैनन्, काम गरे पनि पूरा पैसा दिँदैनन्,' राम मन्दिरको छाप्रोमा भेटिएका दिल मोहम्मदले भने।

राममन्दिर छेउको रोहिंग्या बस्तीमा बुधबार एक गैरसरकारी संस्थाले बालविवाहले पार्ने असरको जानकारी दिन महिलालाई भेला गरेर पढाइरहेको थियो। जस्ताको छानो र बारबेर गरिएको छाप्रोमा बालबालिका मात्रै थिए। टोलभरि घुम्दा पाँच जना मात्रै पुरुष भेटिए। भेटेजतिलाई घर कहिले फर्कने भनेर सोध्दा म्यानमार फर्किन नचाहेको बताए। उनीहरूले म्यानमारभन्दा नेपाल सुरक्षित रहेको र तेस्रो मुलुक पुनर्वास हुन चाहेको बताए। उनीहरूसँग यूएनएचसीआरले दिएको प्रमाणपत्र छ। नेपाल सरकारले उनीहरूको आधिकारिक रूपमा विवरण संकलन गरेको छैन। अध्ययन कार्यदलले गैरकानुनी आप्रवासी भएकाले निश्चित अवधिमा नेपाल छाड्न सूचित गराउनुपर्ने सुझाव दिएको गृह मन्त्रालय स्रोतले जनाएको छ। कार्यदलले भारतको बाटो हुँदै आएकाले रोहिंग्याहरूलाई रोक्नका लागि कूटनीतिक पहल गर्न सिफारिस गरेको छ। म्यानमारबाट बंगलादेश आइपुगेका रोहिंग्याहरू भारत हुँदै विराटनगरको जोगबनीबाट काठमाडौं आइपुगेका हुन्। 'म पाँच वर्षअघि जोगबनी हुँदै नेपाल आएको हुँ,' दिल मोहम्मदले भने, 'अहिले वर्षको १० हजार भाडा तिर्छु।'

**कहिलेदेखि भित्रिए ?**

म्यानमारमा भएको जातीय युद्धका कारण विस्थापित भएका रोहिंग्या मुसलमानहरू सन् २००९ देखि नै नेपाल आएको पाइएको छ। उनीहरू बंगलादेश, भारत हुँदै नेपालको जोगबनी नाकाबाट काठमाडौं आइपुगेका हुन्। बूढानीलकण्ठ नगरपालिकाको कपनस्थित राममन्दिर पछाडि र लसुनेटारमा सन् २०१५ को सुरुमै उनीहरूको संख्या एक सय ७५ पुगेको थियो। सन् २०१७ को म्यानमार घटनापछि अवैध रूपमा नेपाल प्रवेश गर्ने क्रम अत्यधिक बढेको पाइएको छ।

## यसरी उम्कियो...

महाशाखा प्रमुख एसएसपी सहकुल थापाले करिब १७ करोड रुपैयाँ बैंकमार्फतै बाहिर गएको प्रमाण भेटिएको बताए। 'विदेशबाट पार्सल आएको छ भन्दै सर्वसाधारणबाट असुलेको तथा बैंकको सिस्टम ह्याक गरी संकलन गरेको रकम वाणिज्य तथा विकास बैंकको खाताबाट बाहिर गएको देखिन्छ,' एसएसपी थापाले भने, 'त्यसका लागि स्थानीय एजेन्टका रूपमा काम गर्नेलाई २० देखि २५ प्रतिशतसम्म कमिसन दिने गरेको पाइयो।' एजेन्टहरूले विभिन्न व्यक्तिका नाममा सयवटाभन्दा बढी खाता खोलेको र एकै व्यक्तिका नाममा धेरैवटा खातामा रकम जम्मा गरेको उनले बताए। पिटर र स्मिथ असोजमा कृषि विकास बैंक र पानस रेमिटको सिस्टम ह्याक गरेर करिब ५ करोड रुपैयाँ चोरिएको घटनाका मुख्य योजनाकार भएको प्रहरले जनाएको छ। कृषि विकास बैंक र पानस रेमिटको सिस्टम ह्याक गर्ने तथा केही दिनअघि बैंकहरूबाट रकम चोरी गर्ने समूह एउटै भएको प्रहरीको दाबी छ। दुवैको एकसाथ सूक्ष्म अध्ययन गरिरहेको महाशाखाले ह्याकिङको उच्च जोखिम औंल्याउँदै सतर्कता अपनाउन बैंक तथा वित्तीय संस्थाहरूलाई परिपत्र गरेको छ।

थापाका अनुसार बैंक अफ काठमान्डु, प्रभु, मेगा, हिमालयन, सनराइज, सिटिजन्स, नबिल, लुम्बिनी विकास, माछापुच्छ्रे, एसबीआई, नेपाल बंगलादेश, ग्लोबल आईएमई, एनआईसी एसिया, स्टान्डर्ड चार्टर्ड, एनएमबी, सिद्धार्थ र लक्ष्मी बैंकका खाताबाट रकम ट्रान्सफर भएको छ। यसबारे महाशाखाले सबै बैंकलाई राष्ट्र बैंकमार्फत जानकारी गराइसकेको जनाएको छ। डीएसपी दुर्गा दाहालले नाइजेरियाली, बेलायती र भारतीय नागरिकले भारत (दिल्ली, मुम्बई), पाकिस्तान, चीन, तान्जानिया, इथियोपियालगायत मुलुकमा बसेर ह्याकिङ र अनलाइन ठगीको सञ्जाल चलाइरहेको बताए। 'नाइजेरियाली, भारतीय र बेलायती गिरोहले विदेशबाटै नेपालमा करिब ४० जनाको समूहलाई अनलाइन ठगी र ह्याकिङका लागि एजेन्टका रूपमा परिचालन गरेको देखिन्छ,' डीएसपी दाहालले कान्तिपुरसँग भने, 'हालसम्म १५ जना मानिस आफू ठगिएको भन्दै सम्पर्कमा आएका छन्, करिब एक करोड रुपैयाँ ठगिएको उजुरी पीडितबाट दर्ता भएको छ।' त्यसबाहेक १७ बैंकबाट १४ करोड ६७ लाख ९१ हजार रुपैयाँ शंकास्पद कारोबार भइसकेको देखिएको उनले बताए। केही पीडित सम्पर्कमा आउने क्रममा रहेको उनले जनाए।

**ह्याकिङ र ठगी गर्न १० वर्षअघि नै योजना**

प्रहरीका अनुसार नाइजेरियाली नागरिक पिटरले मंगलबार पक्राउ परेका खड्कासँग मिलेर १० वर्षअघि नै बैंकको सिस्टम ह्याकिङ र अनलाइन ठगीको योजना बनाएका थिए। नेपालमै योजना बनाएर विदेश गएका पिटरको गिरोहले उतैबाट नेपालका बैंक खातामा निगरानी राख्ने गरेको अनुसन्धान अधिकारीले बताए। 'एक जनालाई ६ वटाभन्दा बढी बैंक खाता खोल्न लगाउने र त्यसको सबै विवरण खड्कामार्फत पिटर र स्मिथलगायतका व्यक्तिको नेटवर्कमा पठाउने गरेको देखियो,' डीएसपी दाहालले भने।

रमेशको खाताबाट मात्रै ७ करोडको शंकास्पद कारोबार भएको देखिएको छ। दाहालका अनुसार विभिन्न व्यक्तिका नाममा खोलिएका खाता र तिनमा राखिएको रकमबारे रमेशबाट विवरण पाएपछि गिरोहले विदेशबाटै खातावालालाई लट्री परेको र त्यसबापत पार्सलबाट उपहार आएकाले भन्सार क्लियर गर्न केही रकम पठाउन प्रस्ताव गर्ने गरेको देखिएको छ। '५० लाखदेखि १ करोडसम्मको पार्सल छ तर भन्सार क्लियर गर्न पैसा पुगेन भन्दै विदेशबाटै खाता नम्बरसहित रकम डिपोजिट गर्न प्रस्ताव आउने गरेको देखियो,' दाहालले भने, '५० लाख, १ करोडसम्मको सामानका लागि २/४ लाख किन नपठाउने भन्दै एजेन्टका खातामा रकम डिपोजिट गरेको पाइएको छ।' पिटरसँग भेट भएपछि खड्काले चिनजानका मानिसलाई विभिन्न बैंकमा खाता खोल्न लगाएका थिए। प्रहरीको सम्पर्कमा आएका पीडित पनि विदेशमा रहेको गिरोहसँग भाइबर, ह्वाट्स एप, फेसबुकलगायत माध्यममार्फत सम्पर्कमा रहने गरेको देखिएको छ। त्यस्तै सम्पर्कमा रहेकी शान्ता तामाङ पार्सलका नाममा रकम पठाउँदा पठाउँदै लाखौं ठगिएको थाहा पाएपछि प्रहरीको सम्पर्कमा पुगेकी थिइन्।

ह्याकर र ठगीमा संलग्न गिरोहले भारतका विभिन्न स्थानमा कोठा भाडामा लिएर अपराधको धन्दा चलाइरहेको पाइएको छ। पिटरसहित १० जनाको समूहले योजना बनाउने र उसको योजनाअनुसार थप ५ जनाको समूहले नेपालका बैंक खातावालालाई सीधा सम्पर्क गर्ने गरेको भेटिएको छ। त्यसमध्ये पिटरसहितको एउटा समूह पक्राउ परिसकेको छ। उनलाई पक्राउ गर्न महाशाखाबाट समेत विशेष टोली केही समयअघि भारत गएको थियो। भारतमै ठगी कसुरमा पिटरमाथि अनुसन्धान भइरहेको छ। पिटरकै योजनाअनुसार नक्कली पार्सलका नाममा कस्टम क्लियर गर्ने भन्दै रकम झिकाउनेदेखि ह्याकरलाई खाता नम्बर उपलब्ध गराउनेसम्मको सञ्जाल भारतमै सक्रिय छ। त्यसको खोजीमा पनि प्रहरी जुटेको छ।

**हुन्डी र अनलाइनमार्फत ह्याकरलाई पैसा**

ठगी र ह्याकिङबाट संकलन भएको पैसा गिरोहले अनलाइन र हुन्डीबाट रकम पाउने गरेको पनि खुलेको छ। प्रहरीका अनुसार नेपाली एजेन्टमार्फत खोलेका खातामा पैसा जम्मा भएपछि गिरोहले हुन्डी, अनलाइन र स्थलमार्गबाट ओसारपसार गरेर रकम हात पार्ने गरेको भेटिएको छ। यसका लागि अन्तर्राष्ट्रिय गिरोहबाट नेपालमा खड्काको समूहले २५ प्रतिशतसम्म कमिसन लिने गरेको महाशाखा प्रमुख थापाले बताए। '१७ करोडको कारोबार अनलाइन ठगीबाट मात्रै हुनै सक्दैन, यो बैंक ह्याक गरेको रकम नै हो भन्ने हाम्रो ठम्याइ छ,' उनले भने।


# बर्गिकृत डिस्प्ले

MBBS in Kyrgyzstan Bishkek
Feb Intake | Gap Accepted
Low Tuition Fees
Fees Payable in Installment
International Exposure
European Standard
Eurolink International Consultancy
Putalisadak, Kathmandu
9840660942, 01-4423662
9851068239

GENERATOR बिक्रिमा
15 KVA - 1000 KVA
सम्पर्क: ९८५११२४०११, ९८५११२४१२०
९८५१२०७५६३

जग्गा चाहियो
काठमाडौंको मेन ठाउँमा- कमलादी, नक्साल, बालुवाटार, लाजिम्पाट, थापाथली, पुल्चोक लगायतका ठाउँमा १५ देखि २० आना जग्गा तुरुन्त चाहिएकोले इच्छुक जग्गाधनीले सम्पर्क गर्नुहोला।
९८०११११३५०५
९८०११११५०४६
(कृपया ब्रोकरहरुले सम्पर्क नगर्नुहोला)

आकर्षक घर बिक्रिमा
बुढानिलकण्ठ सिद्दार्थ कोलनी नजिकै ५.५ आना जग्गामा बनेको ४ बेडरुम ६ बाथरुम भएको सम्पूर्ण सुविधा सम्पन्न
रोज मिल्लाको केहि घरहरु विक्रिमा।
९८४३०३६४६५
बिकाश जी

के तपाई वैदेशिक रोजगारमा जाँदै हुनुहुन्छ ?
सुरक्षित वैदेशिक रोजगारका लागि निःशुल्क परामर्श/जानकारी लिन तलको फोनमा मिसकल गर्नुहोस् वा फेसबुकमा मेसेज गर्नुहोस्।
साथै हाम्रो SaFE एप Google playstore मा गएर Safe foreign employment लेखेर खोजी निःशुल्क download गर्नुसक्नुहुन्छ।
www.fb.com/SAFE.THN
नोट: हामी म्यानपावर कम्पनी चाही होइनौं।
९८०३८८८४२४

होटल तालिम शेराटनमा
5* होटलका सेफहरुबाट सिकाईने
• Hotel Management
• F&B Management
• Diploma in Culinary Art
• Bakery
• Waiter/Waitress
• Housekeeping
• Barista • Bar
100% Job Guarantee
5* होटलमा तालिमको लागि पठाईने
• विदेश जानेहरुको लागि विशेष तालिमको व्यवस्था छ।
Sheraton Training Center P. Ltd.
मिनभवन, शान्तिनगर, 4622348, 4620815

घडेरी तु-बिक्रीमा
पोखरा-१४, स्वागतनगरचोक चाउथे पृथ्वीराजमार्ग दक्षिण पुर्व मोहडा भएको १७X४५ हातको आकर्षक घडेरी तु- बिक्रीमा छ।
सम्पर्क: ९८६१२५२३३३

जग्गा बिक्रीमा
गोदावरी, होटल भृकुटी सँगै जंगलको काखमा अति रमणीय १४ रोपनी एकमुष्ठ जग्गा बिक्रीमा।
९८५१०८५६६८,
९८४१०२२८८

फ्रि-होम डेलिभरी
यौन-शक्ति
यौन सम्बन्धी सम्पूर्ण समस्याहरूको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरु
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन STEP-UP हाइट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुन उमार्न-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

६३ कर्मचारी अर्जेन्ट
इच्छुक हुँदा काम आजैबाट काम घर अफिसमाले
No Interview, 100% Job
योग्यता: Test, SEE, +2 above देखि
लेखपढ गर्न जान्ने नजान्ने महिलापुरुष विद्यार्थी गृहिणी सबैले गर्न मिल्ने
तलब:24,500/-देखि 48,500/-सम्म
सुविधा: (खाजा खर्च १०० बसभाडा १००)
समय: 9:00 AM- 5:00PM
Parttime/Fulltime पनि गर्न मिल्ने।
चावहिल गोपिकृष्ण हल नजिकै
01-4820559 सनराइज/गरिमा बैंक नजिकै
9863383625, 9818282550
नोट: यो मार्केटिङ अनलाइन हैन,योग्यता र क्षमताको आधारमा तलब।

३३ कर्मचारी अर्जेन्ट
काम: अफिसभित्रै
No Interview, 100% Job
योग्यता: Test, SEE, +2 above देखि
तलब:18,500/-देखि 23,500/-सम्म
सुविधा: (खाजा खर्च १०० बसभाडा १००)
समय: 9:00 AM- 5:00 PM
Parttime/Fulltime
ग्वार्कोचोकैमा
9808728580, 9846599866
01-6224646
मार्केटिङ अनलाइन जब होइन १६ वर्षमाथि जसलेनि गर्न मिल्ने।

तु-आवश्यकता
यस प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु तु-आवश्यकता भएको हुदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमापत्रका साथ सम्पर्क राख्नुहोला।
डकुमेन्टेशन अफिसर-२, महिला
तलब आपसि सहमतिमा हुनेछ।
ईम्पायर इन्टरनेशनल प्रा.ली.
01-4621348, 9864224814

Wanted
Urgently required experienced and qualified staffs for the following:
1. Teacher: Computer, English (Lower Sec.)
2. Lady Grade Teacher (Pre Primary)
3. Hostel Warden (Female): (1)
Contact: Prithwi Sec. Boarding School
Basundhara, (Tokha-5)
Tel: 4354163 (9:30am-3:30pm)

Wanted Staff
Chief -2-50,000/-
Waiter -2-35,000/-
Waitress-2-35,000/-
Interview: 2076-08-28
9811422002 11:00AM

जग्गा बिक्रीमा
ठमेलमा Fairfield Marriot Hotel को दक्षिण तथा निर्माणधिन Sheraton Hotel को पश्चिममा Plot मिलेको ८ आना जग्गा बिक्रीमा।
सम्पर्क: ९८२८७५४७८७
Email:hniroula51gmail.com

उपचार
१. यस हस्पिटलमा दक्षिण कोरियाबाट झिकाईएको अत्याधुनिक उपकरण प्रयोग गरि मलाशय र मलद्वार सम्बन्धित सम्पूर्ण रोगहरुको विशेष परिक्षण गरिन्छ। साथै अमेरिकी HCPT प्रविधिबाट अत्याधुनिक उपकरणहरु प्रयोग गरि विभिन्न किसिमका पाइल्स Anal Fistula मलद्वार सम्बन्धि सम्पूर्ण रोगहरुको प्रभावकारी उपचार गरिन्छ।
२. काखी गन्हाउने समस्याको उपचार गरिन्छ।
३. हाडजोर्नी एवं नशासम्बन्धी रोगहरुको अकुपंचर प्रणालीबाट उपचार गरिन्छ।
४. स्त्रीरोग एवं महिलाहरुको स्तन सम्बन्धी रोगहरुको उपचार गरिन्छ।
चाइनिज पिपल्स हस्पिटल
बौद्ध-६, काठमाण्डौ, फोन: ०१-४४८६५८६
९८२३६६२२६४, (बौद्ध गेट अगाडि)

कर्मचारी आवश्यक्ता

| कर्मचारी | संख्या | शैक्षिक योग्यता |
|---|---|---|
| बजार प्रतिनिधि | १० | SEE |
| बजार सुपरभाईजर | २ | +2 |
| एकाउन्टेन्ट | १ | BBS |

सहकारी वा वित्तिय संस्थामा काम गरेको अनुभवि व्यक्ति आकर्षक तलब संस्थाको नियम अनुसार
नोट: यस समता बचत तथा ऋण सहकारी संस्था नयाँ बानेश्वरबाट पेप्सीकोला-३२ काठमाण्डौमा सरेको जानकारी गराउदछौं।
समता बचत तथा ऋण सहकारी संस्था
फोन:०१ ५१५६३४३
पेप्सीकोला-३२ काठमाण्डौ, Email: iamrajukhadka65@gmail.com

नेपाल सरकारबाट मान्यता प्राप्त
८५ कर्मचारीहरु अर्जेन्ट
काम: अफिसभित्रै
No interview, 100% Job
योग्यता:Test,SEE, +2
साधारण लेखपढ गर्न जान्ने/नजान्ने
सुविधा: गाडीभाडा:-१००। खाजा:-१००।
काम: कम्प्युटर/उत्पादन सेक्टर
तलब: Parttime: 24,500/- Fulltime: 48,500/-
समय: 12 to 4PM/9 to 5PM
चावहिलचोक
इजिलिंक नेपाल प्रा.लि.
9803434644, 014483414
9866446837

जग्गा बिक्रिमा
भाटभटेनी मेनरोडमा (प्लट मिलेको) आकर्षक कमर्शियल १-८-३-१ जग्गा बिक्रिमा
सम्पर्क
9815363014

Commercial land For sale
Prime commercial land in East Gyaneshwor, Pashupati Road, KTM
Area- Around 2800sqft. (8.25Anas)
Contact-9843522575
(No Broker Please)

PROFESSIONAL TRAININGS
- AUTO CAD
- SW ROAD
- ETABS
- CIVIL 3D (FOR SURVEYORS)
Training conducted by Experienced Tutor.
Navayug Engineering P. Ltd.
Tel.: 9841 343932

बर्गिकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
घर बिक्रिमा
गाडि बिक्रिमा
जग्गा बिक्रिमा
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन।



PETER ENGLAND

# GRAND OPENING AT CG LANDMARK MALL

First Floor, Bharatpur Height, Chitwan

## INAUGURATION BY **ACTRESS PRIYANKA KARKI**

on 12th December 2019. 11am

**SPECIAL INAUGURAL DISCOUNT** IN-STORE!

ADITYA BIRLA GROUP
www.abfrl.com

Inviting franchisees for Exclusive Brand outlets across Nepal
**Criteria: 400 to 600 sft in prime location. Contact: 9851 012 442 / 9803 339 416**
Locations - West: Dang, Butwal, East: Lahan, Biratnagar, Itahari, Dharan, Birtamod, Central: Hetauda, Janakpur, Banepa, Pokhra





बालुवाटारस्थित निवासमा बिहीबार चार स्वर्ण जितेकी पौडीकी गौरिका सिंह, २-२ स्वर्ण जितेका गल्फका सुभाष तामाङ, करातेका मन्डेकाजी श्रेष्ठ र तेक्वान्दोकी आयशा शाक्यका साथ प्रधानमन्त्री केपी शर्मा ओली । पुरस्कार घोषणा कार्यक्रममा सहभागी सागका पदकधारी खेलाडी । *तस्बिर : अंगद ढकाल/कान्तिपुर*

# प्रधानमन्त्रीबाट पुरस्कार घोषणा

■ **विनोद पाण्डे** (काठमाडौं)

सरकारले १३ औं दक्षिण एसियाली खेलकुद (साग) मा पदक जित्ने खेलाडीलाई आकर्षक पुरस्कार प्याकेज घोषणा गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले बुधबार पदक विजेता खेलाडीको सम्मानमा प्रधानमन्त्री निवास बालुवाटार बोलाएर ठूलो पुरस्कार घोषणा गरेका हुन् ।

नेपालले मंगलबार सम्पन्न सागमा ५१ स्वर्ण जितेको थियो, जुन अहिलेसम्मकै बढी हो । यसले नेपाललाई साग इतिहासमा दोस्रो पटक पदक तालिकामा दोस्रो स्थानमा पुर्‍याएको थियो । नेपालले ६० रजत र ९५ कांस्यसहित कुल २ सय ६ पदक जितेको थियो । नेपालले एकै संस्करणमा अहिलेसम्मकै बढी पदक जितेको हो ।

'साग आयोजना र खेलाडीले पाएको सफलतामा हामी खुसी हुनुपर्छ, सिंगो देश अहिले खुसी छ । नेपालले खेल क्षेत्रमा असाधारण प्रगति गरेको छ, केहीलाई नेपालको यो सफलतामा चित्त बुझेको छैन । बढी खेल भएर धेरै जितेको भन्नेहरू पनि छन्,' प्रधानमन्त्री ओलीले सम्मान तथा घोषणा कार्यक्रममा खेलाडीमाझ भने, 'तपाईंहरूले सहुलियत लिएर जितेको होइन, परिश्रम र मिहिनेतले जित्नुभएको हो ।' उनले पदक विजेता खेलाडीसँग खुसी साट्न बोलाएको बताए । ओलीले स्वर्ण विजेतालाई ९, रजतलाई ६ र कांस्य विजेतालाई ३ लाख दिने घोषणा गरे । यसअघि सागमा स्वर्ण जित्नेलाई ५, रजतलाई ३ र कांस्यलाई १ लाख दिँदै आएको थियो । ओलीले एक वा भन्दा बढी स्वर्ण पदक विजेता खेलाडीलाई ११ लाखका दरले पुरस्कृत गरिने जनाए । 'एउटा स्वर्ण ल्याउनेलाई ९ लाख र एउटाभन्दा बढी स्वर्ण ल्याउने खेलाडीले ११ लाखका दरले पाउने छन्, सरकारले उचित सम्मान गरे जस्तो लाग्छ,' ओलीले यसो भनिरहँदा खेलाडीले उनको घोषणालाई ठूलो खुसीका साथ स्वीकारेका थिए ।

१३ औं सागमा नेपालबाट पौडीकी गौरिका सिंहले ४ स्वर्ण, करातेका मन्डेकाजी श्रेष्ठ, तेक्वान्दोकी आयशा शाक्य र गल्फका सुवास तामाङले २-२ स्वर्ण जितेका थिए । ओलीको घोषणाअनुसार गौरिकाले ५६ लाख रुपैयाँभन्दा बढी पाउने भएकी छन् । उनले चार व्यक्तिगत स्वर्णको ११ लाखका दरले ४४ र २ रजतको ६ लाखको दरले १२ लाख गरी ५६ लाख पाउने छिन् । गौरिकाले टिम रिलेमा ३ कांस्य पदक पनि जितेकी थिइन् । तर टिममा कांस्य पदक जित्नेलाई कति दिने भनेर बुधबारको कार्यक्रममा खुलाइएको थिएन ।

प्रधानमन्त्री ओलीले टिमतर्फ स्वर्ण जित्ने प्रत्येक खेलाडीलाई ५ लाख र प्रशिक्षकलाई ५ लाख दिने घोषणा गरेका थिए । तर रजत र कांस्यबारेमा जानकारी गराइएको थिइएन । 'टिमका प्रशिक्षक, टिम गेम, पदक विजेता खेल संघलाई दिइने रकम कार्यविधिमा राखेर संसदबाट पास गराइएर आउन बाँकी छ,' कार्यक्रमपछि राष्ट्रिय खेलकुद परिषदका सदस्य-सचिव रमेशकुमार सिलवालले भने । प्रधानमन्त्री ओलीले साग सफल आयोजनाका लागि सदस्य-सचिव सिलवाल, चार स्वर्ण जितेकी गौरिका र अन्तिम स्वर्ण जितेको नेपाली फुटबल टोलीको प्रशंसा गरिरहे । उनले आफू पहिला पौडी र फुटबलको खेलाडी भएको पनि स्मरण गराए । 'म पनि स्वीमर हुँ । पुलबाट होइन, नदीबाटै खोला तर्थें, हाम्रो पालामा पौडी पोखरी चाहिँदैनथ्यो,' ओलीले भने, 'खोलासँग राम्रो जान पहिचान बनेको थियो ।'

सागको उद्घाटन समारोहमा राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गर्ने र प्रधानमन्त्री ओलीले विशेष सम्बोधन गर्ने तथा समापनमा ओली प्रमुख अतिथि हुने तालिका थियो । तर अस्वस्थताका कारण दुवैपल्ट ओली दशरथ रंगशाला पुग्न सकेनन् । 'गम्भीर बिरामीका कारण अस्पतालमा अप्रेसनपछि आईसीयूबाट उद्घाटन समारोह हेरेको थिएँ । त्यसपछि पनि रंगशालामा जान खोजेको थिएँ, तर जानसक्ने स्थिति रहेन,' ओलीले भने, 'तपाईंहरूले मलाई नदेखे पनि मैले तपाईंहरूलाई हेरिरहेको थिएँ ।' उनले उद्घाटन र समापन समारोह घटाउनुपर्ने सुझाव दिए । उद्घाटन समारोह ३ घण्टा र समापन समारोह डेढ घण्टाभन्दा बढी चलेको थियो । उनले भने, 'उद्घाटन र समापन समारोह छोटयाउनुपर्छ, अलिक लामै भयो । यो उत्सव हो, यसमा कष्ट हुनुहुँदैन । कष्ट मिसिएपछि उत्सवको महत्व हुँदैन ।' सम्पन्न राष्ट्रले खेलक्षेत्रलाई ध्यान दिने गरेको र नेपाल सरकारले पनि दिइरहेको जनाए ।

> 'साग आयोजना र खेलाडीले पाएको सफलतामा हामी खुसी हुनुपर्छ, सिंगो देश अहिले खुसी छ'

इंडियनऑयल IndianOil SERVO® 4T ENGINE OILS SCOOTOMATIC 4ST FOR SCOOTER
100% PERFORMANCE. EVERYTIME.

स्वर्ण जित्न नसकेका खेलाडीलाई ओलीले सान्त्वना दिँदै भने, 'कहिलेकाहिँ चिप्लिन्छ, स्वर्ण जित्न सकिन्न । रजतमा चित्त बुझाउनुपर्छ, यो सजिलै जित्न सकिने पदक होइन । स्वर्णकै आसपासको पदक हो । कांस्य पदक पनि स्वर्णजस्तै हो, आफूभन्दा दुई जना बढी जान्ने भएका मात्र हुन् ।'

**स्वर्णलाई ५, रजतलाई ६ लाख**

उसुबाट स्वर्ण जितेकी सुस्मिता तामाङ प्रधानमन्त्री ओलीले गरेको घोषणाबाट निकै खुसी थिइन् । 'पहिलाभन्दा पुरस्कार राशि बढेर आएको छ, हामीले त स्वर्ण जित्नेलाई ७ लाख घोषणा हुन्छ होला भन्ने अनुमान गरेका थियौं, त्यो भन्दा बढेर पो आयो,' उनले भनिन्, 'मिहिनेत गरिएजस्तो बनायो यो घोषणाले । रजत र कांस्य पदक जित्नेलाई पनि राम्रो बढाइएको छ ।' तर टिममा स्वर्ण जित्ने धेरैले पुरस्कार राशि घोषणामा असन्तुष्टि जनाए । 'स्वर्ण जित्नेलाई ५ लाख र रजत जित्नेलाई ६ दिने घोषणा त अलिक नमिले जस्तो लाग्यो ।

व्यक्तिगततर्फ जुन घोषणा गरिएको छ, त्यो हेर्दा टिममा स्वर्ण जित्नेले पनि ७ लाख पाउनुपर्ने हो,' फुटबल दर्शक तताउने खेल भएकाले त्यसमा विचार गरिनुपर्ने नेपाली टोलीका गोलरक्षक अर्पण कार्कीको भनाइ थियो ।

प्रधानमन्त्रीले टिममा स्वर्ण जित्ने प्रत्येक खेलाडीलाई ५ लाख दिने घोषणाको परिषद्का सदस्य-सचिव रमेशकुमार सिलवालले बचाउ गरे । उनले भने, 'फुटबल टिमका २० जनाले जनही ५ लाख पाउने हुँदा १ करोड पाउँछ, त्यस हिसाबमा व्यक्तिगत स्वर्ण जित्नेले ९ लाखमात्र पाउँछ ।'

नगद घोषणाले बास्केटबललाई कदर गर्न नसकेको भन्दै पुरुष बास्केटबल खेलाडी सदीश प्रधानले सिलवालसँग गम्भीर आपत्ति जनाए । नेपाल पुरुष बास्केटबलले कांस्य र महिलाले रजत पदक जितेको थियो । महिलामा नेपाल पहिलोपल्ट फाइनलमा पुगेको हो ।

**विशाल र्‍याली गरिने**

सागका पदक विजेता खेलाडीको सम्मानमा शुक्रबार पदक र्‍याली गरिने भएको छ । पदक र्‍याली बिहान ११ बजे दशरथ रंगशालाबाट सुरु हुने सदस्यसचिव सिलवालले जानकारी गराए ।

**साँघुरो हल**

१३औं सागमा नेपालबाट झन्डै ६ सय खेलाडीले सहभागिता जनाएका थिए । त्यसमा ४ सय ५० भन्दा बढीले पदक हात पारे । प्रधानमन्त्रीले सम्मान तथा नगद घोषणा कार्यक्रममा खेलाडीसहित प्रशिक्षक, व्यवस्थापक, पदक विजेता खेल संघका पदाधिकारीलाई निम्ता दिएका थिए । सबै गरी ६ सयभन्दा बढी निम्तालु थिए । तर प्रधानमन्त्री निवासमा गरिएको त्यस हलमा ३ सयजना मात्र अट्न सक्थे ।

'यो हल ३ सय जना अट्ने क्षमताको मात्र छ । चौधौं सागमा हाम्रो पदक जित्नेक्रम यही रोकिने छैन भन्ने मैले विश्वास लिएको छु,' कार्यक्रम सञ्चालन गर्दै सिलवालले भने, 'त्यतिखेर यो हल अझै साँघुरो हुनसक्छ ।'

खेलाडीहरू धेरै मात्र उभिनुपरेपछि आयोजकले सञ्चारकर्मीसँग बसिरहेको कुर्सी छाडिदिन अनुरोध गरेका थिए । त्यसका बावजुद स्वर्ण पदक विजेता फुटबल टिम उभिएरै झन्डै १ घण्टा लामो प्रधानमन्त्रीको घोषणा सुन्न बाध्य थिए । मंगलबार नेपालले भुटानसँग फुटबलको फाइनल खेल्दा १५ हजारभन्दा बढी दर्शक दशरथ रंगशालाभित्र थिए भने त्रिपुरेश्वर चोकमा वर्ल्ड ट्रेड सेन्टरको स्क्रिनमा नेपालको खेल हेर्न हजारौंको भीड थियो । सिलवालले त्यसतर्फ इंगित गर्दै ५०-६० हजार दर्शक क्षमताको फुटबल रंगशाला र भलिबलमा १० हजार दर्शक क्षमताको कभर्डहल बनाइदिन प्रधानमन्त्रीसमक्ष अनुरोध गरेका थिए ।

# अयाक्स समूह चरणबाटै बाहिर




लिभरपुलका मोहमद सलाहले गोल गरेपछि खुसीमा राबर्टो फिर्मिनोसहितका खेलाडी । *तस्बिर : एपी*

पेरिस (एएफपी)- डिफेन्डिङ च्याम्पियन लिभरपुलले मंगलबार राति साल्सबर्गविरुद्धको खेलमा आफूअनुकूल नतिजा निकालेको छ । यो नतिजाले टोलीले युरोपेली च्याम्पियन्स लिगको अन्तिम १६ मा स्थान निश्चित गर्‍यो । चेल्सीले पनि अर्को चरणमा आफ्नो स्थान सुरक्षित बनायो, तर अयाक्स भने स्तब्धपूर्ण रूपमा समूह चरणबाटै बाहिरिएको छ । समूहमा आफ्नो अन्तिम खेल खेलेपछि ६ टिमले नकआउट चरणमा प्रवेश पाए भने अयाक्ससँगै बाहिरिनेमा इन्टर मिलान पनि रह्यो ।


गत सिजन जितेको उपाधि रक्षा गर्ने सम्भावना कायम राख्न योर्गन क्लोपको लिभरपुललाई अस्ट्रिया यात्रामा बराबरीमात्र आवश्यक थियो । तर उसले साल्सबर्गलाई सजिलै २-० ले हरायो । त्यसमा नाबी केइटा र मोहमद सलाहले दोस्रो हाफमा दुई गोल गरे । यो जितपछि लिभरपुलले समूह 'ई' जितेको छ । नेपोली भने दोस्रो स्थानमा रहेर अगाडि बढ्न सफल रह्यो । साल्सबर्ग युरोपा लिगमा झर्‍यो । क्लोपले भने, 'निकै गाह्रो खेलमा हामीले जित निकाल्न सक्यौं ।'

उनले थपे, 'हामीले दुई सुन्दर गोल गर्न सक्यौं । मेरो विचारमा हामीले थप केही गोल पनि गर्न सक्ने थियौं । तर हाम्रो लागि सबैभन्दा महत्त्वपूर्ण तथ्य के हो भने हामी समूह विजेता पनि रह्यौं ।' नेपोलीले इटालीमा भएको खेलमा जेन्कलाई सजिलै ४-० ले हरायो । त्यसमा आर्काडिसुज मिलिकले पहिलो हाफमा ह्याट्रिक गरे । त्यसमध्ये तेस्रो गोल पेनाल्टीमा सम्भव भएको हो । अर्को एउटा गोल ड्रिस मर्टेन्सको नाममा रह्यो ।

खेललगत्तै नेपोलीले आफ्ना प्रशिक्षक कार्लो एन्सेलोट्टीलाई बर्खास्त पनि गर्‍यो । समूह 'एच' को आम्स्टर्डममा भएको खेलमा भ्यालेन्सियाले अयाक्सलाई १-० ले हरायो । रोड्रिगो मारिनोले निर्णायक गोल गरे । भ्यालेन्सिया अन्तिम १६ मा पुग्न सफल रह्यो । गत सिजन सेमिफाइनल पुग्ने क्रममा सनसनीपूर्ण खेल प्रदर्शन गरेको अयाक्स भने प्रतियोगिताबाट बाहिरिएको छ । घरेलु मैदानमा बेहोरेको हारमा घरेलु खेलाडी र समर्थक दुवै स्तब्ध रहे । यस सिजन राम्रो खेलिरहेको अयाक्सले चेल्सीविरुद्धका दुवै खेलमा जित निकाल्न नसक्नु बाहिरिनुको प्रमुख कारण रह्यो । फ्रान्क लाम्पार्डको चेल्सी दोस्रो स्थानमा रह्यो । अयाक्सभन्दा एक अंक बटुल्ने क्रममा उसले लिलेलाई २-१ ले पन्छायो । इन्टर भने कमजोर आँक्न मिल्ने बार्सिलोनाको हातबाट २-१ ले पराजित रह्यो । इन्टरले जित निकाल्न सकेको भए, अर्को चरणको यात्रा निश्चित हुने थियो । तर समूह 'एफ' मा लियोनल मेसीबिनाको इन्टर अझै भाग्यमानी रह्यो ।

बार्सिलोनाले चार्ल्स पेरेजको गोलले अग्रता लिएको थियो, तर रोमेलु लुकालुले बराबरी गोल फर्काए । सब्स्टिच्युट खेलाडीका रूपमा मैदान प्रवेश गरेका अन्सु फाटीले ८६ औं मिनेटमा निर्णायक गोल गरे । यसक्रम उनी सबैभन्दा कम उमेरमा च्याम्पियन्स लिगमा गोल गर्ने खेलाडी भए । उनले १७ वर्ष र ४० दिनमा यो उपलब्धि हात पारेका हुन् । गोल गर्ने कान्छा खेलाडीको कीर्तिमान सन् १९९७ यता घानाका पिटर ओफोरीको नाममा छ ।

इन्टरको भन्दा राम्रो स्थितिमा रहन बोरुसिया डर्टमन्डलाई स्पष्ट जित चाहिएकामा उसले स्लाभिया प्रागलाई २-१ ले हरायो । समूह 'सी' बाट नाटकीय रूपमा अर्को चरण प्रवेश गर्न लियोनले दुई गोलले पछाडि रहेको स्थिति उल्टाएर आरबी लेप्जिपलाई २-२ को बराबरीमा रोक्यो । बराबरीका बावजुत पनि लेप्जिप समूहको शीर्षस्थानमै रह्यो । लियोनको दोस्रो स्थानमा रहने स्थिति तयार पार्न लिस्बनले सेन्ट पिटर्सबर्गलाई ३-० ले पराजित गर्‍यो ।



१३ औं साग सकिएको भोलिपल्ट बिहीबार दशरथ रंगशालामा सरसफाइ गरिँदै । *तस्बिर : इलिट जोशी/कान्तिपुर*

# पीपीएल शनिबारदेखि

काठमाडौं (कास)- पोखरा प्रिमियर लिग (पीपीएल) को दोस्रो संस्करण शनिबारदेखि पोखरामा सुरु हुने भएको छ । पुस १२ सम्म चल्ने प्रतियोगितामा विराटनगर टाइटन्स, बुटवल ब्लास्टर्स, चितवन राइनोज, काठमाण्डू गोल्डेन्स, पोखरा पल्टन र एक्पर्ट धनगढी ब्लुजले प्रतिस्पर्धा गर्नेछन् । शरद भेषावकरको कप्तानीमा रहेको पोखरा पल्टन साबिक विजेता हो । पहिलो संस्करणमा पोखराले चितवनलाई ४ विकेटले हराएर उपाधि जितेको थियो ।

यसपालि विजेताको हैसियतमा पोखराले शनिबार पहिलो खेलमा काठमाण्डू गोल्डेन्ससँग प्रतिस्पर्धा गर्नेछ । आइतबार विराटनगर र धनगढी तथा काठमाण्डू र बुटवलबीच प्रतिस्पर्धा हुनेछ । चितवनले आफ्नो पहिलो खेलमा पोखरासँग मंसिर ३० मा खेल्ने आयोजक क्विन्स इभेन्टले जनाएको छ ।

**पीपीएल खेलतालिका**

| | |
|---|---|
| मंसिर २८ | पोखराविरुद्ध काठमाडौं |
| मंसिर २९ | विराटनगरविरुद्ध धनगढी |
| मंसिर २९ | काठमाडौंविरुद्ध बुटवल |
| मंसिर ३० | पोखराविरुद्ध चितवन |
| पुस १ | काठमाडौंविरुद्ध धनगढी |
| पुस १ | विराटनगरविरुद्ध पोखरा |
| पुस २ | बुटवलविरुद्ध चितवन |
| पुस ३ | पोखराविरुद्ध बुटवल |
| पुस ३ | धनगढीविरुद्ध चितवन |
| पुस ४ | विराटनगरविरुद्ध काठमाडौं |
| पुस ५ | विराटनगरविरुद्ध चितवन |
| पुस ५ | बुटवलविरुद्ध धनगढी |
| पुस ६ | धनगढीविरुद्ध पोखरा |
| पुस ७ | चितवनविरुद्ध काठमाडौं |
| पुस ८ | बुटवलविरुद्ध विराटगनर |

नेपाल फाईनान्स लिमिटेड
Nepal Finance Limited
"नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था"
केन्द्रिय कार्यालय : काठमाण्डौ -२८ कमलादी फोन नं.: ०१-४२४७०२०
फ्याक्स : ०१-४२४१२३७, ई-मेल : mail@nefinsco.com

नेपाल फाइनान्स लिमिटेडको मिति २०७६/०८/२६ गते देखि व्यावसायिक कारोवार संचालन गरिने बारेको सूचना

नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रियस्तरको संस्था **नेपाल फाइनान्स लिमिटेड.**लाई नेपाल राष्ट्र बैंकले मिति २०७१/०८/१७ देखि समस्याग्रस्त वित्तीय संस्था घोषणा गरेकोमा हाल संस्थामा विभिन्न सुधारका कार्यहरु सम्पन्न गरे पछि नेपाल राष्ट्र बैंकको संचालक समितिको मिति २०७६/०८/२० गतेका दिन बसेको बैठकले समस्याग्रस्त अबस्थाबाट सशर्त फुकुवा गर्ने निर्णय गरे अनुसार नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभागको मिति २०७६।०८।२४ को पत्रबाट व्यावसायिक कारोवार गर्नका लागि स्वीकृत प्राप्त भएकोले संस्थाको संचालक समितिको निर्णयानुसार मिति २०७६।०८।२६ गते विहिबारका दिनदेखि नियमित रुपमा व्याबसायिक संचालन हुने व्यहोरा सम्बन्धित सबैमा यसै सूचना मार्फत जानकारी गराइन्छ ।

समस्याग्रस्त अबस्थाबाट साधारण अबस्थामा फर्काउने कार्य गर्ने सिलसिलामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पु-याउनु हुने सम्पूर्ण महानुभावहरु, नेपाल राष्ट्र बैंकका पदाधिकारीज्यूहरु, अन्य नियमनकारी निकायका पदाधिकारीज्यूहरु तथा अन्य सम्बद्ध सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि निरन्तर रुपमा सहयोगको अपेक्षा राख्दछौं ।

लोक सेवा आयोग विशेष तयारी कक्षा
"Compete With Confidence"
शाखा अधिकृत
प्रथम पत्र, द्वितीय, तृतीय र चतुर्थ पत्र
नयाँ कक्षाः हरेक हप्ता सोमबार र बिहीबार
न्याय सेवा । परराष्ट्र सेवा | I.Q. & English Special Class
समयः बिहान ६ बजे, ८ बजे, ११ बजे । बेलुका ४:१५ बजे
नायब सुब्बा / खरिदार
नयाँ कक्षाः हरेक हप्ता आइतबार र बिहीबार
स्वास्थ्य सेवा विशेष तयारी कक्षा
H.A.|CMA|Staff Nurse|ANM|Lab.Tech
अन्तरक्रिया कक्षाः हरेक हप्ता मंगलबार
समयः बिहान/बेलुका
cedep Nepal NAME Building
Nepal Centre for Development & Policy Studies
पुतलिसडक, (सिंहदरबार, ट्राफिक प्रहरी कार्यालयसँगै)
फोन नं.: ०१-४२२०२५५, ९८५११५५५५६

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा




नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २९१ विराटनगर | २६ मंसिर २०७६ बिहीबार मार्ग शुक्लपक्ष पूर्णिमा | नेपाल संवत् ११४० | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, December 12, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ





किम्फ सुरु

३९ देशका ७९ फिल्म । ९

**खेलाडीको सम्मान**

प्रधानमन्त्रीद्वारा पुरस्कार घोषणा

- स्वर्णलाई ९ लाख
- रजतलाई ६ लाख
- कांस्यलाई ३ लाख
- एकभन्दा बढी स्वर्ण जित्नेलाई ११ लाखका दरले
- समूहमा स्वर्ण जित्नेका प्रत्येकलाई ५/५ लाख

पृष्ठ १६

## भित्र


जेठोलाई स्कुल बसमा चढाउँदा चढाउँदै किचेर कान्छो छोराको मृत्यु

नयाँ निवासमा सरे प्रधानमन्त्री

हात्तीको आक्रमणबाट दुई महिलाको ज्यान गयो

'प्रि-सेन्डअप' मा पनि विद्यालयले शुल्क लिए

जाडो महिनामा पनि डेंगु संक्रमण उस्तै

प्रदेशले तोक्न सकेनन् नाम र राजधानी


# ३० हजार टाकामा भित्रिन्छन् रोहिंग्या

## गिरोहले नै बंगलादेशबाट रोहिंग्यालाई नेपाल ल्याइरहेको गृह मन्त्रालयको अध्ययनले देखाएको छ

■ **मकर श्रेष्ठ** (काठमाडौं)

अन्सर मोहम्मद र हुसेन हमिद म्यानमारबाट विस्थापित भएर बंगलादेशमा शरणार्थी जीवन बिताइरहेका थिए । नेपालमा संयुक्त राष्ट्रसंघीय शरणार्थीसम्बन्धी उच्च आयोग (यूएनएचसीआर) बाट शरणार्थीको मान्यता पाइन्छ भन्ने उनीहरूले सुने । त्यसपछि नेपाल छिर्न एजेन्टलाई ३० हजार बंगाली टाका (करिब ४० हजार रुपैयाँ) बुझाए । सात महिनाअघि काठमाडौं आइपुगेका उनीहरू बूढानीलकण्ठ नगरपालिका-११ स्थित राममन्दिर नजिकै टहरामा बसिरहेका छन् ।

मोहम्मद र हमिद दुवै रोहिंग्या समुदायका हुन् । उनीहरूले यहाँ आएपछि यूएनएचसीआरमा शरणार्थीको पहिचान माग्दै निवेदन पनि दिएका छन् । तर नाम दर्ता भइसकेको छैन । उनीहरू जसरी नै बंगलादेशबाट भारत हुँदै काठमाडौं आइपुगेर राममन्दिर नजिकैका टहरामा बसिरहेका रोहिंग्या अरू १ सय ७१ जना छन् । रोहिंग्या बूढानीलकण्ठकै लसुनेटार र काभ्रेको पनौतीमा समेत गरी ३ सय ७८ जना छन् ।

रोहिंग्यालाई यहाँ ल्याउन र बस्ने ठाउँ मिलाउन गिरोह नै सक्रिय रहेको गृह मन्त्रालयको ठम्याइ छ । 'पछिल्लो समय मौलाना जुबेर नाम गरेका व्यक्तिले ३० हजार टाका लिएर रोहिंग्यालाई नेपाल ल्याउने गरेको पाएका छौं,' नेपाल प्रहरीका एक डीआईजीले भने, 'यसमा काठमाडौंमै रहेका मोहमद ऐसुप, मोहमद आयास र जाफर मियाँ पनि सक्रिय रहेको पाएका छौं ।' उनीहरू विस्थापित रोहिंग्याका अगुवा हुन् । उनीहरूकै कारण आप्रवासी बढेको गृह मन्त्रालयको ठहर छ । गृहसचिव प्रेम राईले उनीहरूमाथि निगरानी बढाएको जानकारी दिए ।



**रोहिंग्याहरूले काठमाडौंको बूढानीलकण्ठ नगरपालिका-११ राममन्दिर क्षेत्रमा बस्नका लागि बनाइरहेका टहरा ।** *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*

'हामीले रोहिंग्याका विषयमा भर्खरै अध्ययन गरेका थियौं, केही व्यक्तिले उनीहरूलाई ल्याउने गरेको पायौं,' उनले भने, 'सीमामा कडाइ गरेका छौं ।' गृहले गठन गरेको कार्यदलका एक सदस्यले पनि गिरोहले पैसा लिएर रोहिंग्यालाई नेपाल भित्र्याइरहेको पाइएको बताए । 'मौलना जुबेर रोहिंग्यासँग ३० हजार टाका लिई नेपालमा ल्याउने गर्दा रहेछन् । ऐसुप रोहिंग्यालाई ओसारपसार गर्न र जग्गा भाडामा लिनेलगायत काममा संलग्न छन्,' उनले भने, 'जाफर मियाँले पनि बंगलादेशमा रहेका आफन्त र चिनजानका व्यक्तिलाई नेपाल भित्र्याएको पाइएको छ ।'

रोहिंग्या अध्ययन गर्न गृह मन्त्रालयले गत कात्तिक २४ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटवालको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गरेको थियो । कार्यदलमा महानगरीय प्रहरीका प्रहरी नायब उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका प्रहरी नायब उपरीक्षक, गृह मन्त्रालयको शाखा अधिकृत र जिल्ला प्रशासन कार्यालय काठमाडौंका शाखा अधिकृत सदस्य थिए । **बाँकी पृष्ठ १४**

**आईसीजेमा सुचीले भनिन्-**



'रोहिंग्यामाथि अत्याचार भएको छैन, सुरक्षित पुनःस्थापन गर्न म्यानमार प्रतिबद्ध छ'

पृष्ठ ८

# यसरी उम्कियो १७ बैंकबाट १७ करोड

■ **मातृका दाहाल** (काठमाडौं)

अन्तर्राष्ट्रिय आपराधिक गिरोहले अनलाइन ठगी र ह्याकिङबाट संकलित रकम नेपालका १७ वटा बैंकमार्फत विदेश पुर्‍याउने गरेको खुलेको छ । पार्सल आएको भन्दै प्रलोभन देखाएर ठगेको र वित्तीय संस्थाको सर्भर ह्याक गरेर जम्मा पारेको रकम गिरोहले स्थानीय एजेन्टमार्फत विभिन्न व्यक्तिका नाममा राखी बैंकबाटै उम्काइरहेको भेटिएको हो ।

अन्तर्राष्ट्रिय गिरोहमा संलग्न नाइजेरियाली नागरिक पिटर हर्मन र बेलायती नागरिक स्मिथ मोरिसले नेपाली सहयोगीसँग मिलेर १० वर्षदेखि यस्तो ठगी गरिरहेको प्रहरीले जनाएको छ । प्रहरीले मंगलबार पिटर र स्मिथका सहयोगी तीन नेपालीलाई पक्राउ गरेपछि ठगीको रहस्य बाहिर आएको हो । महानगरीय अपराध महाशाखाको टोलीले ठमेलमा रेस्टुरेन्ट सञ्चालन गर्दै आएका दोलखाका ५२ वर्षीय रमेश खड्का, नवलपरासी रामग्रामका ३७ वर्षीय विश्वेश्वरप्रसाद तिवारी र नवलपरासीकै मनी एक्सचेन्ज सञ्चालक १९ वर्षीय सन्दीप कलवारलाई पक्राउ गरेको थियो । प्रहरीले खड्कालाई काठमाडौंबाटै पक्रेको हो भने तिवारी र कलवार नवलपरासीबाट समातिएका हुन् । प्रहरी स्रोतका अनुसार १० सहयोगीसहित भारतमा बसेर अपराध सञ्जाल चलाइरहेका पिटरलाई पनि केही समयअघि भारतीय प्रहरीले पक्राउ गरिसकेको छ । **बाँकी पृष्ठ १४**




इन्फोग्राफिक्स : दीपेन्द्र कर्ण

**गजब छ बा !**

– अविन –




**मन्त्रीज्यू ! मैले कति लाख पाउने भन्ने कुरो फाइनल भो ? छैन ?... सेमिफाइनल नि ?... अनि क्वाटरफाइनल नि ?...**


हामी देख्छौं अपार संभावना

NMB BANK एनएमबि बैंक — समृद्ध नेपालको लागि


# सुत्केरी अस्पतालमै 'बन्धक'

■ **अवधेशकुमार झा** (राजविराज)

उपचारबापतको ३ लाख ५० हजार रुपैयाँ बुझाउन नसक्दा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-८ तोपाकी ललितादेवी खंगले विराटनगरस्थित विराटनगर अस्पतालबाट डिस्चार्ज हुन पाएकी छैनन् । एकमहिने सुत्केरी ललिताका पति गोपीकुमारले रकम जोहो गर्न आफ्नो गाउँ र सदरमुकाममा भिख माग्न थालेका छन् ।

विराटनगरस्थित जनरल हस्पिटल एन्ड ट्रमा केयर सेन्टरमा दुई छोरी जन्माएपछि ललितालाई विराटनगर अस्पताल पुर्‍याइएको थियो । नवजात जुम्ल्याहामध्ये एकको मृत्यु भइसकेको छ भने अर्की शिशु तोपास्थित घरमा छिन् ।

ललिता दलित खत्वे समुदायकी हुन् । उनका पति गोपी मजदुरी गरेर जीविकोपार्जन गर्छन् । ललितालाई सुत्केरीका लागि गत कात्तिक २३ गते राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल लगिएको थियो । चार दिनपछि उनलाई विराटनगर रेफर गरिएको थियो । गोपीका अनुसार विराटनगरमा पहिले म्याक्स अस्पतालमा भर्ना गरियो । त्यहाँ एक दिन राखेपछि उपचार सम्भव नभएको अस्पतालले बतायो । त्यसपछि विराटनगरकै जनरल हस्पिटल एन्ड ट्रमा केयर सेन्टरमा लगियो । सेन्टरमा दुई छोरी जन्माएपछि ललितालाई थप उपचारका लागि विराटनगर अस्पताल प्रालिको आईसीयूमा भर्ना गरिएको थियो । ट्रमा सेन्टरको एनआईसीयूमा राखिएकै बेला दुई नवजात छोरीमध्ये एकको मृत्यु भएको गोपीले बताए । अर्की शिशु स्वस्थ छिन् ।

गोपीका अनुसार ट्रमा सेन्टरमा सुत्केरी गराउनेदेखि छोरीको उपचार खर्चसमेत गरी १ लाख ७४ हजार रुपैयाँ उनले बुझाएका थिए । ३२ हजार ७ सय ५० रुपैयाँ औषधिबापत खर्च भएको थियो । **बाँकी पृष्ठ १४**



**जुम्ल्याहामध्ये एकको अस्पतालमा मृत्यु भएको थियो । अर्को शिशुलाई डिस्चार्जपछि घरमा अरूले नै स्याहारिरहेका छन् । अर्कै अस्पतालमा उपचार गराएकी आमा 'बन्धक' बनेकी छन् ।**




## छोटकरी

**प्रकृति पूजासँगै चासोक तङ्नाम**

सुनसरी (कास)- पुर्वी जिल्लामा बसोबास गर्ने लिम्बु (याक्थुङ) समुदायको परम्परागत मौलिक सांस्कृतिक चाड चासोक तङ्नाम (न्वागी उत्सव) बुधवार सुरु भएको छ । याक्थुङ चुम्लुङले यसपालि धरान १५, बाभोगरास्थित चुम्लुङहिम परिसरमा चार दिने चासोक तङ् नाम सांस्कृतिक पर्यटन उत्सव आयोजना गरेको छ । संयोजक मोहन हुक्पाचोङ्बाङ्का अनुसार पहाडमा पैंयु फुल्न थालेसँगै खोलानदीका माछा, चराचुरुङ्गी दक्षिणतिर लागेपछि याक्थुङ समुदायले चासोक तङ्नाम मनाउने बेला भएको संकेत मान्ने गरेका छन् । याक्थुङ मुन्धुमअनुसार चासोक तङ्नामको सम्बन्ध मुख्य गरी कृषी उत्पादनसंग रहेको उनले बताए ।

**हेरोइनसहित २ पक्राउ**

सुनसरी (कास)- सुनसरीको धरानबाट प्रहरीले खैरो हेरोइनसहित दुइजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा संखुवासभाको भोटखोला १ का २८ बर्षीय साङबु शेर्पा, धरान १९, चौकीबारीका ३७ बर्षीय सुरज राई छन् । इलाका प्रहरी धरानका प्रहरी नायव उपरीक्षक ढुण्ढीराज न्यौपानेका अनुसार शेर्पालाई मंसिर २३ गते साँझ धरान-८ स्थित तीनकुने चेकपोष्टबाट र राईलाई धरान-२ भानुचोकबाट पक्राउ गरिएको हो । प्रहरीले शेर्पाको साथबाट ८० मिलीग्राम हिरोइन र राईको साथबाट २० फाइल नाइट्रोजेपाम बरामद गरिएको जनाएको छ ।

**पाथिभरा र हलेसी जान उडान**

मोरङ (कास)- विराट होलिडेको सहकार्यमा सीता एयर र माउण्टेन हेलिकप्टरले ताप्लेजुङको पाथिभरा र खोटाङको हलेसी महादेवस्थानसम्म उडान गरिने भएको छ । मंसिर २९ गतेबाट उडान सुरु हुने विराटनगरमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । सीता एयरका प्रबन्ध निर्देशक राजेन्द्रबहादुर सिंहका अनुसार विराटनगर र भद्रपुर विमानस्थलबाट प्रदेश १ का रमणीय प्राकृतिक पर्यटकीय स्थलका साथै पाथिभरा र हलेसी महादेवको दर्शनका लागि उडान सुरु गर्न लागिएको हो । 'सीता एयरबाट पाथिभराका लागि सुकेटर र हलेसीका लागि लामिडाँडा विमानस्थलमा उडान भर्छौं,' उनले भने, 'माउण्टेन हेलिकप्टरले सुकेटारबाट पाथिभरा र लामिडाँडा विमानस्थलबाट हलेसी महादेव जान सहज बनाउने छ ।' सुरुमा ३ महिना परीक्षन उडान गर्ने र यात्रुको संख्या वृद्धि हुँदै गएपछि नियमित उडान गर्ने योजना रहेको बताए । 'परीक्षण उडान अवधिभर विराटनगर र भद्रपुर विमानस्थलबाट पाथिभरा र हलेसी दर्शनका लागि प्रतिव्यक्ति २३ हजार रुपैयाँको प्याकेज बनाएका छौं,' उनले भने ।

**बलात्कार आरोपित पक्राउ**

विराटनगर (कास)- बलात्कार गरेको आरोप लागेपछि फरार रहेका सुनसरीको इटहरीका एक युवकलाई प्रहरीले घटनाको ६ महिनापछि पक्राउ गरेको छ । इटहरी १९ की एक युवतीलाई गत जेठ १८ गते बलात्कार गरेको आरोपमा २४ वर्षीय राजेशकुमार मेहता पक्राउ परेका हुन् । प्रहरीमा उजुरीपछि फरार रहेका उनले भारतीय नम्बरबाट पटक-पटक फोन गरी पीडितलाई ज्यान लिनेसम्मको धम्की दिने गरेका थिए । प्रहरीले जबर्जस्ती करण मुद्दामा ५ दिनको म्याद थप गरेर अनुसन्धान अघि बढाएको जनाएको छ ।

# विकास निर्माणमा भारतीय कामदार

'नेपाली कामदार रोजगारीका लागि बिदेसिइरहने र भारतबाट भने धेरै जनशक्ति भित्रिरहेको अवस्था छ'



**तेह्रथुमको वसन्तपुरमा निर्माणाधीन २ सय २० केभीए क्षमताको कोसी करिडोर विद्युत् आयोजनाको सब-स्टेसनमा काम गर्दै भारतीय मजदुर ।** *तस्बिर : चन्द्र कार्की/कान्तिपुर*

**कान्तिपुर संवाददाता** (तेह्रथुम)

स्थानीय दक्ष कामदार अभाव भएपछि प्रदेश १ का पहाडी जिल्लामा निर्माण भइरहेका विकासे आयोजनामा भारतीय कामदार प्रयोग भइरहेको छ । कतिपय योजनामा पश्चिम नेपालका तराईका जिल्लाबाट पनि कामदार आएर काम गरिरहेका छन् ।

अरुण/शेर्पा निर्माण कम्पनी भोजपुरका निर्माण व्यवसायी नारायण तिवारीका अनुसार आयोजनास्थल आसपासका स्थानीयले काम गर्न इच्छा नदेखाएको र न्यून संख्यामा आएका स्थनीयसँग सम्बन्धित कामबारे ज्ञान र सीप नहुँदा समस्या भएको छ । तेह्रथुमको वसन्तपुर, टुटेमा निर्माण भइरहेको कोसी करिडोर विद्युत आयोजनाको सबस्टेसनमा १ महिनायता भारतको सुपौल जिल्लाका बासिन्दा पञ्चायत १, दहगाकाम गाउँका एक हुल मजदुर कामका लागि आएका छन् । उनीहरूलाई गाउँकै मजदुर ठेकेदार सत्यनारायण मेहेताले ल्याएका हुन् । पहाडमा काम गर्न आउँदा आफूहरूलाई चिसो बढी हुने र भाषागत समस्या समेत हुने गरेकाले काम गर्न केही असजिलो भएको भारतबाट आएका कामदार गणेशकुमार मेहताले बताए । पहाडका कामदार रोजगारीका लागि विदेशीरहेका बेला कामको खोजीमा भारतबाट धेरै जनशक्ति नेपाल भित्रिरहेको निर्माण व्यवसायी संघका जिल्ला अध्यक्ष धर्मराज खड्काले बताए ।

सडक, जलविद्युत्, सरकारी भवन, व्यक्तिगत घर, पुल लगायतका क्षेत्रमा कामका लागि मजदुर अभाव भएको व्यवसायीको भनाइ छ । यतिवेला भारतको हिमाञ्चल प्रदेश, विहारलगायत क्षेत्रबाट कामदार नेपालका पहाडी जिल्लामा ल्याउन व्यवसायी उतै गएका छन् ।

भारतको सुपौल जिल्लाबाट मात्र नेपालका पूर्वी पहाडी जिल्लाका विकासे आयोजनामा काम गर्न २ हजार ५ सयभन्दा बढी मजदुर आएका छन् । काम गर्न आएका मजदुरले दैनिक ७ सयदेखि १ हजार ५ सय रुपैयाँसम्म कमाउने गरेको मजदुर ठेकेदार सत्यनारायणले बताए ।

१ नम्बर प्रदेशमा सञ्चालन भइरहेका ठूला आयोजनामा धेरै संख्यामा भारतीय मजदुर भित्रिएको मध्यपहाडी लोकमार्ग पूर्वी खण्डका इन्जिनियर सुरेश तुम्बाहाम्फेले बताए । केही योजनामा पश्चिम तराईका कामदारसमेत पहाड उक्लिएका छन् ।

# संरक्षण भएनन् पर्यटकीयस्थल

संखुवासभा (कास)- स्थानीय तहले आफ्ना क्षेत्रका पर्यटकीयस्थल संरक्षण र प्रवर्द्धनमा चासो नदेखाउँदा ती क्षेत्र ओझेलमा पर्दै गएको छ । १० वटै स्थानीय तहमा पुरातात्विक धार्मिक र पर्यटकीय महत्वका स्थल छन् । ती स्थलको प्रचार र संरक्षण नहुँदा ओझेलमा परेको स्थानीयले बताए ।

सम्भावना बोकेका यस्ता महत्वका स्थल स्थानीय तहको बेवास्ताका कारण आन्तरिक र बाह्य पर्यटकको आकर्षण हुन सकेको छैन । यो जिल्लाको सवै भन्दा होचो अरुण उपत्यकादेखि विश्वकै अग्लो हिमशिखर मकालु छ । होचो अरुण उपत्यकामा रहेको मनकामना धाम, सिद्धकाली लगायत विविध महत्व बोकेका दजनौं पर्यटकीय र धार्मिक स्थल छन् ।

'तीमध्ये अधिकांश पर्यटकीय स्थलको संरक्षणमा स्थानीय तहको ध्यान पुग्न सकेको छैन' खाँदबारी १ पिप्लेका जीवनाथ खनालले भने, 'पर्यटकीय र धार्मिक क्षेत्र पर्याप्त भएपनि आन्तरिक र बाह्य पर्यटक जिल्ला तान्न कसैले ध्यान दिएका छैनन् ।'

गुफापोखरी, तीनजुरे मिल्के जलजले क्षेत्र, मकालु बरुण राष्टिय निकुञ्ज, शिवधारा, पार्वती गुफालगायतका स्थानमा रहेको धार्मिक र पर्यटकीय स्थलमा पछिल्लो समय पर्यटक जानै छाडेका छन् । खाँदबारी बजारबाट करिब १३ किमि दक्षिणस्थित मनकामना मन्दिर पर्यटकिय गन्तव्यको रूपमा चिनिनु थालेको छ ।

मनकामना मन्दिर सदरमुकामबाट ३० मिनेटमा यातायातका साधनबाट पुग्न सकिन्छ । हिँडेरै पुग्नेहरूका लागि पनि डेड घण्टामा यो क्षेत्र पुगिन्छ । काठमाडौबाट ३५ मिनेट र बिराटनगरबाट २० मिनेटको हवाई यात्राबाट तुम्लिङटार ओर्लिएका केही आन्तरिक तथा बाह्य पर्यटक एक पटक घुम्नका लागि भए पनि मनकामना क्षेत्र पुग्छन् ।

पूर्वको मनकामनाका रुपमा परिचित यो मन्दिरमा आएर पुजाआजा गरे मनले मागेको कुरा पूरा हुने विश्वास छ । यहाँबाट मकालु हिमाल स्पष्ट देखिन्छ । पर्यटकहरू मनकामना क्षेत्रमा आएर त्यहाँ बगेको अरुण नदीमा र्‍याफ्टिङ गरेर मज्जा समेत लिन्छन् । पछिल्लो समय मन्दिरमा पूजा गर्ने भन्दा पनि वनभोज जानेहरूको संख्या यो क्षेत्रमा बढेको छ ।

यो क्षेत्र विश्वकै होचो अरुण उपत्यका (४५७ मिटर) मा पर्छ । लोकगायक स्वर्गिय खेमराज गुरुङको 'वारि जमुना, पारि जमुना, जमुनाको फेदैमा मनकामना' बोलको गीतले चर्चा पाएपछि यो क्षेत्र धार्मिक र पर्यटकीय रुपमा अघि बढेको हो । यो क्षेत्र हुँदै आउने विदेशी पर्यटकहरूले विश्वकै पाँचौं अग्लो हिमशिखर मकालुदेखि अन्य होचा हिमाल, पर्यटकीय स्थल सभापोखरी, दूधपोखरी, राष्ट्रिय फूल गुराँसको राजधानी तिनजुरे-मिल्के-जलजले क्षेत्र, चीनको सीमा किमाथांका जस्ता ऐतिहासिक पर्यटकीय स्थलको अवलोकन गर्छन ।

त्यसैले यो क्षेत्रलाई धार्मिक रुपमामात्रै नलिई पर्यटकिय गन्तव्यको रुपमा लिइदै आएको छ । यो क्षेत्र हुँदै अधिकांश पर्यटकले लालीगुराँस संरक्षण क्षेत्रको भ्रमण, कञ्चनजंघा हिमाल आरोहण र ताप्लेजुङको दोभान हुँदै तमोर नदीमा र्‍याफ्टिङ गर्ने गरेका छन् । यो क्षेत्रलाई गुरुयोजनाका रूपमा अघि बढाएर पर्यटकीय क्षेत्रमा विकास गर्नु सके आन्तरिक र बाह्य पर्यटकको संख्या बृद्धि गर्न सकिने जिल्ला समन्वय समितिका प्रमुख सुमन शाक्य बताउँछन् ।



**संखुवासभाको खाँदबारी नगरपालिका ९ मा रहेको मनकामना मन्दिरमा पूजाका लागि आएका भक्तजन ।** *तस्बिर : दीपेन्द्र शाक्य/कान्तिपुर*

# उखु खेती घटेसँगै चिनी मिल संकटमा

**विनोद भण्डारी** (बर्जु, सुनसरी)

किसानले उखु खेती घटाउँदै गएपछि बर्जु गाउँपालिकामा २ दशकदेखि सञ्चालन हुँदै आएको इस्टर्न सुगर मिल संकटमा परेको छ । २५ लाख क्विन्टल उखु क्रसिङ गर्ने क्षमताको यो मिललाई पछिल्लो समय चाहिएभन्दा आधा पनि उखु उपलब्ध हुन छाडेको छ ।

केही वर्षअघिसम्म मिलका लागि सुनसरी, मोरङ र झापामा १५ हजार बिघामा उखु खेती हुन्थ्यो । त्यसबेला २५ लाख क्विन्टलसम्म उखु क्रसिङ गरेको मिलको तथ्यांक छ । 'अचेल करिब ४ हजार ५ सय बिघामा मात्र उखु खेती छ,' मिलका महाप्रबन्धक पदमकान्त झाले भने, 'चार हजार ५ सय बिघा खेतबाट उपलब्ध हुने करिब १० लाख क्वीन्टलउखु क्रसिङ गरेर मिलले निरन्तरता पाउने स्थिति छैन ।' मिलले गत वर्ष १२ लाख ८७ हजार क्विन्टल उखु क्रसिङ गरेको थियो । बर्जुमा यो मिल खुलेर किसानले उखु खेती गर्न थालेपछि सुनसरीको बर्जु, सितागञ्ज, मायागञ्ज, चिमडी, कप्तानगञ्ज, देवानगञ्ज, हरिनगरा, कोसी, दुहवी, साहेवगञ्ज र आसपासका किसानको आर्थिक अवस्था सुध्रिएको थियो । मिलले अहिलेसम्म उखु किसानलाई ९ अर्ब भन्दाबढी भुक्तानी गरिसकेको छ ।



**सुनसरीको बर्जुस्थित इस्टर्न सुगर मिलमा क्रसिङका लागि उखु ल्याइँदै ।** *फाइल तस्बिर : कान्तिपुर*

कोसी उखु उत्पादक संघका अध्यक्ष शिवलाल चौधरीका अनुसार धान खेतीभन्दा उखु खेतीमा दोब्बर फाइदा हुन्छ । तर विगतका वर्षमा मिलले किसानलाई समयमा उखुको भुक्तानी दिन नसक्दा किसान मिलदेखि असन्तुष्ट भएर अन्य नगदे खेतीतिर लागेपछि मिल संकटमा परेको चौधरीको भनाइ छ ।

यस क्षेत्रको एक बिघा खेतमा धान खेती गर्दा खर्च कटाएर मुस्किलले ३० हजार रुपैयाँ आम्दानी हुन्छ । 'त्यही खेतमा उखु खेती गर्दा वर्षमा खर्च कटाएर एक लाखभन्दा बढी आम्दानी हुन्छ' बर्जु ५ का किसान रामसोवित साहले भने 'पहिलो पटक उखु खेती गर्दा बढी खर्च लाग्छ । त्यसपछि लगातार दई वर्षसम्म थोरै लगानीले राम्रो आम्दानी लिन सकिन्छ ।' मिलले समयमा उखुको भुक्तानी नदिदा भने समस्या पर्ने गरेको उनको भनाइ छ ।

उखु खेती सुरु गरेपछि यहाँका किसानको आर्थिक अवस्थामा निकै सुधार भएको अर्का किसान मंगल चौधरीको अनुभव छ । 'धान खेती गर्दा किसान साइकलमा हिँड्थे' उनले भने, 'उखु खेती सुरु गरेपछि मोटरसाइकल चढ्न थाले ।' अधिकांश किसानले जग्गा र बजारमा घर समेत किनेका छन् ।

सरकारले उखु खेतीमा सहुलियत दिदैन । दिएको पनि पाउन वषौ कुर्नुपर्छ । गत वर्ष सरकारवाट पाउनु पर्ने अनुदान करिब तीन करोड र अघिल्लो वर्षको १२ लाख रुपैयाँ किसानले अझै पाएका छैनन् । मकैलगायत अन्य नगदे खेतीमा सरकारले तत्कालै अनुदान दिन्छ । उखु उत्पादक संघका अध्यक्ष शिवलाल चौधरीले यसबेला किसानलाई सरकारले मकैको वीउ उपलब्ध गराएपछि किसान उखु छाडेर मकैतिर आकर्षित भएका हुन् ।

मकै खेती गर्दा प्रतिकठ्ठा ७ मनसम्म उब्जनी हुने गरेको छ । त्यो उत्पादनले बढीमा चार महिनामा नगद भित्र्याउँछ । 'उखु खेती गर्दा राम्रो आम्दानी भए पनि अठार महिनासम्ममा पनि हातमा पैसा पर्दैन' चौधरीले भने 'दुई चार वर्ष मिलले उखुको भुक्तानी ढिलो गरे पनि यस वर्ष समयमै किसानलाई उखुको भुक्तानी दिएको छ ।' तर सरकारले प्रतिक्विन्टल ६५ रुपैयाँ २८ पैसा अनुदान दिने भने पनि अझैसम्म किसानले पाएका छैनन् ।

अनुदान समयमा नदिदा उखु खेतीगर्ने किसान अहिले मकै खेतीमा लागेका छन् । किसानले सरकारलाई बुझाएको भ्याट रकम नै किसानलाई सरकारले अनुदान दिने हो । चौधरीका अनुसार मिलवाट सरकारले लिएको रकम समेत किसानलाई वर्ष दिनमा पनि फिर्ता दिँदैन । बैंकबाट ६५ लाख रुपैयाँ ऋण लिन दुई दिन लाग्छ । तर किसानले सरकारबाट प्रतिक्विन्टल ६५ रुपैयाँ २८ पैसा अनुदान लिन डेढ वर्षसम्म पर्खदा पनि नपाउने गरेको उनको गुनासो छ ।

मिलले गतवर्ष १२ लाख ८७ हजार क्विन्टल उखु खरिद गरेर किसानलाई ५२ करोड ३९ लाख ५६ हजार रुपैयाँ किसानलाई ६ महिना पहिला नै भुक्तानी दिइसकेको छ । प्रति क्विन्टल ६५ रुपैयाँ २८ पैसाका दरले सरकारले किसानलाई दिनुपर्ने ७ करोड ४८ लाख २१ हजार अनुदान मध्ये अहिले सम्म २ करोड ६७ लाख ३७ हजार र अघिल्लो वर्षको १२ लाख ९ हजार रुपैयाँ अझै उपलब्ध नगराएको चौधरीको भनाइ छ ।

मिलले स्थापनादेखि गतवर्ष सम्ममा ३ करोड २ लाख क्विन्टल उखु क्रसिङ गरेर अहिले सम्म उखु किसानलाई ९ अर्ब भन्दाबढी रकम भुक्तानी गरिसकेको मिलका प्रशासन प्रमुख कृष्ण गौतमले बताए । बर्जु र आसपासका किसानको आर्थिक अवस्थामा सुधार ल्याउन सहयोग पुर्‍याएको मिल उखु अभावमा संकटमा परेको भन्दै बर्जु गाउँपालिकाले किसानलाई उखु खेतीमा आकर्षित गर्न विशेष प्याकेज कार्यक्रम ल्याएको गाउँपालिका प्रमुख रघुनन्दन चौधरीले बताए ।

यो मिलले आफूसहित यस क्षेत्रका किसानको आर्थिक अवस्था सुधार गर्न धेरै मद्यत गरेको छ । चौधरीले भने यो मिललाई बचाइराख्न र किसानलाई उखु खेतीमा आकर्षित गर्न गाउँपालिकाले यस वर्षदेखि एकल वा समूहमा ४ बिघा जमिनमा उखु खेती गर्ने किसानलाई निःशुल्क बोरिङ जडान गरी पानी तान्ने पम्प उपलब्ध गराउने कार्यक्रम लागू गरेको छ । उनले भने यो मिललाई कुनै पनि हालमा अस्तित्वमा राख्नुको विकल्प छैन ।















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | आकस्मिक लाभ | तुला | अस्वस्थता |
| वृष | उत्साहप्रद | वृश्चिक | नयाँ कार्य आरम्भ |
| मिथुन | आर्थिक हानी | धनु | द्विविधा बढ्ने |
| कर्कट | कार्य सफल | मकर | अध्ययनमा सफल |
| सिंह | मिष्ठान्न भोजन | कुम्भ | मनोरञ्जन |
| कन्या | भाग्य वृद्धि | मीन | पराक्रम बढ्ने |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल मंसिर २७ गते शुक्रबार तदनुरुप १३ डिसेम्बर २०१९ पौष कृष्णपक्ष प्रतिपदा तिथि प्रातः १०:३९ बजेसम्म उप्रान्त द्वितीया तिथि, मृगशिरा नक्षत्र प्रातः ७:३७ बजेसम्म उप्रान्त आद्रा नक्षत्र, शुभ योग दिनको १:५५ बजेसम्म उप्रान्त शुक्ल योग, कौलब करण प्रातः १०:३९ बजेसम्म उप्रान्त तैतिल करण, मिथुन राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | मार्गदर्शन (लाइभ) |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | नेपाल स्पेल बी (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | रजतपट (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | साझा सवाल (रिपिट) |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| ३:०० | नेपाल स्पेल बी (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | रजतपट (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | सुमनसँग |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | हवाट द फ्लप |
| १०:०० | सुमनसँग (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | सुमनसँग (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | हवाट द फ्लप (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (स्मीता) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | रेडियो टक (किरण) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (शुभराज) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (एलिसा) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १८:०० | मुक्तिको सन्देस |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्ट्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरू (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरू लगातार |
| ०३:०० | हिन्दी गीतहरू लगातार |
| ०४:०० | भजनहरू लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **दमकल** | |
| विराटनगर | ०२१-४२००० |
| इटहरी | ०२५-५८०१०१ |
| धरान | ०२५-५२०११९ |
| इनरुवा | ०२५-५६०१०१ |
| दमक | ०२३-५८०१०१ |
| भद्रपुर | ०२३-५१०१०१ |
| धनकुटा | ९८५२०६१२०१ |
| कोसी अञ्चल अस्पताल विराटनगर | ५३०१०३/५२४२३४ |
| मेची अञ्चल अस्पताल, भद्रपुर | ०२३-५२००२४ |
| वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | ०२५-५२५५५५ |
| रक्तसञ्चार केन्द्र, विराटनगर | ०२१-५२३३२६ |
| विराटनगर आँखा अस्पताल | ०२१-४३६३६० |
| रक्तसञ्चार केन्द्र, धरान | ०२५-५२०९६८ |
| **एम्बुलेन्स** | |
| विराटनगर सेन्ट्रल | ०२१-५३७००१ |
| लाइफगार्ड अस्पताल, विराटनगर | ९७४२०४२३३३ |
| दुहबी जेसिज, सुनसरी | ०२५-५४०४३५ |
| शव बाहन, विराटनगर | ०२१-५२५८७४ |
| **प्रहरी** | |
| जिल्ला प्रहरी कार्यालय, मोरङ | १००/९८५२०२६७५० |
| इलाका प्रहरी कार्यालय, उर्लाबारी | ५४०९९०/९८५२०९०१३६ |
| इलाका प्रहरी कार्यालय, रंगेली | ५८०१३०/९८५२०९०१४४ |
| क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी | ०२५-५८०१०५/९८५२०९०१६१/१०३ |

**काठमाडौंका महत्त्वपूर्ण नम्बर**

| | |
|---|---|
| वीर अस्पताल | ४२२११९८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७७६६, ४२१७७५५ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# आफ्नै छोरी चिन्दिनन् आमा

■ **विनु तिम्सिना** (विराटनगर)

आमाभन्दा प्यारो सम्बन्ध अरू कोसँग होला ? अझ नवजात शिशु र बालबालिकाहरू त आमाबाहेक खासै अरूको काखमा जान समेत मान्दैनन् तर विराटनगरस्थित मानव सेवा आश्रममा उद्धार गरेर ल्याइएकी १० महिने शिशु सुम्निमालाई भोजपुर घर भएकी ३० वर्षीया शिवकुमारी राई चिन्दिनन् ।

आश्रममा दुवै आमाछोरी बस्दै आएका छन् । न त आमा छोरीप्रति स्नेह देखाउँछिन् न त छोरी नै आमाको काख खोज्छिन् । बरु सुम्निमा आश्रममै बस्दै आएकी मिलनरानो दाससँग खेल्ने रमाउने गर्छिन् । 'छोरी भनेर न त आमा काखमा लिन्छिन् न त छोरी नै उनीसँग मान्छिन्,' आश्रमका स्वयंसेवक नवराज केसीले भने, 'आफ्नी आमासँग भन्दा आश्रममै बस्दै आएकी मिलन रानोसँग बढी नजिक छिन् नानी ।'

मिलन रानो पनि मानसिक रोगी नै हुन् तर पनि उनी सुम्निमालाई निकै माया गर्छिन् । 'आफ्नै छोरीलाई जस्तै माया गर्नुहुन्छ दास दिदीले,' केसीले भने, 'एकैछिन छाड्न मान्नुहुन्न । दिउँसो त हामी पनि उहाँलाई नै दिन्छौं सुम्निमा तर राति भने मानसिक बिरामीको जिम्मामा दिँदा केही होला कि भन्ने डरले हामी आफैं राख्छौं नानीलाई ।'

भोजपुरको आमतेककी राई लामो समयदेखि मानसिक रोगबाट ग्रसित थिइन् । परिवारमा समेत अपांग दाजुबाहेक अरू कोही नभएपछि उनी भौतारिएर हिंड्ने गर्थिन् । धनकुटामा सामूहिक बलात्कारमा परेपछि उनी झन् अर्धचेत नै बनिन् । बलात्कारपछि जसोतसो भोजपुर पुगेकी उनले अर्धचेत अवस्थामा घरैमा छोरी जन्माएकी हुन् ।

बलात्कारबाट जन्मेकी छोरीसहित मानव सेवा आश्रमले भदौमा उनलाई उद्धार गरेर विराटनगर ल्याएको हो । सुम्निमाले नामसमेत मानव सेवा आश्रममै आएर पाइन् । 'सुम्निमालाई कोकलेको बच्चो भन्नुहुन्छ शिवकुमारी दिदी,' केसी भन्छन् ।

शिवकुमारी सबओभरसियरकी विद्यार्थी हुन् । पढ्दापढ्दै मानसिक अन्तुलन गुमाएकी उनको उद्धारका लागि छिमेकीहरूले २०७० सालमै पहल गरेको मानव सेवा आश्रमले बताए । त्यसबेला मानव सेवा आश्रम हेटौंडामा मात्रै सीमित भएकाले उद्धार गर्न भोजपुर जान सक्ने अवस्था नरहेकाले आफूहरूले आश्रमसम्म ल्याइदिन आग्रह गरेको उनले बताए ।

उनको उद्धारको पहल भइरहेकै बेला उनी घर छाडेर बेपत्ता बनिन् । 'उनी घर छाडेर हिंडेकाले उद्धार गर्दिनुस् भन्ने उनका छिमेकीहरू पनि सम्पर्कमा आएनन्,' केसीले भने, 'हेटौंडादेखि उद्धार गर्न भोजपुर जान हाम्रो पनि स्रोतसाधनले भ्याएन, त्यसैले त्यो बेला उनको उद्धार गर्न सकिएन ।'

मानसिक अवस्था ठीक नभएपछि उनी धेरै ठाउँ भौंतारिएर हिंडिन् । धनकुटामा सामूहिक बलात्कारमा पनि परिन् । बलात्कारपछि जन्मिएकी छोरीलाई कहिले जंगलमा छाड्ने, कहिले भोकै राख्ने गरेको देखेर स्थानीयहरूले मानव सेवा आश्रममा सम्पर्क गरेपछि आफूहरूले उद्धार गरेर ल्याएको बताए । आश्रममा ल्याएपछि पनि उनले आफ्नी छोरीलाई चिन्न सकेकी छैनन् ।

एक महिनाअघि सामाजिक विकास मन्त्रालयले उद्धार गरेर मानव सेवा आश्रमको जिम्मा लगाएको मोरङ रतुवामाई नगरपालिका ८ दाम्राभिट्टाका ४६ वर्षीय दिनेश तिम्सिनामा सुधार आइरहेको छ । विगत ३० वर्षदेखि मानसिक सन्तुलन गुमाएका उनी उपचार अभावमा डोरीले बाँधिएर जीवन बिताइरहेका थिए । सानैमा बुबा बितेको र आमा सुस्त श्रवणशक्ति भएका कारण उनको समयमा उपचार हुन नसक्दा उनले बन्दी जीवन जिउनुपरेको थियो ।

तिम्सिना सुरुका दिनमा पढाइमा निक्कै अब्बल थिए । झापाको जुरोपानीमा रहेका मावलीमा बसेर पढ्ने उनी एसएलसीमा फेल भएपछि भने मानसिक रूपमा विक्षिप्त बनेका थिए । समयमै उपचार नपाउँदा उनी लामो समयदेखि साङ्लामा बाँधिएर बस्न बाध्य थिए । बसेकै ठाउँमा दिसापिसाब गर्ने उनी मानव सेवा आश्रममा नियमित उपचार र औषधि सेवनबाट शौचालय जान सक्ने भएको बताए ।

उनीहरूसहित हाल आश्रम विराटनगरमा १६ जना मानसिक रोगी बस्दै आएका छन् । मानसिक रोग विशेषज्ञ डा. निमेष राजभण्डारीले उनीहरूको नियमित जाँच गरिरहेका छन् । कोही पनि सडकमा बस्नु नपरोस्, खासगरी मानसिक सन्तुलन गुमाएर परिवार र समाजबाट अपहेलित भई सडकमा जीवन गुजारा गर्नु नपरोस् भन्ने उद्देश्यले हेटांडाबाट सुरु भएको मानव सेवा आश्रम हाल सात वटा प्रदेशको १३ वटा जिल्लामा विस्तार गरिएको छ ।

आश्रमले हालसम्म ६ सय ५० जना मानसिक रोगीलाई उपचारपछि परिवारमा पुनर्मिलन गराएको केसीले बताए । आश्रमले विभिन्न जिल्लामा हाल ८ सय जनालाई सेवा दिइरहेको उनले बताए साथै एक सय ५० जनालाई आश्रममा अल्पकालिक सेवा दिइरहेको उनले जनाए ।



आश्रममै बस्दै आएकी मिलन रानो दाससँग खेल्दै शिवकुमारी राईकी छोरी सुम्निमा । *तस्बिर : विनु/कान्तिपुर*



म्याग्दीको बेनीस्थित माउन्ट एभरेस्ट आवासीय माध्यमिक विद्यालयका १८ जना छात्रासहित ३६ जना विद्यार्थी नेपाली सेना मातहतको श्री राष्ट्रिय सेवा दल मध्य तालिम शिक्षालय हात्तीखोर, नवलपुरमा राष्ट्रिय सेवा दल जुनियर डिभिजन तालिममा सहभागी हुन जाने तयारीमा । *तस्बिर : घनश्याम खड्का/कान्तिपुर*

# ११ महिनामा २० को हत्या

## धेरैजसो घटनामा आरोपित आफन्त नै छन्, कतिपय पक्राउपछि पुर्पक्षका लागि थुनामा छन् भने कतिपय फरार रहेकाले प्रहरीको खोजी सूचीमा छन्

■ **अवधेशकुमार झा** (राजविराज)

सप्तरीमा पछिल्लो ११ महिनामा २० जनाको हत्या भएको छ । मानव अधिकार दिवसका अवसरमा राजविराजमा इन्सेकले सार्वजनिक गरेको प्रतिवेदनमा हत्याका अधिकांश घटनाका आरोपीलाई प्रहरीले पक्राउ गर्न नसकेको उल्लेख छ ।

सुरुंगा नगरपालिका-६ कडरबोनाका ३० वर्षीय दीपेन्द्र चौधरीको ०७५ माघ ९ मा रुपनी-१ मा प्रहरीको गोली लागेर मृत्यु भएको थियो । प्रहरीमाथि गोली चलाउँदा गरिएको जवाफी कारबाहीमा उनको मृत्यु भएको प्रहरीले जनाएको थियो । चौधरीका परिवारले भने नियन्त्रणमा लिएर प्रहरीले उनको हत्या गरेको आरोप लगाउँदै आएको छ ।

बलान बिहुल गाउँपालिका-४ बेल्हीकी १६ वर्षीया सरिताकुमारी बडहीको गत माघ १४ मा हत्या भएको थियो । पक्राउ परेका आरोपित उनका बुबा तुरुन्तलाल फागुन ११ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छन् । अर्का आरोपित आमा ४३ वर्षीया पवनदेवी बडही फरार छिन् ।

खडक नगरपालिका-५ खरचुहियाका ७५ वर्षीय सबुरी साह र उनकी पत्नी ६५ वर्षीया बेचनीदेवी साहको शव डढेको अवस्थामा गत फागुन १४ मा फेला परेको थियो । दुवैको हत्यापछि शव डढाइएको शंका गरे पनि घटनामा संलग्नको अझैसम्म पहिचान भइसकेको छैन । डाकनेश्वरी नगरपालिका-३ तरहीकी ३५ वर्षीया ललितादेवी साहको ०७५ माघ १२ मा हत्या भयो । आरोपित ससुरा ६८ वर्षीय रामदेव साहलाई वैशाख १९ मा प्रहरीले पक्राउ गरयो । जेठ १५ मा पुर्पक्षका लागि तारेखमा रिहा भए । फरार भनिएका आरोपित पति ४० वर्षीय शंकर साह र देवर ३५ वर्षीय राजकुमार भनिने राजीवप्रसाद साह प्रहरीको खोजी सूचीमा छन् ।

हनुमाननगर-कंकालिनी नगरपालिका-१४ का ६५ वर्षीय जगदीश रामको गत वैशाख २१ मा हत्या भयो । उनकै माइला छोरा ३२ वर्षीय देवकुमारले हत्या गरेको किटानी जाहेरी पर्‍यो । आरोपित अझैसम्म फरार छन् । तिरहुत गाउँपालिका-२ गोइठी घर भई राजविराजको पिस जोन मोडेल स्कुलमा पढाउने २५ वर्षीय भट्टराई भनिने जयकृष्ण बिराजीलाई असार ९ को राति राजविराज-७ खर्साल टोलमा आठ जनाको समूहले कुटपिट गरेको थियो । उनको असार ११ मृत्यु भयो । घटनामा संलग्न भनिएका कोही पनि पक्राउ परेका छैनन् । सुरुंगा-१ चहकाकी ६४ वर्षीया धनमाया पुलामीलाई असार १९ मा उनकै छोरा ३४ वर्षीय रिठ्ठे भनिने जंगबहादुरले हत्या गरे । पक्राउपछि उनी साउन ९ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छन् ।

सिरहाको गोलबजार नपा-९ चन्द्रोदयपुरका १२ वर्षीय मोहमद तरिक शेख, ३ वर्षीय आसिलम शेख र २ वर्षीया आजमिन खातुन असार २० मा मृत फेला परे । हत्या गरेको आरोपमा पक्राउ गरिएकी आमा ३५ वर्षीया रुक्साना खातुन साउन १५ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छिन् । आत्महत्याको दुरुत्साहनको अभियोगमा पक्राउ परेका उनका पति तैयव राइनलाई जिल्ला अदालतले ७० हजार धरौटी लिई तारेखमा रिहा गरेको छ । रुक्साना बच्चाहरू लिएर कोसी ब्यारेजमा हाम फालेकी थिइन् । उनी बाँचिन, छोराछोरीको मृत्यु भएको थियो ।

हनुमाननगरकी २५ वर्षीया हीरादेवी मण्डल झुन्डिएको अवस्थामा फेला परिन् । गत असार २७ को साँझ उनका पति बैजनाथ मण्डल, ससुरा उमा मण्डल र सासू लक्ष्मीदेवी मण्डलले हत्या गरेर आत्महत्या देखाउन पासोमा झुन्ड्याइएको भन्दै पिता विष्णुपुर गापा-४ सिम्राहा सिग्यौनका बुधाइ मण्डलले असार २९ मा प्रहरीमा उजुरी दिए । दाहसंस्कारका लागि शव लैजाने क्रममा विवाद भएपछि बैजनाथलाई प्रहरीले नियन्त्रणमा लिएको थियो । उजुरी प्रहरीले दर्ता नगरी बैजनाथलाई त्यसै छाडेको आरोप हीरादेवीका माइती पक्षले लगाउँदै आए पनि आरोपितले हत्या नभई आत्महत्या गरेको बताउँदै आएका छन् । मधुपट्टी कनकपुरकी १८ वर्षीया पुनम यादवलाई असार ३० मा उनका पति २० वर्षीय सतीशकुमार यादव, ससुरा रामसिमृत, सासू रामसखी र जेठानी किरणले हत्या गरेको भन्दै दाजुले साउन २ मा इलाका प्रहरी कार्यालय कडरबोनामा उजुरी दिए । प्रहरीले साउन १३ मा सतीशलाई पक्राउ गर्‍यो । पीडितले विष सेवन गरी आत्महत्या गरेको बताउँदै आएका सतीश एक लाख धरौटीमा रिहा भए ।

अग्निसाइर कृष्णसवरण गापा-३ हरिहरपुरकी १९ वर्षीया गर्भवती रञ्जुदेवी यादवलाई साउन ५ मा हत्या गरेको आरोपमा घटनाको दुई सातापछि सासू लीलादेवी र ससुरा महेन्द्र यादव पक्राउ परे । दुवै पुर्पक्षका लागि थुनामा छन् । डाकनेश्वरी नपा-१ कविलासाकी २७ वर्षीया कञ्चनकुमारी यादवको साउन १८ मा हत्या भयो । पक्राउ परेका पति अरविन्दकुमार यादव भदौ २३ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छन् । अन्य आरोपित पाँचजना पक्राउ परेका छैनन् । कञ्चनलाई हत्यापछि आत्महत्या देखाउन झुन्ड्याएको माइती पक्षको आरोप छ ।

बोदे बर्साइन नपा-४ की १९ वर्षीया अम्बिकाकुमारी साहलाई असोज १९ मा पति रामचन्द्र साह, देवर रामप्रसाद र सासू किसनीदेवीले पासोमा झुन्ड्याई हत्या गरेको भन्दै पिता शम्भुनाथ नपा-१२ कुशहाका चन्द्रकान्त साहले प्रहरीमा उजुरी दिए । प्रहरीले रामचन्द्र र रामप्रसादलाई असोज १९ मा पक्राउ गरे अभद्र व्यवहारको उजुरी दर्ता गरी कारबाही थाल्यो । महादेवा गापा-१ पकरी कुजराही टोलका ६२ वर्षीय मोहमद गफुर पमरियालाई असोज १९ मा पत्नी जमुनी खातुन र छोरा नइम पमरियाले हत्या गरेको भन्दै भाइ इसराइल पमरियाले प्रहरीमा उजुरी दिए । अदालतको आदेशमा जमुनी साधारण तारेखमा रिहा भइन् भने कात्तिक २० देखि नइम पुर्पक्षका लागि राजविराज कारागारमा छन् ।

बोदे बर्साइन नपा- ७ मानराजा बगबिराकी २५ वर्षीया राजोदवी यादवलाई असोज २६ मा पति विष्णुदेव यादव, उनकी जेठी पत्नी उषादेवी र विष्णुदेवका भतिजीबुहारी ममतादेवी यादवलगायतले हत्या गरेको भन्दै पिता सत्यनारायण यादवले प्रहरीमा उजुरी दिए । विष्णुदेवले विष खाएर सिकिस्त राजोदेवीको उपचारको प्रयास गर्दा गर्दै मृत्यु भएको बताएका छन् । कञ्चनरूप नपा-५ पिप्रा टोलका २३ वर्षीय अजयकुमार मुखियालाई कात्तिक १ राती सोही ठाउँका श्रीलाल सरदार, उनका छोरा विजय सरदार र बबरी भनिने रमेश सरदारलगायतले हत्या गरेको भन्दै पिता जनक मुखियाले प्रहरीमा उजुरी दिए । श्रीलाल र विजय पक्राउ परे, रमेश फरार छन् । अग्निसाइर कृष्णासवरन गापा-१ स्थित मुस्लिम टोलकी ३६ वर्षीया बुलु खातुनको कात्तिक १२ गते अपरिचित व्यक्तिबाट हत्या भएको भन्दै पति इनुस मियाँले कात्तिक १८ मा प्रहरीमा उजुरी दिए । घाँस काट्न निस्किएकी बुलुको शव महुली खोलाको पश्चिम कुलोमा कात्तिक १६ सडेगलेको अवस्थामा फेला परेको थियो । घटनाका आरोपितको पहिचान हुन सकेको छैन ।

राजविराज नपा-२ तेतरी गाछीकी १८ वर्षीया कोमल साफीको मंसिर ४ मा हत्या गरिएको शंकास्पद अवस्थामा घरमै शव फेला पर्‍यो । घरमा एक्लै रहेको अवस्थामा कोठाभित्र बिछ्यौनामा मृत अवस्थामा फेला परेकी साफीको घाँटीमा निलडाम थियो । घटनाको रहस्य खुलेको छैन ।

खडक नपा- १० का १५ वर्षीय सागर सरदारको मंसिर ८ मा हत्या गरेको आरोपमा स्थानीय शिवनारायण साह र ६ जना बालकलाई इलाका प्रहरी कार्यालय कल्याणपुरले नियन्त्रणमा लियो । उनीहरूविरुद्ध कर्तव्य ज्यानको उजुरी दर्ता गरेको छ । मंसिर ९ मा ७५ वर्षीया अनुरागीदेवी राजविराज नपा-६ मा कान्छा छोरा विनोद दासको घरमा मृत फेला परिन् । नाति दीपेन्द्र दासको उजुरीमा प्रहरीले शव पोस्टमार्टमका लागि धरानको बीपी प्रतिष्ठान पठाएको थियो । हत्या भएको र प्रहरीलाई जानकारी नदिई दाहसंस्कार गर्न थालेको भन्दै उजुरी परेको थियो । विनोदले भने मानसिक रोगी आमा कुर्सीमा चढेर छतमा उक्लिँदा लडेर मृत्यु भएको बताएका छन् ।

अधिकारकर्मी मनोहर पोखरेलले जिल्लामा भएका यी हत्याका घटनामध्ये अधिकांशका आरोपी फरार रहेको, केही घटनालाई आत्महत्याको रूप दिइएको भए पनि प्रहरी अनुसन्धानले प्रस्ट पार्न नसकेकाले जिल्लामा दण्डहीनताले प्रश्रय पाउँदै गएको आरोप लगाए ।

## अनुसन्धानमा सीआईबी टोली

कपिलवस्तु (कास)- यहाँको पूर्व-पश्चिम राजमार्गस्थित बुद्धभूमि नगरपालिका-२ गोरुसिंगेमा भएको एक जनाको हत्याको अनुसन्धान प्रहरीका लागि चुनौति भएको छ । गत मंसिर १३ मा धनराज पौडेलको शव विभत्स रुपमा हत्या गरिएको अवस्थामा फेला परेको थियो । घटनाको दुई साता हुन लाग्दा पनि पनि संलग्नका बारेका तथ्यप्रमाण बाहिर आउन नसकेपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोको टोली जिल्ला आएको छ ।

सीआईबीका निरीक्षकको नेतृत्वमा तीन सदस्यीय टोली जिल्ला आएको हो । उनीहरूले अनुसन्धान थालेका छन् । यसअघि उक्त घटनाको छानबिन गर्न ईप्रका गोरुसिंगेका निरीक्षक सुभाष खड्काको नेतृत्वमा अनुसन्धान टोली गठन भएको थियो । अहिले दुवै टोलीले आआफ्नो तरिकाले अनुसन्धान गरिरहेको बताएका छन् ।

सीआईबी टोलीले घटनास्थलको निरीक्षण, परिवार, आफन्त र छिमेकीसँग सोधपुछ गरेको प्रहरी स्रोतले जनाएको छ । उनीहरूले घटनाको प्रकृति र अवस्था, श्रीमान्/श्रीमतीको सम्बन्ध र घटनाका अन्य कुरालाई जोडेर अध्ययन थालेका छन् । हत्या आरोपमा मृतककी बुहारी लक्ष्मी पौडेल पक्राउ परेकी छन् । उनमाथि अदालतबाट म्याद थप गरेर अनुसन्धान भइरहेको छ । उनले घटनामा आफू संलग्न नरहेको बताउँदै आएकी छन् । पौडेल आफ्नै घरको कोठामा मृत अवस्थामा फेला परेका थिए ।

मंसिर १३ गते दिउँसो हत्या भए पनि प्रहरीले साँझ ७ बजे मात्र घटनाबारे थाहा पाएको थियो । हत्या लक्ष्मीले नै गरेको मृतकका परिवारको आरोप छ । घटनाका बेला दुबईमा रहेका मृतकका छोरा शंकरले बुबाको हत्या श्रीमतीको संलग्नता हुन सक्ने आरोप लगाए । घटना थाहा पाएर घर फर्केका उनले श्रीमतीले आफूसँग निहुँ खोज्ने र दिनहुँ झैझगडा गरिरहने गरेको गुनासो गरे ।

परिवारका अनुसार घटनाका दिन लक्ष्मी र मृतक पौडेल घरमै थिए । धारिलो हतियार प्रयोग गरेर पौडेलको हत्या भएको छ । प्रयोग गरिएको हतियारको फिङ्गर प्रिन्ट परीक्षणका लागि काठमाडौं पठाइएको छ । उनको शव क्षतविक्षत अवस्थामा थियो । हत्यापछि लक्ष्मीले नै ससुरा हराएको र घरमा चोर आएको विषयमा प्रहरीमा जानकारी गराएकी थिइन् । मृतकका आफन्तले गरेको फोन नलागेपछि खैलाबैला मच्चिएको थियो । खोजबिन गर्दा पौडेल घरकै टीभी कोठामा वीभत्स हत्या गरिएको अवस्थामा भेटिएका थिए । शवलाई सिरक, ब्ल्याङ्केट ओढाइएको थियो । त्यही कपडाका बीचमा बुहारी लक्ष्मीको मोबाइलसमेत भेटिएको थियो ।

मंसिर १२ गते काठमाडौं जान हिँडेकी लक्ष्मी गोरुसिंगेमा रहेको एक होटलमा अर्केका नाममा कोठा बुक गरेर बसेको भेटिएको छ । उनी होटलमा बस्दा अपरिचित पुरुष आएर भेटघाट गरेको बताइएको छ । ती पुरुषले लक्ष्मीका दुई वर्षीय छोरालाई समेत होटलमा ल्याएका थिए । स्टाफ नर्स पढेकी लक्ष्मीसँग पैसाका विषयमा श्रीमान् र परिवारसँग बारम्बार किचलो हुने गरेको थियो । छिमेकीहरूले घटनामा लक्ष्मीकै प्रत्यक्ष संलग्नता रहेको बताए । पौडेलको घाँटी, टाउको, पेट र शरीरका विभिन्न भागमा गम्भीर चोट थियो । उनी अर्घाखाँचीबाट बसाइँ सरेर गोरुसिंगे आएका हुन् । उनी हराएको भन्ने सूचनाका आधारमा प्रहरीले खोजबिन गर्दा कोठामा मृत अवस्थामा फेला परेका थिए । 'अनुसन्धान जारी छ,' प्रहरी प्रवक्ता सुनिल मल्लले भने, 'छिट्टै परिणाम निस्किने अपेक्षा गरेका छौं ।'

# अहेबले गरेको ठगी अनुसन्धानमा

रौतहट (कास)- बलात्कार आरोपमा पक्राउ परेका यहाँका एक अहेबले खोलेको क्लिनिक अवैध भएको खुलेको छ । सदरमुकाम गौरमा रहेको रवि डेन्टल क्लिनिक अवैध भएको पाइएको हो । अहेब भए पनि 'एमडीएस डाक्टर' बोर्डमा लेखेर बिरामी ठगेको पाइएको प्रहरीले जनाएको छ ।

चितवनबाट रौतहटको सदरमुकाम गौर घुम्न आएकी ३० वर्षीया एक महिलालाई बलात्कार गरेको आरोपमा यमुनामाई नगरपालिकाको हेल्थपोस्टमा कार्यरत अहेब सुधीरकुमार सिंह पक्राउ परेका थिए । उनले गौरमा सञ्चालन गरेको डेन्टल क्लिनिक अवैध भएको खुलेको हो । बलात्कार आरोपमा पक्राउ परेपछि जबर्जस्ती करणीको मुद्दा चलाई अनुसन्धान गर्ने क्रममा सिंहले अनधिकृत रूपमा डाक्टर लेखेर अवैध क्लिनिक सञ्चालन गरेको प्रहरीले फेला पारेको हो । बोर्डमा डा. सुधीरकुमार सिंह बीडीएस दरभंगा, एमडीएस फिलिपिन्स लेखेको पाइएको प्रहरीले जनाएको छ । सिंहले बिरामीलाई औषधि लेख्ने गरेको पुर्जीमा पनि डा. सुधीर, डेन्टल सर्जन दरभंगा लेखेका छन् ।

'अहेबले आफूलाई डाक्टर भनेर क्लिनिक चलाएको भेटियो,' डीएसपी नवीन कार्कीले भने, 'सिंहले लेखेका डिग्री सबै नक्कली भएको खुलेको छ । थप अनुसन्धान हुँदै छ ।' आफूलाई चरम यातना दिएर बलात्कार गरेको भन्दै महिलाले सिंहविरुद्ध किटानी जाहेरी दिएपछि प्रहरीले पक्राउ गरेको थियो । उक्त मुद्दा अघि बढाउन अनुसन्धान थालेपछि उनले बिरामीलाई ठगी गरिरहेको फेला परेको हो । सिंहले सात वर्षदेखि बिरामी ठग्दै आएको खुलेको छ ।

# गन्तव्यमा पुर्‍याउनै सकिएन पर्यटक

■ **आनन्द गौतम** (ताप्लेजुङ)

ठूलो लागतमा रिसोर्ट बनाइरहँदा फुङलिङ-२ मेवाखोला हिल रिसोर्टका सञ्चालक सुरेश लिम्बूलाई पाहुना आउँछन्, बस्छन्, खान्छन् र फाइदा पक्कै हुन्छ जस्तो लाग्थ्यो । अहिले होटलमा आएका पाहुनालाई घुमाउन कहाँ लैजाने भन्ने चिन्ता थपिएको छ ।

उनीकहाँ आएका ८० प्रतिशतले घुम्न जाने ठाउँ कहाँ हो भनेर सोध्ने गरेका छन् । 'सुकेटार, सिद्धिडाँडा, भिन्तुना डाँडा देखाउँछु,' लिम्बू भन्छन्, 'यी तीनै ठाउँ दुई तीन घण्टामा घुमिने भएकाले अब जाने कहाँ हो भनेर सोध्छन्, देखाउने ठाउँ छैन ।'

आफैंले गाडी चलाएर पाहुनालाई घुमाएर फर्कंदा पनि उनी असन्तुष्ट छन् । 'तीनै ठाउँमा पुग्दा आहा, भन्दै फोटो खिच्न थाल्छन्, तर भ्रमणको तिर्सनाचाहिँ पूरा हुँदैन,' लिम्बूले थपे, 'टाढा पठाउन सक्ने अवस्था छैन ।'

सुकेटारका ओमप्रकाश राईले सञ्चालनमा ल्याएको रिसोर्टमा पनि यस्तै छ । विमानस्थल क्षेत्रको सबैभन्दा उच्च डाँडो किनेर उनले रिसोर्ट बनाएका छन् । वरिपरि हरियालीका लागि सल्ला, लौठ सल्ला, धूपीजस्ता दर्जनौं वनस्पति हुर्काएका छन् । एकाध दिन बसिसकेपछि पाहुनाले उही प्रश्न गर्छन्- अब कहाँ जाने ?

दुवै व्यवसायीका अनुसार पर्यटकको चाहना दिनभर घुम्ने र बेलुका होटलमा आउने वा एक रात उतै बस्ने खालको हुन्छ । जिल्लामा घुम्ने थलो नभएका भने होइनन् । आउजाउ गर्न असजिलो र बास बस्ने ठाउँ छैनन् । 'बाह्रै महिना बग्ने फुङफुङे झरनाको सम्भाव्यता अध्ययन गर्‍यौं,' सुरेशले भने, 'तर होमस्टेको व्यवस्थापन नगरेसम्म पर्यटक पठाउन समस्या छ ।'

उद्योग वाणिज्य संघका अध्यक्ष तारानाथ घिमिरे स्थानीयलाई सहयोग गरेर भए पनि होमस्टे चलाउने योजना रहेको बताउँछन् । 'समुदायसँग कुरा भयो, उहाँहरू पनि तयार हुनुहुन्छ,' उनले भने, 'सबैका बारी बाँझो छन्, हरियोपरियो छैन, साग रोप्नेदेखि कोठा व्यवस्थापन गर्ने र तालिम दिनेसम्मको सहयोग गर्नु आवश्यक छ ।' यसका लागि संघ, पाथीभरा क्षेत्र विकास समिति र पाथीभरा देवी मन्दिर क्षेत्र संरक्षण तथा संवर्द्धन समितिले सहकार्य गरेका छन् । आफूले सकेको गर्ने र थप सहयोगका लागि गाउँपालिकालाई झकझक्याउने उनी बताउँछन् ।



नेपाल सरकारको एक सय पर्यटकीय गन्तव्यमध्येको एक ताप्लेजुङको फुङफुङे झरना । *तस्बिर : आनन्द/कान्तिपुर*

पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक मनमणि काफ्ले पाथीभरा आउने तीर्थयात्रीलाई एक/दुई दिन रोक्न नसक्नु चुनौती भएको बताउँछन् । 'झापाको बिर्तामोडबाट हिँडेको साँझ माथिल्लो फेदीमा बास बस्न पुग्छन्,' उनले भने, 'भोलिपल्ट बिहानै पूजा गरेर बिर्तामोड नै फर्कन्छन्, ताप्लेजुङ पाँचथर दुवै जिल्लामा बास बस्दैनन् ।' बसेनन् भन्दा पनि पर्यटकलाई राखेर आफ्नो गाउँठाउँ चिनाउन सकिएन भन्ने चिन्ता भएको उनको भनाइ छ । फुङलिङ नजिकै शिवको गुफा भएको मानिने सिद्धिडाँडा मन्दिर छ भने नजिकै पोखरी पनि छ । भिन्तुनाडाँडामा घुन्सा हेलिकप्टर दुर्घटनामा परेका संरक्षणविद्को सालिक राखिएको छ । यहाँबाट ताप्लेजुङका अधिकांश स्थान देख्न सकिन्छ ।

फुङफुङे र इलाडाँडा झरना जाने सडकले जोडिए पर्यटकले दुई दिनसम्म थप घुम्न पाउँछन् । मोटरबाटो पुग्नै लागेको फुङफुङेमा सदरमुकामबाट दिउँसो १ बजे हिंडे बेलुका पुगिन्छ । यहाँ लोकल कुखुरा, तोङ्बा, राँगाको सुकुटी, गुन्द्रुक, मकैको भात खान पाइन्छ । बस्नका लागि ३२ वटा घर रहेको गाउँपालिका अध्यक्ष रामकुमार साँवा बताउँछन् ।

लिम्बू समुदायको मात्रै बसोबास भएकाले संस्कृति पनि अवलोकन गर्न पाइन्छ । भ्रमण वर्षअघि नै होमस्टे थालेर भारत र चीनबाट आएका पर्यटकलाई घुमाउन लैजाने उद्देश्यले योजना पनि बनेको छ । जिल्लाले फागुन ९ देखि १३ गतेसम्म गर्ने पाथीभरा म्याराथन तथा मेची पर्यटन महोत्सवमा ती स्थानलाई गन्तव्यस्थल बनाउने उद्देश्य राखिएको घिमिरेले बताए ।

आकर्षक गन्तव्य भए पनि तिम्बुङ पोखरी टाढा भएकाले कसरी जोड्ने भन्ने चिन्ता व्यवसायीको छ । 'तीन दिनसम्म हिंड्नुपर्दा बाहिरका मान्छे थाक्छन्,' लिम्बूले भने, 'सररर गाडीमा जाने फिर्ने चाहना राख्छन्, तर हाम्रोमा सडककै छैन ।' सिदिङ्वा गाउँपालिका अध्यक्ष नरबहादुर कडरियाका अनुसार यहाँ यातायात पुग्न दुई/चार वर्षै लाग्छ । बाटै नभएकाले अहिलेको जोड पैदलमार्गमा बनाउनेमा छ । जिल्लाका पाथीभरा, फुङफुङे र तिम्बुङ पोखरीलाई नेपालका सय पर्यटकीय गन्तव्यमा समेटिएको छ । सांसद तथा पर्यटनमन्त्री योगेश भट्टराईले यी ठाउँका लागि निर्वाचन क्षेत्र कोषबाट रकम विनियोजन गरेका छन । तिम्बुङ पोखरीमा अघिल्लो वर्ष संस्कृति मन्त्रालयले ५० लाख रुपैयाँ बजेट पनि विनियोजन गरेको थियो ।

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २९१ जनकपुर | २६ मंसिर २०७६ बिहीबार मार्ग शुक्लपक्ष पूर्णिमा | नेपाल संवत् ११४० | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, December 12, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ



**खेलाडीको सम्मान**

प्रधानमन्त्रीद्वारा पुरस्कार घोषणा

- स्वर्णलाई ९ लाख
- रजतलाई ६ लाख
- कांस्यलाई ३ लाख
- एकभन्दा बढी स्वर्ण जित्नेलाई ११ लाखका दरले
- समूहमा स्वर्ण जितेका प्रत्येकलाई ५/५ लाख

पृष्ठ १६



**किम्फ सुरु**
३९ देशका ७९ फिल्म । ९

# ३० हजार टाकामा भित्रिन्छन् रोहिंग्या

## गिरोहले नै बंगलादेशबाट रोहिंग्यालाई नेपाल ल्याइरहेको गृह मन्त्रालयको अध्ययनले देखाएको छ

**मकर श्रेष्ठ** (काठमाडौं)

अन्सर मोहम्मद र हुसेन हमिद म्यानमारबाट विस्थापित भएर बंगलादेशमा शरणार्थी जीवन बिताइरहेका थिए । नेपालमा संयुक्त राष्ट्रसंघीय शरणार्थीसम्बन्धी उच्च आयोग (यूएनएचसीआर) बाट शरणार्थीको मान्यता पाइन्छ भन्ने उनीहरूले सुने । त्यसपछि नेपाल छिर्न एजेन्टलाई ३० हजार बंगाली टाका (करिब ४० हजार रुपैयाँ) बुझाए । सात महिनाअघि काठमाडौं आइपुगेका उनीहरू बूढानीलकण्ठ नगरपालिका-११ स्थित राममन्दिर नजिकै टहरामा बसिरहेका छन् ।

मोहम्मद र हमिद दुवै रोहिंग्या समुदायका हुन् । उनीहरूले यहाँ आएपछि यूएनएचसीआरमा शरणार्थीको पहिचान माग्दै निवेदन पनि दिएका छन् । तर नाम दर्ता भइसकेको छैन । उनीहरू जसरी नै बंगलादेशबाट भारत हुँदै काठमाडौं आइपुगेर राममन्दिर नजिकैका टहरामा बसिरहेका रोहिंग्या अरू १ सय ७१ जना छन् । रोहिंग्या बूढानीलकण्ठकै लसुनेटार र काभ्रेको पनौतीमा समेत गरी ३ सय ७८ जना छन् ।

रोहिंग्यालाई यहाँ ल्याउन र बस्ने ठाउँ मिलाउन गिरोह नै सक्रिय रहेको गृह मन्त्रालयको ठम्याइ छ । 'पछिल्लो समय मौलाना जुबेर नाम गरेका व्यक्तिले ३० हजार टाका लिएर रोहिंग्यालाई नेपाल ल्याउने गरेको पाएका छौं,' नेपाल प्रहरीका एक डीआईजीले भने, 'यसमा काठमाडौंमै रहेका मोहमद ऐसुप, मोहमद आयास र जाफर मियाँ पनि सक्रिय रहेको पाएका छौं ।' उनीहरू विस्थापित रोहिंग्याका अगुवा हुन् । उनीहरूकै कारण आप्रवासी बढेको गृह मन्त्रालयको ठहर छ । गृहसचिव प्रेम राईले उनीहरूमाथि निगरानी बढाएको जानकारी दिए ।



रोहिंग्याहरूले काठमाडौंको बूढानीलकण्ठ नगरपालिका-११ राममन्दिर क्षेत्रमा बस्नका लागि बनाइरहेका टहरा । *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*

'हामीले रोहिंग्याका विषयमा भर्खरै अध्ययन गरेका थियौं, केही व्यक्तिले उनीहरूलाई ल्याउने गरेको पायौं,' उनले भने, 'सीमामा कडाइ गरेका छौं ।' गृहले गठन गरेको कार्यदलका एक सदस्यले पनि गिरोहले पैसा लिएर रोहिंग्यालाई नेपाल भित्र्याइरहेको पाइएको बताए । 'मौलना जुबेर रोहिंग्यासँग ३० हजार टाका लिई नेपालमा ल्याउने गर्दा रहेछन् । ऐसुप रोहिंग्यालाई ओसारपसार गर्न र जग्गा भाडामा लिनेलगायत काममा संलग्न छन्,' उनले भने, 'जाफर मियाँले पनि बंगलादेशमा रहेका आफन्त र चिनजानका व्यक्तिलाई नेपाल भित्र्याएको पाइएको छ ।'

रोहिंग्या अध्ययन गर्न गृह मन्त्रालयले गत कात्तिक २४ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटवालको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गरेको थियो । कार्यदलमा महानगरीय प्रहरीका प्रहरी नायब उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका प्रहरी नायब उपरीक्षक, गृह मन्त्रालयको शाखा अधिकृत र जिल्ला प्रशासन कार्यालय काठमाडौंका शाखा अधिकृत सदस्य थिए । बाँकी पृष्ठ १४

**आईसीजेमा सुचीले भनिन्-**



'रोहिंग्यामाथि अत्याचार भएको छैन, सुरक्षित पुन:स्थापन गर्न म्यानमार प्रतिबद्ध छ'

पृष्ठ ८

**भित्र**

जेठोलाई स्कुल बसमा चढाउँदा चढाउँदै किचेर कान्छो छोराको मृत्यु

नयाँ निवासमा सरे प्रधानमन्त्री

हात्तीको आक्रमणबाट दुई महिलाको ज्यान गयो

'प्रि-सेन्डअप' मा पनि विद्यालयले शुल्क लिए

जाडो महिनामा पनि डेंगु संक्रमण उस्तै

प्रदेशले तोक्न सकेनन् नाम र राजधानी

**गजब छ बा !**
– अविन –




मन्त्रीज्यू ! मैले कति लाख पाउने भन्ने कुरो फाइनल भो ? छैन ?... सेमिफाइनल नि ?... अनि क्वाटरफाइनल नि ?...

हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि

# यसरी उम्कियो १७ बैंकबाट १७ करोड

**मातृका दाहाल** (काठमाडौं)

अन्तर्राष्ट्रिय आपराधिक गिरोहले अनलाइन ठगी र ह्याकिङबाट संकलित रकम नेपालका १७ वटा बैंकमार्फत विदेश पुर्‍याउने गरेको खुलेको छ । पार्सल आएको भन्दै प्रलोभन देखाएर ठगेको र वित्तीय संस्थाको सर्भर ह्याक गरेर जम्मा पारेको रकम गिरोहले स्थानीय एजेन्टमार्फत विभिन्न व्यक्तिका नाममा राखी बैंकबाटै उम्काइरहेको भेटिएको हो ।

अन्तर्राष्ट्रिय गिरोहमा संलग्न नाइजेरियाली नागरिक पिटर हर्मन र बेलायती नागरिक स्मिथ मोरिसले नेपाली सहयोगीसँग मिलेर १० वर्षदेखि यस्तो ठगी गरिरहेको प्रहरीले जनाएको छ । प्रहरीले मंगलबार पिटर र स्मिथका सहयोगी तीन नेपालीलाई पक्राउ गरेपछि ठगीको रहस्य बाहिर आएको हो । महानगरीय अपराध महाशाखाको टोलीले ठमेलमा रेस्टुरेन्ट सञ्चालन गर्दै आएका दोलखाका ५२ वर्षीय रमेश खड्का, नवलपरासी रामग्रामका ३७ वर्षीय विश्वेश्वरप्रसाद तिवारी र नवलपरासीकै मनी एक्सचेन्ज सञ्चालक १९ वर्षीय सन्दीप कलवारलाई पक्राउ गरेको थियो । प्रहरीले खड्कालाई काठमाडौंबाटै पक्रेको हो भने तिवारी र कलवार नवलपरासीबाट समातिएका हुन् । प्रहरी स्रोतका अनुसार १० सहयोगीसहित भारतमा बसेर अपराध सञ्जाल चलाइरहेका पिटरलाई पनि केही समयअघि भारतीय प्रहरीले पक्राउ गरिसकेको छ । बाँकी पृष्ठ १४




इन्फोग्राफिक्स : दीपेन्द्र कर्ण




# सुत्केरी अस्पतालमै 'बन्धक'

**अवधेशकुमार झा** (राजविराज)

उपचारबापतको ३ लाख ५० हजार रुपैयाँ बुझाउन नसक्दा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-८ तोपाकी ललितादेवी खंगले विराटनगरस्थित विराटनगर अस्पतालबाट डिस्चार्ज हुन पाएकी छैनन् । एकमहिने सुत्केरी ललिताका पति गोपीकुमारले रकम जोहो गर्न आफ्नो गाउँ र सदरमुकाममा भिख माग्न थालेका छन् ।

विराटनगरस्थित जनरल हस्पिटल एन्ड ट्रमा केयर सेन्टरमा दुई छोरी जन्माएपछि ललितालाई विराटनगर अस्पताल पुर्‍याइएको थियो । नवजात जुम्ल्याहामध्ये एकको मृत्यु भइसकेको छ भने अर्की शिशु तोपास्थित घरमा छिन् ।

ललिता दलित खत्वे समुदायकी हुन् । उनका पति गोपी मजदुरी गरेर जीविकोपार्जन गर्छन् । ललितालाई सुत्केरीका लागि गत कात्तिक २३ गते राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल लगिएको थियो । चार दिनपछि उनलाई विराटनगर रेफर गरिएको थियो । गोपीका अनुसार विराटनगरमा पहिले म्याक्स अस्पतालमा भर्ना गरियो । त्यहाँ एक दिन राखेपछि उपचार सम्भव नभएको अस्पतालले बतायो । त्यसपछि विराटनगरकै जनरल हस्पिटल एन्ड ट्रमा केयर सेन्टरमा लगियो । सेन्टरमा दुई छोरी जन्माएपछि ललितालाई थप उपचारका लागि विराटनगर अस्पताल प्रालिको आईसीयूमा भर्ना गरिएको थियो । ट्रमा सेन्टरको एनआईसीयूमा राखिएकै बेला दुई नवजात छोरीमध्ये एकको मृत्यु भएको गोपीले बताए । अर्की शिशु स्वस्थ छिन् ।

गोपीका अनुसार ट्रमा सेन्टरमा सुत्केरी गराउनेदेखि छोरीको उपचार खर्चसमेत गरी १ लाख ७४ हजार रुपैयाँ उनले बुझाएका थिए । ३२ हजार ७ सय ५० रुपैयाँ औषधिबापत खर्च भएको थियो । बाँकी पृष्ठ १४



जुम्ल्याहामध्ये एकको अस्पतालमा मृत्यु भएको थियो । अर्को शिशुलाई डिस्चार्जपछि घरमा अरूले नै स्याहारिरहेका छन् । अर्कै अस्पतालमा उपचार गराएकी आमा 'बन्धक' बनेकी छन् ।

## छोटकरी

### पेस्तोलसहित भारतीय पक्राउ

सर्लाही (कास)- जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने विष्णु गाउँपालिकाबाट मंगलबार साँझ पेस्तोलसहित एक भारतीय युवक पक्राउ परेका छन् । पक्राउ पर्नेमा भारत सितामढी जिल्ला मेजरगंज ग्राम पञ्चायत-१४ का २१ वर्षीय अजय सिंह छन् । भारतबाट नेपाल आउँदै गरेको बीआर३०यु९८९४ नम्बरको मोटरसाइकलमा शंका लागी चेकजाँच गर्दा सिंहको साथबाट एकथान नलकटुवा र सोको ३ राउन्ड गोली फेला परेको प्रहरीले जनाएको छ । हतियारसहित पक्राउ परेका सिंहको बारेमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

### बलात्कार आरोपमा वडाध्यक्ष पक्राउ

राजविराज (कास)- बलात्कार प्रयास गरेको आरोपमा सप्तरीको शम्भुनाथ नगरपालिका-१२ का वडाध्यक्ष लक्ष्मी साहलाई प्रहरीले नियन्त्रणमा लिएको छ । स्थानीय ३५ वर्षीया महिलाले आफूलाई गाउँकै कुखुरा फर्ममा १० दिनअघि वडाध्यक्ष साहले बलात्कारको प्रयास गरेको भन्दै उजुरी दिएपछि अनुसन्धानका लागि मंगलबार साहलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डीएसपी तिलक भारतीले जानकारी दिए । नियन्त्रणमा लिई वडाध्यक्ष साहलाई जिल्ला प्रहरी कार्यालय सप्तरीको हिरासतमा राखिएको र अनुसन्धान भइरहेको डीएसपी भारतीले बताए ।

### सीपले आत्मनिर्भर

पर्सा (कास)- वीरगन्ज महानगरपालिका ३१ कोनियाकी १६ वर्षीया अन्जली चौधरी खुसी छिन् । उनको ब्युटीपार्लर खोलेर आत्मनिर्भर बन्ने सपना पुरा हुन लागेको छ । युरोपियन युनियनको आर्थिक सहयोग तथा नेपाल ग्रामीण पुन निर्माण सस्थाद्वारा सञ्चालित किशोरी संवाद कार्यक्रमले उनलाई ब्युटी पार्लर सञ्चालन गर्न आवश्यक सामग्री उपलब्ध गराएपछि उनको उत्साह बढको छ । आफ्नो लेडिज टेलर खोल्ने सपना थियो गोदावरी संवाद समूहकी १७ बर्षिया सुजिता पञ्जियारको । उनको सपना पनि पूरा हुने भएको छ ।
किशोरी संवाद कार्यक्रमले महानगरका वडा २९, ३० र ३१ का आधा दर्जन किशोरीलाई आत्मनिर्भर बनाउन आवश्यक सामग्री उपलब्ध गराएको छ । मंगलबार र बुधबार गरी उनीहरुलाई घरमै पुगेर सामग्री वितरण गरिएको छ । सामग्री वितरण गर्दा अति गरिव, दलित, जनजाति, मुस्लिम तथा अपांगता भएका, बिद्यालय जानबाट बन्चित भएका तथा बालविवाह तथा बेचबिखनको उच्च जोखिममा रहेका किशोरीलाई प्राथमिकतामा राखिएको संवाद अधिकृत प्रकाश पाण्डे बताउँछन् । 'किशोरीहरूलाई बालविवाह तथा बेचबिखन हुनबाट बचाई आत्मनिर्भर बनाउने उदेश्यले टेलर, ब्युटीपार्लर, खाजानास्ता पसल र किराना पसल सञ्चालन गर्न आवश्यक सामग्री वितरण गरेका हौं,' उनले भने, 'यी सामग्रीको माध्यमले उनीहरूलाई आत्मनिर्भर बनाउनु कार्यक्रमको उदेश्य हो ।'


## श्री जनता डोमी चौधरी माध्यमिक विद्यालय (प्राविधिक)

पोखरभिण्डा-पर्सा

लक्ष्मीपुर पतारी गाँउपालिका-२ (सिरहा)

### सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०७६ /०८/२५)

१. यस विधालयको चालु आ.ब. २०७६/७७ को स्वीकृत कार्यकम बमोजिक तपसिलमा उल्लेखित सामग्री खरिद कार्य गर्न सिलबन्दी बोलपत्र आव्हान गरि गराउनु पर्ने भएकोले इच्छुक र इजाजत प्राप्त आपुर्ति कर्ता/सप्लार्यसहरुबाट खरिद प्रक्रियामा सहभागी हुन देहाय बमोजिमको सर्तहरुको अधिनमा रही रितपुर्वकको बोलपत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

२. यो सुचना प्रकाशित भएको मिति देखी १५ औ दिनसम्म बोलपत्र फारम यस कार्ययलमा सम्बन्धित आपुर्तिकता वा अधिकार प्राप्त व्यवसायीको प्रतिनिधिले अधावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजत पत्र, अधावधिक नवीकरण फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणित प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नः (PAN) प्रमाणित प्रमाणपत्र, आ.व.२०७५/७६ को कर चुक्ता गरेको प्रमाणित प्रमाण पत्र को प्रमाणित प्रतिलिपि, र प्रस्तावित खरिद कारवाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्व-घोषनापत्र नियमानुसार तपसिलमा उल्लेखित बोलपत्र फारम दस्तुर तिरेको रसिद (रकम फिर्ता नहुने गरी) साथ निवेदन पेश गरेपछि यस विधालयबाट उपलब्ध गराइनेछ । अथवा बोलपत्र दस्तुर यस विधालयको नाममा रहेको रा.व.बैक, सिरहा शाखामा रहेको च.हि. खाता नः.२१३००००९४०१ मा जम्मा गरी सोको सकल भौचर वा नगदी जम्मा गरेको रसिद साथै निवेदन पेश गरे पछि यस विधालयबाट उपलब्ध गराइने छ ।

३. खरिद गरिएको बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सुचना प्रकाशित भएको मितिदेखी १६ औ दिनको १२:०० बजे भित्र यस कार्यलयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिने छ ।

४. बोलपत्र फारम साथ जमानत बापतको रकम यस कार्यलयको नाममा रहेको रा.बा.बैंक सिरहा शाखामा रहेको खाता नः २१३०००० ९४०१मा दाखिला गरेको सकल भौचर वा नगदी जम्मा गरेको रसिद वा मान्यता प्राप्त "क" वर्गको बैंकबाट यस कार्यलयको नाममा जारी गरिएको ९० दिन म्याद भएको सकलै जमानी पत्र (विडवण्ड) बोलपत्र साथ पेश गनुपर्ने छ । यसरी पेश गरिने जमानत वापतको भौचर वा (विडवण्ड) यो सुचना प्रकाशित भएको मिति पछिको लाई मात्र मान्यता दिइनेछ ।

५. दर्ता हुन आएको सिलबन्दी बोलपत्र फारमहरु यस विधालयमा बोलपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा १६ औ दिनको २ बजे खोलिनेछ । समयमा निज वा निजको प्रतिनिधिहरु उपस्थित हुन नसके पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र फारम खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सो लगतै विधालय खुलेको दिन कमश : सोही समयमा हुने छ । तर बोलपत्र मान्य अवधि र जमानत मान्य अवधि शुरुकै मितिबाट कायम हुने छ ।

६. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस विधालयमा सुरक्षित रहने छ । रित नपुगेका, यसै सुचनाको दफा २ बमोजिमका कागजातहरु संलग्न नभएका, म्याद नाघी आएका, कुनै शर्त राखेको, दस्तखत तथा छाप नभएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. प्रचलित कानुन बमोजिम कालो सुचीमा परेका व्यक्ति, फर्म, संस्था वा कम्पनीका संचालकको नयाँ फर्म, कम्पनी वा संस्था खोली कारोवार गरेको भए त्यस्तो व्यक्ति, फर्म, व्यवासायी वा आपुर्तिकर्ता, संस्था वा कम्पनीले बोलपत्र पेश गर्न सक्ने छैन ।

८. सिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम दिन वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछि लगतै विधालय खुलेको दिन कमश सोही समयमा खरिद गर्न वा दर्ता गर्न सकिने छ ।

९. Pre -mid meeting यस विधालयमा मिति २०७६/०९/१२ गते दिनको १:०० बजे हुनेछ ।

१०.यस विधालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने सबै अधिकार यस विधालयमा सुरक्षित रहने छ ।

११. बोलपत्रसंग अन्य विषयहरु सार्वजनिक खरिद ऐन , २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित कानुन अनुसार हुनेछ ।

१२. सिलबन्दी बोलपत्रको कामको विवरण निम्न अनुसार छ ।

| बोलपत्र/ठेका नः | कामको विवरण | अनुमानित लागत | जमानत रकम रु. | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|
| १/२०७६/०७७ | सिभिल इन्जियरिङ विषयको प्रयोगात्मक सामग्री खरिद | लागत अनुमान BOQ मा लेखिएको अनुसार | 3% | ३,०००/०० |
| २/२०७६/०७७ | विज्ञान प्रयोगात्मक सामग्री खरिद | लागत अनुमान BOQ मा लेखिएको अनुसार | 3% | १,०००/०० |

प्रधानाध्यापक


# अन्नभण्डारमै घट्यो धानको उत्पादन

एकै जातको बीउ निरन्तर छर्नु, रोप्ने बेलामा खडेरी वा डुबान र बाला लाग्ने समयमा सुक्खा हुँदा उत्पादन लगातार ओरालो लागेको हो



रौतहटको चन्द्रपुर ८ स्थित बेतौनामा धान काट्दै किसान । फाइल तस्विर : शिव/कान्तिपुर

■ प्रदेश ब्युरो

अन्नभण्डार मधेसमा धानको उत्पादन बर्सेनि घट्दो छ । अत्यधिक विषादीको प्रयोगले माटोको उत्पादकत्वमा ह्रास आएसँगै उब्जनीमा कमी आएको हो । मौसमी असन्तुलन, एउटै जातको बालीको निरन्तरता र रोग-किराको प्रकोपले उत्पादन बर्सेनि घट्दै गएको छ ।

रासायनिक मलको प्रयोगले माटोमा अम्लीय र क्षारीय मात्रा बढेको छ । राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम, हर्दिनाथका धानविज्ञ फरहत अली धानको उत्पादन खस्कनुमा विषादीको बढी प्रयोगसँगै अरु पनि कारण जोडिएको बताउँछन् । 'धान उत्पादनमा ह्रास आउनु विषादीको प्रयोग त प्रमुख कारण छँदै छ,' अलीले भने, 'रोग र किराको प्रकोप पनि बढेको छ ।' उनका अनुसार एकै जातको विउ निरन्तर छर्नु र रोप्ने बेलामा खडेरी लगत्तै डुबान तथा बाला लाग्ने बेला फेरि सुक्खा हुँदा धानको उत्पादन लगातार आरालो लागेको हो ।

धनुषामा गतवर्ष २ लाख ५१ हजार टन धान फलेको थियो । यस वर्ष २ लाख ६ हजार टन धान मात्र उब्जियो । धनुषामा गतवर्ष ६३ हजार १ सय हेक्टरमा धान रोपियो । यसवर्ष ५९ हजार हेक्टरमा मात्र धान खेति गरिएको थियो । पर्सामा गत वर्ष २ लाख २७ हजार टन धान उत्पादन भयो । यसवर्ष २ लाख २५ हजार टन मात्र धान फलेको छ । पर्सामा गत वर्ष ४७ हजार ५० हेक्टरमा धान खेति गरियो । यस वर्ष ४५ हजार हेक्टरमा मात्र धान रोपियो । अन्नभण्डार प्रदेश २ का ८ वटै जिल्लामा बर्सेनि धानको उत्पादनसँगै खेती हुने क्षेत्रफल पनि खुम्चिँदै छ ।

'किसानले धान खेतमा सिफारिसभन्दा बढी मल-खाद्य प्रयोग गरिरहेका छन्,' धानविज्ञ अलीले भने, 'धानलाई रासायनिक मल आवश्यक पर्छ तर उचित मात्रामा प्रयोग भइरहेको पाइएन ।' उनका अनुसार एक कठ्ठा धान खेतमा ६ किलो युरिया र १ किलो पोटास छर्नुपर्छ । तर, धान हलक्के बढ्ने र बाला लाग्ने लोभमा किसानले मलको दोब्बर प्रयोग गर्छन् ।

माटो तथा मल परिक्षण प्रयोगशालाका प्रमुख सुनिलकुमार सिंहका अनुसार उब्जनी हुने जग्गामा पिएच मान ६.५ देखी ७.५ सम्म हुँदा त्यसलाई तटबस्थ माटो मानिन्छ । यस्तै, ६.४ भन्दा कम पिएच मान भएका माटोलाई अम्लिय र ७.६ पिएच मान भएको माटोलाई क्षारिय मानिन्छ । सप्तरीको जग्गामा ४.७ पिएच मानसम्म माटो पाइएको छ । सप्तरीको तिलाठी-कोइलाडी गाउँपालिका ७ का कृषक देबेन्द्रप्रसाद साहको खेतको माटो परीक्षण गर्दा ४.७ पिएच मान फेला परेको हो । जुन माटो अम्लिय प्रकृतिको हो । वाराको माटोमा ८.२ पिएच मान फेला परेको छ । ७.६ पिएच मानभन्दा माथिको पिएच मान भएको माटोलाई क्षारीय भनिन्छ । बोट-बिरुवा उत्पादनका लागि नाइट्रोजन, फसफोरस र पोटास मुख्य तत्त्व हो । जिंक, बोरेन, मोलिबेन्डम र आइरनलगायतका तत्त्व पनि माटोलाई उब्जनीयोग्य बनाउँछ । सिंहले अन्नभण्डारको खेतीयोग्य जग्गामा यी सबै तत्त्व कमसल बनेको बताए ।

उब्जनीमा लगातार ह्रास देखिएपछि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले सप्तरीको राजविराजमा हालै माटो तथा मल परीक्षण प्रयोगशाला स्थापना गरेको छ । प्रयोगशालाले ८ वटै जिल्लाको माटो परीक्षण गरेको छ । रसायनिक मलको असन्तुलित र अत्याधिक प्रयोगले प्रदेश २ का ७० प्रतिशत खेतमा अम्लीय बढेको छ । ५ प्रतिशत खेतमा क्षारीयको मात्र छ भने २० देखि २५ प्रतिशत खेत मात्रै तटस्थ अवस्थामा छ ।

रासायनिक मलको प्रयोगपछि माटोमा अम्लिय, क्षारिय र तटस्थ गरि तिन किसिमको प्रतिक्रिया हुन्छ । खेतीका लागि तटस्थ माटो उपयुक्त हो । अम्लिय र क्षारिय माटो उत्पादनका लागि राम्रो मानिँदैन । प्रयोगशालाका अनुसार प्रदेश २ को सप्तरी, सिरहा र धनुषामा सबभन्दा बढी जग्गाको माटो अम्लिय बनेको परीक्षणले देखाएको छ । बारा जिल्लामा भने वालीनाली उत्पादनका लागि योग्य तटस्थ प्रकृतीको माटो भएको जग्गा बढी छ । बारामा माटोको पिएच मानका आधारमा कृषी चुनको प्रयोगले माटोको अम्लिय र क्षारिय स्वरुप परिवर्तन भई खेतीयोग्य तटस्थ प्रकृतिको जग्गा बढेको छ ।

### निरन्तर एउटै बाली

अन्नभण्डारमा बर्सेनि एउटै जातको धानको बीउ छरिन्छ । पुरानो विउकै निरन्तर प्रयोगले पनि उत्पादनमा ह्रास आइरहेको धानविज्ञ बताउँछन् । 'भारत र छरछिमेकबाट ल्याएको धानको बीउ बढी छरिन्छ,' धानविज्ञ अलीले भने, 'एउटै बीउ निरन्तर छर्दा १० वर्षमा उत्पादन आफैं घट्छ ।' उनका अनुसार एउटै विउको निरन्तरताले यसवर्ष नै धानको बाला फुट्नै पाएन् । 'धानको बाला यसपालि फस्टाएन । फुट्नै पाएन । घाँटीमै अड्कियो,' अलीले भने ।

धानविज्ञले सुख्खा क्षेत्रमा सुख्खा र सिञ्चित क्षेत्रमा भेराइटीको धानको बीउ छर्न किसानलाई सल्लाह दिन्छन् । '३-३ वर्षमा धानको बीउ फेर्नुपर्छ,' अलीले भने, 'नयाँ र उन्नत बीउ छर्नुपर्छ ।' धान उत्पादन घट्नुमा यस वर्ष रोपाइँ सुरुलगत्तै बाढी आउनु, त्यसपछि धानमा गाँज लाग्ने बेलामा पानी नपर्नु, मलखाद्यको अभाव र किसानले लगातार एकै जातको बाली लगाउनु कारण रहेको कृषि ज्ञानकेन्द्र पर्साका प्रमुख रामचन्द्र यादवले बताए ।

यादवका अनुसार पर्साका किसान दशकदेखि सोना मनसुली जातको मात्रै धान रोप्छन् । पर्सामा कुल धान खेतीमध्ये ७० प्रतिशत सोना मन्सुली जातकै धान उब्जनी हुन्छ । वैज्ञानिक नाम सोना मन्सुली एटियु ७०२९ रहेको धान बालीको सिफारिस नेपाल र भारत दुबै सरकारले गरेको छैनन् । दुबै मुलुकमा सिफारिस नरहेको यो जातको खेती दशकदेखि किसानले गरिरहेको छ ।

किसानले निरन्तर एकै जातको धानबाली लगाउँदा त्यसले माटोको उवर्राशक्ति घट्ने, बालीमा रोग किराको प्रकोप बढ्छ । केही वर्षयता सोना मन्सुली जातको धान बालीमा सिथ ब्लाइट रोगको प्रकोप देखिएको छ । सोना मन्सुली धानलाई बिस्थापनको लागि नेपाल सरकारले सुवर्णसव १, हर्दिनाथ १, लल्का बासमती १, चैते २, सामा मसुलीसब १ धान सिफारिस गरेको छ । सिफारिस धानको विउ ५० प्रतिशत अनुदानमा पर्सामा ८६ टन किसानलाई वितरण गरिएको यादवले बताए ।

### उत्पादन घट्दै-बढ्दै

गतवर्ष धान उत्पादनमा बृद्धि भएको सर्लाहीमा यसवर्ष भने कमी आएको छ । गतवर्ष सर्लाहीमा धान उत्पादन पछिल्लो २५ वर्षयताकै बढी थियो । तर, यसवर्ष अघिल्लो वर्षभन्दा करिब ८.५ प्रतिशतले उत्पादन घटेको छ । कृषि ज्ञान केन्द्र मलंगवासँग यसवर्ष धान उत्पादन घटेको तथ्यांक छ । गतवर्ष मौसम अनुकूल भएकाले ४६ हजार हेक्टर खेतमा धान रोपाइँ भएकोमा प्रतिहेक्टर ४.१ का दरले १ लाख ९० हजार ५० टन धान उत्पादन भएको थियो । तर, यसवर्ष ४६ हजार हेक्टरमा धान रोपाइँ भएकोमा प्रतिहेक्टर ३.८ का दरले एकलाख ७४ हजार टन मात्र उत्पादन भएको कृषि ज्ञान केन्द्रका प्रमुख देवानन्द रायले बताए । सर्लाहीमा गत वर्षबाहेक पछिल्लो पाँच वर्षयता धानको उत्पादन बर्षेनी घट्दो छ । कृषिविज्ञ भाग्यनारायण झाले रसायनिक मलको बढ्दो प्रयोगले खेतको उर्वराशक्ति घटाएको बताए ।

सप्तरीमा कुल ८० हजार हेक्टर धान खेतीयोग्य जग्गामध्ये यसवर्ष ६६ हजार हेक्टर जग्गामा मात्र धान रोपियो । अघिल्लो वर्षको तुलनामा १५ प्रतिशतले धान उत्पादनमा कमी आउने कृषि ज्ञानकेन्द्र राजविराजका प्रमुख भागीरथ यादवले बताए । गतवर्ष ६३ हजार हेक्टरमा धान रोपाइँ भएकोमा १ लाख ८० हजार टन धान उत्पादन भएको थियो । तर, यसवर्ष ६६ हजार हेक्टरमा धान रोपाइँ भए पनि उत्पादन भने १ लाख ५५ हजार टन मात्र धान उत्पादन हुने अनुमान गरिएको ज्ञानकेन्द्र प्रमुख यादवले बताए । त्यसैगरी पर्सा, सिरहा र रौतहटमा पनि यस वर्ष धान उत्पादन घट्ने अनुमान छ ।

### उब्जनी बढाउने उपाय


विषादीको सन्तुलित मात्रा, सिँचाइको उचित प्रबन्ध, फेरेर बीउ छर्ने र किरा हटाउने उपाय गरे धानको उत्पादन बढ्ने कृषिविज्ञको सुझाब छ । माटो तथा मल परिक्षण प्रयोगशालाका प्रमुख सिंहका अनुसार खेतीयोग्य माटोको परीक्षण गराइरहनुपर्ने बताउँछन् । सिंहका अनुसार माटो परिक्षण नगर्नु र कमपोष्ट मलको प्रयोग नहुँदा उत्पादन घटेको हो । रसायनिक मलको अत्यधिक र असन्तुलित प्रयोगले माटो अम्लिय र क्षारीय भए माटोको पिएच मानका आधारमा कृषि चुनाको सिफारिस गरिन्छ ।

नेपालमा ५२ जातका धानमध्ये झन्डै ४५ जात लोप भएका छन् । बाँस पाते, कनकजिरा, रतुवा, सुगन्ध, पहाडी अनदी, मधेसी मसिनो, एक्लो पहेले, साँवा, रामधानलगायत ५२ जातका धानमध्ये किसानले सावित्री, रामधान, राधा ४, सावाधान, हर्दिनाथ १ र सुख्खा २,४ मात्र रोप्छन् ।

**अजित तिवारी** (जनकपुर), **अवधेश झा** (सप्तरी), **भरत जर्धामगर** (सिरहा), **ओमप्रकाश ठाकुर** (सर्लाही), **शिव पुरी** (रौतहट) **र शंकर आचार्य** (पर्सा)















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | आकस्मिक लाभ | तुला | अस्वस्थता |
| वृष | उत्साहप्रद | वृश्चिक | नयाँ कार्य आरम्भ |
| मिथुन | आर्थिक हानी | धनु | द्विविधा बढ्ने |
| कर्कट | कार्य सफल | मकर | अध्ययनमा सफल |
| सिंह | मिष्ठान्न भोजन | कुम्भ | मनोरञ्जन |
| कन्या | भाग्य वृद्धि | मीन | पराक्रम बढ्ने |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल मंसिर २७ गते शुक्रबार तदनुरुप १३ डिसेम्बर २०१९ पौष कृष्णपक्ष प्रतिपदा तिथि प्रातः १०:३९ बजेसम्म उप्रान्त द्वितीया तिथि, मृगशिरा नक्षत्र प्रातः ७:३७ बजेसम्म उप्रान्त आद्रा नक्षत्र, शुभ योग दिनको १:५५ बजेसम्म उप्रान्त शुक्ल योग, कौलब करण प्रातः १०:३९ बजेसम्म उप्रान्त तैतिल करण, मिथुन राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | मार्गदर्शन (लाइभ) |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | नेपाल स्पेल बी (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | रजतपट (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | साझा सवाल (रिपिट) |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| ३:०० | नेपाल स्पेल बी (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | रजतपट (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्युज |
| ६:३० | सुमनसँग |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | ह्वाट द फ्लप |
| १०:०० | सुमनसँग (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | सुमनसँग (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | ह्वाट द फ्लप (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (स्मीता) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | रेडियो टक (किरण) |
| १०:०० | स्पोर्ट्स डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (शुभराज) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (एलिसा) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १८:०० | मुक्तिको सन्देस |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **धनुषा** | |
| प्रहरी | ०४१५२४१०० |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२६९३८ |
| एम्बुलेन्स महावीर युवा कमिटी | ५२५९८० |
| एम्बुलेन्स मारवाडी सेवा समिति | ५२१७८४ |
| रक्त सञ्चार रेडक्रस | ५२०८७० |
| धनुषा अस्पताल | ५२५८०० |
| केयर मेडिकल सेन्टर | ५२०२३० |
| जानकी आँखा अस्पताल | ५२०३९७ |
| जानकी हेल्थ केयर सेन्टर | ५२५३४१ |
| अञ्चल प्रहरी कार्यालय | ५२०३६५ |
| एयरपोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२४४६० |
| जानकी मन्दिर | ५२०१७६ |
| राष्ट्रिय मानव अधिकार आयोग | ०४१-५२७८१२/५२७८११ |
| **महोत्तरी** | |
| जिल्ला अस्पताल | ५२००७० |
| वारुण यन्त्र | ५२००९७ |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२०००९ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| बन्दना हस्पिटल प्रा.लि. गौशाला | ९८५४०२५५२७/९८५४०२३५२७ |
| विद्युत् फ्युज शाखा | ५२००६६ |
| जलेश्वर अस्पताल | ५२००७० |
| ईलाका हेल्थ पोष्ट बलवा एम्बुलेन्स | ९८४४१२७१७७ |
| छिन्नमस्ता गण | ५२९६१२ |
| ई.प्र.का. बर्दिबास | ५५५००६ |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| प्रहरी कन्ट्रोल | ५२०००९ |
| जिल्ला अस्पताल | ५२००७० |
| ईलाका प्रहरी कार्यालय गौशाला | ५५१००/६९२०७२ |
| **काठमाडौंका महत्वपूर्ण टेलिफोन** | |
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७७६६, ४२१७७५५ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७१६०३ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# आफ्नै छोरी चिन्दिनन् आमा

■ **विनु तिम्सिना** (विराटनगर)

आमाभन्दा प्यारो सम्बन्ध अरू कोसँग होला ? अझ नवजात शिशु र बालबालिकाहरू त आमाबाहेक खासै अरूको काखमा जान समेत मान्दैनन् तर विराटनगरस्थित मानव सेवा आश्रममा उद्धार गरेर ल्याइएकी १० महिने शिशु सुम्निमालाई भोजपुर घर भएकी ३० वर्षीया शिवकुमारी राई चिन्दिनन् ।

आश्रममा दुवै आमाछोरी बस्दै आएका छन् । न त आमा छोरीप्रति स्नेह देखाउँछिन् न त छोरी नै आमाको काख खोज्छिन् । बरु सुम्निमा आश्रममै बस्दै आएकी मिलनरानो दाससँग खेल्ने रमाउने गर्छिन् । 'छोरी भनेर न त आमा काखमा लिन्छिन् न त छोरी नै उनीसँग मान्छिन्,' आश्रमका स्वयंसेवक नवराज केसीले भने, 'आफ्नी आमासँग भन्दा आश्रममै बस्दै आएकी मिलन रानोसँग बढी नजिक छिन् नानी ।'

मिलन रानो पनि मानसिक रोगी नै हुन् तर पनि उनी सुम्निमालाई निकै माया गर्छिन् । 'आफ्नै छोरीलाई जस्तै माया गर्नुहुन्छ दास दिदीले,' केसीले भने, 'एकैछिन छाड्न मान्नुहुन्न । दिउँसो त हामी पनि उहाँलाई नै दिन्छौं सुम्निमा तर राति भने मानसिक बिरामीको जिम्मामा दिँदा केही होला कि भन्ने डरले हामी आफैं राख्छौं नानीलाई ।'

भोजपुरको आमतेककी राई लामो समयदेखि मानसिक रोगबाट ग्रसित थिइन् । परिवारमा समेत अपांग दाजुबाहेक अरू कोही नभएपछि उनी भौतारिएर हिंड्ने गर्थिन् । धनकुटामा सामूहिक बलात्कारमा परेपछि उनी झन् अर्धचेत नै बनिन् । बलात्कारपछि जसोतसो भोजपुर पुगेकी उनले अर्धचेत अवस्थामा घरैमा छोरी जन्माएकी हुन् ।

बलात्कारबाट जन्मेकी छोरीसहित मानव सेवा आश्रमले भदौमा उनलाई उद्धार गरेर विराटनगर ल्याएको हो । सुम्निमाले नामसमेत मानव सेवा आश्रममै आएर पाइन् । 'सुम्निमालाई कोकलेको बच्चो भन्नुहुन्छ शिवकुमारी दिदी,' केसी भन्छन् ।

शिवकुमारी सबओभरसियरकी विद्यार्थी हुन् । पढ्दापढ्दै मानसिक अन्तुलन गुमाएकी उनको उद्धारका लागि छिमेकीहरूले २०७० सालमै पहल गरेको मानव सेवा आश्रमले बताए । त्यसबेला मानव सेवा आश्रम हेटौंडामा मात्रै सीमित भएकाले उद्धार गर्न भोजपुर जान सक्ने अवस्था नरहेकाले आफूहरूले आश्रमसम्म ल्याइदिन आग्रह गरेको उनले बताए ।

उनको उद्धारको पहल भइरहेकै बेला उनी घर छाडेर बेपत्ता बनिन् । 'उनी घर छाडेर हिंडेकाले उद्धार गर्दिनुस् भन्ने उनका छिमेकीहरू पनि सम्पर्कमा आएनन्,' केसीले भने, 'हेटौंडादेखि उद्धार गर्न भोजपुर जान हाम्रो पनि स्रोतसाधनले भ्याएन, त्यसैले त्यो बेला उनको उद्धार गर्न सकिएन ।'

मानसिक अवस्था ठीक नभएपछि उनी धेरै ठाउँ भौंतारिएर हिंडिन् । धनकुटामा सामूहिक बलात्कारमा पनि परिन् । बलात्कारपछि जन्मिएकी छोरीलाई कहिले जंगलमा छाड्ने, कहिले भोकै राख्ने गरेको देखेर स्थानीयहरूले मानव सेवा आश्रममा सम्पर्क गरेपछि आफूहरूले उद्धार गरेर ल्याएको बताए । आश्रममा ल्याएपछि पनि उनले आफ्नी छोरीलाई चिन्न सकेकी छैनन् ।

एक महिनाअघि सामाजिक विकास मन्त्रालयले उद्धार गरेर मानव सेवा आश्रमको जिम्मा लगाएको मोरङ रतुवामाई नगरपालिका ८ दाम्राभिट्टाका ४६ वर्षीय दिनेश तिम्सिनामा सुधार आइरहेको छ । विगत ३० वर्षदेखि मानसिक सन्तुलन गुमाएका उनी उपचार अभावमा डोरीले बाँधिएर जीवन बिताइरहेका थिए । सानैमा बुबा बितेको र आमा सुस्त श्रवणशक्ति भएका कारण उनको समयमा उपचार हुन नसक्दा उनले बन्दी जीवन जिउनुपरेको थियो ।

तिम्सिना सुरुका दिनमा पढाइमा निक्कै अब्बल थिए । झापाको जुरोपानीमा रहेका मावलीमा बसेर पढ्ने उनी एसएलसीमा फेल भएपछि भने मानसिक रूपमा विक्षिप्त बनेका थिए । समयमै उपचार नपाउँदा उनी लामो समयदेखि साङ्लामा बाँधिएर बस्न बाध्य थिए । बसेकै ठाउँमा दिसापिसाब गर्ने उनी मानव सेवा आश्रममा नियमित उपचार र औषधि सेवनबाट शौचालय जान सक्ने भएको बताए ।

उनीहरूसहित हाल आश्रम विराटनगरमा १६ जना मानसिक रोगी बस्दै आएका छन् । मानसिक रोग विशेषज्ञ डा. निमेष राजभण्डारीले उनीहरूको नियमित जाँच गरिरहेका छन् । कोही पनि सडकमा बस्नु नपरोस्, खासगरी मानसिक सन्तुलन गुमाएर परिवार र समाजबाट अपहेलित भई सडकमा जीवन गुजारा गर्नु नपरोस् भन्ने उद्देश्यले हेटांडाबाट सुरु भएको मानव सेवा आश्रम हाल सात वटा प्रदेशको १३ वटा जिल्लामा विस्तार गरिएको छ ।

आश्रमले हालसम्म ६ सय ५० जना मानसिक रोगीलाई उपचारपछि परिवारमा पुनर्मिलन गराएको केसीले बताए । आश्रमले विभिन्न जिल्लामा हाल ८ सय जनालाई सेवा दिइरहेको उनले बताए साथै एक सय ५० जनालाई आश्रममा अल्पकालिक सेवा दिइरहेको उनले जनाए ।



**आश्रममै बस्दै आएकी मिलन रानो दाससँग खेल्दै शिवकुमारी राईकी छोरी सुम्निमा ।** *तस्बिर : विनु/कान्तिपुर*



**म्याग्दीको बेनीस्थित माउन्ट एभरेस्ट आवासीय माध्यमिक विद्यालयका १८ जना छात्रासहित ३६ जना विद्यार्थी नेपाली सेना मातहतको श्री राष्ट्रिय सेवा दल मध्य तालिम शिक्षालय हात्तीखोर, नवलपुरमा राष्ट्रिय सेवा दल जुनियर डिभिजन तालिममा सहभागी हुन जाने तयारीमा ।** *तस्बिर : घनश्याम खड्का/कान्तिपुर*

# ११ महिनामा २० को हत्या

### धेरैजसो घटनामा आरोपित आफन्त नै छन्, कतिपय पक्राउपछि पुर्पक्षका लागि थुनामा छन् भने कतिपय फरार रहेकाले प्रहरीको खोजी सूचीमा छन्

■ **अवधेशकुमार झा** (राजविराज)

सप्तरीमा पछिल्लो ११ महिनामा २० जनाको हत्या भएको छ । मानव अधिकार दिवसका अवसरमा राजविराजमा इन्सेकले सार्वजनिक गरेको प्रतिवेदनमा हत्याका अधिकांश घटनाका आरोपीलाई प्रहरीले पक्राउ गर्न नसकेको उल्लेख छ ।

सुरुंगा नगरपालिका-६ कडरबोनाका ३० वर्षीय दीपेन्द्र चौधरीको ०७५ माघ ९ मा रुपनी-१ मा प्रहरीको गोली लागेर मृत्यु भएको थियो । प्रहरीमाथि गोली चलाउँदा गरिएको जवाफी कारबाहीमा उनको मृत्यु भएको प्रहरीले जनाएको थियो । चौधरीका परिवारले भने नियन्त्रणमा लिएर प्रहरीले उनको हत्या गरेको आरोप लगाउँदै आएको छ ।

बलान बिहुल गाउँपालिका-४ बेल्हीकी १६ वर्षीया सरिताकुमारी बडहीको गत माघ १४ मा हत्या भएको थियो । पक्राउ परेका आरोपित उनका बुबा तुरुन्तलाल फागुन ११ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छन् । अर्का आरोपित आमा ४३ वर्षीया पवनदेवी बडही फरार छिन् ।

खडक नगरपालिका-५ खरचुहियाका ७५ वर्षीय सबुरी साह र उनकी पत्नी ६५ वर्षीया बेचनीदेवी साहको शव डढेको अवस्थामा गत फागुन १४ मा फेला परेको थियो । दुवैको हत्यापछि शव डढाइएको शंका गरे पनि घटनामा संलग्नको अझैसम्म पहिचान भइसकेको छैन । डाकनेश्वरी नगरपालिका-३ तरहीकी ३५ वर्षीया ललितादेवी साहको ०७५ माघ १२ मा हत्या भयो । आरोपित ससुरा ६८ वर्षीय रामदेव साहलाई वैशाख १९ मा प्रहरीले पक्राउ गरयो । जेठ १५ मा पुर्पक्षका लागि तारेखमा रिहा भए । फरार भनिएका आरोपित पति ४० वर्षीय शंकर साह र देवर ३५ वर्षीय राजकुमार भनिने राजीवप्रसाद साह प्रहरीको खोजी सूचीमा छन् ।

हनुमाननगर-कंकालिनी नगरपालिका-१४ का ६५ वर्षीय जगदीश रामको गत वैशाख २१ मा हत्या भयो । उनकै माइला छोरा ३२ वर्षीय देवकुमारले हत्या गरेको किटानी जाहेरी पऱ्यो । आरोपित अझैसम्म फरार छन् । तिरहुत गाउँपालिका-२ गोइठी घर भई राजविराजको पिस जोन मोडेल स्कुलमा पढाउने २५ वर्षीय भट्टराई भनिने जयकृष्ण बिराजीलाई असार ९ को राति राजविराज-७ खर्साल टोलमा आठ जनाको समूहले कुटपिट गरेको थियो । उनको असार ११ मृत्यु भयो । घटनामा संलग्न भनिएका कोही पनि पक्राउ परेका छैनन् । सुरुंगा-१ चहकाकी ६४ वर्षीया धनमाया पुलामीलाई असार १९ मा उनकै छोरा ३४ वर्षीय रिट्ठे भनिने जंगबहादुरले हत्या गरे । पक्राउपछि उनी साउन ९ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छन् ।

सिरहाको गोलबजार नपा-९ चन्द्रोदयपुरका १२ वर्षीय मोहमद तरिक शेख, ३ वर्षीय आसिलम शेख र २ वर्षीया आजमिन खातुन असार २० मा मृत फेला परे । हत्या गरेको आरोपमा पक्राउ गरिएकी आमा ३५ वर्षीया रुक्साना खातुन साउन १५ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छिन् । आत्महत्याको दुरुत्साहनको अभियोगमा पक्राउ परेका उनका पति तैयव राइनलाई जिल्ला अदालतले ७० हजार धरौटी लिई तारेखमा रिहा गरेको छ । रुक्साना बच्चाहरू लिएर कोसी ब्यारेजमा हाम फालेकी थिइन् । उनी बाँचिन, छोराछोरीको मृत्यु भएको थियो ।

हनुमाननगरकी २५ वर्षीया हीरादेवी मण्डल झुन्डिएको अवस्थामा फेला परिन् । गत असार २७ को साँझ उनका पति बैजनाथ मण्डल, ससुरा उमा मण्डल र सासू लक्ष्मीदेवी मण्डलले हत्या गरेर आत्महत्या देखाउन पासोमा झुन्ड्याइएको भन्दै पिता विष्णुपुर गापा-४ सिम्राहा सिग्यौनका बुधाइ मण्डलले असार २९ मा प्रहरीमा उजुरी दिए । दाहसंस्कारका लागि शव लैजाने क्रममा विवाद भएपछि बैजनाथलाई प्रहरीले नियन्त्रणमा लिएको थियो । उजुरी प्रहरीले दर्ता नगरी बैजनाथलाई त्यसै छाडेको आरोप हीरादेवीका माइती पक्षले लगाउँदै आए पनि आरोपितले हत्या नभई आत्महत्या गरेको बताउँदै आएका छन् । मधुपट्टी कनकपुरकी १८ वर्षीया पुनम यादवलाई असार ३० मा उनका पति २० वर्षीय सतीशकुमार यादव, ससुरा रामसिमृत, सासू रामसखी र जेठानी किरणले हत्या गरेको भन्दै दाजुले साउन २ मा इलाका प्रहरी कार्यालय कडरबोनामा उजुरी दिए । प्रहरीले साउन १३ मा सतीशलाई पक्राउ गऱ्यो । पीडितले विष सेवन गरी आत्महत्या गरेको बताउँदै आएका सतीश एक लाख धरौटीमा रिहा भए ।

अग्निसाइर कृष्णसवरण गापा-३ हरिहरपुरकी १९ वर्षीया गर्भवती रञ्जुदेवी यादवलाई साउन ५ मा हत्या गरेको आरोपमा घटनाको दुई सातापछि सासू लीलादेवी र ससुरा महेन्द्र यादव पक्राउ परे । दुवै पुर्पक्षका लागि थुनामा छन् । डाकनेश्वरी नपा-१ कविलासाकी २७ वर्षीया कञ्चनकुमारी यादवको साउन १८ मा हत्या भयो । पक्राउ परेका पति अरविन्दकुमार यादव भदौ २३ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छन् । अन्य आरोपित पाँचजना पक्राउ परेका छैनन् । कञ्चनलाई हत्यापछि आत्महत्या देखाउन झुन्ड्याएको माइती पक्षको आरोप छ ।

बोदे बर्साइन नपा-४ की १९ वर्षीया अम्बिकाकुमारी साहलाई असोज १९ मा पति रामचन्द्र साह, देवर रामप्रसाद र सासू किसनीदेवीले पासोमा झुन्ड्याई हत्या गरेको भन्दै पिता शम्भुनाथ नपा-१२ कुशहाका चन्द्रकान्त साहले प्रहरीमा उजुरी दिए । प्रहरीले रामचन्द्र र रामप्रसादलाई असोज १९ मा पक्राउ गरे अभद्र व्यवहारको उजुरी दर्ता गरी कारबाही थाल्यो । महादेवा गापा-१ पकरी कुजराही टोलका ६२ वर्षीय मोहमद गफुर पमरियालाई असोज १९ मा पत्नी जमुनी खातुन र छोरा नइम पमरियाले हत्या गरेको भन्दै भाइ इसराइल पमरियाले प्रहरीमा उजुरी दिए । अदालतको आदेशमा जमुनी साधारण तारेखमा रिहा भइन् भने कात्तिक २० देखि नइम पुर्पक्षका लागि राजविराज कारागारमा छन् ।

बोदे बर्साइन नपा- ७ मानराजा बगबिराकी २५ वर्षीया राजोदवी यादवलाई असोज २६ मा पति विष्णुदेव यादव, उनकी जेठी पत्नी उषादेवी र विष्णुदेवका भतिजीबुहारी ममतादेवी यादवलगायतले हत्या गरेको भन्दै पिता सत्यनारायण यादवले प्रहरीमा उजुरी दिए । विष्णुदेवले विष खाएर सिकिस्त राजोदेवीको उपचारको प्रयास गर्दा गर्दै मृत्यु भएको बताएका छन् । कञ्चनरूप नपा-५ पिप्रा टोलका २३ वर्षीय अजयकुमार मुखियालाई कात्तिक १ राती सोही ठाउँका श्रीलाल सरदार, उनका छोरा विजय सरदार र बबरी भनिने रमेश सरदारलगायतले हत्या गरेको भन्दै पिता जनक मुखियाले प्रहरीमा उजुरी दिए । श्रीलाल र विजय पक्राउ परे, रमेश फरार छन् । अग्निसाइर कृष्णासवरन गापा-१ स्थित मुस्लिम टोलकी ३६ वर्षीया बुलु खातुनको कात्तिक १२ गते अपरिचित व्यक्तिबाट हत्या भएको भन्दै पति इनुस मियाँले कात्तिक १८ मा प्रहरीमा उजुरी दिए । घाँस काट्न निस्किएकी बुलुको शव महुली खोलाको पश्चिम कुलोमा कात्तिक १६ सडेगलेको अवस्थामा फेला परेको थियो । घटनाका आरोपितको पहिचान हुन सकेको छैन ।

राजविराज नपा-२ तेतरी गाछीकी १८ वर्षीया कोमल साफीको मंसिर ४ मा हत्या गरिएको शंकास्पद अवस्थामा घरमै शव फेला पऱ्यो । घरमा एक्लै रहेको अवस्थामा कोठाभित्र बिछ्यौनामा मृत अवस्थामा फेला परेकी साफीको घाँटीमा निलडाम थियो । घटनाको रहस्य खुलेको छैन ।

खडक नपा- १० का १५ वर्षीय सागर सरदारको मंसिर ८ मा हत्या गरेको आरोपमा स्थानीय शिवनारायण साह र ६ जना बालकलाई इलाका प्रहरी कार्यालय कल्याणपुरले नियन्त्रणमा लियो । उनीहरूविरुद्ध कर्तव्य ज्यानको उजुरी दर्ता गरेको छ । मंसिर ९ मा ७५ वर्षीया अनुरागीदेवी राजविराज नपा-६ मा कान्छा छोरा विनोद दासको घरमा मृत फेला परिन् । नाति दीपेन्द्र दासको उजुरीमा प्रहरीले शव पोस्टमार्टमका लागि धरानको बीपी प्रतिष्ठान पठाएको थियो । हत्या भएको र प्रहरीलाई जानकारी नदिई दाहसंस्कार गर्न थालेको भन्दै उजुरी परेको थियो । विनोदले भने मानसिक रोगी आमा कुर्सीमा चढेर छतमा उक्लिँदा लडेर मृत्यु भएको बताएका छन् ।

अधिकारकर्मी मनोहर पोखरेलले जिल्लामा भएका यी हत्याका घटनामध्ये अधिकांशका आरोपी फरार रहेको, केही घटनालाई आत्महत्याको रूप दिइएको भए पनि प्रहरी अनुसन्धानले प्रस्ट पार्न नसकेकाले जिल्लामा दण्डहीनताले प्रश्रय पाउँदै गएको आरोप लगाए ।

## अनुसन्धानमा सीआईबी टोली

कपिलवस्तु (कास)- यहाँको पूर्व-पश्चिम राजमार्गस्थित बुद्धभूमि नगरपालिका-२ गोरुसिंगेमा भएको एक जनाको हत्याको अनुसन्धान प्रहरीका लागि चुनौति भएको छ । गत मंसिर १३ मा धनराज पौडेलको शव विभत्स रुपमा हत्या गरिएको अवस्थामा फेला परेको थियो । घटनाको दुई साता हुन लाग्दा पनि पनि संलग्नका बारेका तथ्यप्रमाण बाहिर आउन नसकेपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोको टोली जिल्ला आएको छ ।

सीआईबीका निरीक्षकको नेतृत्वमा तीन सदस्यीय टोली जिल्ला आएको हो । उनीहरूले अनुसन्धान थालेका छन् । यसअघि उक्त घटनाको छानबिन गर्न ईप्रका गोरुसिंगेका निरीक्षक सुभाष खड्काको नेतृत्वमा अनुसन्धान टोली गठन भएको थियो । अहिले दुवै टोलीले आआफ्नो तरिकाले अनुसन्धान गरिरहेको बताएका छन् ।

सीआईबी टोलीले घटनास्थलको निरीक्षण, परिवार, आफन्त र छिमेकीसँग सोधपुछ गरेको प्रहरी स्रोतले जनाएको छ । उनीहरूले घटनाको प्रकृति र अवस्था, श्रीमान्/श्रीमतीको सम्बन्ध र घटनाका अन्य कुरालाई जोडेर अध्ययन थालेका छन् । हत्या आरोपमा मृतककी बुहारी लक्ष्मी पौडेल पक्राउ परेकी छन् । उनमाथि अदालतबाट म्याद थप गरेर अनुसन्धान भइरहेको छ । उनले घटनामा आफू संलग्न नरहेको बताउँदै आएकी छन् । पौडेल आफ्नै घरको कोठामा मृत अवस्थामा फेला परेका थिए ।

मंसिर १३ गते दिउँसो हत्या भए पनि प्रहरीले साँझ ७ बजे मात्र घटनाबारे थाहा पाएको थियो । हत्या लक्ष्मीले नै गरेको मृतकका परिवारको आरोप छ । घटनाका बेला दुबईमा रहेका मृतकका छोरा शंकरले बुबाको हत्या श्रीमतीको संलग्नता हुन सक्ने आरोप लगाए । घटना थाहा पाएर घर फर्केका उनले श्रीमतीले आफूसँग निहुँ खोज्ने र दिनहुँ झैझगडा गरिरहने गरेको गुनासो गरे ।

परिवारका अनुसार घटनाका दिन लक्ष्मी र मृतक पौडेल घरमै थिए । धारिलो हतियार प्रयोग गरेर पौडेलको हत्या भएको छ । प्रयोग गरिएको हतियारको फिङ्गर प्रिन्ट परीक्षणका लागि काठमाडौं पठाइएको छ । उनको शव क्षतविक्षत अवस्थामा थियो । हत्यापछि लक्ष्मीले नै ससुरा हराएको र घरमा चोर आएको विषयमा प्रहरीमा जानकारी गराएकी थिइन् । मृतकका आफन्तले गरेको फोन नलागेपछि खैलाबैला मच्चिएको थियो । खोजबिन गर्दा पौडेल घरकै टीभी कोठामा वीभत्स हत्या गरिएको अवस्थामा भेटिएका थिए । शवलाई सिरक, ब्ल्याङ्केट ओढाइएको थियो । त्यही कपडाका बीचमा बुहारी लक्ष्मीको मोबाइलसमेत भेटिएको थियो ।

मंसिर १२ गते काठमाडौं जान हिंडेकी लक्ष्मी गोरुसिंगेमा रहेको एक होटलमा अर्कैका नाममा कोठा बुक गरेर बसेको भेटिएको छ । उनी होटलमा बस्दा अपरिचित पुरुष आएर भेटघाट गरेको बताइएको छ । ती पुरुषले लक्ष्मीका दुई वर्षीय छोरालाई समेत होटलमा ल्याएका थिए । स्टाफ नर्स पढेकी लक्ष्मीसँग पैसाका विषयमा श्रीमान् र परिवारसँग बारम्बार किचलो हुने गरेको थियो । छिमेकीहरूले घटनामा लक्ष्मीकै प्रत्यक्ष संलग्नता रहेको बताए । पौडेलको घाँटी, टाउको, पेट र शरीरका विभिन्न भागमा गम्भीर चोट थियो । उनी अर्घाखाँचीबाट बसाइँ सरेर गोरुसिंगे आएका हुन् । उनी हराएको भन्ने सूचनाका आधारमा प्रहरीले खोजबिन गर्दा कोठामा मृत अवस्थामा फेला परेका थिए । 'अनुसन्धान जारी छ,' प्रहरी प्रवक्ता सुनिल मल्लले भने, 'छिट्टै परिणाम निस्किने अपेक्षा गरेका छौं ।'

## अहेबले गरेको ठगी अनुसन्धानमा

रौतहट (कास)- बलात्कार आरोपमा पक्राउ परेका यहाँका एक अहेबले खोलेको क्लिनिक अवैध भएको खुलेको छ । सदरमुकाम गौरमा रहेको रवि डेन्टल क्लिनिक अवैध भएको पाइएको हो । अहेब भए पनि 'एमडीएस डाक्टर' बोर्डमा लेखेर बिरामी ठगेको पाइएको प्रहरीले जनाएको छ ।

चितवनबाट रौतहटको सदरमुकाम गौर घुम्न आएकी ३० वर्षीया एक महिलालाई बलात्कार गरेको आरोपमा यमुनामाई नगरपालिकाको हेल्थपोस्टमा कार्यरत अहेब सुधीरकुमार सिंह पक्राउ परेका थिए । उनले गौरमा सञ्चालन गरेको डेन्टल क्लिनिक अवैध भएको खुलेको हो । बलात्कार आरोपमा पक्राउ परेपछि जबर्जस्ती करणीको मुद्दा चलाई अनुसन्धान गर्ने क्रममा सिंहले अनधिकृत रूपमा डाक्टर लेखेर अवैध क्लिनिक सञ्चालन गरेको प्रहरीले फेला पारेको हो । बोर्डमा डा. सुधीरकुमार सिंह बीडीएस दरभंगा, एमडीएस फिलिपिन्स लेखेको पाइएको प्रहरीले जनाएको छ । सिंहले बिरामीलाई औषधि लेख्ने गरेको पुर्जीमा पनि डा. सुधीर, डेन्टल सर्जन दरभंगा लेखेका छन् ।

'अहेबले आफूलाई डाक्टर भनेर क्लिनिक चलाएको भेटियो,' डीएसपी नवीन कार्कीले भने, 'सिंहले लेखेका डिग्री सबै नक्कली भएको खुलेको छ । थप अनुसन्धान हुँदै छ ।' आफूलाई चरम यातना दिएर बलात्कार गरेको भन्दै महिलाले सिंहविरुद्ध किटानी जाहेरी दिएपछि प्रहरीले पक्राउ गरेको थियो । उक्त मुद्दा अघि बढाउन अनुसन्धान थालेपछि उनले बिरामीलाई ठगी गरिरहेको फेला परेको हो । सिंहले सात वर्षदेखि बिरामी ठग्दै आएको खुलेको छ ।

# गन्तव्यमा पुऱ्याउनै सकिएन पर्यटक

■ **आनन्द गौतम** (ताप्लेजुङ)

ठूलो लागतमा रिसोर्ट बनाइरहँदा फुङलिङ-२ मेवाखोला हिल रिसोर्टका सञ्चालक सुरेश लिम्बूलाई पाहुना आउँछन्, बस्छन्, खान्छन् र फाइदा पक्कै हुन्छ जस्तो लाग्थ्यो । अहिले होटलमा आएका पाहुनालाई घुमाउन कहाँ लैजाने भन्ने चिन्ता थपिएको छ ।


उनीकहाँ आएका ८० प्रतिशतले घुम्न जाने ठाउँ कहाँ हो भनेर सोध्ने गरेका छन् । 'सुकेटार, सिद्धिडाँडा, भिन्तुना डाँडा देखाउँछु,' लिम्बू भन्छन्, 'यी तीनै ठाउँ दुई तीन घण्टामा घुमिने भएकाले अब जाने कहाँ हो भनेर सोध्छन्, देखाउने ठाउँ छैन ।'

आफैंले गाडी चलाएर पाहुनालाई घुमाएर फर्कंदा पनि उनी असन्तुष्ट छन् । 'तीनै ठाउँमा पुग्दा आहा, भन्दै फोटो खिच्न थाल्छन्, तर भ्रमणको तिर्सनाचाहिँ पूरा हुँदैन,' लिम्बूले थपे, 'टाढा पठाउन सक्ने अवस्था छैन ।'

सुकेटारका ओमप्रकाश राईले सञ्चालनमा ल्याएको रिसोर्टमा पनि यस्तै छ । विमानस्थल क्षेत्रको सबैभन्दा उच्च डाँडो किनेर उनले रिसोर्ट बनाएका छन् । वरिपरि हरियालीका लागि सल्ला, लौठ सल्ला, धूपीजस्ता दर्जनौं वनस्पति हुर्काएका छन् । एकाध दिन बसिसकेपछि पाहुनाले उही प्रश्न गर्छन्- अब कहाँ जाने ?

दुवै व्यवसायीका अनुसार पर्यटकको चाहना दिनभर घुम्ने र बेलुका होटलमा आउने वा एक रात उतै बस्ने खालको हुन्छ । जिल्लामा घुम्ने थलो नभएका भने होइनन् । आउजाउ गर्न असजिलो र बास बस्ने ठाउँ छैनन् । 'बाह्रै महिना बग्ने फुङफुङे झरनाको सम्भाव्यता अध्ययन गऱ्यौं,' सुरेशले भने, 'तर होमस्टेको व्यवस्थापन नगरेसम्म पर्यटक पठाउन समस्या छ ।'

उद्योग वाणिज्य संघका अध्यक्ष तारानाथ घिमिरे स्थानीयलाई सहयोग गरेर भए पनि होमस्टे चलाउने योजना रहेको बताउँछन् । 'समुदायसँग कुरा भयो, उहाँहरू पनि तयार हुनुहुन्छ,' उनले भने, 'सबैका बारी बाँझो छन्, हरियोपरियो छैन, साग रोप्नेदेखि कोठा व्यवस्थापन गर्ने र तालिम दिनेसम्मको सहयोग गर्नु आवश्यक छ ।' यसका लागि संघ, पाथीभरा क्षेत्र विकास समिति र पाथीभरा देवी मन्दिर क्षेत्र संरक्षण तथा संवर्द्धन समितिले सहकार्य गरेका छन् । आफूले सकेको गर्ने र थप सहयोगका लागि गाउँपालिकालाई झकझक्याउने उनी बताउँछन् ।



**नेपाल सरकारको एक सय पर्यटकीय गन्तव्यमध्येको एक ताप्लेजुङको फुङफुङे झरना ।** *तस्बिर : आनन्द/कान्तिपुर*

पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक मनमणि काफ्ले पाथीभरा आउने तीर्थयात्रीलाई एक/दुई दिन रोक्न नसक्नु चुनौती भएको बताउँछन् । 'झापाको बिर्तामोडबाट हिंडेको साँझ माथिल्लो फेदीमा बास बस्न पुग्छन्,' उनले भने, 'भोलिपल्ट बिहानै पूजा गरेर बिर्तामोड नै फर्कन्छन्, ताप्लेजुङ पाँचथर दुवै जिल्लामा बास बस्दैनन् ।' बसेनन् भन्दा पनि पर्यटकलाई राखेर आफ्नो गाउँठाउँ चिनाउन सकिएन भन्ने चिन्ता भएको उनको भनाइ छ । फुङलिङ नजिकै शिवको गुफा भएको मानिने सिद्धिडाँडा मन्दिर छ भने नजिकै पोखरी पनि छ । भिन्तुनाडाँडामा घुन्सा हेलिकप्टर दुर्घटनामा परेका संरक्षणविद्को सालिक राखिएको छ । यहाँबाट ताप्लेजुङका अधिकांश स्थान देख्न सकिन्छ ।

फुङफुङे र इलाडाँडा झरना जाने सडकले जोडिए पर्यटकले दुई दिनसम्म थप घुम्न पाउँछन् । मोटरबाटो पुग्नै लागेको फुङफुङेमा सदरमुकामबाट दिउँसो १ बजे हिंडे बेलुका पुगिन्छ । यहाँ लोकल कुखुरा, तोङ्बा, राँगाको सुकुटी, गुन्द्रुक, मकैको भात खान पाइन्छ । बस्नका लागि ३२ वटा घर रहेको गाउँपालिका अध्यक्ष रामकुमार साँवा बताउँछन् ।

लिम्बू समुदायको मात्रै बसोबास भएकाले संस्कृति पनि अवलोकन गर्न पाइन्छ । भ्रमण वर्षअघि नै होमस्टे थालेर भारत र चीनबाट आएका पर्यटकलाई घुमाउन लैजाने उद्देश्यले योजना पनि बनेको छ । जिल्लाले फागुन ९ देखि १३ गतेसम्म गर्ने पाथीभरा म्याराथन तथा मेची पर्यटन महोत्सवमा ती स्थानलाई गन्तव्यस्थल बनाउने उद्देश्य राखिएको घिमिरेले बताए ।

आकर्षक गन्तव्य भए पनि तिम्बुङ पोखरी टाढा भएकाले कसरी जोड्ने भन्ने चिन्ता व्यवसायीको छ । 'तीन दिनसम्म हिंड्नुपर्दा बाहिरका मान्छे थाक्छन्,' लिम्बूले भने, 'सररर गाडीमा जाने फिर्ने चाहना राख्छन्, तर हाम्रोमा सडककै छैन ।' सिदिङ्वा गाउँपालिका अध्यक्ष नरबहादुर कडरियाका अनुसार यहाँ यातायात पुग्न दुई/चार वर्षै लाग्छ । बाटै नभएकाले अहिलेको जोड पैदलमार्गमा बनाउनेमा छ । जिल्लाका पाथीभरा, फुङफुङे र तिम्बुङ पोखरीलाई नेपालका सय पर्यटकीय गन्तव्यमा समेटिएको छ । सांसद तथा पर्यटनमन्त्री योगेश भट्टराईले यी ठाउँका लागि निर्वाचन क्षेत्र कोषबाट रकम विनियोजन गरेका छन । तिम्बुङ पोखरीमा अघिल्लो वर्ष संस्कृति मन्त्रालयले ५० लाख रुपैयाँ बजेट पनि विनियोजन गरेको थियो ।

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
# कान्तिपुर
सातै प्रदेशबाट एकैसाथ प्रकाशित
वर्ष २७ अंक २९१ पोखरा | २६ मंसिर २०७६ बिहीबार मार्ग शुक्लपक्ष पूर्णिमा | नेपाल संवत् ११४० | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, December 12, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ



**खेलाडीको सम्मान**

## प्रधानमन्त्रीद्वारा पुरस्कार घोषणा

- स्वर्णलाई ९ लाख
- रजतलाई ६ लाख
- कांस्यलाई ३ लाख
- एकभन्दा बढी स्वर्ण जित्नेलाई ११ लाखका दरले
- समूहमा स्वर्ण जितेका प्रत्येकलाई ५/५ लाख

पृष्ठ १६




**किम्फ सुरु**
३९ देशका ७९ फिल्म । ९

# ३० हजार टाकामा भित्रिन्छन् रोहिंग्या

## गिरोहले नै बंगलादेशबाट रोहिंग्यालाई नेपाल ल्याइरहेको गृह मन्त्रालयको अध्ययनले देखाएको छ

■ **मकर श्रेष्ठ** (काठमाडौं)

अन्सर मोहम्मद र हुसेन हमिद म्यानमारबाट विस्थापित भएर बंगलादेशमा शरणार्थी जीवन बिताइरहेका थिए। नेपालमा संयुक्त राष्ट्रसंघीय शरणार्थीसम्बन्धी उच्च आयोग (यूएनएचसीआर) बाट शरणार्थीको मान्यता पाइन्छ भन्ने उनीहरूले सुने। त्यसपछि नेपाल छिर्न एजेन्टलाई ३० हजार बंगाली टाका (करिब ४० हजार रुपैयाँ) बुझाए। सात महिनाअघि काठमाडौं आइपुगेका उनीहरू बूढानीलकण्ठ नगरपालिका-११ स्थित राममन्दिर नजिकै टहरामा बसिरहेका छन्।

मोहम्मद र हमिद दुवै रोहिंग्या समुदायका हुन्। उनीहरूले यहाँ आएपछि यूएनएचसीआरमा शरणार्थीको पहिचान माग्दै निवेदन पनि दिएका छन्। तर नाम दर्ता भइसकेको छैन। उनीहरू जसरी नै बंगलादेशबाट भारत हुँदै काठमाडौं आइपुगेर राममन्दिर नजिकैका टहरामा बसिरहेका रोहिंग्या अरू १ सय ७१ जना छन्। रोहिंग्या बूढानीलकण्ठकै लसुनेटार र काभ्रेको पनौतीमा समेत गरी ३ सय ७८ जना छन्।

रोहिंग्यालाई यहाँ ल्याउन र बस्ने ठाउँ मिलाउन गिरोह नै सक्रिय रहेको गृह मन्त्रालयको ठम्याइ छ। 'पछिल्लो समय मौलाना जुबेर नाम गरेका व्यक्तिले ३० हजार टाका लिएर रोहिंग्यालाई नेपाल ल्याउने गरेको पाएका छौं,' नेपाल प्रहरीका एक डीआईजीले भने, 'यसमा काठमाडौंमै रहेका मोहमद ऐसुप, मोहमद आयास र जाफर मियाँ पनि सक्रिय रहेको पाएका छौं।' उनीहरू विस्थापित रोहिंग्याका अगुवा हुन्। उनीहरूकै कारण आप्रवासी बढेको गृह मन्त्रालयको ठहर छ। गृहसचिव प्रेम राईले उनीहरूमाथि निगरानी बढाएको जानकारी दिए।



**रोहिंग्याहरूले काठमाडौंको बूढानीलकण्ठ नगरपालिका-११ राममन्दिर क्षेत्रमा बस्नका लागि बनाइरहेका टहरा ।** *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*

'हामीले रोहिंग्याका विषयमा भर्खरै अध्ययन गरेका थियौं, केही व्यक्तिले उनीहरूलाई ल्याउने गरेको पायौं,' उनले भने, 'सीमामा कडाइ गरेका छौं।' गृहले गठन गरेको कार्यदलका एक सदस्यले पनि गिरोहले पैसा लिएर रोहिंग्यालाई नेपाल भित्र्याइरहेको पाइएको बताए। 'मौलना जुबेर रोहिंग्यासँग ३० हजार टाका लिई नेपालमा ल्याउने गर्दा रहेछन्। ऐसुप रोहिंग्यालाई ओसारपसार गर्न र जग्गा भाडामा लिनेलगायत काममा संलग्न छन्,' उनले भने, 'जाफर मियाँले पनि बंगलादेशमा रहेका आफन्त र चिनजानका व्यक्तिलाई नेपाल भित्र्याएको पाइएको छ।'

रोहिंग्या अध्ययन गर्न गृह मन्त्रालयले गत कात्तिक २४ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटवालको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गरेको थियो। कार्यदलमा महानगरीय प्रहरीका प्रहरी नायब उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका प्रहरी नायब उपरीक्षक, गृह मन्त्रालयको शाखा अधिकृत र जिल्ला प्रशासन कार्यालय काठमाडौंका शाखा अधिकृत सदस्य थिए। बाँकी पृष्ठ १४ ▸▸

**आईसीजेमा सुचीले भनिन्-**



'रोहिंग्यामाथि अत्याचार भएको छैन, सुरक्षित पुन:स्थापन गर्न म्यानमार प्रतिबद्ध छ'

पृष्ठ ८

**भित्र**


जेठोलाई स्कुल बसमा चढाउँदा चढाउँदै किचेर कान्छो छोराको मृत्यु

नयाँ निवासमा सरे प्रधानमन्त्री

हात्तीको आक्रमणबाट दुई महिलाको ज्यान गयो

'प्रि-सेन्डअप' मा पनि विद्यालयले शुल्क लिए

जाडो महिनामा पनि डेंगु संक्रमण उस्तै

प्रदेशले तोक्न सकेनन् नाम र राजधानी


**गजब छ बा !**
– अविन –




मन्त्रीज्यू ! मैले कति लाख पाउने भन्ने कुरो फाइनल भो ? छैन ?... सेमिफाइनल नि ?... अनि क्वाटरफाइनल नि ?...

हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि

# यसरी उम्कियो १७ बैंकबाट १७ करोड

■ **मातृका दाहाल** (काठमाडौं)

अन्तर्राष्ट्रिय आपराधिक गिरोहले अनलाइन ठगी र ह्याकिङबाट संकलित रकम नेपालका १७ वटा बैंकमार्फत विदेश पुऱ्याउने गरेको खुलेको छ। पार्सल आएको भन्दै प्रलोभन देखाएर ठगेको र वित्तीय संस्थाको सर्भर ह्याक गरेर जम्मा पारेको रकम गिरोहले स्थानीय एजेन्टमार्फत विभिन्न व्यक्तिका नाममा राखी बैंकबाटै उम्काइरहेको भेटिएको हो।

अन्तर्राष्ट्रिय गिरोहमा संलग्न नाइजेरियाली नागरिक पिटर हर्मन र बेलायती नागरिक स्मिथ मोरिसले नेपाली सहयोगीसँग मिलेर १० वर्षदेखि यस्तो ठगी गरिरहेको प्रहरीले जनाएको छ। प्रहरीले मंगलबार पिटर र स्मिथका सहयोगी तीन नेपालीलाई पक्राउ गरेपछि ठगीको रहस्य बाहिर आएको हो। महानगरीय अपराध महाशाखाको टोलीले ठमेलमा रेस्टुरेन्ट सञ्चालन गर्दै आएका दोलखाका ५२ वर्षीय रमेश खड्का, नवलपरासी रामग्रामका ३७ वर्षीय विश्वेश्वरप्रसाद तिवारी र नवलपरासीकै मनी एक्सचेन्ज सञ्चालक १९ वर्षीय सन्दीप कलवारलाई पक्राउ गरेको थियो। प्रहरीले खड्कालाई काठमाडौंबाटै पक्रेको हो भने तिवारी र कलवार नवलपरासीबाट समातिएका हुन्। प्रहरी स्रोतका अनुसार १० सहयोगीसहित भारतमा बसेर अपराध सञ्जाल चलाइरहेका पिटरलाई पनि केही समयअघि भारतीय प्रहरीले पक्राउ गरिसकेको छ। बाँकी पृष्ठ १४ ▸▸




# सुत्केरी अस्पतालमै 'बन्धक'

■ **अवधेशकुमार झा** (राजविराज)

उपचारबापतको ३ लाख ५० हजार रुपैयाँ बुझाउन नसक्दा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-८ तोपाकी ललितादेवी खंगले विराटनगरस्थित विराटनगर अस्पतालबाट डिस्चार्ज हुन पाएकी छैनन्। एकमहिने सुत्केरी ललिताका पति गोपीकुमारले रकम जोहो गर्न आफ्नो गाउँ र सदरमुकाममा भिख माग्न थालेका छन्।

विराटनगरस्थित जनरल हस्पिटल एन्ड ट्रमा केयर सेन्टरमा दुई छोरी जन्माएपछि ललितालाई विराटनगर अस्पताल पुऱ्याइएको थियो। नवजात जुम्ल्याहामध्ये एकको मृत्यु भइसकेको छ भने अर्की शिशु तोपास्थित घरमा छिन्।

ललिता दलित खत्वे समुदायकी हुन्। उनका पति गोपी मजदुरी गरेर जीविकोपार्जन गर्छन्। ललितालाई सुत्केरीका लागि गत कात्तिक २३ गते राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल लगिएको थियो। चार दिनपछि उनलाई विराटनगर रेफर गरिएको थियो। गोपीका अनुसार विराटनगरमा पहिले म्याक्स अस्पतालमा भर्ना गरियो। त्यहाँ एक दिन राखेपछि उपचार सम्भव नभएको अस्पतालले बतायो। त्यसपछि विराटनगरकै जनरल हस्पिटल एन्ड ट्रमा केयर सेन्टरमा लगियो। सेन्टरमा दुई छोरी जन्माएपछि ललितालाई थप उपचारका लागि विराटनगर अस्पताल प्रालिको आईसीयूमा भर्ना गरिएको थियो। ट्रमा सेन्टरको एनआईसीयूमा राखिएकै बेला दुई नवजात छोरीमध्ये एकको मृत्यु भएको गोपीले बताए। अर्की शिशु स्वस्थ छिन्।

गोपीका अनुसार ट्रमा सेन्टरमा सुत्केरी गराउनेदेखि छोरीको उपचार खर्चसमेत गरी १ लाख ७४ हजार रुपैयाँ उनले बुझाएका थिए। ३२ हजार ७ सय ५० रुपैयाँ औषधिबापत खर्च भएको थियो। बाँकी पृष्ठ १४ ▸▸



**जुम्ल्याहामध्ये एकको अस्पतालमा मृत्यु भएको थियो। अर्को शिशुलाई डिस्चार्जपछि घरमा अरूले नै स्याहारिरहेका छन्। अर्कै अस्पतालमा उपचार गराएकी आमा 'बन्धक' बनेकी छन्।**




# होमस्टे अनुदानमा 'अनियमितता'

■ **अगन्धर तिवारी** (आर्थर, पर्वत)

ग्रामीण पर्यटनलाई प्रोत्साहन गर्न घरबास कार्यक्रम (होमस्टे) प्रवर्द्धनको अनुदानमा अनियमितता भएको स्थानीयले आरोप लगाएका छन्। अघिल्लो वर्ष गण्डकी प्रदेश सरकारले वितरण गरेको १० लाख रुपैयाँबाट कुस्मा नगरपालिका-१४ आर्थरस्थित पञ्चकोसी होमस्टेका लागि खरिद गरेका सामग्री खुला आकाशमुनि कुहिन थालेका छन्। स्थानीयले सामान खरिदमा अनियमितता भएको भन्दै स्पष्ट नभएसम्म जिम्मा नलिने भएका हुन्।

सरकारबाट प्राप्त अनुदान रकमबाट गाउँका १९ होमस्टेका लागि फर्निचर र लत्ताकपडा खरिद गर्ने निर्णय भएको थियो। निर्णयबमोजिमका गुणस्तरीय सामग्री नभएको भन्दै सञ्चालकले नबुझेका हुन्। हरेक घरका होमस्टेका लागि दुई-दुई सेट खाट, टेबल, बेड, ब्लांकेट वितरण गर्ने निर्णय भएको सञ्चालक ओमकार गुरुङले बताए। निर्णयबमोजिम गुणस्तरीय सामान ल्याउनुपर्नेमा अध्यक्षले करिब दुई तिहाई बढी अनियमितता गरेको पाइएपछि सामग्री जिम्मा नलिएको उनले बताए। 'सहयोग आउने भएपछि सबै बैठक बसेर सामान किन्ने निर्णय गऱ्यौं,' गुरुङले भने, 'अध्यक्षले काठमाडौं पुगेर सामान ल्याउनुभयो। गाउँमै साढे तीन हजारमा पाइने सामानलाई नौ हजारसम्म परेको भनेपछि कसैले बुझ्नेनन्। मैले पनि बुझ्ने कुरै भएन।'

**बढीमा तीन लाख पनि नपर्ने सामान ल्याएर १० लाख खर्च भएको भनेपछि सञ्चालकलाई खरिदमा शंका उब्जेको हो।**

बैठकले अध्यक्ष अमृत गुरुङसहित अरू २ जना सदस्यले गुणस्तरीय सामान खरिद गर्ने निर्णय गरेको होमस्टे सञ्चालक बनीकुमारी गुरुङले बताइन्। 'असारमा ल्याएको सामान बाटैभरि छरिएको छ,' उनले भनिन्, 'सामानमा गडबडी भयो भनेपछि कसैले पनि बुझेका छैनौं।' दुई जना सदस्यसमेतको सहभागितामा ल्याउनु पर्नेमा अध्यक्ष एक्लैले मनोमानी ढंगले सामान ल्याएर होमस्टेकै बदनाम गराउन खोजेको आरोप सञ्चालकको छ। 'खाटमा एक जना बस्दा पनि हल्लिन्छन्। टेबल र अरू कपडा पनि उस्तै छन्,' सञ्चालक यामकुमारी गुरुङ भन्छिन्, 'अब त्यस्ता सामान लगेर हामीले के गर्ने ?' बढीमा तीन लाख पनि नपर्ने सामान ल्याएर १० लाख खर्च भएको भनेपछि आफूहरू अचम्ममा परेको सञ्चालकको गुनासो छ।

असारको अन्तिम साता गाउँ पुऱ्याइएका ३८ थान पलङ र टेबल कुस्मा-आर्थर सडकको घुम्तीमा त्रिपालले ढाकिएको अवस्थामा छन्। त्यस्तै अरू केही बिस्तारा र अन्य सामग्रीहरू स्थानीयको एउटा घरको पिंढीमा थुपारिएको छ। सामान खरिदमा भएको अनियमितता अध्यक्षले स्वीकार नगरे सबै सामान प्रदेश सरकारलाई नै फिर्ता पठाउने सञ्चालकले बताएका छन्। 'हाम्रा लागि दिएको सहयोग हामीले उपयोग गर्न पाउनुपऱ्यो,' एक होमस्टे सञ्चालकले भने, 'यसको कि अध्यक्षले जिम्मा लिनुपऱ्यो। नत्र सरकारलाई नै फिर्ता पठाउँछौं।'

होमस्टे सञ्चालक समितिका अध्यक्ष अमृत गुरुङले भने सामान खरिदमा अनियमितता नभएको बताए। 'सामान ल्याउन दुई जना जाने भन्ने कुरा थियो। एक जना नगएपछि मैले मात्रै ल्याएँ,' उनले भने, 'एक-दुई जना केटाहरूले विवाद गरेपछि केही परिवारले लिन नमानेका हुन्। सबै बिलभर्पाई वन कार्यालयमा बुझाएको छु। अनियमितता भन्ने कुरा गलत हो।' सामान लिन नमानेपछि अब समाजघरमा लगेर थन्क्याउने तयारी गरेको बताए। उनले फर्निचरबाहेक होमस्टेका लागि अन्य थुप्रै कामहरू गरिएको बताए।

प्रदेश सरकारले फागुनमा सम्झौता गरे पनि असारको अन्तिम साता मात्रै रकम दिएपछि हतारहतार सामान ल्याउँदा केहिले बिबाद झिकेको उनको आरोप छ।

# राजमार्गसँग जोडिन स्थानीय तहको लगानी

## जैदी, बिनामारे, सर्कुवा, पैयुँपाटा, अमलाचौर र नारायणस्थानलगायतले कालीगण्डकी करिडोरको लिंक रोड बनाए



**बागलुङको तमानखोला गाउँपालिकादेखि मध्यपहाडी लोकमार्गको बुर्तीबाङतर्फ जोड्ने सडक खण्डमा गुडेको जिप।** *तस्बिर : कान्तिपुर*

■ **प्रकाश बराल** (बागलुङ)

जैमिनी नगरपालिकाले कुश्मीसेरादेखि जैमिनीधामसम्मको सडक कालोपत्रे गर्न ठेक्का खुलाएको छ। दुई किमि लामो यो खण्डमा गत वर्ष नगरले ट्र्याक खोलेको थियो।

१ करोड ३५ लाख बजेट स्थानीय साझेदारी पूर्वाधार विकास कार्यक्रममार्फत विनियोजन छ। सडक कालोपत्रे हुँदा कुश्मीसेराबासीले १० मिनेटमा कालीगण्डकी करिडोर भेट्छन्। करिडोरको स्तरोन्नति भइरहेको छ। आगामी वर्षसम्म कालोपत्रे गर्ने करिडोरको पनि तयारी छ।

कुश्मीसेरादेखि सदरमुकाम आउने २१ किमि सडक वर्षौंदेखि अलपत्र हुँदा दक्षिण बागलुङका सयौंले सास्ती खेपेका थिए। थोरै लगानीमा राष्ट्रिय गौरवका आयोजना जोड्ने क्रम शुरु भएपछि स्थानीयले छोटो र स्तरीय सडकबाट सदरमुकाम पुग्ने अवसर पाउन थालेका छन्। जैमिनी-८ छिस्तीमा पनि यो क्रम सुरु भएको छ। वडा कार्यालयदेखि करिडोर जोड्ने सडक खोलिएको वडाध्यक्ष विजय अधिकारीले बताए। यहाँ निर्माण भएका सबै सडकले करिडोर जोड्ने अभियान थालेका छन्। यहाँका जैदी, बिनामारे, सर्कुवा, पैयुपाटा, अमलाचौर र नारायणस्थान लगायतका वडाले पनि लिंक रोड बनाएका छन्।

चीन र भारत जोड्ने नेपालकै छोटो कालीगण्डकी करिडोरमा मात्र हैन, पूर्व पश्चिम मध्यपहाडी लोकमार्गमा पनि लिंकरोड जोडिन थालेका छन्। दुवै राजमार्ग नेपालको राष्ट्रिय गौरवका आयोजना हुन्। स्थानीय तह गठनपछि लिंकरोडको रुपमा जोड्न थालिएको हो। लोकमार्गको १ सय ४२ किमि खण्ड र करिडोरको ६० किमि खण्डले बागलुङ जोड्छ। दुबै आयोजनासहित केन्द्रीय र रणनीतिक सडक जिल्ला विकासको साझेदार बनेका छन्।

कुश्मीसेरा हुँदै गुल्मीको शान्तिपुर पुग्ने सडक केन्द्रीय आयोजनामार्फत काम भइरहेको छ। यो सडकमा पनि चालुवर्ष थप २ करोड लगानी भएको हो। भीमगिठे र दर्लिङ जोड्ने बडिगाढ खोला पुल, ताराखोलाको जमराघाट, जैमिनी नगरपालिकाको ठेउलेखोला पुल र बाटाकाचौरको हुग्दीखोला पुल गतबर्ष सम्पन्न भैसकेका छन्। बागलुङ नगरपालिकाले पनि खहरेतर्फको मुख्य सडक जोड्न लिंकरोडमा लगानी गरेको छ।

कपिलवस्तुको गोरुसिंगेदेखि सालझन्डी ढोरपाटन पुग्ने पर्यटकीय सडकको ट्र्याक खुलिसकेको छ। यो सडकले निसीखोला गाउँपालिकालाई तराईसँग जोड्छ। निसीखोलाका अधिकांश वडाको सडक निर्माणको क्रम मध्यपहाडी र सालझन्डी सडकतर्फ मोडिएका छन्। चालु वर्षदेखि यो सडक कालोपत्रेका लागि बागलुङतर्फ लगानी गर्न भौतिक योजना मन्त्रालयमा पहल भएको निसीखोला गाउँपालिकाका अध्यक्ष तारानाथ पौडेलले बताए। यो गाउँपालिकाले मध्यपहाडी लोकमार्गकै छेउबाट १९ किमि लिंकरोड बनाएको छ। गाउँबाट लोकमार्ग जोड्ने छोटा सडक बनिरहेका छन्। 'जनताको घरदैलोमा सिंहदरबार आएकाले साना योजनामार्फत गौरवका योजना जोड्ने हाम्रो ध्यान गएको छ,' पौडेलले भने, 'धेरै लगानी गरेर गाउँ घुमाउने सडकभन्दा छोटा र राजमार्ग जोड्दा छिटो समृद्धि ल्याउन सकिन्छ।' राजमार्ग मेरुदण्ड बनेकोले कृषि र पशुबस्तु बजार पठाउने सडकमा मात्र लगानी गरेको उनले बताए।

कोरिडोरमार्फत भारतीय र चिनीयाँ पर्यटक भित्राएर आर्थिक विकास गर्न सकिने भएकाले अरु ठूलो लगानीको काम गर्न नहुने धौलागिरि बहुमुखी क्याम्पसका अर्थशास्त्र विभागका प्रमुख सुदर्शन सिलवालको तर्क छ। 'अब लगानी बढाउनेभन्दा भएका योजना व्यवस्थित बनाउनुपर्छ' सिलवालले भने, 'कृषिलाई व्यवसायिकरण बनाएर जनता धनी बन्ने बाटो खोज्नुपर्छ।' कृषिलाई आधुनिकीकरण नगर्दा जमिन बाँझो बनिरहेको उनले बताए।

काठेखोला गाउँपालिकाले पनि सबै वडाबाट लोकमार्ग जोड्नेगरी सडकका योजना बनाएर लगानी गरेको छ। काठेखोलामा सुन्तला, आलु र पशुजन्य उत्पादन बढेको छ। ती उत्पादन लोकमार्गमार्फत बजार पठाउने योजना पुरा गर्न लगानी गरेको गाउँपालिका अध्यक्ष अमर थापाले बताए।

गाउँपालिकाका सबै वडामा पुग्न मध्यपहाडी लोकमार्गबाट शाखा सडक खोलिएको छ। केन्द्रीय सडकबाट टाढा पर्ने ताराखोला, तमानखोला र बरेङ गाउँपालिका तुलनात्मक विकासमा पछाडि छन्। उनीहरूले मध्यपहाडी लोकमार्गसम्म जोडिएका सडकको स्तरोन्नतिमा लगानी बढाएको बताए। 'लोकमार्गसम्म पुग्ने २ सडक कालोपत्रे गर्ने योजना छ, त्यसकालागि आन्तरिक बजेट लगाएका छौं, केन्द्रीय योजनाको खोजीमा छौं' अध्यक्ष प्रकाश घर्तीले भने, 'ग्रामीण बस्तीका लागि सडकको पूर्वाधार निर्माण नै पहिलो आवश्यकता रहेछ।'

# गर्भवती लक्षित मोबाइल प्रविधि

■ **प्रतीक्षा काफ्ले** (गण्डकी)

स्याङ्जाको फेदीखोला गाउँपालिकामा कार्यरत महिला स्वास्थ्य स्वंमसेविकाको मोवाइलमा गर्भवतीको अवस्थाबारे म्याजेज आउने गरेको छ। गर्भवती भएको ४, ६, ८ र ९ महिनामा म्यासेज आउने फेदीखोला गाउँपालिका प्रमुख घनश्याम सुवेदीले सुनाए।

'गर्भवतीको प्रसुती हुने अनुमानित मिति आयो भने, नमस्ते पहिलो गर्भ जाँचका लागि स्वास्थ्य संस्थामा जान सम्झाउनु होला, भनेर स्वमसेविकाको मोवाइलमा म्यासेज जान्छ,' सुवेदी भन्छन्, 'त्यसपछि हामीलाई भेटेकोमा धन्यवाद भनेर अर्को म्यासेज जान्छ।' यस्ता प्रकृतिका म्यासेजको आधारमा महिलाको महिनावारी रोकिएदेखि सुत्केरी हुने बेलासम्म र शिशुको स्वास्थ्य खतराजन्य अवस्थाबारे म्यासेज पुग्ने उनले बताए।

स्वास्थ्य सेवालाई सर्वसुलभ बनाएर गुणस्तरीयता बढाउने अभियानमा लागेको फेदीखोलाले गर्भवतीलाई लक्षित गरि सोमबारबाट 'मेडिक मोवाइल प्रविधि' सुरु गरेको हो। पालिकाभित्रका स्वयंसेविकामार्फत गर्भबतीको नियमित स्वास्थ्य जाँच गराउन प्रोत्साहन गर्ने उद्देश्यले यो कार्यक्रम लागु गरिएको सुवेदी बताउँछन्। प्रविधिमा एकपटक गर्भवतीको नाम दर्ता भइसकेपछि स्वास्थ्य संस्था नगए तुरुन्त म्यासेज आउँछ। दुईपटक म्यासेज पठाउँदा पनि महिला स्वास्थ्य संस्थामा जाँच गर्न नआए तेस्रो म्यासेज सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुखलाई पठाउने व्यवस्था छ। जसले गर्भवती भएर पनि स्वास्थ्य संस्थामा नजाने महिलालाई फलोअप गर्न स्वयंसेविकालाइ पनि सहज हुन्छ। प्रविधिमार्फत गर्भवती महिला नियमित रुपमा स्वास्थ्य जाँचको लागि स्वास्थ्य संस्थामा जाने, आइरन चक्की खाने, चेक जाँच गर्ने, स्वास्थ्यकर्मीको परामर्श लिने संख्यामा उल्लेख्य सुधार ल्याउने गापाको लक्ष्य रहेको छ।

**गर्भवती जाँच, शिशुको स्वास्थ्य, खतराजन्य अवस्था जस्ता सूचना मोबाइलबाटै**

प्रविधिको प्रशिक्षण दिन आयोजित सोमबार गरिएको उद्घाटन कार्यक्रममा गापाको स्वास्थ्य शाखाले ३६ जना स्वयमसेविकालाई सिमसहित फिचर फोन र ४ स्वास्थ्य चौकीलाई ४ एन्ड्रोइड फोन प्रदान गरेको छ। १० लाख रुपैयाँ बजेट रहेको यस अभियानले गाउँपालिकाको स्वास्थ्यमा सुधार ल्याउने गापाका स्वास्थ्य शाखा प्रमुख खिलप्रसाद पौडेलले बताए। मातृ तथा बाल स्वास्थ्य सेवा समन्वयका लागि मोवाईल स्वास्थ्य कार्यक्रम अन्तर्गत मेडिक मोवाइलले ३ दिने प्रशिक्षक प्रशिक्षण कार्यक्रम आयोजनासमेत गरेको उनले जानकारी गराए।

सुवेदीले गुणस्तरीय स्वास्थ्य र सर्वसुलभ सेवा गाउँपालिकाको पहिलो प्राथमिकतामा रहेको बताए। प्रविधिको भरपुर उपयोग गरि स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने उद्देश्य अनुरुप मेडिक मोवाइल प्रविधिको सुरुवात गरिएको उनको भनाई छ। यस प्रविधिको माध्यमबाट मातृ तथा शिशु मृत्यु दर शुन्य तहमा पुऱ्याउन सकिने र सुरक्षित मातृत्वको लागि तथ्यांकको व्यवस्थापन र अभिलेखन पनि तथ्यपरक बन्ने उनले बताए। गर्भवती भएदेखि सुत्केरी भएको २८ दिनसम्म महिला र नवजात शिशुको स्याहारसुसार र स्वास्थ्य जाँचलाई मोवाईलको सहायताबाट प्रभावकारी हुने मेडिक स्वास्थ्य कार्यक्रमका परियोजना अधिकृत नारायण रिजालले जनाए। गर्भवती जाँच, शिशुको स्वास्थ्य अवस्था, खतराजन्य अवस्थाको सूचना पालिकाको स्वास्थ्य प्रमुखकोमा पुग्ने भएकोले आवश्यक सल्लाह दिन सकिने रिजालले बताए।

# भूकम्पप्रतिरोधी इन्टरलक इँटा

■ **आश गुरुङ** (लमजुङ)

कक्षा १२ पास गरेपछि बेंसीसहर नगरपालिका-७ सहजीका २८ वर्षीय सुमिन घलेले २ वर्षअघि कोरिया जाने सपना देखे। बेंसीसहरको एक सहकारीमा काम गर्दागर्दै उनी कोरियन भाषा पढ्न काठमाडौं गए। पासपोर्ट बनाए। एक वर्ष कोरियन भाषा पढे। परीक्षा पनि राम्रै दिए। तर, एकाएक उनको मन परिवर्तन भयो। 'कोरिया गएर पनि काम नगरी खान पाइँदैन। बरु आफ्नै परिवारसँग बसेर केही गर्छु भन्ने सोंच बनाएँ,' उनले भने। उनका अनुसार कोरिया भाषा पढ्ने बेला उनी साथीसँगै बनेपा पुगे। त्यहाँ उनले नौलो प्रकारको इँटा बनाउने विधि देखे। त्यो देखेर उनमा उत्साह जाग्यो। उनको ध्यान कोरियाभन्दा 'इन्टरलक इँटा' तर्फ मोडियो।

पुर्ख्यौली घर मर्स्याङ्दी गाउँपालिका-३ सिउरुङका सुमिनले भूकम्पपछि चर्चामा आएको इन्टरलक इँटाको उद्योग खोलेका छन्। आफू मात्रै नभएर ४ जनालाई रोजगार दिएका छन्। युवा विदेश जाने क्रम नरोकिएको बेला उनले गाउँ फर्केर व्यवसाय थालेका छन्। '१२ कक्षा पास गरेपछि सहकारीमा पसें।

विदेश नै जाने भनेर कोरिया भाषा पढ्न काठमाडौं गएँ। फेल भए पनि विदेश नै जान्छु भन्ने माइन्ड मेकअप बनाएँ,' उनले भने, 'इन्टरलक प्रविधिको इँटा देखेर मन लोभियो अनि फर्किएँ।' उनले १ वर्षयता आफ्नो र भाडाको समेत गरी २० आना जग्गामा 'लमजुङ इको ब्रिक' उद्योग खोलेका छन्। दैनिक ४ सय इँटा बन्छ। उनका अनुसार धुवाँ, धुलो, ध्वनिको प्रदूषण हुँदैन। एउटा इँटाको सानो-ठूलो जोडीलाई ५५ रुपैयाँमा बिक्री गरिएको उनले बताए। 'इँटा भूकम्प प्रतिरोधी हो,' उनले भने, 'यो इँटा प्रयोग गरेपछि प्लास्टर गर्नु पर्दैन। रङ पनि लगाउनु पर्दैन। आगो प्रतिरोधी र साउन्ड प्रुफ पनि हो।' बिजुलीको वाइरिङ र प्लम्बिङका लागि पर्खाल फोर्न नपर्ने र इँटामा रहेको इन्टरलकबाटै वाइरिङ र प्लम्बिङको काम सहज हुने उनले बताए।

उनको इँटा लमजुङमा मात्रै नभएर मनाङ र तनहुँमा समेत पुग्ने गरेको छ। इँटाको टिकाउ अवधि सिमेन्ट जतिकै रहेको उनले दाबी गरे। उद्योगमा काम गर्नेलाई उनले मासिक ७/७ हजार दिएका छन्। अन्य दिनमा एउटा इँटा बराबर उनीहरूले २ रुपैयाँ पाउँछन्। बिदाको दिन ४ रुपैयाँ पाउँछन्। यसमा मासिक तलब जोडिँदैन। उद्योगका लागि उनले बैंकबाट १० लाख रुपैयाँ ऋण लिएका छन्।



**लमजुङको बेंसीसहर नगरपालिका ७, सहजीमा निर्माण गरिएको इन्टरलक इँटा।** *तस्बिर : कान्तिपुर*

# टावर राख्न बल प्रयोग

म्याग्दी (कास)- अन्नपूर्ण गाउँपालिका, ६ धिरच्याङ, रातोपानी र पोखरे बस्तीमाथि कालिगण्डकी करिडोर २२० केभीए प्रसारण लाइन राख्न लागेको विरोधमा उत्रेका स्थानीयमाथि प्रशासनले बल प्रयोग गरेको छ।

प्रसारण लाइनको टावर राख्ने फाउन्डेसन रहने निर्माण स्थलमा घेरेर बसेका स्थानीयलाई सशस्त्र र जनपद प्रहरीले धकेल्दै निकालेपछि आयोजनाका मजदुरले डोजर लगाएर धमाधम खाल्डो खनेका थिए। 'हामी हाम्रो पुर्ख्यौली थलोमा बसेका हौं। तर प्रहरीले हामीलाई अपराधीलाई झैं अमानवीय शैलीमा घिच्याउँदै, लतार्दै लखेट्यो र डोजर चलायो,' पीडित लोकबहादुर खत्रीले भने, 'हाम्रा सन्तानले पुर्खाको थलोमा झुप्रो बनाउन पनि नपाउने भए। हामीलाई अर्को थलो व्यवस्था नगरी उठिवास गराइयो।' उनले आफुहरु आयोजनाको विरोधी नभएको बताए। कालीगण्डकी किनारै किनार हाइटेन्सन लाइन लैजाने विकल्प हुँदाहुँदै मोटरबाटोको छेउको सहज वस्ती रोजिएको उनको भनाइ छ। घरजग्गाको मुआब्जा प्रस्ताव स्थानीयले अस्वीकार गरी प्रसारण लाइनको काममा अवरोध गरेपछि आयोजना र स्थानीय प्रशासन बलप्रयोग गरी काम अगाडि बढाउने निस्कर्षमा पुगेको हो।













## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | आकस्मिक लाभ | तुला | अस्वस्थता |
| वृष | उत्साहप्रद | वृश्चिक | नयाँ कार्य आरम्भ |
| मिथुन | आर्थिक हानी | धनु | द्विविधा बढ्ने |
| कर्कट | कार्य सफल | मकर | अध्ययनमा सफल |
| सिंह | मिष्ठान्न भोजन | कुम्भ | मनोरञ्जन |
| कन्या | भाग्य वृद्धि | मीन | पराक्रम बढ्ने |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल मंसिर २७ गते शुक्रबार तदनुरुप १३ डिसेम्बर २०१९ पौष कृष्णपक्ष प्रतिपदा तिथि प्रात: १०:३९ बजेसम्म उप्रान्त द्वितीया तिथि, मृगशिरा नक्षत्र प्रात: ७:३७ बजेसम्म उप्रान्त आद्रा नक्षत्र, शुभ योग दिनको १:५५ बजेसम्म उप्रान्त शुक्ल योग, कौलब करण प्रात: १०:३९ बजेसम्म उप्रान्त तैतिल करण, मिथुन राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | मार्गदर्शन (लाइभ) |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | नेपाल स्पेल बी (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | रजतपट (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | साझा सवाल (रिपिट) |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| ३:०० | नेपाल स्पेल बी (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | रजतपट (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | सुमनसँग |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | हवाट द फ्लप |
| १०:०० | सुमनसँग (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | सुमनसँग (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | हवाट द फ्लप (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (स्मीता) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | रेडियो टक (किरण) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (शुभराज) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (एलिसा) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १८:०० | मुक्तिको सन्देस |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्ट्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

**पोखराका महत्त्वपूर्ण नम्बरहरू**

| | |
|---|---|
| रक्त सञ्चार सेवा केन्द्र/एम्बुलेन्स रेडक्रस | ०६१-५२१०९१ |
| कास्की रेडक्रस | ०६१-५२०३४७ |
| दमकल सेवा | ०६१-५२०२२२ |
| शव बाहन सेवा (सिद्धार्थ क्लब) | ०६१-५३०२०० |
| पश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ०६१-५२००६६/६७ |
| मनिपाल शिक्षण अस्पताल | ०६१-५२६४१६/१७/१८ |
| गण्डकी मेडिकल कलेज | ०६१-५५०२५३ |
| हिमालय आँखा अस्पताल | ०६१-४६११६८ |
| पोखरा विश्वविद्यालय, लेखनाथ | ०६१-५६१०४६/५६१५४६ |
| क्षेत्रीय प्रशासन कार्यालय | टोल फ्रि ११११/०६१-४६४८४१ |
| क्षेत्रीय प्रहरी कार्यालय | ०६१-४६२५००/९८५६०२८४३३ |
| जिल्ला प्रहरी कार्यालय | ०६१-५२००३३/९८५६०३९५९९ |
| जिल्ला ट्राफिक प्रहरी | १०३/०६१-५२०४१२ |
| सशस्त्र प्रहरी बल (कालिका गण) | ०६१-५४१०८८/९८५१२७२०४७ |

**बागलुङ**

| | |
|---|---|
| धौलागिरि अञ्चल अस्पताल | ०६८ ५२०१८८/५२०२८८ |
| रक्तसञ्चार केन्द्र | ०६८ ५२०२७३ |
| कालिका भगवती गुठी एम्बुलेन्स | ९८४६९१७५०० |
| गोरखा अस्पताल | ०६४ ४२०२०८ |
| स्याङ्जा जिल्ला अस्पताल | ०६३ ४२०२३९ |
| स्याङ्जा रेडक्रस एम्बुलेन्स | ०६३ ४२०११४ |
| पर्वत जिल्ला अस्पताल | ०६७ ४२०११९/४२०४१४ |
| पर्वत रेडक्रस एम्बुलेन्स | ०६७ ४२०१६९ |
| पर्वत प्रहरी/वारुणयन्त्र | ०६७ ४२०१००/४२०१९९ |
| लमजुङ जिल्ला अस्पताल | ०६६ ५२०१९५/५२०५५७ |
| लमजुङ सामुदायिक अस्पताल | ०६६ ५२०१८३ |
| म्याग्दी जिल्ला अस्पताल | ०६९ ५२०१०८ |
| दमौली अस्पताल | ०६५ ५६०२०३ |
| नवलपरासी जिल्ला अस्पताल | ०७८ ५२०५०३ |
| स्याङ्जा बारुणयन्त्र | ०६३ ४२०४०९ |
| जिल्ला प्रहरी बागलुङ | ०६८ ५२०१९९ र ५२०२१९ |
| जिल्ला प्रहरी गोरखा | ०६४ ४२०२३७ |
| जिल्ला प्रहरी लमजुङ | ०६६ ५२०१९८ र ५२०१९९ |
| जिल्ला प्रहरी मनाङ | ०६६ ४४०१९९ |
| जिल्ला प्रहरी मुस्ताङ | ०६९ ४४०११६ र ४४००९८ |
| जिल्ला प्रहरी म्याग्दी | ०६९ ५२०१९९ र ५२०२९९ |
| जिल्ला प्रहरी पर्वत | ०६७ ४२०१९९ |
| जिल्ला प्रहरी स्याङ्जा | ०६३ ४२०१००/४२०१९९/४२०२८४ |
| जिल्ला प्रहरी तनहुँ | ०६५ ५६०१९९ |
| इप्रका आँबुखैरेनी | ०६५ ५४००९९ |
| जिल्ला प्रहरी नवलपरासी | ०७८ ५४०१०० |
| लुम्बिनी अञ्चल अस्पताल बुटवल | ०७१५४०२०० |
| बुद्ध सामुदायीक मुटु अस्पताल | ०७१५४६१९७ |
| महिला तथा बाल अस्पताल-आम्दा | ०७१५४४४५० |
| युनिभर्सल कलेज अफ मेडिकल सायन्सेस भैरहवा | ०७१५०६०३० |
| भीम अस्पताल भैरहवा | ०७१५२०१९३ |
| पृथ्वी चन्द्र अस्पताल परासी | ०७८५२०१८८ |
| अर्घाखाची जिल्ला अस्पताल | ०७७४२०२५७ |
| गुल्मी जिल्ला अस्पताल | ०७९५२०१८८ |
| कपिलवस्तु जिल्ला अस्पताल | ०७६५६०२०० |
| रेडक्रस एम्बुलेन्स भैरहवा | ०७१-५२०२६३, ९८४७०२११०४ |
| रेडक्रस, रक्त संचार भैरहवा | ०७१-५२०२६३, ९८६७३२६४५७ |
| रेडक्रस, रक्त संचार, बुटवल | ०७१-५४१००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क ☎ जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# आफ्नै छोरी चिन्दिनन् आमा

■ **विनु तिम्सिना** (विराटनगर)

आमाभन्दा प्यारो सम्बन्ध अरू कोसँग होला ? अझ नवजात शिशु र बालबालिकाहरू त आमाबाहेक खासै अरूको काखमा जान समेत मान्दैनन् तर विराटनगरस्थित मानव सेवा आश्रममा उद्धार गरेर ल्याइएकी १० महिने शिशु सुम्निमालाई भोजपुर घर भएकी ३० वर्षीया शिवकुमारी राई चिन्दिनन् ।

आश्रममा दुवै आमाछोरी बस्दै आएका छन् । न त आमा छोरीप्रति स्नेह देखाउँछिन् न त छोरी नै आमाको काख खोज्छिन् । बरु सुम्निमा आश्रममै बस्दै आएकी मिलनरानो दाससँग खेल्ने रमाउने गर्छिन् । 'छोरी भनेर न त आमा काखमा लिन्छिन् न त छोरी नै उनीसँग मान्छिन्,' आश्रमका स्वयंसेवक नवराज केसीले भने, 'आफ्नी आमासँग भन्दा आश्रममै बस्दै आएकी मिलन रानोसँग बढी नजिक छिन् नानी ।'

मिलन रानो पनि मानसिक रोगी नै हुन् तर पनि उनी सुम्निमालाई निकै माया गर्छिन् । 'आफ्नै छोरीलाई जस्तै माया गर्नुहुन्छ दास दिदीले,' केसीले भने, 'एकैछिन छाड्न मान्नुहुन्न । दिउँसो त हामी पनि उहाँलाई नै दिन्छौं सुम्निमा तर राति भने मानसिक बिरामीको जिम्मामा दिँदा केही होला कि भन्ने डरले हामी आफैं राख्छौं नानीलाई ।'

भोजपुरको आमतेककी राई लामो समयदेखि मानसिक रोगबाट ग्रसित थिइन् । परिवारमा समेत अपांग दाजुबाहेक अरू कोही नभएपछि उनी भौतारिएर हिंड्ने गर्थिन् । धनकुटामा सामूहिक बलात्कारमा परेपछि उनी झन् अर्धचेत नै बनिन् । बलात्कारपछि जसोतसो भोजपुर पुगेकी उनले अर्धचेत अवस्थामा घरैमा छोरी जन्माएकी हुन् ।

बलात्कारबाट जन्मेकी छोरीसहित मानव सेवा आश्रमले भदौमा उनलाई उद्धार गरेर विराटनगर ल्याएको हो । सुम्निमाले नामसमेत मानव सेवा आश्रममै आएर पाइन् । 'सुम्निमालाई कोकलेको बच्चो भन्नुहुन्छ शिवकुमारी दिदी,' केसी भन्छन् ।

शिवकुमारी सबओभरसियरकी विद्यार्थी हुन् । पढ्दापढ्दै मानसिक अन्तुलन गुमाएकी उनको उद्धारका लागि छिमेकीहरूले २०७० सालमै पहल गरेको मानव सेवा आश्रमले बताए । त्यसबेला मानव सेवा आश्रम हेटौंडामा मात्रै सीमित भएकाले उद्धार गर्न भोजपुर जान सक्ने अवस्था नरहेकाले आफूहरूले आश्रमसम्म ल्याइदिन आग्रह गरेको उनले बताए ।

उनको उद्धारको पहल भइरहेकै बेला उनी घर छाडेर बेपत्ता बनिन् । 'उनी घर छाडेर हिंडेकाले उद्धार गर्दिनुस् भन्ने उनका छिमेकीहरू पनि सम्पर्कमा आएनन्,' केसीले भने, 'हेटौंडादेखि उद्धार गर्न भोजपुर जान हाम्रो पनि स्रोतसाधनले भ्याएन, त्यसैले त्यो बेला उनको उद्धार गर्न सकिएन ।'

मानसिक अवस्था ठीक नभएपछि उनी धेरै ठाउँ भौंतारिएर हिंडिन् । धनकुटामा सामूहिक बलात्कारमा पनि परिन् । बलात्कारपछि जन्मिएकी छोरीलाई कहिले जंगलमा छाड्ने, कहिले भोकै राख्ने गरेको देखेर स्थानीयहरूले मानव सेवा आश्रममा सम्पर्क गरेपछि आफूहरूले उद्धार गरेर ल्याएको बताए । आश्रममा ल्याएपछि पनि उनले आफ्नी छोरीलाई चिन्न सकेकी छैनन् ।

एक महिनाअघि सामाजिक विकास मन्त्रालयले उद्धार गरेर मानव सेवा आश्रमको जिम्मा लगाएको मोरङ रतुवामाई नगरपालिका ८ दाम्राभिट्टाका ४६ वर्षीय दिनेश तिम्सिनामा सुधार आइरहेको छ । विगत ३० वर्षदेखि मानसिक सन्तुलन गुमाएका उनी उपचार अभावमा डोरीले बाँधिएर जीवन बिताइरहेका थिए । सानैमा बुबा बितेको र आमा सुस्त श्रवणशक्ति भएका कारण उनको समयमा उपचार हुन नसक्दा उनले बन्दी जीवन जिउनुपरेको थियो ।

तिम्सिना सुरुका दिनमा पढाइमा निक्कै अब्बल थिए । झापाको जुरोपानीमा रहेका मावलीमा बसेर पढ्ने उनी एसएलसीमा फेल भएपछि भने मानसिक रूपमा विक्षिप्त बनेका थिए । समयमै उपचार नपाउँदा उनी लामो समयदेखि साङ्लामा बाँधिएर बस्न बाध्य थिए । बसेकै ठाउँमा दिसापिसाब गर्ने उनी मानव सेवा आश्रममा नियमित उपचार र औषधि सेवनबाट शौचालय जान सक्ने भएको बताए ।

उनीहरूसहित हाल आश्रम विराटनगरमा १६ जना मानसिक रोगी बस्दै आएका छन् । मानसिक रोग विशेषज्ञ डा. निमेष राजभण्डारीले उनीहरूको नियमित जाँच गरिरहेका छन् । कोही पनि सडकमा बस्नु नपरोस्, खासगरी मानसिक सन्तुलन गुमाएर परिवार र समाजबाट अपहेलित भई सडकमा जीवन गुजारा गर्नु नपरोस् भन्ने उद्देश्यले हेटांडाबाट सुरु भएको मानव सेवा आश्रम हाल सात वटा प्रदेशको १३ वटा जिल्लामा विस्तार गरिएको छ ।

आश्रमले हालसम्म ६ सय ५० जना मानसिक रोगीलाई उपचारपछि परिवारमा पुनर्मिलन गराएको केसीले बताए । आश्रमले विभिन्न जिल्लामा हाल ८ सय जनालाई सेवा दिइरहेको उनले बताए साथै एक सय ५० जनालाई आश्रममा अल्पकालिक सेवा दिइरहेको उनले जनाए ।



**आश्रममै बस्दै आएकी मिलन रानो दाससँग खेल्दै शिवकुमारी राईकी छोरी सुम्निमा ।**
*तस्बिर : विनु/कान्तिपुर*



**म्याग्दीको बेनीस्थित माउन्ट एभरेस्ट आवासीय माध्यमिक विद्यालयका १८ जना छात्रासहित ३६ जना विद्यार्थी नेपाली सेना मातहतको श्री राष्ट्रिय सेवा दल मध्य तालिम शिक्षालय हात्तीखोर, नवलपुरमा राष्ट्रिय सेवा दल जुनियर डिभिजन तालिममा सहभागी हुन जाने तयारीमा ।**
*तस्बिर : घनश्याम खड्का/कान्तिपुर*

# ११ महिनामा २० को हत्या

## धेरैजसो घटनामा आरोपित आफन्त नै छन्, कतिपय पक्राउपछि पुर्पक्षका लागि थुनामा छन् भने कतिपय फरार रहेकाले प्रहरीको खोजी सूचीमा छन्

■ **अवधेशकुमार झा** (राजविराज)

सप्तरीमा पछिल्लो ११ महिनामा २० जनाको हत्या भएको छ । मानव अधिकार दिवसका अवसरमा राजविराजमा इन्सेकले सार्वजनिक गरेको प्रतिवेदनमा हत्याका अधिकांश घटनाका आरोपीलाई प्रहरीले पक्राउ गर्न नसकेको उल्लेख छ ।

सुरुंगा नगरपालिका-६ कडरबोनाका ३० वर्षीय दीपेन्द्र चौधरीको ०७५ माघ ९ मा रुपनी-१ मा प्रहरीको गोली लागेर मृत्यु भएको थियो । प्रहरीमाथि गोली चलाउँदा गरिएको जवाफी कारबाहीमा उनको मृत्यु भएको प्रहरीले जनाएको थियो । चौधरीका परिवारले भने नियन्त्रणमा लिएर प्रहरीले उनको हत्या गरेको आरोप लगाउँदै आएको छ ।

बलान बिहुल गाउँपालिका-४ बेल्हीकी १६ वर्षीया सरिताकुमारी बडहीको गत माघ १४ मा हत्या भएको थियो । पक्राउ परेका आरोपित उनका बुबा तुरुन्तलाल फागुन ११ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छन् । अर्का आरोपित आमा ४३ वर्षीया पवनदेवी बडही फरार छिन् ।

खडक नगरपालिका-५ खरचुहियाका ७५ वर्षीय सबुरी साह र उनकी पत्नी ६५ वर्षीया बेचनीदेवी साहको शव डढेको अवस्थामा गत फागुन १४ मा फेला परेको थियो । दुवैको हत्यापछि शव डढाइएको शंका गरे पनि घटनामा संलग्नको अझैसम्म पहिचान भइसकेको छैन । डाकनेश्वरी नगरपालिका-३ तरहीकी ३५ वर्षीया ललितादेवी साहको ०७५ माघ १२ मा हत्या भयो । आरोपित ससुरा ६८ वर्षीय रामदेव साहलाई वैशाख १९ मा प्रहरीले पक्राउ गरयो । जेठ १५ मा पुर्पक्षका लागि तारेखमा रिहा भए । फरार भनिएका आरोपित पति ४० वर्षीय शंकर साह र देवर ३५ वर्षीय राजकुमार भनिने राजीवप्रसाद साह प्रहरीको खोजी सूचीमा छन् ।

हनुमाननगर-कंकालिनी नगरपालिका-१४ का ६५ वर्षीय जगदीश रामको गत वैशाख २१ मा हत्या भयो । उनकै माइला छोरा ३२ वर्षीय देवकुमारले हत्या गरेको किटानी जाहेरी पर्‍यो । आरोपित अझैसम्म फरार छन् । तिरहुत गाउँपालिका-२ गोइठी घर भई राजविराजको पिस जोन मोडेल स्कुलमा पढाउने २५ वर्षीय भट्टराई भनिने जयकृष्ण बिराजीलाई असार ९ को राति राजविराज-७ खर्साल टोलमा आठ जनाको समूहले कुटपिट गरेको थियो । उनको असार ११ मृत्यु भयो । घटनामा संलग्न भनिएका कोही पनि पक्राउ परेका छैनन् । सुरुंगा-१ चहकाकी ६४ वर्षीया धनमाया पुलामीलाई असार १९ मा उनकै छोरा ३४ वर्षीय रिठे भनिने जंगबहादुरले हत्या गरे । पक्राउपछि उनी साउन ९ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छन् ।

सिरहाको गोलबजार नपा-९ चन्द्रोदयपुरका १२ वर्षीय मोहमद तरिक शेख, ३ वर्षीय आसिलम शेख र २ वर्षीया आजमिन खातुन असार २० मा मृत फेला परे । हत्या गरेको आरोपमा पक्राउ गरिएकी आमा ३५ वर्षीया रुक्साना खातुन साउन १५ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छिन् । आत्महत्याको दुरुत्साहनको अभियोगमा पक्राउ परेका उनका पति तैयव राइनलाई जिल्ला अदालतले ७० हजार धरौटी लिई तारेखमा रिहा गरेको छ । रुक्साना बच्चाहरू लिएर कोसी ब्यारेजमा हाम फालेकी थिइन् । उनी बाँचिन, छोराछोरीको मृत्यु भएको थियो ।

हनुमाननगरकी २५ वर्षीया हीरादेवी मण्डल झुन्डिएको अवस्थामा फेला परिन् । गत असार २७ को साँझ उनका पति बैजनाथ मण्डल, ससुरा उमा मण्डल र सासू लक्ष्मीदेवी मण्डलले हत्या गरेर आत्महत्या देखाउन पासोमा झुन्ड्याइएको भन्दै पिता विष्णुपुर गापा-४ सिम्राहा सिग्यौनका बुधाइ मण्डलले असार २९ मा प्रहरीमा उजुरी दिए । दाहसंस्कारका लागि शव लैजाने क्रममा विवाद भएपछि बैजनाथलाई प्रहरीले नियन्त्रणमा लिएको थियो । उजुरी प्रहरीले दर्ता नगरी बैजनाथलाई त्यसै छाडेको आरोप हीरादेवीका माइती पक्षले लगाउँदै आए पनि आरोपितले हत्या नभई आत्महत्या गरेको बताउँदै आएका छन् । मधुपट्टी कनकपुरकी १८ वर्षीया पुनम यादवलाई असार ३० मा उनका पति २० वर्षीय सतीशकुमार यादव, ससुरा रामसिमृत, सासू रामसखी र जेठानी किरणले हत्या गरेको भन्दै दाजुले साउन २ मा इलाका प्रहरी कार्यालय कडरबोनामा उजुरी दिए । प्रहरीले साउन १३ मा सतीशलाई पक्राउ गर्‍यो । पीडितले विष सेवन गरी आत्महत्या गरेको बताउँदै आएका सतीश एक लाख धरौटीमा रिहा भए ।

अग्निसाइर कृष्णसवरण गापा-३ हरिहरपुरकी १९ वर्षीया गर्भवती रञ्जुदेवी यादवलाई साउन ५ मा हत्या गरेको आरोपमा घटनाको दुई सातापछि सासू लीलादेवी र ससुरा महेन्द्र यादव पक्राउ परे । दुवै पुर्पक्षका लागि थुनामा छन् । डाकनेश्वरी नपा-१ कविलासाकी २७ वर्षीया कञ्चनकुमारी यादवको साउन १८ मा हत्या भयो । पक्राउ परेका पति अरविन्दकुमार यादव भदौ २३ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छन् । अन्य आरोपित पाँचजना पक्राउ परेका छैनन् । कञ्चनलाई हत्यापछि आत्महत्या देखाउन झुन्ड्याएको माइती पक्षको आरोप छ ।

बोदे बर्साइन नपा-४ की १९ वर्षीया अम्बिकाकुमारी साहलाई असोज १९ मा पति रामचन्द्र साह, देवर रामप्रसाद र सासू किसनीदेवीले पासोमा झुन्ड्याई हत्या गरेको भन्दै पिता शम्भुनाथ नपा-१२ कुशहाका चन्द्रकान्त साहले प्रहरीमा उजुरी दिए । प्रहरीले रामचन्द्र र रामप्रसादलाई असोज १९ मा पक्राउ गरे अभद्र व्यवहारको उजुरी दर्ता गरी कारबाही थाल्यो । महादेवा गापा-१ पकरी कुजराही टोलका ६२ वर्षीय मोहमद गफुर पमरियालाई असोज १९ मा पत्नी जमुनी खातुन र छोरा नइम पमरियाले हत्या गरेको भन्दै भाइ इसराइल पमरियाले प्रहरीमा उजुरी दिए । अदालतको आदेशमा जमुनी साधारण तारेखमा रिहा भइन् भने कात्तिक २० देखि नइम पुर्पक्षका लागि राजविराज कारागारमा छन् ।

बोदे बर्साइन नपा- ७ मानराजा बगबिराकी २५ वर्षीया राजोदवी यादवलाई असोज २६ मा पति विष्णुदेव यादव, उनकी जेठी पत्नी उषादेवी र विष्णुदेवका भतिजीबुहारी ममतादेवी यादवलगायतले हत्या गरेको भन्दै पिता सत्यनारायण यादवले प्रहरीमा उजुरी दिए । विष्णुदेवले विष खाएर सिकिस्त राजोदेवीको उपचारको प्रयास गर्दा गर्दै मृत्यु भएको बताएका छन् । कञ्चनरूप नपा-५ पिप्रा टोलका २३ वर्षीय अजयकुमार मुखियालाई कात्तिक १ राती सोही ठाउँका श्रीलाल सरदार, उनका छोरा विजय सरदार र बबरी भनिने रमेश सरदारलगायतले हत्या गरेको भन्दै पिता जनक मुखियाले प्रहरीमा उजुरी दिए । श्रीलाल र विजय पक्राउ परे, रमेश फरार छन् । अग्निसाइर कृष्णासवरन गापा-१ स्थित मुस्लिम टोलकी ३६ वर्षीया बुलु खातुनको कात्तिक १२ गते अपरिचित व्यक्तिबाट हत्या भएको भन्दै पति इनुस मियाँले कात्तिक १८ मा प्रहरीमा उजुरी दिए । घाँस काट्न निस्किएकी बुलुको शव महुली खोलाको पश्चिम कुलोमा कात्तिक १६ सडेगलेको अवस्थामा फेला परेको थियो । घटनाका आरोपितको पहिचान हुन सकेको छैन ।

राजविराज नपा-२ तेतरी गाछीकी १८ वर्षीया कोमल साफीको मंसिर ४ मा हत्या गरिएको शंकास्पद अवस्थामा घरमै शव फेला पर्‍यो । घरमा एक्लै रहेको अवस्थामा कोठाभित्र बिछ्यौनामा मृत अवस्थामा फेला परेकी साफीको घाँटीमा निलडाम थियो । घटनाको रहस्य खुलेको छैन ।

खडक नपा- १० का १५ वर्षीय सागर सरदारको मंसिर ८ मा हत्या गरेको आरोपमा स्थानीय शिवनारायण साह र ६ जना बालकलाई इलाका प्रहरी कार्यालय कल्याणपुरले नियन्त्रणमा लियो । उनीहरूविरुद्ध कर्तव्य ज्यानको उजुरी दर्ता गरेको छ । मंसिर ९ मा ७५ वर्षीया अनुरागीदेवी राजविराज नपा-६ मा कान्छा छोरा विनोद दासको घरमा मृत फेला परिन् । नाति दीपेन्द्र दासको उजुरीमा प्रहरीले शव पोस्टमार्टमका लागि धरानको बीपी प्रतिष्ठान पठाएको थियो । हत्या भएको र प्रहरीलाई जानकारी नदिई दाहसंस्कार गर्न थालेको भन्दै उजुरी परेको थियो । विनोदले भने मानसिक रोगी आमा कुर्सीमा चढेर छतमा उक्लिँदा लडेर मृत्यु भएको बताएका छन् ।

अधिकारकर्मी मनोहर पोखरेलले जिल्लामा भएका यी हत्याका घटनामध्ये अधिकांशका आरोपी फरार रहेको, केही घटनालाई आत्महत्याको रूप दिइएको भए पनि प्रहरी अनुसन्धानले प्रस्ट पार्न नसकेकाले जिल्लामा दण्डहीनताले प्रश्रय पाउँदै गएको आरोप लगाए ।

## अनुसन्धानमा सीआईबी टोली

कपिलवस्तु (कास)- यहाँको पूर्व-पश्चिम राजमार्गस्थित बुद्धभूमि नगरपालिका-२ गोरुसिंगेमा भएको एक जनाको हत्याको अनुसन्धान प्रहरीका लागि चुनौति भएको छ । गत मंसिर १३ मा धनराज पौडेलको शव विभत्स रुपमा हत्या गरिएको अवस्थामा फेला परेको थियो । घटनाको दुई साता हुन लाग्दा पनि पनि संलग्नका बारेका तथ्यप्रमाण बाहिर आउन नसकेपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोको टोली जिल्ला आएको छ ।

सीआईबीका निरीक्षकको नेतृत्वमा तीन सदस्यीय टोली जिल्ला आएको हो । उनीहरूले अनुसन्धान थालेका छन् । यसअघि उक्त घटनाको छानबिन गर्न ईप्रका गोरुसिंगेका निरीक्षक सुभाष खड्काको नेतृत्वमा अनुसन्धान टोली गठन भएको थियो । अहिले दुवै टोलीले आआफ्नो तरिकाले अनुसन्धान गरिरहेको बताएका छन् ।

सीआईबी टोलीले घटनास्थलको निरीक्षण, परिवार, आफन्त र छिमेकीसँग सोधपुछ गरेको प्रहरी स्रोतले जनाएको छ । उनीहरूले घटनाको प्रकृति र अवस्था, श्रीमान्/श्रीमतीको सम्बन्ध र घटनाका अन्य कुरालाई जोडेर अध्ययन थालेका छन् । हत्या आरोपमा मृतककी बुहारी लक्ष्मी पौडेल पक्राउ परेकी छन् । उनमाथि अदालतबाट म्याद थप गरेर अनुसन्धान भइरहेको छ । उनले घटनामा आफू संलग्न नरहेको बताउँदै आएकी छन् । पौडेल आफ्नै घरको कोठामा मृत अवस्थामा फेला परेका थिए ।

मंसिर १३ गते दिउँसो हत्या भए पनि प्रहरीले साँझ ७ बजे मात्र घटनाबारे थाहा पाएको थियो । हत्या लक्ष्मीले नै गरेको मृतकका परिवारको आरोप छ । घटनाका बेला दुबईमा रहेका मृतकका छोरा शंकरले बुबाको हत्या श्रीमतीको संलग्नता हुन सक्ने आरोप लगाए । घटना थाहा पाएर घर फर्केका उनले श्रीमतीले आफूसँग निहुँ खोज्ने र दिनहुँ झैझगडा गरिरहने गरेको गुनासो गरे ।

परिवारका अनुसार घटनाका दिन लक्ष्मी र मृतक पौडेल घरमै थिए । धारिलो हतियार प्रयोग गरेर पौडेलको हत्या भएको छ । प्रयोग गरिएको हतियारको फिङ्गर प्रिन्ट परीक्षणका लागि काठमाडौं पठाइएको छ । उनको शव क्षतविक्षत अवस्थामा थियो । हत्यापछि लक्ष्मीले नै ससुरा हराएको र घरमा चोर आएको विषयमा प्रहरीमा जानकारी गराएकी थिइन् । मृतकका आफन्तले गरेको फोन नलागेपछि खैलाबैला मच्चिएको थियो । खोजबिन गर्दा पौडेल घरकै टीभी कोठामा वीभत्स हत्या गरिएको अवस्थामा भेटिएका थिए । शवलाई सिरक, ब्ल्याङ्केट ओढाइएको थियो । त्यही कपडाका बीचमा बुहारी लक्ष्मीको मोबाइलसमेत भेटिएको थियो ।

मंसिर १२ गते काठमाडौं जान हिँडेकी लक्ष्मी गोरुसिंगेमा रहेको एक होटलमा अर्कैका नाममा कोठा बुक गरेर बसेको भेटिएको छ । उनी होटलमा बस्दा अपरिचित पुरुष आएर भेटघाट गरेको बताइएको छ । ती पुरुषले लक्ष्मीका दुई वर्षीय छोरालाई समेत होटलमा ल्याएका थिए । स्टाफ नर्स पढेकी लक्ष्मीसँग पैसाका विषयमा श्रीमान् र परिवारसँग बारम्बार किचलो हुने गरेको थियो । छिमेकीहरूले घटनामा लक्ष्मीकै प्रत्यक्ष संलग्नता रहेको बताए । पौडेलको घाँटी, टाउको, पेट र शरीरका विभिन्न भागमा गम्भीर चोट थियो । उनी अर्घाखाँचीबाट बसाइँ सरेर गोरुसिंगे आएका हुन् । उनी हराएको भन्ने सूचनाका आधारमा प्रहरीले खोजबिन गर्दा कोठामा मृत अवस्थामा फेला परेका थिए । 'अनुसन्धान जारी छ,' प्रहरी प्रवक्ता सुनिल मल्लले भने, 'छिट्टै परिणाम निस्किने अपेक्षा गरेका छौं ।'

# अहेबले गरेको ठगी अनुसन्धानमा

रौतहट (कास)- बलात्कार आरोपमा पक्राउ परेका यहाँका एक अहेबले खोलेको क्लिनिक अवैध भएको खुलेको छ । सदरमुकाम गौरमा रहेको रवि डेन्टल क्लिनिक अवैध भएको पाइएको हो । अहेब भए पनि 'एमडीएस डाक्टर' बोर्डमा लेखेर बिरामी ठगेको पाइएको प्रहरीले जनाएको छ ।

चितवनबाट रौतहटको सदरमुकाम गौर घुम्न आएकी ३० वर्षीया एक महिलालाई बलात्कार गरेको आरोपमा यमुनामाई नगरपालिकाको हेल्थपोस्टमा कार्यरत अहेब सुधीरकुमार सिंह पक्राउ परेका थिए । उनले गौरमा सञ्चालन गरेको डेन्टल क्लिनिक अवैध भएको खुलेको हो । बलात्कार आरोपमा पक्राउ परेपछि जबर्जस्ती करणीको मुद्दा चलाई अनुसन्धान गर्ने क्रममा सिंहले अनधिकृत रूपमा डाक्टर लेखेर अवैध क्लिनिक सञ्चालन गरेको प्रहरीले फेला पारेको हो । बोर्डमा डा. सुधीरकुमार सिंह बीडीएस दरभंगा, एमडीएस फिलिपिन्स लेखेको पाइएको प्रहरीले जनाएको छ । सिंहले बिरामीलाई औषधि लेख्ने गरेको पुर्जीमा पनि डा. सुधीर, डेन्टल सर्जन दरभंगा लेखेका छन् ।

'अहेबले आफूलाई डाक्टर भनेर क्लिनिक चलाएको भेटियो,' डीएसपी नवीन कार्कीले भने, 'सिंहले लेखेका डिग्री सबै नक्कली भएको खुलेको छ । थप अनुसन्धान हुँदै छ ।' आफूलाई चरम यातना दिएर बलात्कार गरेको भन्दै महिलाले सिंहविरुद्ध किटानी जाहेरी दिएपछि प्रहरीले पक्राउ गरेको थियो । उक्त मुद्दा अघि बढाउन अनुसन्धान थालेपछि उनले बिरामीलाई ठगी गरिरहेको फेला परेको हो । सिंहले सात वर्षदेखि बिरामी ठग्दै आएको खुलेको छ ।

# गन्तव्यमा पुर्‍याउनै सकिएन पर्यटक

■ **आनन्द गौतम** (ताप्लेजुङ)

ठूलो लागतमा रिसोर्ट बनाइरहँदा फुङलिङ-२ मेवाखोला हिल रिसोर्टका सञ्चालक सुरेश लिम्बूलाई पाहुना आउँछन्, बस्छन्, खान्छन् र फाइदा पक्कै हुन्छ जस्तो लाग्थ्यो । अहिले होटलमा आएका पाहुनालाई घुमाउन कहाँ लैजाने भन्ने चिन्ता थपिएको छ ।


उनीकहाँ आएका ८० प्रतिशतले घुम्न जाने ठाउँ कहाँ हो भनेर सोध्ने गरेका छन् । 'सुकेटार, सिद्धिडाँडा, भिन्तुना डाँडा देखाउँछु,' लिम्बू भन्छन्, 'यी तीनै ठाउँ दुई तीन घण्टामा घुमिने भएकाले अब जाने कहाँ हो भनेर सोध्छन्, देखाउने ठाउँ छैन ।'

आफैंले गाडी चलाएर पाहुनालाई घुमाएर फर्कंदा पनि उनी असन्तुष्ट छन् । 'तीनै ठाउँमा पुग्दा आहा, भन्दै फोटो खिच्न थाल्छन्, तर भ्रमणको तिर्सनाचाहिँ पूरा हुँदैन,' लिम्बूले थपे, 'टाढा पठाउन सक्ने अवस्था छैन ।'

सुकेटारका ओमप्रकाश राईले सञ्चालनमा ल्याएको रिसोर्टमा पनि यस्तै छ । विमानस्थल क्षेत्रको सबैभन्दा उच्च डाँडो किनेर उनले रिसोर्ट बनाएका छन् । वरिपरि हरियालीका लागि सल्ला, लौठ सल्ला, धूपीजस्ता दर्जनौं वनस्पति हुर्काएका छन् । एकाध दिन बसिसकेपछि पाहुनाले उही प्रश्न गर्छन्- अब कहाँ जाने ?

दुवै व्यवसायीका अनुसार पर्यटकको चाहना दिनभर घुम्ने र बेलुका होटलमा आउने वा एक रात उतै बस्ने खालको हुन्छ । जिल्लामा घुम्ने थलो नभएका भने होइनन् । आउजाउ गर्न असजिलो र बास बस्ने ठाउँ छैनन् । 'बाह्रै महिना बग्ने फुङफुङे झरनाको सम्भाव्यता अध्ययन गर्‍यौं,' सुरेशले भने, 'तर होमस्टेको व्यवस्थापन नगरेसम्म पर्यटक पठाउन समस्या छ ।'

उद्योग वाणिज्य संघका अध्यक्ष तारानाथ घिमिरे स्थानीयलाई सहयोग गरेर भए पनि होमस्टे चलाउने योजना रहेको बताउँछन् । 'समुदायसँग कुरा भयो, उहाँहरू पनि तयार हुनुहुन्छ,' उनले भने, 'सबैका बारी बाँझो छन्, हरियोपरियो छैन, साग रोप्नेदेखि कोठा व्यवस्थापन गर्ने र तालिम दिनेसम्मको सहयोग गर्नु आवश्यक छ ।' यसका लागि संघ, पाथीभरा क्षेत्र विकास समिति र पाथीभरा देवी मन्दिर क्षेत्र संरक्षण तथा संवर्द्धन समितिले सहकार्य गरेका छन् । आफूले सकेको गर्ने र थप सहयोगका लागि गाउँपालिकालाई झकझक्याउने उनी बताउँछन् ।



**नेपाल सरकारको एक सय पर्यटकीय गन्तव्यमध्येको एक ताप्लेजुङको फुङफुङे झरना ।**
*तस्बिर : आनन्द/कान्तिपुर*

पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक मनमणि काफ्ले पाथीभरा आउने तीर्थयात्रीलाई एक/दुई दिन रोक्न नसक्नु चुनौती भएको बताउँछन् । 'झापाको बिर्तामोडबाट हिँडेको साँझ माथिल्लो फेदीमा बास बस्न पुग्छन्,' उनले भने, 'भोलिपल्ट बिहानै पूजा गरेर बिर्तामोड नै फर्कन्छन्, ताप्लेजुङ पाँचथर दुवै जिल्लामा बास बस्दैनन् ।' बसेनन् भन्दा पनि पर्यटकलाई राखेर आफ्नो गाउँठाउँ चिनाउन सकिएन भन्ने चिन्ता भएको उनको भनाइ छ । फुङलिङ नजिकै शिवको गुफा भएको मानिने सिद्धिडाँडा मन्दिर छ भने नजिकै पोखरी पनि छ । भिन्तुनाडाँडामा घुन्सा हेलिकप्टर दुर्घटनामा परेका संरक्षणविद्को सालिक राखिएको छ । यहाँबाट ताप्लेजुङका अधिकांश स्थान देख्न सकिन्छ ।

फुङफुङे र इलाडाँडा झरना जाने सडकले जोडिए पर्यटकले दुई दिनसम्म थप घुम्न पाउँछन् । मोटरबाटो पुग्नै लागेको फुङफुङेमा सदरमुकामबाट दिउँसो १ बजे हिंडे बेलुका पुगिन्छ । यहाँ लोकल कुखुरा, तोङ्बा, राँगाको सुकुटी, गुन्द्रुक, मकैको भात खान पाइन्छ । बस्नका लागि ३२ वटा घर रहेको गाउँपालिका अध्यक्ष रामकुमार साँवा बताउँछन् ।

लिम्बू समुदायको मात्रै बसोबास भएकाले संस्कृति पनि अवलोकन गर्न पाइन्छ । भ्रमण वर्षअघि नै होमस्टे थालेर भारत र चीनबाट आएका पर्यटकलाई घुमाउन लैजाने उद्देश्यले योजना पनि बनेको छ । जिल्लाले फागुन ९ देखि १३ गतेसम्म गर्ने पाथीभरा म्याराथन तथा मेची पर्यटन महोत्सवमा ती स्थानलाई गन्तव्यस्थल बनाउने उद्देश्य राखिएको घिमिरेले बताए ।

आकर्षक गन्तव्य भए पनि तिम्बुङ पोखरी टाढा भएकाले कसरी जोड्ने भन्ने चिन्ता व्यवसायीको छ । 'तीन दिनसम्म हिंड्नुपर्दा बाहिरका मान्छे थाक्छन्,' लिम्बूले भने, 'सररर गाडीमा जाने फिर्ने चाहना राख्छन्, तर हाम्रोमा सडककै छैन ।' सिदिङ्वा गाउँपालिका अध्यक्ष नरबहादुर कडरियाका अनुसार यहाँ यातायात पुग्न दुई/चार वर्षै लाग्छ । बाटै नभएकाले अहिलेको जोड पैदलमार्गमा बनाउनेमा छ । जिल्लाका पाथीभरा, फुङफुङे र तिम्बुङ पोखरीलाई नेपालका सय पर्यटकीय गन्तव्यमा समेटिएको छ । सांसद तथा पर्यटनमन्त्री योगेश भट्टराईले यी ठाउँका लागि निर्वाचन क्षेत्र कोषबाट रकम विनियोजन गरेका छन् । तिम्बुङ पोखरीमा अघिल्लो वर्ष संस्कृति मन्त्रालयले ५० लाख रुपैयाँ बजेट पनि विनियोजन गरेको थियो ।



**खेलाडीको सम्मान**

## प्रधानमन्त्रीद्वारा पुरस्कार घोषणा

- स्वर्णलाई ९ लाख
- रजतलाई ६ लाख
- कांस्यलाई ३ लाख
- एकभन्दा बढी स्वर्ण जित्नेलाई ११ लाखका दरले
- समूहमा स्वर्ण जितेका प्रत्येकलाई ५/५ लाख

पृष्ठ १६

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
# कान्तिपुर
सातै प्रदेशबाट एकैसाथ प्रकाशित




**किम्फ सुरु**
३९ देशका ७९ फिल्म । ९

वर्ष २७ अंक २९१ बुटवल | २६ मंसिर २०७६ बिहीबार मार्ग शुक्लपक्ष पूर्णिमा | नेपाल संवत् ११४० | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, December 12, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ

# ३० हजार टाकामा भित्रिन्छन् रोहिंग्या

## गिरोहले नै बंगलादेशबाट रोहिंग्यालाई नेपाल ल्याइरहेको गृह मन्त्रालयको अध्ययनले देखाएको छ

**मकर श्रेष्ठ** (काठमाडौं)

अन्सर मोहम्मद र हुसेन हमिद म्यानमारबाट विस्थापित भएर बंगलादेशमा शरणार्थी जीवन बिताइरहेका थिए। नेपालमा संयुक्त राष्ट्रसंघीय शरणार्थीसम्बन्धी उच्च आयोग (यूएनएचसीआर) बाट शरणार्थीको मान्यता पाइन्छ भन्ने उनीहरूले सुने। त्यसपछि नेपाल छिर्न एजेन्टलाई ३० हजार बंगाली टाका (करिब ४० हजार रुपैयाँ) बुझाए। सात महिनाअघि काठमाडौं आइपुगेका उनीहरू बूढानीलकण्ठ नगरपालिका-११ स्थित राममन्दिर नजिकै टहरामा बसिरहेका छन्।

मोहम्मद र हमिद दुवै रोहिंग्या समुदायका हुन्। उनीहरूले यहाँ आएपछि यूएनएचसीआरमा शरणार्थीको पहिचान माग्दै निवेदन पनि दिएका छन्। तर नाम दर्ता भइसकेको छैन। उनीहरू जसरी नै बंगलादेशबाट भारत हुँदै काठमाडौं आइपुगेर राममन्दिर नजिकैका टहरामा बसिरहेका रोहिंग्या अरू १ सय ७१ जना छन्। रोहिंग्या बूढानीलकण्ठकै लसुनेटार र काभ्रेको पनौतीमा समेत गरी ३ सय ७८ जना छन्।

रोहिंग्यालाई यहाँ ल्याउन र बस्ने ठाउँ मिलाउन गिरोह नै सक्रिय रहेको गृह मन्त्रालयको ठम्याइ छ। 'पछिल्लो समय मौलाना जुबेर नाम गरेका व्यक्तिले ३० हजार टाका लिएर रोहिंग्यालाई नेपाल ल्याउने गरेको पाएका छौं,' नेपाल प्रहरीका एक डीआईजीले भने, 'यसमा काठमाडौंमै रहेका मोहमद ऐसुप, मोहमद आयास र जाफर मियाँ पनि सक्रिय रहेको पाएका छौं।' उनीहरू विस्थापित रोहिंग्याका अगुवा हुन्। उनीहरूकै कारण आप्रवासी बढेको गृह मन्त्रालयको ठहर छ। गृहसचिव प्रेम राईले उनीहरूमाथि निगरानी बढाएको जानकारी दिए।



रोहिंग्याहरूले काठमाडौंको बूढानीलकण्ठ नगरपालिका-११ राममन्दिर क्षेत्रमा बस्नका लागि बनाइरहेका टहरा । *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*

'हामीले रोहिंग्याका विषयमा भर्खरै अध्ययन गरेका थियौं, केही व्यक्तिले उनीहरूलाई ल्याउने गरेको पायौं,' उनले भने, 'सीमामा कडाइ गरेका छौं।' गृहले गठन गरेको कार्यदलका एक सदस्यले पनि गिरोहले पैसा लिएर रोहिंग्यालाई नेपाल भित्र्याइरहेको पाइएको बताए। 'मौलना जुबेर रोहिंग्यासँग ३० हजार टाका लिई नेपालमा ल्याउने गर्दा रहेछन्। ऐसुप रोहिंग्यालाई ओसारपसार गर्न र जग्गा भाडामा लिनेलगायत काममा संलग्न छन्,' उनले भने, 'जाफर मियाँले पनि बंगलादेशमा रहेका आफन्त र चिनजानका व्यक्तिलाई नेपाल भित्र्याएको पाइएको छ।'

रोहिंग्या अध्ययन गर्न गृह मन्त्रालयले गत कात्तिक २४ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटवालको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गरेको थियो। कार्यदलमा महानगरीय प्रहरीका प्रहरी नायब उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका प्रहरी नायब उपरीक्षक, गृह मन्त्रालयको शाखा अधिकृत र जिल्ला प्रशासन कार्यालय काठमाडौंका शाखा अधिकृत सदस्य थिए। बाँकी पृष्ठ १४

**आईसीजेमा सुचीले भनिन्-**



'रोहिंग्यामाथि अत्याचार भएको छैन, सुरक्षित पुनःस्थापन गर्न म्यानमार प्रतिबद्ध छ'

पृष्ठ ८

**भित्र**

जेठोलाई स्कुल बसमा चढाउँदा चढाउँदै किचेर कान्छो छोराको मृत्यु

नयाँ निवासमा सरे प्रधानमन्त्री

हात्तीको आक्रमणबाट दुई महिलाको ज्यान गयो

'प्रि-सेन्डअप' मा पनि विद्यालयले शुल्क लिए

जाडो महिनामा पनि डेंगु संक्रमण उस्तै

प्रदेशले तोक्न सकेनन् नाम र राजधानी

# यसरी उम्कियो १७ बैंकबाट १७ करोड

**मातृका दाहाल** (काठमाडौं)

अन्तर्राष्ट्रिय आपराधिक गिरोहले अनलाइन ठगी र ह्याकिङबाट संकलित रकम नेपालका १७ वटा बैंकमार्फत विदेश पुऱ्याउने गरेको खुलेको छ। पार्सल आएको भन्दै प्रलोभन देखाएर ठगेको र वित्तीय संस्थाको सर्भर ह्याक गरेर जम्मा पारेको रकम गिरोहले स्थानीय एजेन्टमार्फत विभिन्न व्यक्तिका नाममा राखी बैंकबाटै उम्काइरहेको भेटिएको हो।

अन्तर्राष्ट्रिय गिरोहमा संलग्न नाइजेरियाली नागरिक पिटर हर्मन र बेलायती नागरिक स्मिथ मोरिसले नेपाली सहयोगीसँग मिलेर १० वर्षदेखि यस्तो ठगी गरिरहेको प्रहरीले जनाएको छ। प्रहरीले मंगलबार पिटर र स्मिथका सहयोगी तीन नेपालीलाई पक्राउ गरेपछि ठगीको रहस्य बाहिर आएको हो। महानगरीय अपराध महाशाखाको टोलीले ठमेलमा रेस्टुरेन्ट सञ्चालन गर्दै आएका दोलखाका ५२ वर्षीय रमेश खड्का, नवलपरासी रामग्रामका ३७ वर्षीय विश्वेश्वरप्रसाद तिवारी र नवलपरासीकै मनी एक्सचेन्ज सञ्चालक १९ वर्षीय सन्दीप कलवारलाई पक्राउ गरेको थियो। प्रहरीले खड्कालाई काठमाडौंबाटै पक्रेको हो भने तिवारी र कलवार नवलपरासीबाट समातिएका हुन्। प्रहरी स्रोतका अनुसार १० सहयोगीसहित भारतमा बसेर अपराध सञ्जाल चलाइरहेका पिटरलाई पनि केही समयअघि भारतीय प्रहरीले पक्राउ गरिसकेको छ। बाँकी पृष्ठ १४




इन्फोग्राफिक्स : दीपेन्द्र कर्ण

**गजब छ बा !**

– अविन –




मन्त्रीज्यू ! मैले कति लाख पाउने भन्ने कुरा फाइनल भो ? छैन ?... सेमिफाइनल नि ?... अनि क्वाटरफाइनल नि ?...

हामी देख्छौं अपार संभावना
NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

# सुत्केरी अस्पतालमै 'बन्धक'

**अवधेशकुमार झा** (राजविराज)

उपचारबापतको ३ लाख ५० हजार रुपैयाँ बुझाउन नसक्दा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-८ तोपाकी ललितादेवी खंगले विराटनगरस्थित विराटनगर अस्पतालबाट डिस्चार्ज हुन पाएकी छैनन्। एकमहिने सुत्केरी ललिताका पति गोपीकुमारले रकम जोहो गर्न आफ्नो गाउँ र सदरमुकाममा भिख माग्न थालेका छन्।

विराटनगरस्थित जनरल हस्पिटल एन्ड ट्रमा केयर सेन्टरमा दुई छोरी जन्माएपछि ललितालाई विराटनगर अस्पताल पुऱ्याइएको थियो। नवजात जुम्ल्याहामध्ये एकको मृत्यु भइसकेको छ भने अर्की शिशु तोपास्थित घरमा छिन्।

ललिता दलित खत्वे समुदायकी हुन्। उनका पति गोपी मजदुरी गरेर जीविकोपार्जन गर्छन्। ललितालाई सुत्केरीका लागि गत कात्तिक २३ गते राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल लगिएको थियो। चार दिनपछि उनलाई विराटनगर रेफर गरिएको थियो। गोपीका अनुसार विराटनगरमा पहिले म्याक्स अस्पतालमा भर्ना गरियो। त्यहाँ एक दिन राखेपछि उपचार सम्भव नभएको अस्पतालले बतायो। त्यसपछि विराटनगरकै जनरल हस्पिटल एन्ड ट्रमा केयर सेन्टरमा लगियो। सेन्टरमा दुई छोरी जन्माएपछि ललितालाई थप उपचारका लागि विराटनगर अस्पताल प्रालिको आईसीयूमा भर्ना गरिएको थियो। ट्रमा सेन्टरको एनआईसीयूमा राखिएकै बेला दुई नवजात छोरीमध्ये एकको मृत्यु भएको गोपीले बताए। अर्की शिशु स्वस्थ छिन्।

गोपीका अनुसार ट्रमा सेन्टरमा सुत्केरी गराउनेदेखि छोरीको उपचार खर्चसमेत गरी १ लाख ७४ हजार रुपैयाँ उनले बुझाएका थिए। ३२ हजार ७ सय ५० रुपैयाँ औषधिबापत खर्च भएको थियो। बाँकी पृष्ठ १४



**जुम्ल्याहामध्ये एकको अस्पतालमा मृत्यु भएको थियो। अर्को शिशुलाई डिस्चार्जपछि घरमा अरूले नै स्याहारिरहेका छन्। अर्कै अस्पतालमा उपचार गराएकी आमा 'बन्धक' बनेकी छन्।**



# जन्तीलुङमा होमस्टे

मगर समुदाय बहुल यस पर्यटकीयस्थलको संस्कृति बचाउन र प्रचार गर्न होमस्टे सञ्चालन

■ माधव अर्याल (पाल्पा)

अग्लो लेकको जन्तीलुङमा स्थानीयको अगुवाइमा होमस्टे (घरबास) सुरु भएको छ। मगर समुदायको बाहुल्य रहेको यस पर्यटकीय स्थलको संस्कृति बचाउन र प्रचार गर्न होमस्टे सुरु गरिएको हो।

स्थानीय उत्पादन बढाउन र आर्थिक आयस्तर उकास्न होमस्टे चलाएको जन्तीलुङ होमस्टेका अध्यक्ष शेरबहादुर लम्तरीले सुनाए। १ हजार ६ सय मिटर अग्लो डाँडामा रहेको होमस्टेमा पर्यटकको सुविधा र यस क्षेत्रकै विकासका लागि घरबास सुरु गरेका हुन्। त्यसका लागि तिनाउ गाउँपालिकाले १० लाख सहयोग गरेको छ। पर्यटकीय क्षेत्रको विकास र पर्यटक आकर्षित गर्न होमस्टेलाई सहयोग गरेको तिनाउ गाउँपालिका अध्यक्ष ओमबहादुर घर्तीले बताए। हरेक परिवारले पनि केही रकम लगानी गरेको जन्तीलुङ होमस्टेका अध्यक्ष लम्तरीले बताए।

गाउँका १० घरमा अहिले जन्तीलुङ होमस्टे तयारी अवस्थामा छ। आउने पाहुनालाई सोहीअनुसार व्यवस्थापन गरेका छन्। यहाँ नअट्ने पाहुनालाई ३० मिनेटको पैदल यात्रामा पुगिने नजिकको तिनाउ-५ मरामकोटमा खोलिएको होमस्टेमा पुऱ्याउने गरिएको छ।

यहाँबाट दक्षिण फर्किंदा रूपन्देहीको बुटवल, भैरहवा, सालझन्डी मात्र होइन, नवलपरासीको दाउन्ने बर्दघाट देखिन्छ। उत्तर हेऱ्यो भने सेतै टल्किएका धवलागिरिदेखि अन्नपूर्ण, माछापुच्छ्रेलगायत लम्जुङको गणेश हिमालसम्म छर्लङ्गै देखिन्छन्। नागबेलीजस्ता पहाड, त्यहाँ बनेका खोंच हेर्दा जो कोही पनि तिनाउ गाउँपालिका-६ मस्यामको जन्तीलुङ पुगेपछि यस्ता दृश्यबाट लोभिन्छन्।

सिद्धार्थ राजमार्गबाट ९ किलोमिटरको दूरीमा डाँडाको टुप्पोमा जन्तीलुङको बस्ती छ। यही बस्ती नजिकमा नेपाल टेलिकम, एनसेललगायत विभिन्न इन्टरनेट कम्पनीले टावर राखेका छन्। यहाँ केही मिटर समथर डाँडो छ। दोभानका राजेश श्रेष्ठका अनुसार यहाँबाट बिहानको सूर्योदय र बेलुकीको सूर्यास्त हेर्न सकिन्छ।



पाल्पाको जन्तीलुङमा पुगेका आन्तरिक पर्यटकलाई स्वागत गर्दै स्थानीय होमस्टे सञ्चालक। *तस्बिर : माधव/कान्तिपुर*

दुई महिनाको बीचमा ८४ पर्यटक यस बस्तीमा पुगेर घरबासमा बसेका छन्। अग्लो डाँडामा घुम्न आउने पर्यटक बढ्दै गएको स्थानीय मीनासरा लम्तरीले बताइन्। 'डाँडाको बस्ती र यहाँबाट देखिने दृश्यबाट धेरै लोभिन्छन्,' उनले भनिन्, 'यहाँ आउनेलाई स्थानीय स्वाद र बास दिन थालेका छौं।'

वडाध्यक्ष टोमबहादुर पुनका अनुसार गेट निर्माण, बाटो स्तरोन्नतिको काम भइरहेको छ। 'यो सकिनासाथ व्यापक प्रचारप्रसार गरिनेछ,' उनले भने, 'यहाँ आएका पाहुनालाई किंवदन्तीअनुसारका लहरै ढुंगाको पहाड पनि हेर्न लगिनेछ। गुफा पनि भएकाले यसको पनि प्रचारप्रसार गर्नेछौं।' होमस्टेको पूर्ण ज्ञान नभए पनि गर्दै सिक्दै गरेको स्थानीय पदमबहादुर चिदीले बताए। यहाँ बस्न पुगेका रूपन्देहीका मनोज क्षत्रीले स्थानीय उत्पादन, कला-संस्कृतिलाई होमस्टे चलाएपछि सहयोग पुगेको बताए।

स्थानीय मगर समुदायको पुरानो संस्कृति झाम्रे, ठूलो नाच र सालै जो गीतसहितको सांस्कृतिक मनोरञ्जन प्रदान गरिने एवं चुत्रा, पाखनवेत जस्ता स्थानीय परिकार यहाँ पाइने होमस्टे सञ्चालक मीनबहादुर लम्तरीले बताए। 'होमस्टेमा आउनेले टिमुरको अचार, फापरको रोटी, मकै, कोदोको रोटी, ढिंडो खान पाउँछन्,' उनले भने, 'सबै खानेकुरा अर्गानिक हुन्।'

# प्रदेश सरकारको 'अनुत्पादक क्षेत्रमा खर्च बढी'

■ अमृता अनमोल (बुटवल)

प्रदेश ५ सरकारले लक्ष्यअनुसार बजेट निर्माण र कार्यक्रम कार्यान्वयन गर्न नसकेको सरोकारवालाले गुनासो गरेका छन्। सस्तो लोकप्रियताका लागि अनुत्पादक क्षेत्रमा खर्च गर्ने प्रवृत्ति बढेको उनीहरूले बताए।

यूएनडीपीले मंगलबार बुटवलमा आयोजना गरेको मानव विकास प्रतिवेदन सार्वजनिक तथा दिगो विकाससम्बन्धी बहस कार्यक्रममा सहभागी त्यस्तो धारणा सार्वजनिक गरेका हुन्। प्रदेश सरकारले गरिबी र भोकमरीको अन्त्य, स्वस्थ र समुन्नत समाज, गुणस्तरीय शिक्षा, आधुनिक ऊर्जा, उद्योग, नवीन खोज र पूर्वाधार लैंगिक समानता, स्वच्छ पानी तथा सरसफाइलगायत १७ वटा लक्ष्य तय गरेको थियो। दिगो र भरपर्दो माध्यमबाट आर्थिक र सामाजिक विकास गर्ने प्रदेश सरकारको मुख्य लक्ष्य हो।

चालु आर्थिक वर्षमा सरकारले ३६ अर्ब ४१ करोड ६८ लाख रुपैयाँको बजेट विनियोजन गरेको थियो। त्यसको ४२.८८ प्रतिशत बजेटले दिगो विकासको लक्ष्य संकेत गरेको छैन। रकमका हिसाबले १५ अर्ब ६१ करोड ६८ लाख रुपैयाँ बजेट दिगो विकासबाहिर छ। मानव विकास सूचकांकमा पछाडि रहेकै शीर्षकमा बजेट न्यून छ। तीन तहका सरकारबीच समन्वय अभाव, स्रोत व्यवस्थापन, परिचालन क्षमता, सार्वजनिक निजी साझेदारीको कमजोर अवस्था लगायतले दिगो विकास ओझेलमा परेको सरोकारवालाले बताए।

प्रदेश मुख्यमन्त्री शंकर पोखरेलले भौतिक र सामाजिक विकास सँगसँगै गर्नुपर्ने भएकाले दिगो विकास ओझेलमा परेको दाबी गरे। 'भौतिक पूर्वाधारको विकासबिना अन्य विकास सम्भव छैन,' उनले भने, 'त्यसैले दिगो विकास प्राथमिकतामा परे पनि बजेट कम भएको हो।'

प्रदेशले निकालेको मध्यमकालीन खर्च संरचना पुस्तक अनुसार दिगो विकासका पाँचवटा लक्ष्यमा एक प्रतिशत बजेट पनि छुट्याइएको छैन। जसमध्ये आधुनिक ऊर्जामा पहुँच बढाउन ०.९१, समावेशी आर्थिक वृद्धि तथा मर्यादित काममा ०.५८, लैंगिक समानतामा ०.३७, असमानता न्यूनीकरणमा ०.१९, जलवायु परिवर्तन अनुकूलन कार्यक्रममा ०.६१ प्रतिशत बजेट छुट्याइएको छ।

प्रदेशले निकालेको दिगो विकासका लक्ष्य प्रतिवेदनअनुसार कुल जनसंख्याको ११.२ प्रतिशत अर्थात् श्रम बजारमा काम खोजेका १ लाख ४४ हजार नागरिक अहिले बेरोजगार छन्। गुणस्तरीय र रोजगारमूलक शिक्षा नहुँदा धेरै युवा विदेश पलायन भएका छन्। पढेका युवा पनि बेरोजगार छन्। तर, शिक्षामा १.५७ प्रतिशतमात्रै बजेट छ। सामाजिक विकास मन्त्रालयका सचिव गोपीकृष्ण खनालले न्यून बजेटका कारण कार्यक्रम कार्यान्वयनमा लैजान र त्यसबाट फाइदा लिने नागरिकको संख्या बढाउन नसकिएको बताए। 'साझेदार निकायको सहयोगमा प्राविधिक तथा रोजगारमूलक शिक्षा चलाउने, उच्च शिक्षामा विज्ञान,

**दिगो विकासमा न्यून बजेट, उत्पादन क्षेत्रलाई बेवास्ता गर्ने प्रवृत्ति बढ्दो**

एलएलबी पढाउने काम सुरु भएको छ,' उनले भने।

प्रदेश प्रतिव्यक्ति आय, गरिबी र मानव विकासमा समेत प्रदेश पछाडि छ। देशको बहुआयामिक गरिबीको अनुपात २८.६२ प्रतिशत रहँदा प्रदेशको २९.९ प्रतिशत छ। निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या १८.२ प्रतिशत छ। संख्यात्मक रूपमा करिब १५ लाख मानिस बहुआयामिक गरिबीको मारमा छन्। तर, सरकारले गरिबीको अन्त्यका लागि १.९० प्रतिशतमात्रै बजेट छुट्याएको छ। खाद्य सुरक्षा तथा पोषणबाट प्रदेशका धेरै नागरिक टाढा छन्। यहाँका ४८.४ प्रतिशत घरपरिवार मात्रै पूर्ण खाद्य सुरक्षामा छन्। १०.२ प्रतिशत घरपरिवार गम्भीर खाद्य असुरक्षामा छन्। पोषण सुरक्षा अभावले कुपोषण र बालमृत्यु दर बढाएको छ। दिगो उपभोग र उत्पादन बढाउन २.०९ प्रतिशत बजेट छ। शून्य भोकमरीका लागि भने १०.०८ प्रतिशत छुट्याएको छ।

# महबाटै लाख कमाइ

रुकुम पूर्व (कास)- सिस्ने गाउँपालिका-३ पोखराका ओमप्रकाश खड्काले मंसिर महिनामा मात्रै २ लाख ८६ हजार रुपैयाँ कमाए। सोही ठाउँका कमलाल खड्काको मंसिर महिनाको कमाइ २ लाख ३१ हजार रह्यो। त्यसै गरी मोतीराम खड्काले १ लाख १० हजार रुपैयाँ घर भित्र्याए।

यी त प्रतिनिधि पात्र मात्र हुन्। यस वडाका हरेक घरले यस सिजनमा मह बेचेरै मनग्ये आम्दानी गरेका छन्। उनीहरूले थोरैमा १० हजारदेखि बढीमा ३ लाख रुपैयाँसम्म कमाइ गरेका छन्। कात्तिके महबाट उनीहरूले उक्त आम्दानी गरेका हुन्। व्यावसायिक मौरी पालेका किसानका साथै घरमा केही घार मौरी राखेका पोखराबासीले यस वर्ष राम्रो आम्दानी गरिरहेका छन्। विशेष गरी पोखरा गाउँका हरेक घरमा मौरी पालिएको छ।

महबाट आम्दानी हुने भएपछि पछिल्लो समय व्यावसायिक मौरीपालक किसान बढेका छन्। घरमा सोखका रूपमा मौरी पाल्नेको संख्या पनि बढ्दै गएको छ। परम्परादेखि मौरी पालिने उक्त क्षेत्रमा पछिल्लो समय व्यावसायिकताका साथै आधुनिक तरिकाले मौरी पाल्ने बढेका हुन्। 'हामी यहाँ १०/११ जना व्यावसायिक मौरी पालक कृषक छौं,' ओमप्रकाशले भने, 'तर, मौरीबाट आम्दानी नगर्ने कोही छैनौं।' पछिल्लो दस वर्षयता यहाँ मौरी पाल्नेहरू बढेको उनले बताए। बजारको समस्या नहुने, पाल्न खासै मिहिनेत गर्नु नपर्ने भएपछि मौरी पालनप्रति आकर्षण बढेको उनले बताए।

अघिल्लो वर्षभन्दा यस वर्ष २ सय रुपैयाँ महँगोमा मह बिक्री भइरहेको छ। अघिल्लो वर्ष प्रतिधार्नी दुई हजार रुपैयाँमा बिक्री भएको मह यस वर्ष २ हजार २ सय रुपैयाँ प्रतिधार्नी बिक्री भएको हो।

ओमप्रकाशले १ सय ३०, कमलालले १ सय ५ र मोतीरामले ५० धार्नी मह बिक्री गरिसकेका छन्। 'अझ केही घारमै छ, केही निकालेर पनि राखेका छौं,' कमलालले भने, 'यस वर्ष मूल्य पनि बढेकाले आम्दानी पनि बढेको हो।' पछिल्लो समय मौरी पालनमा युवा आकर्षण बढेको उनले बताए। घरमै बसेर सजिलै आम्दानी हुने भएपछि व्यावसायिक मौरी पालक किसान बढेको उनले सुनाए। पोखराका किसाने एक घारदेखि १ सय ४० घारसम्म मौरी पालेका छन्।

महको मुख्य सिजन भनेको असोजको दोस्रो सातादेखि मंसिर मसान्तसम्म र फागुनको दोस्रो सातादेखि फागुन अन्तिसम्ममा हुने मह किसानहरू बताउँछन्। सबैभन्दा राम्रो कात्तिके सिजनको मह मानिन्छ। यस बेला धेरै मह पर्ने र बिक्री पनि धेरै हुने गर्छ। मह बिक्रीका लागि बजार पुऱ्याउनु परेको छैन। ग्राहक आफैं मह खोज्दै घरमै आइपुग्छन्।

# हिंसाविरुद्ध महिला सक्रिय

दाङ (कास)- कुनै बेला घरायसी कुरा हो भनेर हिंसा सहेर बस्ने महिलाहरू अहिले आवाज उठाउन थालेका छन्। गाउँ, सहर सबैतिर महिलाहरू जागरुक भएका छन्। गाउँगाउँमा रहेका महिला समूहहरू पनि हिंसाविरुद्ध सक्रिय छन्। यसले हिंसा गर्न खोज्नेहरूलाई सचेत बनाएको छ।

अब हिंसा सहेर बस्न नसकिने घोराही उपमहानगरपालिका-३ स्थित जुनेली महिला समूहकी सदस्य रमा नेपालीले बताइन्। 'पहिलेपहिले सानातिना कुरा घरमै मिलाउनुपर्छ भन्ने चलन थियो। धेरै महिला सहेरै बस्थे तर अहिले केही घटना भयो कि तत्काल विरोध हुन्छ,' उनले भनिन्, 'यसले हिंसा गर्न खोज्नेहरूलाई हच्काएको छ। महिलामाथि सजिलै जाइलाग्न सक्दैनन्।'

महिलामाथि हुने हिंसाविरुद्ध सबै समुदाय सचेत हुँदै गएको नेपालीले बताइन्। दुई दिनअघि घोराही-२, रामपुरमा बालिकाहरू लखेट्दै हिँड्ने एक जोगीलाई समुदायले पक्राउ गरेर प्रहरीलाई बुझाएको उनले बताइन्। 'समाजमा विभिन्न आवरणमा महिला र बालिकाहरूमाथि हिंसा गर्नेहरू छन्,' उनले भनिन्, 'त्यसविरुद्ध सबै एकजुट भएपछि हिंसा गर्न खोज्नेहरू पनि आँट गर्न सक्दैनन्।' महिला समूहहरूले हिंसाविरुद्धका अभियान चलाउने गरेको राप्ती गाउँपालिका-४ की गौरीमाया घर्तीले बताइन्। 'पहिले महिला घरबाट निस्कनेबित्तिकै गाउँघरमा कुरा काट्न सुरु हुन्थ्यो। यो किन घरबाहिर जान्छे, के गर्छे भनेर अनेक टीका/टिप्पणी गर्थे,' उनले भनिन्, 'अहिले घरबाहिरका काममा पनि सजिलै जान पाइएको छ। महिलाहरू विभिन्न सामाजिक काममा सहभागी हुन पाएका छन्।' महिलाहरू सचेत भएपछि घरपरिवार पनि सहयोगी भएको उनले बताइन्।



दाङको तुलसीपुर-३ दमार गाउँमा आयोजित महिला हिंसाविरोधी कार्यक्रममा सहभागी। *तस्बिर : दुर्गालाल केसी/कान्तिपुर*

समाजमा विभिन्न बाहनामा हिंसा हुने गरेको तुलसीपुर उपमहानगरपालिका-३, दमारगाउँकी ललिता वलीले बताइन्। 'अन्धविश्वास, पितृसत्तात्मक सोच र अशिक्षाका कारण महिलामाथि हिंसा भइरहेको छ,' उनले भनिन्, 'पहिलेको तुलनामा यस्ता घटना निकै कम भएका छन्।'

**गाउँ, सहर सबैतिर महिला जागरुक भएका छन्। यसले हिंसा गर्न खोज्नेलाई पनि सचेत गराएको छ।**

महिला हिंसाविरुद्धको १६ दिने अभियान पनि गाउँगाउँमा विभिन्न कार्यक्रम आयोजना गरी मंगलबार समापन गरिएको छ। जिल्लाका १० वटै पालिकामा महिला हिंसाविरुद्धका विभिन्न चेतनामूलक अभियान सञ्चालन भएको महिला मानवअधिकार रक्षकहरूको सञ्जालकी जिल्ला अध्यक्ष हुमा डीसीले बताइन्। 'महिलाहरूको चेतनाको स्तर धेरै बढेको छ। अहिले हिंसा सहेर बस्नेहरू निकै कम छन्,' उनले भनिन्, 'गाउँगाउँमा महिलाहरूकै अगुवायीमा हिंसाविरोधी अधियान चलेका छन्। यसले पुरुषलाई पनि जिम्मेवार बनाएको छ।'

प्रहरीले पनि जिल्लाका विभिन्न गाउँमा समुदाय/प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गरी महिला हिंसाविरुद्ध सचेतना फैलाउने काम गरिरहेको जिल्ला प्रहरी प्रवक्ता डीएसपी विनोदविक्रम शाहले बताए। हिंसाविरुद्धका अभियानमा समुदायको राम्रो सहयोग प्राप्त भइरहेको उनले बताए। हिंसा सहेर नबस्ने परिपाटीको विकास हुँदै गएको प्रमुख जिल्ला अधिकारी गोविन्दप्रसाद रिजालले बताए। 'हिंसाविरुद्ध बोल्न थालेपछि घटना कम हुँदै जान्छन्। हिंसाविरुद्ध समुदाय जागरुक हुन जरुरी छ,' उनले भने, 'प्रहरी र प्रशासनले हिंसाका घटनालाई जहिले पनि गम्भीर रूपमा लिइरहेको हुन्छ। यसमा समाजको सहयोग भएमा हिंसा न्यूनीकरणमा सहज हुन्छ।'















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | आकस्मिक लाभ | तुला | अस्वस्थता |
| वृष | उत्साहप्रद | वृश्चिक | नयाँ कार्य आरम्भ |
| मिथुन | आर्थिक हानी | धनु | द्विविधा बढ्ने |
| कर्कट | कार्य सफल | मकर | अध्ययनमा सफल |
| सिंह | मिष्ठान्न भोजन | कुम्भ | मनोरञ्जन |
| कन्या | भाग्य वृद्धि | मीन | पराक्रम बढ्ने |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल मंसिर २७ गते शुक्रबार तदनुरुप १३ डिसेम्बर २०१९ पौष कृष्णपक्ष प्रतिपदा तिथि प्रात: १०:३९ बजेसम्म उप्रान्त द्वितीया तिथि, मृगशिरा नक्षत्र प्रात: ७:३७ बजेसम्म उप्रान्त आद्रा नक्षत्र, शुभ योग दिनको १:५५ बजेसम्म उप्रान्त शुक्ल योग, कौलब करण प्रात: १०:३९ बजेसम्म उप्रान्त तैतिल करण, मिथुन राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | मार्गदर्शन (लाइभ) |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्यूज |
| ९:०० | नेपाल स्पेल बी (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | रजतपट (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | साझा सवाल (रिपिट) |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| ३:०० | नेपाल स्पेल बी (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | रजतपट (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | सुमनसँग |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | ह्वाट द फ्लप |
| १०:०० | सुमनसँग (रिपिट) |
| १०:३० | कान्तिपुर न्यूज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपिटेड |
| १:०० | कान्तिपुर न्यूज रिपिटेड |
| १:३० | सुमनसँग (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपिटेड |
| ४:०० | ह्वाट द फ्लप (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (स्मीता) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | रेडियो टक (किरण) |
| १०:०० | स्पोर्ट्स डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (शुभराज) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (एलिसा) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १८:०० | मुक्तिको सन्देस |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| लुम्बिनी अञ्चल अस्पताल बुटवल | ०७१५४०२०० |
| बुद्ध सामुदायीक मुटु अस्पताल | ०७१५४६१९७ |
| महिला तथा बाल अस्पताल-आम्दा | ०७१५४४४५० |
| युनिभर्सल कलेज अफ मेडिकल साइन्सेस भैरहवा | ०७१५०६०३० |
| भीम अस्पताल भैरहवा | ०७१५२०१९३ |
| पृथ्वी चन्द्र अस्पताल परासी | ०७८५२०१८८ |
| अर्घाखाची जिल्ला अस्पताल | ०७७४२०२५७ |
| गुल्मी जिल्ला अस्पताल | ०७९५२०१८८ |
| कपिलवस्तु जिल्ला अस्पताल | ०७६५६०२०० |
| रेडक्रस एम्बुलेन्स भैरहवा | ०७१-५२०२६३, ९७४७०२११०४ |
| रेडक्रस, रक्त संचार भैरहवा | ०७१-५२०२६३, ९८६७३२६४५७ |
| रेडक्रस, रक्त संचार, बुटवल | ०७१-५४१००४ |
| संयुक्त एम्बुलेन्स चालक संघ बुटवल | ९८५७०२३०९९ |
| भीम अस्पतल भैरहवा | ०७१-५२०१९३ |
| युनिभर्सल शिक्षण अस्पताल भैरहवा | ०७१-५०६०९२, ५०६०५२ |
| जिल्ला ट्राफिक प्रहरी कार्यालय | ०७१-५२२८७५, ९८५७०९०३९० |
| इलाका प्रहरी कार्यालय बेलहिया | ०७१-४१८००४ |
| अध्यागमन कार्यालय बेलहिया | ०७१-४१८०२० |
| गौतम बुद्ध विमानस्थल कार्यालय | ०७१-५०७०८६ |
| दमकल सिद्धार्थनगर नगरपालिका | ०७१-५२०२१५ |
| दमकल बुटवल उपमहानगरपालिका | ०७१-५४०१११ |
| माईती नेपाल क्षेत्रिय कार्यालय भैरहवा | ०७१-५२३५३४ |
| जिल्ला प्रशासन कार्यालय | ५६०१३३ |
| जिल्ला प्रहरी कार्यालय | ५६०१९९ |
| राप्ती उपक्षेत्रीय अस्पताल घोराही | ५६२३६५ |
| राप्ती अञ्चल अस्पताल तुलसीपुर | ५२००११ |
| लमही अस्पताल | ५४००११ |
| राप्ती आँखा अस्पताल तुलसीपुर | ५२०१६५ |
| आँखा अस्पताल लमही | ४१७००८ |
| घोराही उपमहानगरपालिका | ५६०७०० |
| तुलसीपुर उपमहानगरपालिका | ५२०२३३ |
| लमही नगरपालिका | ५४००५० |
| उच्च अदालत तुलसीपुर | ५२००२४ |
| जिल्ला अदालत | ५६०२४५ |
| राप्ती प्राबिधिक शिक्षालय लालमटिया | ४१३००१ |
| एम्बुलेन्स सञ्जिवनी विकास केन्द्र तुलसीपुर | ९८५७८२३१२३ |
| एम्बुलेन्स परिवार नियोजन संघ घोराही | ५६००२३/९८४७८६२३५८ |
| दमकल घोराही | ५६०४९९ |
| दमकल तुलसीपुर | ५२०३०५ |
| रेडक्रश सोसाइटी घोराही ब्लड बैंक | ५६१४६० |
| रेडक्रश सोसाइटी तुलसीपुर ब्लड बैंक | ५२३१४० |
| घोराही बसपार्क | ५६०४१५ |
| तुलसीपुर बसपार्क | ५२०५७४ |
| लमही बसपार्क | ५४००४० |
| जिल्ला प्रहरी कार्यालय बाँके | ५२०२११/५२२७४८/१०० |
| ईलाका प्रहरी कार्यालय कोहलपुर | ५४०४२०/५४०११३ |
| वडा प्रहरी कार्यालय नेपालगन्ज | ५२०२९९ |
| क्षेत्रीय ट्राफिक कार्यालय नेपालगन्ज | ५४०००३/ १०३ |
| जिल्ला ट्राफिक कार्यालय नेपालगन्ज | ५२०८५३ |
| नेपाल रेडक्रस सोसाईटी | ५२०१०४ |
| एम्बुलेन्स/ब्लड बैंक नेपालगन्ज | ५२०१७४ |
| दमकल नेपालगन्ज | ५२०१११ |
| दमकल कोहलपुर | ९८६९११४९६० |
| भेरी अन्चल अस्पताल नेपालगन्ज | ५२०१२० |
| नेपालगन्ज मेडिकल कलेज | ५२२४५८ |
| कोहलपुर मेडिकल | ५४०४०८ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# आफ्नै छोरी चिन्दिनन् आमा

■ **विनु तिम्सिना** (विराटनगर)

आमाभन्दा प्यारो सम्बन्ध अरू कोसँग होला ? अझ नवजात शिशु र बालबालिकाहरू त आमाबाहेक खासै अरूको काखमा जान समेत मान्दैनन् तर विराटनगरस्थित मानव सेवा आश्रममा उद्धार गरेर ल्याइएकी १० महिने शिशु सुम्निमालाई भोजपुर घर भएकी ३० वर्षीया शिवकुमारी राई चिन्दिनन् ।

आश्रममा दुवै आमाछोरी बस्दै आएका छन् । न त आमा छोरीप्रति स्नेह देखाउँछिन् न त छोरी नै आमाको काख खोज्छिन् । बरु सुम्निमा आश्रममै बस्दै आएकी मिलनरानो दाससँग खेल्ने रमाउने गर्छिन् । 'छोरी भनेर न त आमा काखमा लिन्छिन् न त छोरी नै उनीसँग मान्छिन्,' आश्रमका स्वयंसेवक नवराज केसीले भने, 'आफ्नी आमासँग भन्दा आश्रममै बस्दै आएकी मिलन रानोसँग बढी नजिक छिन् नानी ।'

मिलन रानो पनि मानसिक रोगी नै हुन् तर पनि उनी सुम्निमालाई निकै माया गर्छिन् । 'आफ्नै छोरीलाई जस्तै माया गर्नुहुन्छ दास दिदीले,' केसीले भने, 'एकैछिन छाड्न मान्नुहुन्न । दिउँसो त हामी पनि उहाँलाई नै दिन्छौं सुम्निमा तर राति भने मानसिक बिरामीको जिम्मामा दिँदा केही होला कि भन्ने डरले हामी आफैं राख्छौं नानीलाई ।'

भोजपुरको आमतेककी राई लामो समयदेखि मानसिक रोगबाट ग्रसित थिइन् । परिवारमा समेत अपांग दाजुबाहेक अरू कोही नभएपछि उनी भौतारिएर हिंड्ने गर्थिन् । धनकुटामा सामूहिक बलात्कारमा परेपछि उनी झन् अर्धचेत नै बनिन् । बलात्कारपछि जसोतसो भोजपुर पुगेकी उनले अर्धचेत अवस्थामा घरैमा छोरी जन्माएकी हुन् ।

बलात्कारबाट जन्मेकी छोरीसहित मानव सेवा आश्रमले भदौमा उनलाई उद्धार गरेर विराटनगर ल्याएको हो । सुम्निमाले नामसमेत मानव सेवा आश्रममै आएर पाइन् । 'सुम्निमालाई कोकलेको बच्चो भन्नुहुन्छ शिवकुमारी दिदी,' केसी भन्छन् ।

शिवकुमारी सबओभरसियरकी विद्यार्थी हुन् । पढ्दापढ्दै मानसिक अन्तुलन गुमाएकी उनको उद्धारका लागि छिमेकीहरूले २०७० सालमै पहल गरेको मानव सेवा आश्रमले बताए । त्यसबेला मानव सेवा आश्रम हेटौंडामा मात्रै सीमित भएकाले उद्धार गर्न भोजपुर जान सक्ने अवस्था नरहेकाले आफूहरूले आश्रमसम्म ल्याइदिन आग्रह गरेको उनले बताए ।

उनको उद्धारको पहल भइरहेकै बेला उनी घर छाडेर बेपत्ता बनिन् । 'उनी घर छाडेर हिंडेकाले उद्धार गर्दिनुस् भन्ने उनका छिमेकीहरू पनि सम्पर्कमा आएनन्,' केसीले भने, 'हेटौंडादेखि उद्धार गर्न भोजपुर जान हाम्रो पनि स्रोतसाधनले भ्याएन, त्यसैले त्यो बेला उनको उद्धार गर्न सकिएन ।'

मानसिक अवस्था ठीक नभएपछि उनी धेरै ठाउँ भौंतारिएर हिंडिन् । धनकुटामा सामूहिक बलात्कारमा पनि परिन् । बलात्कारपछि जन्मिएकी छोरीलाई कहिले जंगलमा छाड्ने, कहिले भोकै राख्ने गरेको देखेर स्थानीयहरूले मानव सेवा आश्रममा सम्पर्क गरेपछि आफूहरूले उद्धार गरेर ल्याएको बताए । आश्रममा ल्याएपछि पनि उनले आफ्नी छोरीलाई चिन्न सकेकी छैनन् ।

एक महिनाअघि सामाजिक विकास मन्त्रालयले उद्धार गरेर मानव सेवा आश्रमको जिम्मा लगाएको मोरङ रतुवामाई नगरपालिका ८ दाम्राभिट्टाका ४६ वर्षीय दिनेश तिम्सिनामा सुधार आइरहेको छ । विगत ३० वर्षदेखि मानसिक सन्तुलन गुमाएका उनी उपचार अभावमा डोरीले बाँधिएर जीवन बिताइरहेका थिए । सानैमा बुबा बितेको र आमा सुस्त श्रवणशक्ति भएका कारण उनको समयमा उपचार हुन नसक्दा उनले बन्दी जीवन जिउनुपरेको थियो ।

तिम्सिना सुरुका दिनमा पढाइमा निक्कै अब्बल थिए । झापाको जुरोपानीमा रहेका मावलीमा बसेर पढ्ने उनी एसएलसीमा फेल भएपछि भने मानसिक रूपमा विक्षिप्त बनेका थिए । समयमै उपचार नपाउँदा उनी लामो समयदेखि साङ्लामा बाँधिएर बस्न बाध्य थिए । बसेकै ठाउँमा दिसापिसाब गर्ने उनी मानव सेवा आश्रममा नियमित उपचार र औषधि सेवनबाट शौचालय जान सक्ने भएको बताए ।

उनीहरूसहित हाल आश्रम विराटनगरमा १६ जना मानसिक रोगी बस्दै आएका छन् । मानसिक रोग विशेषज्ञ डा. निमेष राजभण्डारीले उनीहरूको नियमित जाँच गरिरहेका छन् । कोही पनि सडकमा बस्नु नपरोस्, खासगरी मानसिक सन्तुलन गुमाएर परिवार र समाजबाट अपहेलित भई सडकमा जीवन गुजारा गर्नु नपरोस् भन्ने उद्देश्यले हेटांडाबाट सुरु भएको मानव सेवा आश्रम हाल सात वटा प्रदेशको १३ वटा जिल्लामा विस्तार गरिएको छ ।

आश्रमले हालसम्म ६ सय ५० जना मानसिक रोगीलाई उपचारपछि परिवारमा पुनर्मिलन गराएको केसीले बताए । आश्रमले विभिन्न जिल्लामा हाल ८ सय जनालाई सेवा दिइरहेको उनले बताए साथै एक सय ५० जनालाई आश्रममा अल्पकालिक सेवा दिइरहेको उनले जनाए ।



**आश्रममै बस्दै आएकी मिलन रानो दाससँग खेल्दै शिवकुमारी राईकी छोरी सुम्निमा ।**
*तस्बिर : विनु/कान्तिपुर*



**म्याग्दीको बेनीस्थित माउन्ट एभरेस्ट आवासीय माध्यमिक विद्यालयका १८ जना छात्रासहित ३६ जना विद्यार्थी नेपाली सेना मातहतको श्री राष्ट्रिय सेवा दल मध्य तालिम शिक्षालय हात्तीखोर, नवलपुरमा राष्ट्रिय सेवा दल जुनियर डिभिजन तालिममा सहभागी हुन जाने तयारीमा ।**
*तस्बिर : घनश्याम खड्का/कान्तिपुर*

# ११ महिनामा २० को हत्या

## धेरैजसो घटनामा आरोपित आफन्त नै छन्, कतिपय पक्राउपछि पुर्पक्षका लागि थुनामा छन् भने कतिपय फरार रहेकाले प्रहरीको खोजी सूचीमा छन्

■ **अवधेशकुमार झा** (राजविराज)

सप्तरीमा पछिल्लो ११ महिनामा २० जनाको हत्या भएको छ । मानव अधिकार दिवसका अवसरमा राजविराजमा इन्सेकले सार्वजनिक गरेको प्रतिवेदनमा हत्याका अधिकांश घटनाका आरोपीलाई प्रहरीले पक्राउ गर्न नसकेको उल्लेख छ ।

सुरुंगा नगरपालिका-६ कडरबोनाका ३० वर्षीय दीपेन्द्र चौधरीको ०७५ माघ ९ मा रुपनी-१ मा प्रहरीको गोली लागेर मृत्यु भएको थियो । प्रहरीमाथि गोली चलाउँदा गरिएको जवाफी कारबाहीमा उनको मृत्यु भएको प्रहरीले जनाएको थियो । चौधरीका परिवारले भने नियन्त्रणमा लिएर प्रहरीले उनको हत्या गरेको आरोप लगाउँदै आएको छ ।

बलान बिहुल गाउँपालिका-४ बेल्हीकी १६ वर्षीया सरिताकुमारी बडहीको गत माघ १४ मा हत्या भएको थियो । पक्राउ परेका आरोपित उनका बुबा तुरुन्तलाल फागुन ११ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छन् । अर्का आरोपित आमा ४३ वर्षीया पवनदेवी बडही फरार छिन् ।

खडक नगरपालिका-५ खरचुहियाका ७५ वर्षीय सबुरी साह र उनकी पत्नी ६५ वर्षीया बेचनीदेवी साहको शव डढेको अवस्थामा गत फागुन १४ मा फेला परेको थियो । दुवैको हत्यापछि शव डढाइएको शंका गरे पनि घटनामा संलग्नको अझैसम्म पहिचान भइसकेको छैन । डाकनेश्वरी नगरपालिका-३ तरहीकी ३५ वर्षीया ललितादेवी साहको ०७५ माघ १२ मा हत्या भयो । आरोपित ससुरा ६८ वर्षीय रामदेव साहलाई वैशाख १९ मा प्रहरीले पक्राउ गरयो । जेठ १५ मा पुर्पक्षका लागि तारेखमा रिहा भए । फरार भनिएका आरोपित पति ४० वर्षीय शंकर साह र देवर ३५ वर्षीय राजकुमार भनिने राजीवप्रसाद साह प्रहरीको खोजी सूचीमा छन् ।

हनुमाननगर-कंकालिनी नगरपालिका-१४ का ६५ वर्षीय जगदीश रामको गत वैशाख २१ मा हत्या भयो । उनकै माइला छोरा ३२ वर्षीय देवकुमारले हत्या गरेको किटानी जाहेरी पर्‍यो । आरोपित अझैसम्म फरार छन् । तिरहुत गाउँपालिका-२ गोइठी घर भई राजविराजको पिस जोन मोडेल स्कुलमा पढाउने २५ वर्षीय भट्टराई भनिने जयकृष्ण बिराजीलाई असार ९ को राति राजविराज-७ खर्साल टोलमा आठ जनाको समूहले कुटपिट गरेको थियो । उनको असार ११ मृत्यु भयो । घटनामा संलग्न भनिएका कोही पनि पक्राउ परेका छैनन् । सुरुंगा-१ चहकाकी ६४ वर्षीया धनमाया पुलामीलाई असार १९ मा उनकै छोरा ३४ वर्षीय रिठ्ठे भनिने जंगबहादुरले हत्या गरे । पक्राउपछि उनी साउन ९ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छन् ।

सिरहाको गोलबजार नपा-९ चन्द्रोदयपुरका १२ वर्षीय मोहमद तरिक शेख, ३ वर्षीय आसिलम शेख र २ वर्षीया आजमिन खातुन असार २० मा मृत फेला परे । हत्या गरेको आरोपमा पक्राउ गरिएकी आमा ३५ वर्षीया रुक्साना खातुन साउन १५ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छिन् । आत्महत्याको दुरुत्साहनको अभियोगमा पक्राउ परेका उनका पति तैयव राइनलाई जिल्ला अदालतले ७० हजार धरौटी लिई तारेखमा रिहा गरेको छ । रुक्साना बच्चाहरू लिएर कोसी ब्यारेजमा हाम फालेकी थिइन् । उनी बाँचिन, छोराछोरीको मृत्यु भएको थियो ।

हनुमाननगरकी २५ वर्षीया हीरादेवी मण्डल झुन्डिएको अवस्थामा फेला परिन् । गत असार २७ को साँझ उनका पति बैजनाथ मण्डल, ससुरा उमा मण्डल र सासू लक्ष्मीदेवी मण्डलले हत्या गरेर आत्महत्या देखाउन पासोमा झुन्ड्याइएको भन्दै पिता विष्णुपुर गापा-४ सिम्राहा सिग्यौनका बुधाइ मण्डलले असार २९ मा प्रहरीमा उजुरी दिए । दाहसंस्कारका लागि शव लैजाने क्रममा विवाद भएपछि बैजनाथलाई प्रहरीले नियन्त्रणमा लिएको थियो । उजुरी प्रहरीले दर्ता नगरी बैजनाथलाई त्यसै छाडेको आरोप हीरादेवीका माइती पक्षले लगाउँदै आए पनि आरोपितले हत्या नभई आत्महत्या गरेको बताउँदै आएका छन् । मधुपट्टी कनकपुरकी १८ वर्षीया पुनम यादवलाई असार ३० मा उनका पति २० वर्षीय सतीशकुमार यादव, ससुरा रामसिमृत, सासू रामसखी र जेठानी किरणले हत्या गरेको भन्दै दाजुले साउन २ मा इलाका प्रहरी कार्यालय कडरबोनामा उजुरी दिए । प्रहरीले साउन १३ मा सतीशलाई पक्राउ गर्‍यो । पीडितले विष सेवन गरी आत्महत्या गरेको बताउँदै आएका सतीश एक लाख धरौटीमा रिहा भए ।

अग्निसाइर कृष्णसवरण गापा-३ हरिहरपुरकी १९ वर्षीया गर्भवती रञ्जुदेवी यादवलाई साउन ५ मा हत्या गरेको आरोपमा घटनाको दुई सातापछि सासू लीलादेवी र ससुरा महेन्द्र यादव पक्राउ परे । दुवै पुर्पक्षका लागि थुनामा छन् । डाकनेश्वरी नपा-१ कविलासाकी २७ वर्षीया कञ्चनकुमारी यादवको साउन १८ मा हत्या भयो । पक्राउ परेका पति अरविन्दकुमार यादव भदौ २३ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छन् । अन्य आरोपित पाँचजना पक्राउ परेका छैनन् । कञ्चनलाई हत्यापछि आत्महत्या देखाउन झुन्ड्याएको माइती पक्षको आरोप छ ।

बोदे बर्साइन नपा-४ की १९ वर्षीया अम्बिकाकुमारी साहलाई असोज १९ मा पति रामचन्द्र साह, देवर रामप्रसाद र सासू किसनीदेवीले पासोमा झुन्ड्याई हत्या गरेको भन्दै पिता शम्भुनाथ नपा-१२ कुशहाका चन्द्रकान्त साहले प्रहरीमा उजुरी दिए । प्रहरीले रामचन्द्र र रामप्रसादलाई असोज १९ मा पक्राउ गरे अभद्र व्यवहारको उजुरी दर्ता गरी कारबाही थाल्यो । महादेवा गापा-१ पकरी कुजराही टोलका ६२ वर्षीय मोहमद गफुर पमरियालाई असोज १९ मा पत्नी जमुनी खातुन र छोरा नइम पमरियाले हत्या गरेको भन्दै भाइ इसराइल पमरियाले प्रहरीमा उजुरी दिए । अदालतको आदेशमा जमुनी साधारण तारेखमा रिहा भइन् भने कात्तिक २० देखि नइम पुर्पक्षका लागि राजविराज कारागारमा छन् ।

बोदे बर्साइन नपा- ७ मानराजा बगबिराकी २५ वर्षीया राजोदवी यादवलाई असोज २६ मा पति विष्णुदेव यादव, उनकी जेठी पत्नी उषादेवी र विष्णुदेवका भतिजीबुहारी ममतादेवी यादवलगायतले हत्या गरेको भन्दै पिता सत्यनारायण यादवले प्रहरीमा उजुरी दिए । विष्णुदेवले विष खाएर सिकिस्त राजोदेवीको उपचारको प्रयास गर्दा गर्दै मृत्यु भएको बताएका छन् । कञ्चनरूप नपा-५ पिप्रा टोलका २३ वर्षीय अजयकुमार मुखियालाई कात्तिक १ राती सोही ठाउँका श्रीलाल सरदार, उनका छोरा विजय सरदार र बबरी भनिने रमेश सरदारलगायतले हत्या गरेको भन्दै पिता जनक मुखियाले प्रहरीमा उजुरी दिए । श्रीलाल र विजय पक्राउ परे, रमेश फरार छन् । अग्निसाइर कृष्णासवरन गापा-१ स्थित मुस्लिम टोलकी ३६ वर्षीया बुलु खातुनको कात्तिक १२ गते अपरिचित व्यक्तिबाट हत्या भएको भन्दै पति इनुस मियाँले कात्तिक १८ मा प्रहरीमा उजुरी दिए । घाँस काट्न निस्किएकी बुलुको शव महुली खोलाको पश्चिम कुलोमा कात्तिक १६ सडेगलेको अवस्थामा फेला परेको थियो । घटनाका आरोपितको पहिचान हुन सकेको छैन ।

राजविराज नपा-२ तेतरी गाछीकी १८ वर्षीया कोमल साफीको मंसिर ४ मा हत्या गरिएको शंकास्पद अवस्थामा घरमै शव फेला पर्‍यो । घरमा एक्लै रहेको अवस्थामा कोठाभित्र बिछ्यौनामा मृत अवस्थामा फेला परेकी साफीको घाँटीमा निलडाम थियो । घटनाको रहस्य खुलेको छैन ।

खडक नपा- १० का १५ वर्षीय सागर सरदारको मंसिर ८ मा हत्या गरेको आरोपमा स्थानीय शिवनारायण साह र ६ जना बालकलाई इलाका प्रहरी कार्यालय कल्याणपुरले नियन्त्रणमा लियो । उनीहरूविरुद्ध कर्तव्य ज्यानको उजुरी दर्ता गरेको छ । मंसिर ९ मा ७५ वर्षीया अनुरागीदेवी राजविराज नपा-६ मा कान्छा छोरा विनोद दासको घरमा मृत फेला परिन् । नाति दीपेन्द्र दासको उजुरीमा प्रहरीले शव पोस्टमार्टमका लागि धरानको बीपी प्रतिष्ठान पठाएको थियो । हत्या भएको र प्रहरीलाई जानकारी नदिई दाहसंस्कार गर्न थालेको भन्दै उजुरी परेको थियो । विनोदले भने मानसिक रोगी आमा कुर्सीमा चढेर छतमा उक्लिँदा लडेर मृत्यु भएको बताएका छन् ।

अधिकारकर्मी मनोहर पोखरेलले जिल्लामा भएका यी हत्याका घटनामध्ये अधिकांशका आरोपी फरार रहेको, केही घटनालाई आत्महत्याको रूप दिइएको भए पनि प्रहरी अनुसन्धानले प्रस्ट पार्न नसकेकाले जिल्लामा दण्डहीनताले प्रश्रय पाउँदै गएको आरोप लगाए ।

### अनुसन्धानमा सीआईबी टोली

कपिलवस्तु (कास)- यहाँको पूर्व-पश्चिम राजमार्गस्थित बुद्धभूमि नगरपालिका-२ गोरुसिंगेमा भएको एक जनाको हत्याको अनुसन्धान प्रहरीका लागि चुनौति भएको छ । गत मंसिर १३ मा धनराज पौडेलको शव विभत्स रुपमा हत्या गरिएको अवस्थामा फेला परेको थियो । घटनाको दुई साता हुन लाग्दा पनि पनि संलग्नका बारेका तथ्यप्रमाण बाहिर आउन नसकेपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोको टोली जिल्ला आएको छ ।

सीआईबीका निरीक्षकको नेतृत्वमा तीन सदस्यीय टोली जिल्ला आएको हो । उनीहरूले अनुसन्धान थालेका छन् । यसअघि उक्त घटनाको छानबिन गर्न ईप्रका गोरुसिंगेका निरीक्षक सुभाष खड्काको नेतृत्वमा अनुसन्धान टोली गठन भएको थियो । अहिले दुवै टोलीले आआफ्नो तरिकाले अनुसन्धान गरिरहेको बताएका छन् ।

सीआईबी टोलीले घटनास्थलको निरीक्षण, परिवार, आफन्त र छिमेकीसँग सोधपुछ गरेको प्रहरी स्रोतले जनाएको छ । उनीहरूले घटनाको प्रकृति र अवस्था, श्रीमान्/श्रीमतीको सम्बन्ध र घटनाका अन्य कुरालाई जोडेर अध्ययन थालेका छन् । हत्या आरोपमा मृतककी बुहारी लक्ष्मी पौडेल पक्राउ परेकी छन् । उनमाथि अदालतबाट म्याद थप गरेर अनुसन्धान भइरहेको छ । उनले घटनामा आफू संलग्न नरहेको बताउँदै आएकी छन् । पौडेल आफ्नै घरको कोठामा मृत अवस्थामा फेला परेका थिए ।

मंसिर १३ गते दिउँसो हत्या भए पनि प्रहरीले साँझ ७ बजे मात्र घटनाबारे थाहा पाएको थियो । हत्या लक्ष्मीले नै गरेको मृतकका परिवारको आरोप छ । घटनाका बेला दुबईमा रहेका मृतकका छोरा शंकरले बुबाको हत्या श्रीमतीको संलग्नता हुन सक्ने आरोप लगाए । घटना थाहा पाएर घर फर्केका उनले श्रीमतीले आफूसँग निहुँ खोज्ने र दिनहुँ झैझगडा गरिरहने गरेको गुनासो गरे ।

परिवारका अनुसार घटनाका दिन लक्ष्मी र मृतक पौडेल घरमै थिए । धारिलो हतियार प्रयोग गरेर पौडेलको हत्या भएको छ । प्रयोग गरिएको हतियारको फिङ्गर प्रिन्ट परीक्षणका लागि काठमाडौं पठाइएको छ । उनको शव क्षतविक्षत अवस्थामा थियो । हत्यापछि लक्ष्मीले नै ससुरा हराएको र घरमा चोर आएको विषयमा प्रहरीमा जानकारी गराएकी थिइन् । मृतकका आफन्तले गरेको फोन नलागेपछि खैलाबैला मच्चिएको थियो । खोजबिन गर्दा पौडेल घरकै टीभी कोठामा वीभत्स हत्या गरिएको अवस्थामा भेटिएका थिए । शवलाई सिरक, ब्ल्याङ्केट ओढाइएको थियो । त्यही कपडाका बीचमा बुहारी लक्ष्मीको मोबाइलसमेत भेटिएको थियो ।

मंसिर १२ गते काठमाडौं जान हिँडेकी लक्ष्मी गोरुसिंगेमा रहेको एक होटलमा अर्कैका नाममा कोठा बुक गरेर बसेको भेटिएको छ । उनी होटलमा बस्दा अपरिचित पुरुष आएर भेटघाट गरेको बताइएको छ । ती पुरुषले लक्ष्मीका दुई वर्षीय छोरालाई समेत होटलमा ल्याएका थिए । स्टाफ नर्स पढेकी लक्ष्मीसँग पैसाका विषयमा श्रीमान् र परिवारसँग बारम्बार किचलो हुने गरेको थियो । छिमेकीहरूले घटनामा लक्ष्मीकै प्रत्यक्ष संलग्नता रहेको बताए । पौडेलको घाँटी, टाउको, पेट र शरीरका विभिन्न भागमा गम्भीर चोट थियो । उनी अर्घाखाँचीबाट बसाइँ सरेर गोरुसिंगे आएका हुन् । उनी हराएको भन्ने सूचनाका आधारमा प्रहरीले खोजबिन गर्दा कोठामा मृत अवस्थामा फेला परेका थिए । 'अनुसन्धान जारी छ,' प्रहरी प्रवक्ता सुनिल मल्लले भने, 'छिट्टै परिणाम निस्किने अपेक्षा गरेका छौं ।'

# अहेबले गरेको ठगी अनुसन्धानमा

रौतहट (कास)- बलात्कार आरोपमा पक्राउ परेका यहाँका एक अहेबले खोलेको क्लिनिक अवैध भएको खुलेको छ । सदरमुकाम गौरमा रहेको रवि डेन्टल क्लिनिक अवैध भएको पाइएको हो । अहेब भए पनि 'एमडीएस डाक्टर' बोर्डमा लेखेर बिरामी ठगेको पाइएको प्रहरीले जनाएको छ ।

चितवनबाट रौतहटको सदरमुकाम गौर घुम्न आएकी ३० वर्षीया एक महिलालाई बलात्कार गरेको आरोपमा यमुनामाई नगरपालिकाको हेल्थपोस्टमा कार्यरत अहेब सुधीरकुमार सिंह पक्राउ परेका थिए । उनले गौरमा सञ्चालन गरेको डेन्टल क्लिनिक अवैध भएको खुलेको हो । बलात्कार आरोपमा पक्राउ परेपछि जबर्जस्ती करणीको मुद्दा चलाई अनुसन्धान गर्ने क्रममा सिंहले अनधिकृत रूपमा डाक्टर लेखेर अवैध क्लिनिक सञ्चालन गरेको प्रहरीले फेला पारेको हो । बोर्डमा डा. सुधीरकुमार सिंह बीडीएस दरभंगा, एमडीएस फिलिपिन्स लेखेको पाइएको प्रहरीले जनाएको छ । सिंहले बिरामीलाई औषधि लेख्ने गरेको पुर्जीमा पनि डा. सुधीर, डेन्टल सर्जन दरभंगा लेखेका छन् ।

'अहेबले आफूलाई डाक्टर भनेर क्लिनिक चलाएको भेटियो,' डीएसपी नवीन कार्कीले भने, 'सिंहले लेखेका डिग्री सबै नक्कली भएको खुलेको छ । थप अनुसन्धान हुँदै छ ।' आफूलाई चरम यातना दिएर बलात्कार गरेको भन्दै महिलाले सिंहविरुद्ध किटानी जाहेरी दिएपछि प्रहरीले पक्राउ गरेको थियो । उक्त मुद्दा अघि बढाउन अनुसन्धान थालेपछि उनले बिरामीलाई ठगी गरिरहेको फेला परेको हो । सिंहले सात वर्षदेखि बिरामी ठग्दै आएको खुलेको छ ।

# गन्तव्यमा पुर्‍याउनै सकिएन पर्यटक

■ **आनन्द गौतम** (ताप्लेजुङ)

ठूलो लागतमा रिसोर्ट बनाइरहँदा फुङलिङ-२ मेवाखोला हिल रिसोर्टका सञ्चालक सुरेश लिम्बूलाई पाहुना आउँछन्, बस्छन्, खान्छन् र फाइदा पक्कै हुन्छ जस्तो लाग्थ्यो । अहिले होटलमा आएका पाहुनालाई घुमाउन कहाँ लैजाने भन्ने चिन्ता थपिएको छ ।

उनीकहाँ आएका ८० प्रतिशतले घुम्न जाने ठाउँ कहाँ हो भनेर सोध्ने गरेका छन् । 'सुकेटार, सिद्धिडाँडा, भिन्तुना डाँडा देखाउँछु' लिम्बू भन्छन्, 'यी तीनै ठाउँ दुई तीन घण्टामा घुमिने भएकाले अब जाने कहाँ हो भनेर सोध्छन्, देखाउने ठाउँ छैन ।'

आफैंले गाडी चलाएर पाहुनालाई घुमाएर फर्कंदा पनि उनी असन्तुष्ट छन् । 'तीनै ठाउँमा पुग्दा आहा, भन्दै फोटो खिच्न थाल्छन्, तर भ्रमणको तिर्सनाचाहिँ पूरा हुँदैन,' लिम्बूले थपे, 'टाढा पठाउन सक्ने अवस्था छैन ।'

सुकेटारका ओमप्रकाश राईले सञ्चालनमा ल्याएको रिसोर्टमा पनि यस्तै छ । विमानस्थल क्षेत्रको सबैभन्दा उच्च डाँडो किनेर उनले रिसोर्ट बनाएका छन् । वरिपरि हरियालीका लागि सल्ला, लौठ सल्ला, धूपीजस्ता दर्जनौं वनस्पति हुर्काएका छन् । एकाध दिन बसिसकेपछि पाहुनाले उही प्रश्न गर्छन्- अब कहाँ जाने ?

दुवै व्यवसायीका अनुसार पर्यटकको चाहना दिनभर घुम्ने र बेलुका होटलमा आउने वा एक रात उतै बस्ने खालको हुन्छ । जिल्लामा घुम्ने थलो नभएका भने होइनन् । आउजाउ गर्न असजिलो र बास बस्ने ठाउँ छैनन् । 'बाह्रै महिना बग्ने फुङफुङे झरनाको सम्भाव्यता अध्ययन गर्‍यौं,' सुरेशले भने, 'तर होमस्टेको व्यवस्थापन नगरेसम्म पर्यटक पठाउन समस्या छ ।'

उद्योग वाणिज्य संघका अध्यक्ष तारानाथ घिमिरे स्थानीयलाई सहयोग गरेर भए पनि होमस्टे चलाउने योजना रहेको बताउँछन् । 'समुदायसँग कुरा भयो, उहाँहरू पनि तयार हुनुहुन्छ,' उनले भने, 'सबैका बारी बाँझो छन्, हरियोपरियो छैन, साग रोप्नेदेखि कोठा व्यवस्थापन गर्ने र तालिम दिनेसम्मको सहयोग गर्नु आवश्यक छ ।' यसका लागि संघ, पाथीभरा क्षेत्र विकास समिति र पाथीभरा देवी मन्दिर क्षेत्र संरक्षण तथा संवर्द्धन समितिले सहकार्य गरेका छन् । आफूले सकेको गर्ने र थप सहयोगका लागि गाउँपालिकालाई झकझक्याउने उनी बताउँछन् ।



**नेपाल सरकारको एक सय पर्यटकीय गन्तव्यमध्येको एक ताप्लेजुङको फुङफुङे झरना ।**
*तस्बिर : आनन्द/कान्तिपुर*

पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक मनमणि काफ्ले पाथीभरा आउने तीर्थयात्रीलाई एक/दुई दिन रोक्न नसक्नु चुनौती भएको बताउँछन् । 'झापाको बिर्तामोडबाट हिँडेको साँझ माथिल्लो फेदीमा बास बस्न पुग्छन्,' उनले भने, 'भोलिपल्ट बिहानै पूजा गरेर बिर्तामोड नै फर्कन्छन्, ताप्लेजुङ पाँचथर दुवै जिल्लामा बास बस्दैनन् ।' बसेनन् भन्दा पनि पर्यटकलाई राखेर आफ्नो गाउँठाउँ चिनाउन सकिएन भन्ने चिन्ता भएको उनको भनाइ छ । फुङलिङ नजिकै शिवको गुफा भएको मानिने सिद्धिडाँडा मन्दिर छ भने नजिकै पोखरी पनि छ । भिन्तुनाडाँडामा घुन्सा हेलिकप्टर दुर्घटनामा परेका संरक्षणविद्को सालिक राखिएको छ । यहाँबाट ताप्लेजुङका अधिकांश स्थान देख्न सकिन्छ ।

फुङफुङे र इलाडाँडा झरना जाने सडकले जोडिए पर्यटकले दुई दिनसम्म थप घुम्न पाउँछन् । मोटरबाटो पुग्नै लागेको फुङफुङेमा सदरमुकामबाट दिउँसो १ बजे हिंडे बेलुका पुगिन्छ । यहाँ लोकल कुखुरा, तोङ्बा, राँगाको सुकुटी, गुन्द्रुक, मकैको भात खान पाइन्छ । बस्नका लागि ३२ वटा घर रहेको गाउँपालिका अध्यक्ष रामकुमार साँवा बताउँछन् ।

लिम्बू समुदायको मात्रै बसोबास भएकाले संस्कृति पनि अवलोकन गर्न पाइन्छ । भ्रमण वर्षअघि नै होमस्टे थालेर भारत र चीनबाट आएका पर्यटकलाई घुमाउन लैजाने उद्देश्यले योजना पनि बनेको छ । जिल्लाले फागुन ९ देखि १३ गतेसम्म गर्ने पाथीभरा म्याराथन तथा मेची पर्यटन महोत्सवमा ती स्थानलाई गन्तव्यस्थल बनाउने उद्देश्य राखिएको घिमिरेले बताए ।

आकर्षक गन्तव्य भए पनि तिम्बुङ पोखरी टाढा भएकाले कसरी जोड्ने भन्ने चिन्ता व्यवसायीको छ । 'तीन दिनसम्म हिंड्नुपर्दा बाहिरका मान्छे थाक्छन्,' लिम्बूले भने, 'सररर गाडीमा जाने फिर्ने चाहना राख्छन्, तर हाम्रोमा सडककै छैन ।' सिदिङ्वा गाउँपालिका अध्यक्ष नरबहादुर कडरियाका अनुसार यहाँ यातायात पुग्न दुई/चार वर्षै लाग्छ । बाटै नभएकाले अहिलेको जोड पैदलमार्गमा बनाउनेमा छ । जिल्लाका पाथीभरा, फुङफुङे र तिम्बुङ पोखरीलाई नेपालका सय पर्यटकीय गन्तव्यमा समेटिएको छ । सांसद तथा पर्यटनमन्त्री योगेश भट्टराईले यी ठाउँका लागि निर्वाचन क्षेत्र कोषबाट रकम विनियोजन गरेका छन । तिम्बुङ पोखरीमा अघिल्लो वर्ष संस्कृति मन्त्रालयले ५० लाख रुपैयाँ बजेट पनि विनियोजन गरेको थियो ।

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २९१ सुर्खेत | २६ मंसिर २०७६ बिहीबार मार्ग शुक्लपक्ष पूर्णिमा | नेपाल संवत् ११४० | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, December 12, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ



किम्फ सुरु

३९ देशका ७९ फिल्म । ९



**खेलाडीको सम्मान**

प्रधानमन्त्रीद्वारा पुरस्कार घोषणा

- स्वर्णलाई ९ लाख
- रजतलाई ६ लाख
- कांस्यलाई ३ लाख
- एकभन्दा बढी स्वर्ण जित्नेलाई ११ लाखका दरले
- समूहमा स्वर्ण जितेका प्रत्येकलाई ५/५ लाख

पृष्ठ १६

# ३० हजार टाकामा भित्रिन्छन् रोहिंग्या

## गिरोहले नै बंगलादेशबाट रोहिंग्यालाई नेपाल ल्याइरहेको गृह मन्त्रालयको अध्ययनले देखाएको छ

■ **मकर श्रेष्ठ** (काठमाडौं)

अन्सर मोहम्मद र हुसेन हमिद म्यानमारबाट विस्थापित भएर बंगलादेशमा शरणार्थी जीवन बिताइरहेका थिए । नेपालमा संयुक्त राष्ट्रसंघीय शरणार्थीसम्बन्धी उच्च आयोग (यूएनएचसीआर) बाट शरणार्थीको मान्यता पाइन्छ भन्ने उनीहरूले सुने । त्यसपछि नेपाल छिर्न एजेन्टलाई ३० हजार बंगाली टाका (करिब ४० हजार रुपैयाँ) बुझाए । सात महिनाअघि काठमाडौं आइपुगेका उनीहरू बूढानीलकण्ठ नगरपालिका-११ स्थित राममन्दिर नजिकै टहरामा बसिरहेका छन् ।

मोहम्मद र हमिद दुवै रोहिंग्या समुदायका हुन् । उनीहरूले यहाँ आएपछि यूएनएचसीआरमा शरणार्थीको पहिचान माग्दै निवेदन पनि दिएका छन् । तर नाम दर्ता भइसकेको छैन । उनीहरू जसरी नै बंगलादेशबाट भारत हुँदै काठमाडौं आइपुगेर राममन्दिर नजिकैका टहरामा बसिरहेका रोहिंग्या अरू १ सय ७१ जना छन् । रोहिंग्या बूढानीलकण्ठकै लसुनेटार र काभ्रेको पनौतीमा समेत गरी ३ सय ७८ जना छन् ।

रोहिंग्यालाई यहाँ ल्याउन र बस्ने ठाउँ मिलाउन गिरोह नै सक्रिय रहेको गृह मन्त्रालयको ठम्याइ छ । 'पछिल्लो समय मौलाना जुबेर नाम गरेका व्यक्तिले ३० हजार टाका लिएर रोहिंग्यालाई नेपाल ल्याउने गरेको पाएका छौं,' नेपाल प्रहरीका एक डीआईजीले भने, 'यसमा काठमाडौंमै रहेका मोहमद ऐसुप, मोहमद आयास र जाफर मियाँ पनि सक्रिय रहेको पाएका छौं ।' उनीहरू विस्थापित रोहिंग्याका अगुवा हुन् । उनीहरूकै कारण आप्रवासी बढेको गृह मन्त्रालयको ठहर छ । गृहसचिव प्रेम राईले उनीहरूमाथि निगरानी बढाएको जानकारी दिए ।



**रोहिंग्याहरूले काठमाडौंको बूढानीलकण्ठ नगरपालिका-११ राममन्दिर क्षेत्रमा बस्नका लागि बनाइरहेका टहरा ।** *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*

'हामीले रोहिंग्याका विषयमा भर्खरै अध्ययन गरेका थियौं, केही व्यक्तिले उनीहरूलाई ल्याउने गरेको पायौं,' उनले भने, 'सीमामा कडाइ गरेका छौं ।' गृहले गठन गरेको कार्यदलका एक सदस्यले पनि गिरोहले पैसा लिएर रोहिंग्यालाई नेपाल भित्र्याइरहेको पाइएको बताए । 'मौलना जुबेर रोहिंग्यासँग ३० हजार टाका लिई नेपालमा ल्याउने गर्दा रहेछन् । ऐसुप रोहिंग्यालाई ओसारपसार गर्न र जग्गा भाडामा लिनेलगायत काममा संलग्न छन्,' उनले भने, 'जाफर मियाँले पनि बंगलादेशमा रहेका आफन्त र चिनजानका व्यक्तिलाई नेपाल भित्र्याएको पाइएको छ ।'

रोहिंग्या अध्ययन गर्न गृह मन्त्रालयले गत कात्तिक २४ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटवालको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गरेको थियो । कार्यदलमा महानगरीय प्रहरीका प्रहरी नायब उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका प्रहरी नायब उपरीक्षक, गृह मन्त्रालयको शाखा अधिकृत र जिल्ला प्रशासन कार्यालय काठमाडौंका शाखा अधिकृत सदस्य थिए । **बाँकी पृष्ठ १४ ▸▸**

**आईसीजेमा सुचीले भनिन्-**



'रोहिंग्यामाथि अत्याचार भएको छैन, सुरक्षित पुन:स्थापन गर्न म्यानमार प्रतिबद्ध छ'

पृष्ठ ८

## भित्र


जेठोलाई स्कुल बसमा चढाउँदा चढाउँदै किचेर कान्छो छोराको मृत्यु

नयाँ निवासमा सरे प्रधानमन्त्री

हात्तीको आक्रमणबाट दुई महिलाको ज्यान गयो

'प्रि-सेन्डअप' मा पनि विद्यालयले शुल्क लिए

जाडो महिनामा पनि डेंगु संक्रमण उस्तै

प्रदेशले तोक्न सकेनन् नाम र राजधानी


**गजब छ बा !**

– अविन –




मन्त्रीज्यू ! मैले कति लाख पाउने भन्ने कुरा फाइनल भो ? छैन ?... सेमिफाइनल नि ?... अनि क्वाटरफाइनल नि ?...

हामी देख्छौं अपार संभावना

NMB BANK एनएमबि बैंक — समृद्ध नेपालको लागि

# यसरी उम्कियो १७ बैंकबाट १७ करोड

■ **मातृका दाहाल** (काठमाडौं)

अन्तर्राष्ट्रिय आपराधिक गिरोहले अनलाइन ठगी र ह्याकिङबाट संकलित रकम नेपालका १७ वटा बैंकमार्फत विदेश पुर्‍याउने गरेको खुलेको छ । पार्सल आएको भन्दै प्रलोभन देखाएर ठगेको र वित्तीय संस्थाको सर्भर ह्याक गरेर जम्मा पारेको रकम गिरोहले स्थानीय एजेन्टमार्फत विभिन्न व्यक्तिका नाममा राखी बैंकबाटै उम्काइरहेको भेटिएको हो ।

अन्तर्राष्ट्रिय गिरोहमा संलग्न नाइजेरियाली नागरिक पिटर हर्मन र बेलायती नागरिक स्मिथ मोरिसले नेपाली सहयोगीसँग मिलेर १० वर्षदेखि यस्तो ठगी गरिरहेको प्रहरीले जनाएको छ । प्रहरीले मंगलबार पिटर र स्मिथका सहयोगी तीन नेपालीलाई पक्राउ गरेपछि ठगीको रहस्य बाहिर आएको हो । महानगरीय अपराध महाशाखाको टोलीले ठमेलमा रेस्टुरेन्ट सञ्चालन गर्दै आएका दोलखाका ५२ वर्षीय रमेश खड्का, नवलपरासी रामग्रामका ३७ वर्षीय विश्वेश्वरप्रसाद तिवारी र नवलपरासीकै मनी एक्सचेन्ज सञ्चालक १९ वर्षीय सन्दीप कलवारलाई पक्राउ गरेको थियो । प्रहरीले खड्कालाई काठमाडौंबाटै पक्रेको हो भने तिवारी र कलवार नवलपरासीबाट समातिएका हुन् । प्रहरी स्रोतका अनुसार १० सहयोगीसहित भारतमा बसेर अपराध सञ्जाल चलाइरहेका पिटरलाई पनि केही समयअघि भारतीय प्रहरीले पक्राउ गरिसकेको छ । **बाँकी पृष्ठ १४ ▸▸**




# सुत्केरी अस्पतालमै 'बन्धक'

■ **अवधेशकुमार झा** (राजविराज)

उपचारबापतको ३ लाख ५० हजार रुपैयाँ बुझाउन नसक्दा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-८ तोपाकी ललितादेवी खंगले विराटनगरस्थित विराटनगर अस्पतालबाट डिस्चार्ज हुन पाएकी छैनन् । एकमहिने सुत्केरी ललिताका पति गोपीकुमारले रकम जोहो गर्न आफ्नो गाउँ र सदरमुकाममा भिख माग्न थालेका छन् ।

विराटनगरस्थित जनरल हस्पिटल एन्ड ट्रमा केयर सेन्टरमा दुई छोरी जन्माएपछि ललितालाई विराटनगर अस्पताल पुर्‍याइएको थियो । नवजात जुम्ल्याहामध्ये एकको मृत्यु भइसकेको छ भने अर्की शिशु तोपास्थित घरमा छिन् ।

ललिता दलित खत्वे समुदायकी हुन् । उनका पति गोपी मजदुरी गरेर जीविकोपार्जन गर्छन् । ललितालाई सुत्केरीका लागि गत कात्तिक २३ गते राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल लगिएको थियो । चार दिनपछि उनलाई विराटनगर रेफर गरिएको थियो । गोपीका अनुसार विराटनगरमा पहिले म्याक्स अस्पतालमा भर्ना गरियो । त्यहाँ एक दिन राखेपछि उपचार सम्भव नभएको अस्पतालले बतायो । त्यसपछि विराटनगरकै जनरल हस्पिटल एन्ड ट्रमा केयर सेन्टरमा लगियो । सेन्टरमा दुई छोरी जन्माएपछि ललितालाई थप उपचारका लागि विराटनगर अस्पताल प्रालिको आईसीयूमा भर्ना गरिएको थियो । ट्रमा सेन्टरको एनआईसीयूमा राखिएकै बेला दुई नवजात छोरीमध्ये एकको मृत्यु भएको गोपीले बताए । अर्की शिशु स्वस्थ छिन् ।

गोपीका अनुसार ट्रमा सेन्टरमा सुत्केरी गराउनेदेखि छोरीको उपचार खर्चसमेत गरी १ लाख ७४ हजार रुपैयाँ उनले बुझाएका थिए । ३२ हजार ७ सय ५० रुपैयाँ औषधिबापत खर्च भएको थियो । **बाँकी पृष्ठ १४ ▸▸**



**जुम्ल्याहामध्ये एकको अस्पतालमा मृत्यु भएको थियो । अर्को शिशुलाई डिस्चार्जपछि घरमा अरूले नै स्याहारिरहेका छन् । अर्कै अस्पतालमा उपचार गराएकी आमा 'बन्धक' बनेकी छन् ।**




# गाउँगाउँमा मदिरा नियन्त्रण अभियान

कालीकोट (कास)- प्रहरीले गाउँगाउँमा अवैध मदिरा नियन्त्रण अभियानलाई तीव्रता दिएको छ । मातहतका प्रहरी एकाइमार्फत अवैध घरेलु मदिरा बरामद गरी नष्ट गर्न थालिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार स्थानीयले अन्न कुहाएर मदिरा उत्पादन गर्ने क्रम बढेपछि नियन्त्रण अभियान थालिएको हो । दसैंयता १२ हजार लिटर घरेलु मदिरा प्रहरीले नष्ट गरिसकेको छ । सदरमुकाम मान्म, ताडी, मोल्फो, जिते हुल्मसहितका बजार क्षेत्र, रास्कोट नगरपालिका र पचालझरना गाउँपालिकामा घरेलु मदिरा बरामद गर्ने कार्यलाई तीव्र बनाइएको जिल्ला प्रहरी प्रमुख (डीएसपी) श्यामबाबु ओलियाले बताए । उनका अनुसार अनुसार मान्मबाट ७ हजार, ताडीबाट १५ सय, मोल्फाबाट २ हजार र जितेबाट हजार लिटर घरेलु मदिरा बरामद गरी नष्ट गरिएको हो ।

मदिरा सेवनका कारण विभिन्न घटना बढेपछि नगरपालिकाले प्रहरीको सहकार्यमा अवैध मदिरा जफत अभियान चलाएको रास्कोट नगर प्रमुख काशीचन्द्र बरालले बताए । उनले घरेलु मदिरा नियन्त्रणमा प्रहरीसहित श्रम रोजगार बैंकका सदस्य परिचालन गरिएको जानकारी दिए । त्यस्तै, पचालझरना गाउँपालिकाको केन्द्र जारकोट र आसपासका बजारमा मदिरा नियन्त्रण अभियान सुरु गरिएको छ । प्रहरीले तयारी मदिरा र मदिरा उत्पादनका लागि राखिएको सामग्री जफत गर्न थालेको गाउँपालिका उपाध्यक्ष तारा न्यौपानेले बताइन् ।

हिंसा र अशान्तिको प्रमुख स्रोत मानिएको मदिरा निषेध गर्ने गत फागुनको जिल्ला सभाले निर्णय गरेको थियो । व्यापारीले अदालतमा मुद्दा दायर गरेपछि वैध मदिरा खुला गरिएको छ । जिल्लासभाको निर्णयपछि मदिरा निषेध गरिए पनि कार्यान्वयन नहुँदै उद्योग वाणिज्य संघले सुर्खेत उच्च अदालत, जुम्ला इजलासमा जिल्ला समन्वय समिति प्रमुख अनिपाल शाही, रास्कोट नगर प्रमुख काशीचन्द्र बराल, तत्कालीन जिल्ला प्रहरी प्रमुख विनोद शर्मासहितलाई विपक्षी बनाएर मुद्दा दायर गरेको थियो । जुम्ला इजलासले व्यवसायीको पक्षमा फैसला भएर पक्की मदिरा खुला भएको हो ।

घरेलु मदिरा कानुनी रुपमा अवैध भए पनि निर्वाध रुपमा उत्पादन, सेवन र बिक्री भइरहेको पाइएपछि नियन्त्रण अभियान थालिएको प्रहरी निरीक्षक यक्षराज जोशीले बताए । सदरमुकामसहित केही बजार क्षेत्रमा कहिलकाहीं प्रहरीले छापा मारे पनि गाउँमा घरेलु मदिराको कारोबार नरोकिएको पेय पदार्थ व्यवसायी संघका अध्यक्ष जीवनकुमार शाहीले बताए ।

पलाता गाउँपालिकाले पहिलो गाउँसभाबाटै पलातालाई निषेधित क्षेत्र घोषणा गरी मदिराविरुद्ध अभियान सुरु गरेको थियो । 'मदिरा निषेधले महिला दिदीबहिनी खुसी छन्,' गाउँपालिका अध्यक्ष लक्ष्मणबहादुर बमले भने, 'केही व्यक्तिका कारण पूर्णरुपमा बन्द हुन नसकेको छैन ।'

मदिरा निषेधित क्षेत्र पलातामा मदिरा सेवनका कारण साउन ७ गते पलाता ८ का २४ वर्षीय मञ्जन बमको मृत्यु भएको थियो । गाउँपालिकाले मदिरा निषेध गरे पनि गत वर्षको पुसमा स्थानीयले मदिरा सेवन गरी खाडा गाउँमा आगलागी गरेको सार्वजनिक भएको थियो ।

# 'युवा स्थापित, डोजर विस्थापित'

दैलेख (रासस)- जिल्लाको भगवतीमाई गाउँपालिकाले श्रम रोजगार बैंक स्थापनापश्चात् युवा स्थापित डोजर विस्थापित नीति अगाडि सारेको छ ।

आव ०७६/७७ देखि सुरु हुने श्रम रोजगार बैंकमार्फत १ सय ४० युवालाई रोजगारी दिएको गाउँपालिकाले युवालाई विकासमा स्थापित गराएर डोजर विस्थापित नीति अघि सारेको हो । संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकका रुपमा समावेश गरेको र सोही मौलिक हकको कार्यान्वयन गर्न रोजगारी हकसम्बन्धी ऐन २०७५ अनुसार श्रमरोजगार बैंक स्थापना गरी रोजगार दिएको गाउँपालिकाका अध्यक्ष दानबहादुर थापाले बताए ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बखतबहादुर खड्काले श्रम रोजगार बैंकमार्फत गाउँपालिकाका सातवटै वडाबाट प्रतिनिधित्व गर्ने गरी युवा छनोट गरेको र अब हुने विकास निर्माणमा डोजर र उपभोक्ता समितिलाई विस्थापित गर्ने तयारीसमेत रहेको बताए ।



पशुचौपायाको व्यवसायिक पालनका लागि प्रख्यात जाजरकोटको बारेकोट गाउँपालिका ८, लैखमका स्थानीय महिला जंगलबाट घाँस ल्याउँदै । तस्बिर : हेमन्त केसी/रासस

# रित्तिए हिमाली बस्ती

चिसो बढेसँगै स्थानीय बासिन्दाले कुरुवालाई घर जिम्मा लगाएर बेंसी झरे अनि नाम्खा गाउँपालिका ६ का तिल, जाङ, हल्जी र लिमीलगायत बस्ती मानवविहीन बने

**छपाल लामा** (हुम्ला)


नाम्खा र सिमकोट गाउँपालिकाका उच्च हिमाली बस्ती सुनसान बन्दै गएका छन् । अत्यधिक चिसो बढेपछि स्थानीयले गाउँ छोडेसँगै हिमाली बस्ती खाली बनेका हुन् ।

बर्सेनि हिमपात हुनुअघि नै उच्च हिमाली बस्तीका स्थानीयले पशु चौपायासहित गाउँ छाड्ने गरेका छन् । अहिले उच्च हिमाली भेकमा गाउँ हेरालु र गुम्बाका भिक्षु मात्र छन् । स्थानीय बासिन्दा बेंसी झरेपछि नाम्खा गाउँपालिका ६ का तिल, जाङ, हल्जी र लिमीलगायत बस्ती मानवविहीन बनेका हुन् । सिमकोट गाउँपालिका ३, स्थित ४५ घरधुरी रहेको लिमाटाङ गाउँ पनि खाली भइसकेको छ । लिमाटाङका ज्याम्फाल लामाका अनुसार चिसो बढेपछि बर्सेनि ५ महिना गाउँ सुनसान हुने गरेको हो । जाडो कटाउन स्थानीय नेपालगन्ज, सुर्खेत, काठमाडौंलगायत ठाउँमा जाने गरेका छन् ।

## चिसो बढ्यो

पशुचौपायासहित गाउँ छोडेका स्थानीय भने सदरमुकाम सिमकोट आसपासका क्षेत्रमा ओर्लिएका छन् । उच्च भेकका बासिन्दा हिउँ बिलाएपछि र गर्मी चढेपछि मात्र चैत/वैशाखमा गाउँ उक्लिन्छन् । उनका अनुसार गाउँमा हिँड्न नसक्ने केही ज्येष्ठ नागरिकलाई घर हेरालुका रूपमा राखिएको छ । उनीहरूका लागि खानाको व्यवस्था गरेर मात्रै परिवारका सदस्य बेंसीमा ओर्लिने गरेको उनी बताउँछन् । लिमटाङका अधिकांश घरधुरीले व्यावसायिक पशुपालन गरिरहेका छन् । चौरी, भेडा र घोडा-खच्चड पालन स्थानीयको पुर्ख्यौली व्यवसाय हो । लामाले ७० भेडा र घोडाखच्चड पालिरहेका छन् ।

जाडो महिनामा सिमकोट र अछाम लिएर पशुचौपाया बिक्री गर्ने गरेको स्थानीयको भनाइ छ । 'भेडा-बाख्रासहित हिउँदमा सिमकोट र अछाम तथा बर्खामा पाटनमा अस्थायी बसोबास गर्छौं,' लामाले भने, 'पशुपालन गर्नेहरू गाउँमा त मुस्किलले २/३ महिना मात्र बस्छौं ।' हिउँदमा हुम्लाका अधिकांश बस्तीमा हिमपात हुने गरेको छ । उच्च हिमाली क्षेत्रमा हिउँदमा ५ फिटसम्म हिउँ पर्दै आएको छ । हिमपातले जनजीवन कष्टकर हुने गरेकाले बर्सेनि बेंसीतिरका बस्ती झर्दै आएको लामाले जानकारी दिए । हिमपातपछि हिमाली गाउँको सम्बन्ध अन्य गाउँसँग टुट्छ ।



जाडो कटाउन स्थानीय बासिन्दा बेंसी झरेपछि सुनसान बनेको हुम्लाको लिमाटाङ गाउँ । उच्च हिमाली बस्तीका अधिकांश बासिन्दा बेंसी र सहर झरेपछि गाउँमा अहिले हेरालु मात्र छन् । तस्बिर : छपाल/कान्तिपुर

**बसाइसराइले ओझेलमा लामा संस्कृति**

सुविधायुक्त ठाउँ र सहरी क्षेत्रमा बसाइसराई गर्ने क्रम बढेपछि उच्च हिमाली क्षेत्रमा बसोबास गर्ने लामा समुदायको संस्कृति ओझेलमा परेको छ । अत्यधिक चिसो, कठिन भूगोल र असुविधाका कारण स्थानीय सदरमुकाम सिमकोट, सुर्खेत, नेपालगन्जलगायत क्षेत्रमा बसोबास गर्ने क्रम बढ्दै गएको छ ।

बसाइसराइले लामाहरूको वेशभूषा, रहनसहन, गरगहना र मौलिक संस्कृति लोप हुन थालेको स्थानीय लाक्पा लामाले बताए । 'युवाले ऊनबाट बुनेका काम्ला, बख्खु, पाइन्ट, दोच्छा, लामलगायत प्रयोग गर्न र लगाउन छाडेका छन्,' उनले भने, 'सहरी क्षेत्रमा सस्तोमा पाइने लत्ताकपडा र गरगहनाले परम्परागत सामग्री लोप हुन थाले ।' उनका अनुसार लामा समुदायका ज्येष्ठ नागरिकले भने आफैंले बुनेका कपडा प्रयोग गर्छन् ।

आफ्नै उत्पादनले वर्षभरिको खाद्यान्न पुऱ्याउने लामा समुदायमा अहिले खेती गर्ने क्रमसमेत घटेको छ । खेती गर्ने क्रम घटेपछि तिते फापर, फापर, कालो जौं, कोदोलगायत बालीको उत्पादन घट्दै गएको छ । लामा समुदायमा मागेर बिहे गर्ने र गाउँले जम्मा भएर गरिने विवाहसमेत हराएको स्थानीय अगुवाको भनाइ छ । 'कुनै समय अधिकांश घरमा काठका भाँडाकुडा मात्र प्रयोग हुन्थे,' उनले भने, 'धातुका सामानले सबै विस्थापित भए ।' युवा पुस्तामा पुराना नाचगानप्रति रुचि नभएपछि संस्कृति ओझेलमा पर्दै गइरहेको उनले जानकारी दिए ।

# प्रदेश सरकारका योजना गुपचुपमै

मुगु (कास)- कर्णाली प्रदेश सरकारका विकास निर्माणका योजना गुपचुपमै सञ्चालन हुन थालेको स्थानीयको गुनासो छ । स्थानीय तहसँग समन्वय नगरिँदा बजेटको दुरुपयोग बढ्दै गएको छ ।

अधिकांश योजना सञ्चालन गर्न प्रदेश सरकारले जिल्लामा विषयगत कार्यालयसमेत स्थापना गरेको छैन । उपभोक्ता समितिका पदाधिकारी योजना सम्झौताका लागि प्रदेश राजधानी वीरेन्द्रनगर धाउन बाध्य छन् । प्रदेशस्तरीय पूर्वाधारका योजना सञ्चालन गर्दा आमभेलाको आयोजना नगरिँदा उपभोक्ता समितिको मनोमानी बढिरहेको स्थानीय जनप्रतिनिधिले जनाएका छन् । प्रदेश सरकारका अधिकांश योजनामा २० लाखदेखि ३० लाख रुपैयाँ विनियोजन गरिएको छ ।

प्रदेश सरकारले छायानाथरारा नगरपालिका ४, मा २० लाखको दोबाटो तटबन्ध, २० लाख रुपैयाँमा मालिका आधारभूत विद्यालय घेरबार, ३० लाख बजेटमा बुकाखोला तटबन्धलगायत योजना सञ्चालन गऱ्यो । सबै योजनामा एकलौटी रूपमा उपभोक्ता समिति गठन गरिएको वडाध्यक्ष विष्णुकुमार भामले बताए । 'आमभेला नगरी वडाको सिफारिसबिनै असमावेशी उपभोक्ता समिति गठन गरियो,' उनले भने, 'स्थानीयको मागभन्दा कार्यकर्ताको स्वार्थमा ध्यान दिँदा सरकारी रकमको दुरुपयोग बढ्यो ।'

नगरको वडा १ मा पनि अल्कासाँघु सिँचाइमा ३० लाख र श्रीनगर खानेपानीमा ४० लाख रुपैयाँ खर्च गरिएको स्थानीयले जनाएका छन् । श्रीनगरका पदमराज मल्लले योजनाका रकम चोर बाटोबाटै खर्च भएको बताए । 'सार्वजनिक लेखा परीक्षण नगरिँदा दुबै योजनामा अनियमितता भएको आशंका छ,' उनले भने, 'उपभोक्ता समितिमा एउटै पार्टीका कार्यकर्ता मात्र राखिँदा कसरी गुणस्तरीय कामको आशा गर्ने ?'

छायानाथरारा १३ मा थापगाउँ हुँदै गडुलानीसम्मको १५ लाखको कृषि सडक र लुमगाउदेखि गडुलानीसम्मको २५ लाख रुपैयाँको सडक पनि गुपचुपमै निर्माण गरिएको वडाध्यक्ष चक्र सावतले बताए । सदरमुकामकै योजना गुपचुपमा सञ्चालन गर्दा ग्रामीण क्षेत्रमा थप बजेट दुरुपयोग बढेको उनी बताउँछन् ।

सोरु र खत्याड गाउँपालिकामा पनि प्रदेश सरकारले गत वर्ष २ दर्जन बढी योजना सञ्चालन गऱ्यो । योजना निर्माण भएको सुइँकोसम्म स्थानीयलाई छैन । समुदायको आवश्यकता पहिचान नगरी भनसुनका आधारमा योजना ल्याउने क्रम बढिरहेको प्राविधिकहरू बताउँछन् । अधिकांश योजनाको अनुगमनसमेत नहुँदा उपभोक्ता समितिको मनपरी बढेको छायानाथरारा नगर प्रमुख हरिजंग शाहीले बताए । 'न प्रदेश सरकारले योजनाको जानकारी दिन्छ, न उपभोक्ता समितिले नै,' उनले भने, 'कतिपय योजनाको निर्माण सकिएको स्थानीय बासिन्दालाई समेत जानकारी हुँदैन ।' उनले ठूला योजनासमेत मन्त्री र मन्त्रालयका अधिकारी उद्घाटनमा आउँदा मात्र थाहा हुने गरेको सुनाए ।

# हत्या आशंकामा आमा-छोरा पक्राउ

सुर्खेत (रासस)- प्रहरीले पूर्वी सुर्खेतको भेरीगंगा नगरपालिका २, मालनेटाबाट बाबुको हत्या आशंकामा आमा-छोरालाई पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय छिन्चुका अनुसार सोही ठाउँका ४७ वर्षीय लोकबहादुर बीसीको हत्या आशंकामा उनकी पत्नी सुमित्रा र छोरा कमललाई मंगलबार साँझ पक्राउ गरिएको हो ।

प्रहरी निरीक्षक नीरोज चौलागाईंका अनुसार लोकबहादुरको शव घरदेखि ५० मिटर टाढा गोरेटोनजिक सोमबार फेला परेको हो । 'घरभित्र हत्या गरी बाहिर लगेर फालेको जस्तो देखिएको छ,' उनले भने, 'अनुसन्धानका लागि मृतककी पत्नी र छोरालाई नियन्त्रणमा लिएका छौं ।'












## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | आकस्मिक लाभ | तुला | अस्वस्थता |
| वृष | उत्साहप्रद | वृश्चिक | नयाँ कार्य आरम्भ |
| मिथुन | आर्थिक हानी | धनु | द्विविधा बढ्ने |
| कर्कट | कार्य सफल | मकर | अध्ययनमा सफल |
| सिंह | मिष्ठान्न भोजन | कुम्भ | मनोरञ्जन |
| कन्या | भाग्य वृद्धि | मीन | पराक्रम बढ्ने |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल मंसिर २७ गते शुक्रबार तदनुरुप १३ डिसेम्बर २०१९ पौष कृष्णपक्ष प्रतिपदा तिथि प्रात: १०:३९ बजेसम्म उप्रान्त द्वितीया तिथि, मृगशिरा नक्षत्र प्रात: ७:३७ बजेसम्म उप्रान्त आर्द्रा नक्षत्र, शुभ योग दिनको १:५५ बजेसम्म उप्रान्त शुक्ल योग, कौलब करण प्रात: १०:३९ बजेसम्म उप्रान्त तैतिल करण, मिथुन राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | मार्गदर्शन (लाइभ) |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्यूज |
| ९:०० | नेपाल स्पेल बी (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | रजतपट (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | साझा सवाल (रिपिट) |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| ३:०० | नेपाल स्पेल बी (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | रजतपट (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | सुमनसँग |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | ह्वाट द फ्लप |
| १०:०० | सुमनसँग (रिपिट) |
| १०:३० | कान्तिपुर न्यूज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्यूज रिपीटेड |
| १:३० | सुमनसँग (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | ह्वाट द फ्लप (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (स्मीता) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | रेडियो टक (किरण) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (शुभराज) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (एलिसा) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १८:०० | मुक्तिको सन्देस |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर** | |
| मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ५२०२०० |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०३१० |
| क्षेत्रीय अस्पताल एम्बुलेन्स | ९८४८०६३५२० |
| **महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन** | |
| महाकाली अञ्चल अस्पताल | ५२११११ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०९ |
| **कैलालीका महत्वपूर्ण टेलिफोन** | |
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| टीकापुर अस्पताल | ५६०१५० |
| क्षेत्रीय अस्पताल | ०८३-५२०२०० |
| सुर्खेत विमानस्थल | ०८३-५२०१३२ |
| **कञ्चनपुर** | |
| महाकाली अञ्चल अस्पताल महेन्द्रनगर | ०९९-५२११११ |
| रेडक्रस एम्बुलेन्स | ५२१२५८/५२३१८३ |
| जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | ५२११०९/५२२४०६ |
| जिल्ला प्रहरी कार्यालय | १००/५२१२०० |
| **डोटी** | |
| सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय | ०९४-४४०३१० |
| जिल्ला प्रशासन कार्यालय डोटी | ४२०१३३ |
| जिल्ला प्रहरी डोटी कन्ट्रोल | ९८५८४४०१९९/४२०२०५ |
| जिल्ला अस्पताल | ४२००१९ |
| जिल्ला अस्पताल एम्बुलेन्स | ९८४८५२५११० |
| **डडेल्धुरा** | |
| जिल्ला प्रहरी | ०९६-४२०१९९ |
| **जाजरकोट** | |
| जिल्ला प्रहरी कार्यालय- | ०८९-४३०१३१, ९८५८०४५५५५ |
| अस्पताल- | ०८९४३०१८८ |
| एम्बुलेन्स | ९८१५५०९४३० |
| रेडक्रस एम्बुलेन्स | ०८९४३००४२, ९८६६७००२६४ |
| **कालिकोट** | |
| प्रहरी | ०८७-४४०११३, ९८५८३३५५५५ |
| **जुम्ला** | |
| प्रहरी | ०८७-५२००१३, ०८७-५२०११३ |
| शिक्षण अस्पताल | ०८७-५२०३५५, ५२००१५ |
| एम्बुलेन्स | ९७४८९४१६६६ |
| **दैलेख** | |
| जिल्ला प्रहरी कार्यालय | ०८९-४२०१२५,९८५८०१५५५५ |
| अस्पताल | ०८९-४१०१२७ |
| एम्बुलेन्स | ०८९-४१०१८५, ९८६८१६५६८२ |
| **पश्चिम रूकुम** | |
| जिल्ला प्रहरी कार्यालय | ०८८५३०१८७ |
| जिल्ला अस्पताल | ०८८५३०२४७, ०८८५३०११५ |
| एम्बुलेन्स | ९८०९८५८५८५ |
| **हुम्ला** | |
| प्रहरी | ०८७-६८००३/ ०८७६८०००९ |
| अस्पताल | ०८७-६८००२४ |
| विमानस्थल | ९८५१०७३०५९ |
| **डोल्पा** | |
| जिल्ला प्रहरी कार्यालय | ०८७-५५००५५, ९८५८३०५५५५ |
| **मुगु** | |
| प्रहरी | ०८७-४६००९९ |
| अस्पताल | ०८७-४६०१३० |
| एम्बुलेन्स | ९८४८३२१६६६ |
| **सल्यान** | |
| प्रहरी | ०८८-५२००७०, ९८५७८४५५५५ |
| अस्पताल | ०८८-५२००८२ |
| एम्बुलेन्स/रेडक्रस | ९८४७८३२४३८/०८८-५२०००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# आफ्नै छोरी चिन्दिनन् आमा

■ **विनु तिम्सिना** (विराटनगर)

आमाभन्दा प्यारो सम्बन्ध अरू कोसँग होला ? अझ नवजात शिशु र बालबालिकाहरू त आमाबाहेक खासै अरूको काखमा जान समेत मान्दैनन् तर विराटनगरस्थित मानव सेवा आश्रममा उद्धार गरेर ल्याइएकी १० महिने शिशु सुम्निमालाई भोजपुर घर भएकी ३० वर्षीया शिवकुमारी राई चिन्दिनन्।

आश्रममा दुवै आमाछोरी बस्दै आएका छन्। न त आमा छोरीप्रति स्नेह देखाउँछिन् न त छोरी नै आमाको काख खोज्छिन्। बरु सुम्निमा आश्रममै बस्दै आएकी मिलनरानो दाससँग खेल्ने रमाउने गर्छिन्। 'छोरी भनेर न त आमा काखमा लिन्छिन् न त छोरी नै उनीसँग मान्छिन्,' आश्रमका स्वयंसेवक नवराज केसीले भने, 'आफ्नी आमासँग भन्दा आश्रममै बस्दै आएकी मिलन रानोसँग बढी नजिक छिन् नानी।'

मिलन रानो पनि मानसिक रोगी नै हुन् तर पनि उनी सुम्निमालाई निकै माया गर्छिन्। 'आफ्नै छोरीलाई जस्तै माया गर्नुहुन्छ दास दिदीले,' केसीले भने, 'एकैछिन छाड्न मान्नुहुन्न। दिउँसो त हामी पनि उहाँलाई नै दिन्छौं सुम्निमा तर राति भने मानसिक बिरामीको जिम्मामा दिँदा केही होला कि भन्ने डरले हामी आफैं राख्छौं नानीलाई।'

भोजपुरको आमतेककी राई लामो समयदेखि मानसिक रोगबाट ग्रसित थिइन्। परिवारमा समेत अपांग दाजुबाहेक अरू कोही नभएपछि उनी भौतारिएर हिंड्ने गर्थिन्। धनकुटामा सामूहिक बलात्कारमा परेपछि उनी झन् अर्धचेत नै बनिन्। बलात्कारपछि जसोतसो भोजपुर पुगेकी उनले अर्धचेत अवस्थामा घरैमा छोरी जन्माएकी हुन्।

बलात्कारबाट जन्मेकी छोरीसहित मानव सेवा आश्रमले भदौमा उनलाई उद्धार गरेर विराटनगर ल्याएको हो। सुम्निमाले नामसमेत मानव सेवा आश्रममै आएर पाइन्। 'सुम्निमालाई कोकलेको बच्चो भन्नुहुन्छ शिवकुमारी दिदी,' केसी भन्छन्।

शिवकुमारी सबओभरसियरकी विद्यार्थी हुन्। पढ्दापढ्दै मानसिक अन्तुलन गुमाएकी उनको उद्धारका लागि छिमेकीहरूले २०७० सालमै पहल गरेको मानव सेवा आश्रमले बताए। त्यसबेला मानव सेवा आश्रम हेटौंडामा मात्रै सीमित भएकाले उद्धार गर्न भोजपुर जान सक्ने अवस्था नरहेकाले आफूहरूले आश्रमसम्म ल्याइदिन आग्रह गरेको उनले बताए।

उनको उद्धारको पहल भइरहेकै बेला उनी घर छाडेर बेपत्ता बनिन्। 'उनी घर छाडेर हिंडेकाले उद्धार गर्दिनुस् भन्ने उनका छिमेकीहरू पनि सम्पर्कमा आएनन्,' केसीले भने, 'हेटौंडादेखि उद्धार गर्न भोजपुर जान हाम्रो पनि स्रोतसाधनले भ्याएन, त्यसैले त्यो बेला उनको उद्धार गर्न सकिएन।'

मानसिक अवस्था ठीक नभएपछि उनी धेरै ठाउँ भौंतारिएर हिंडिन्। धनकुटामा सामूहिक बलात्कारमा पनि परिन्। बलात्कारपछि जन्मिएकी छोरीलाई कहिले जंगलमा छाड्ने, कहिले भोकै राख्ने गरेको देखेर स्थानीयहरूले मानव सेवा आश्रममा सम्पर्क गरेपछि आफूहरूले उद्धार गरेर ल्याएको बताए। आश्रममा ल्याएपछि पनि उनले आफ्नी छोरीलाई चिन्न सकेकी छैनन्।

एक महिनाअघि सामाजिक विकास मन्त्रालयले उद्धार गरेर मानव सेवा आश्रमको जिम्मा लगाएको मोरङ रतुवामाई नगरपालिका ८ दाम्राभिट्टाका ४६ वर्षीय दिनेश तिम्सिनामा सुधार आइरहेको छ। विगत ३० वर्षदेखि मानसिक सन्तुलन गुमाएका उनी उपचार अभावमा डोरीले बाँधिएर जीवन बिताइरहेका थिए। सानैमा बुबा बितेको र आमा सुस्त श्रवणशक्ति भएका कारण उनको समयमा उपचार हुन नसक्दा उनले बन्दी जीवन जिउनुपरेको थियो।

तिम्सिना सुरुका दिनमा पढाइमा निक्कै अब्बल थिए। झापाको जुरोपानीमा रहेका मावलीमा बसेर पढ्ने उनी एसएलसीमा फेल भएपछि भने मानसिक रूपमा विक्षिप्त बनेका थिए। समयमै उपचार नपाउँदा उनी लामो समयदेखि साङ्लामा बाँधिएर बस्न बाध्य थिए। बसेकै ठाउँमा दिसापिसाब गर्ने उनी मानव सेवा आश्रममा नियमित उपचार र औषधि सेवनबाट शौचालय जान सक्ने भएको बताए।

उनीहरूसहित हाल आश्रम विराटनगरमा १६ जना मानसिक रोगी बस्दै आएका छन्। मानसिक रोग विशेषज्ञ डा. निमेष राजभण्डारीले उनीहरूको नियमित जाँच गरिरहेका छन्। कोही पनि सडकमा बस्नु नपरोस्, खासगरी मानसिक सन्तुलन गुमाएर परिवार र समाजबाट अपहेलित भई सडकमा जीवन गुजारा गर्नु नपरोस् भन्ने उद्देश्यले हेटांडाबाट सुरु भएको मानव सेवा आश्रम हाल सात वटा प्रदेशको १३ वटा जिल्लामा विस्तार गरिएको छ।

आश्रमले हालसम्म ६ सय ५० जना मानसिक रोगीलाई उपचारपछि परिवारमा पुनर्मिलन गराएको केसीले बताए। आश्रमले विभिन्न जिल्लामा हाल ८ सय जनालाई सेवा दिइरहेको उनले बताए साथै एक सय ५० जनालाई आश्रममा अल्पकालिक सेवा दिइरहेको उनले जनाए।



आश्रममै बस्दै आएकी मिलन रानो दाससँग खेल्दै शिवकुमारी राईकी छोरी सुम्निमा। *तस्बिर : विनु/कान्तिपुर*



म्याग्दीको बेनीस्थित माउन्ट एभरेस्ट आवासीय माध्यमिक विद्यालयका १८ जना छात्रासहित ३६ जना विद्यार्थी नेपाली सेना मातहतको श्री राष्ट्रिय सेवा दल मध्य तालिम शिक्षालय हात्तीखोर, नवलपुरमा राष्ट्रिय सेवा दल जुनियर डिभिजन तालिममा सहभागी हुन जाने तयारीमा। *तस्बिर : घनश्याम खड्का/कान्तिपुर*

# ११ महिनामा २० को हत्या

## धेरैजसो घटनामा आरोपित आफन्त नै छन्, कतिपय पक्राउपछि पुर्पक्षका लागि थुनामा छन् भने कतिपय फरार रहेकाले प्रहरीको खोजी सूचीमा छन्

■ **अवधेशकुमार झा** (राजविराज)

सप्तरीमा पछिल्लो ११ महिनामा २० जनाको हत्या भएको छ। मानव अधिकार दिवसका अवसरमा राजविराजमा इन्सेकले सार्वजनिक गरेको प्रतिवेदनमा हत्याका अधिकांश घटनाका आरोपीलाई प्रहरीले पक्राउ गर्न नसकेको उल्लेख छ।

सुरुंगा नगरपालिका-६ कडरबोनाका ३० वर्षीय दीपेन्द्र चौधरीको ०७५ माघ ९ मा रुपनी-१ मा प्रहरीको गोली लागेर मृत्यु भएको थियो। प्रहरीमाथि गोली चलाउँदा गरिएको जवाफी कारबाहीमा उनको मृत्यु भएको प्रहरीले जनाएको थियो। चौधरीका परिवारले भने नियन्त्रणमा लिएर प्रहरीले उनको हत्या गरेको आरोप लगाउँदै आएको छ।

बलान बिहुल गाउँपालिका-४ बेल्हीकी १६ वर्षीया सरिताकुमारी बडहीको गत माघ १४ मा हत्या भएको थियो। पक्राउ परेका आरोपित उनका बुबा तुरुन्तलाल फागुन ११ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छन्। अर्का आरोपित आमा ४३ वर्षीया पवनदेवी बडही फरार छिन्।

खडक नगरपालिका-५ खरचुहियाका ७५ वर्षीय सबुरी साह र उनकी पत्नी ६५ वर्षीया बेचनीदेवी साहको शव डढेको अवस्थामा गत फागुन १४ मा फेला परेको थियो। दुवैको हत्यापछि शव डढाइएको शंका गरे पनि घटनामा संलग्नको अझैसम्म पहिचान भइसकेको छैन। डाकनेश्वरी नगरपालिका-३ तरहीकी ३५ वर्षीया ललितादेवी साहको ०७५ माघ १२ मा हत्या भयो। आरोपित ससुरा ६८ वर्षीय रामदेव साहलाई वैशाख १९ मा प्रहरीले पक्राउ गरयो। जेठ १५ मा पुर्पक्षका लागि तारेखमा रिहा भए। फरार भनिएका आरोपित पति ४० वर्षीय शंकर साह र देवर ३५ वर्षीय राजकुमार भनिने राजीवप्रसाद साह प्रहरीको खोजी सूचीमा छन्।

हनुमाननगर-कंकालिनी नगरपालिका-१४ का ६५ वर्षीय जगदीश रामको गत वैशाख २१ मा हत्या भयो। उनकै माइला छोरा ३२ वर्षीय देवकुमारले हत्या गरेको किटानी जाहेरी पर्‍यो। आरोपित अझैसम्म फरार छन्। तिरहुत गाउँपालिका-२ गोइठी घर भई राजविराजको पिस जोन मोडेल स्कुलमा पढाउने २५ वर्षीय भट्टराई भनिने जयकृष्ण बिराजीलाई असार ९ को राति राजविराज-७ खर्साल टोलमा आठ जनाको समूहले कुटपिट गरेको थियो। उनको असार ११ मृत्यु भयो। घटनामा संलग्न भनिएका कोही पनि पक्राउ परेका छैनन्। सुरुंगा-१ चहकाकी ६४ वर्षीया धनमाया पुलामीलाई असार १९ मा उनकै छोरा ३४ वर्षीय रिठ्ठे भनिने जंगबहादुरले हत्या गरे। पक्राउपछि उनी साउन ९ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छन्।

सिरहाको गोलबजार नपा-९ चन्द्रोदयपुरका १२ वर्षीय मोहमद तरिक शेख, ३ वर्षीय आसिलम शेख र २ वर्षीया आजमिन खातुन असार २० मा मृत फेला परे। हत्या गरेको आरोपमा पक्राउ गरिएकी आमा ३५ वर्षीया रुक्साना खातुन साउन १५ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छिन्। आत्महत्याको दुरुत्साहनको अभियोगमा पक्राउ परेका उनका पति तैयव राइनलाई जिल्ला अदालतले ७० हजार धरौटी लिई तारेखमा रिहा गरेको छ। रुक्साना बच्चाहरू लिएर कोसी ब्यारेजमा हाम फालेकी थिइन्। उनी बाँचिन, छोराछोरीको मृत्यु भएको थियो।

हनुमाननगरकी २५ वर्षीया हीरादेवी मण्डल झुन्डिएको अवस्थामा फेला परिन्। गत असार २७ को साँझ उनका पति बैजनाथ मण्डल, ससुरा उमा मण्डल र सासू लक्ष्मीदेवी मण्डलले हत्या गरेर आत्महत्या देखाउन पासोमा झुन्ड्याइएको भन्दै पिता विष्णुपुर गापा-४ सिम्राहा सिग्यौनका बुधाइ मण्डलले असार २९ मा प्रहरीमा उजुरी दिए। दाहसंस्कारका लागि शव लैजाने क्रममा विवाद भएपछि बैजनाथलाई प्रहरीले नियन्त्रणमा लिएको थियो। उजुरी प्रहरीले दर्ता नगरी बैजनाथलाई त्यसै छाडेको आरोप हीरादेवीका माइती पक्षले लगाउँदै आए पनि आरोपितले हत्या नभई आत्महत्या गरेको बताउँदै आएका छन्। मधुपट्टी कनकपुरकी १८ वर्षीया पुनम यादवलाई असार ३० मा उनका पति २० वर्षीय सतीशकुमार यादव, ससुरा रामसिमृत, सासू रामसखी र जेठानी किरणले हत्या गरेको भन्दै दाजुले साउन २ मा इलाका प्रहरी कार्यालय कडरबोनामा उजुरी दिए। प्रहरीले साउन १३ मा सतीशलाई पक्राउ गर्‍यो। पीडितले विष सेवन गरी आत्महत्या गरेको बताउँदै आएका सतीश एक लाख धरौटीमा रिहा भए।

अग्निसाइर कृष्णसवरण गापा-३ हरिहरपुरकी १९ वर्षीया गर्भवती रञ्जुदेवी यादवलाई साउन ५ मा हत्या गरेको आरोपमा घटनाको दुई सातापछि सासू लीलादेवी र ससुरा महेन्द्र यादव पक्राउ परे। दुवै पुर्पक्षका लागि थुनामा छन्। डाकनेश्वरी नपा-१ कविलासाकी २७ वर्षीया कञ्चनकुमारी यादवको साउन १८ मा हत्या भयो। पक्राउ परेका पति अरविन्दकुमार यादव भदौ २३ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छन्। अन्य आरोपित पाँचजना पक्राउ परेका छैनन्। कञ्चनलाई हत्यापछि आत्महत्या देखाउन झुन्ड्याएको माइती पक्षको आरोप छ।

बोदे बर्साइन नपा-४ की १९ वर्षीया अम्बिकाकुमारी साहलाई असोज १९ मा पति रामचन्द्र साह, देवर रामप्रसाद र सासू किसनीदेवीले पासोमा झुन्ड्याई हत्या गरेको भन्दै पिता शम्भुनाथ नपा-१२ कुशहाका चन्द्रकान्त साहले प्रहरीमा उजुरी दिए। प्रहरीले रामचन्द्र र रामप्रसादलाई असोज १९ मा पक्राउ गरे अभद्र व्यवहारको उजुरी दर्ता गरी कारबाही थाल्यो। महादेवा गापा-१ पकरी कुजराही टोलका ६२ वर्षीय मोहमद गफुर पमरियालाई असोज १९ मा पत्नी जमुनी खातुन र छोरा नइम पमरियाले हत्या गरेको भन्दै भाइ इसराइल पमरियाले प्रहरीमा उजुरी दिए। अदालतको आदेशमा जमुनी साधारण तारेखमा रिहा भइन् भने कात्तिक २० देखि नइम पुर्पक्षका लागि राजविराज कारागारमा छन्।

बोदे बर्साइन नपा- ७ मानराजा बगबिराकी २५ वर्षीया राजोदवी यादवलाई असोज २६ मा पति विष्णुदेव यादव, उनकी जेठी पत्नी उषादेवी र विष्णुदेवका भतिजीबुहारी ममतादेवी यादवलगायतले हत्या गरेको भन्दै पिता सत्यनारायण यादवले प्रहरीमा उजुरी दिए। विष्णुदेवले विष खाएर सिकिस्त राजोदेवीको उपचारको प्रयास गर्दा गर्दै मृत्यु भएको बताएका छन्। कञ्चनरूप नपा-५ पिप्रा टोलका २३ वर्षीय अजयकुमार मुखियालाई कात्तिक १ राती सोही ठाउँका श्रीलाल सरदार, उनका छोरा विजय सरदार र बबरी भनिने रमेश सरदारलगायतले हत्या गरेको भन्दै पिता जनक मुखियाले प्रहरीमा उजुरी दिए। श्रीलाल र विजय पक्राउ परे, रमेश फरार छन्। अग्निसाइर कृष्णासवरन गापा-१ स्थित मुस्लिम टोलकी ३६ वर्षीया बुलु खातुनको कात्तिक १२ गते अपरिचित व्यक्तिबाट हत्या भएको भन्दै पति इनुस मियाँले कात्तिक १८ मा प्रहरीमा उजुरी दिए। घाँस काट्न निस्किएकी बुलुको शव महुली खोलाको पश्चिम कुलोमा कात्तिक १६ सडेगलेको अवस्थामा फेला परेको थियो। घटनाका आरोपितको पहिचान हुन सकेको छैन।

राजविराज नपा-२ तेतरी गाछीकी १८ वर्षीया कोमल साफीको मंसिर ४ मा हत्या गरिएको शंकास्पद अवस्थामा घरमै शव फेला पर्‍यो। घरमा एक्लै रहेको अवस्थामा कोठाभित्र बिछ्यौनामा मृत अवस्थामा फेला परेकी साफीको घाँटीमा निलडाम थियो। घटनाको रहस्य खुलेको छैन।

खडक नपा- १० का १५ वर्षीय सागर सरदारको मंसिर ८ मा हत्या गरेको आरोपमा स्थानीय शिवनारायण साह र ६ जना बालकलाई इलाका प्रहरी कार्यालय कल्याणपुरले नियन्त्रणमा लियो। उनीहरूविरुद्ध कर्तव्य ज्यानको उजुरी दर्ता गरेको छ। मंसिर ९ मा ७५ वर्षीया अनुरागीदेवी राजविराज नपा-६ मा कान्छा छोरा विनोद दासको घरमा मृत फेला परिन्। नाति दीपेन्द्र दासको उजुरीमा प्रहरीले शव पोस्टमार्टमका लागि धरानको बीपी प्रतिष्ठान पठाएको थियो। हत्या भएको र प्रहरीलाई जानकारी नदिई दाहसंस्कार गर्न थालेको भन्दै उजुरी परेको थियो। विनोदले भने मानसिक रोगी आमा कुर्सीमा चढेर छतमा उक्लिँदा लडेर मृत्यु भएको बताएका छन्।

अधिकारकर्मी मनोहर पोखरेलले जिल्लामा भएका यी हत्याका घटनामध्ये अधिकांशका आरोपी फरार रहेको, केही घटनालाई आत्महत्याको रूप दिइएको भए पनि प्रहरी अनुसन्धानले प्रस्ट पार्न नसकेकाले जिल्लामा दण्डहीनताले प्रश्रय पाउँदै गएको आरोप लगाए।

## अनुसन्धानमा सीआईबी टोली

कपिलवस्तु (कास)- यहाँको पूर्व-पश्चिम राजमार्गस्थित बुद्धभूमि नगरपालिका-२ गोरुसिंगेमा भएको एक जनाको हत्याको अनुसन्धान प्रहरीका लागि चुनौति भएको छ। गत मंसिर १३ मा धनराज पौडेलको शव विभत्स रुपमा हत्या गरिएको अवस्थामा फेला परेको थियो। घटनाको दुई साता हुन लाग्दा पनि पनि संलग्नका बारेका तथ्यप्रमाण बाहिर आउन नसकेपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोको टोली जिल्ला आएको छ।

सीआईबीका निरीक्षकको नेतृत्वमा तीन सदस्यीय टोली जिल्ला आएको हो। उनीहरूले अनुसन्धान थालेका छन्। यसअघि उक्त घटनाको छानबिन गर्न ईप्रका गोरुसिंगेका निरीक्षक सुभाष खड्काको नेतृत्वमा अनुसन्धान टोली गठन भएको थियो। अहिले दुवै टोलीले आआफ्नो तरिकाले अनुसन्धान गरिरहेको बताएका छन्।

सीआईबी टोलीले घटनास्थलको निरीक्षण, परिवार, आफन्त र छिमेकीसँग सोधपुछ गरेको प्रहरी स्रोतले जनाएको छ। उनीहरूले घटनाको प्रकृति र अवस्था, श्रीमान्/श्रीमतीको सम्बन्ध र घटनाका अन्य कुरालाई जोडेर अध्ययन थालेका छन्। हत्या आरोपमा मृतककी बुहारी लक्ष्मी पौडेल पक्राउ परेकी छन्। उनमाथि अदालतबाट म्याद थप गरेर अनुसन्धान भइरहेको छ। उनले घटनामा आफू संलग्न नरहेको बताउँदै आएकी छन्। पौडेल आफ्नै घरको कोठामा मृत अवस्थामा फेला परेका थिए।

मंसिर १३ गते दिउँसो हत्या भए पनि प्रहरीले साँझ ७ बजे मात्र घटनाबारे थाहा पाएको थियो। हत्या लक्ष्मीले नै गरेको मृतकका परिवारको आरोप छ। घटनाका बेला दुबईमा रहेका मृतकका छोरा शंकरले बुबाको हत्या श्रीमतीको संलग्नता हुन सक्ने आरोप लगाए। घटना थाहा पाएर घर फर्केका उनले श्रीमतीले आफूसँग निहुँ खोज्ने र दिनहुँ झैझगडा गरिरहने गरेको गुनासो गरे।

परिवारका अनुसार घटनाका दिन लक्ष्मी र मृतक पौडेल घरमै थिए। धारिलो हतियार प्रयोग गरेर पौडेलको हत्या भएको छ। प्रयोग गरिएको हतियारको फिङ्गर प्रिन्ट परीक्षणका लागि काठमाडौं पठाइएको छ। उनको शव क्षतविक्षत अवस्थामा थियो। हत्यापछि लक्ष्मीले नै ससुरा हराएको र घरमा चोर आएको विषयमा प्रहरीमा जानकारी गराएकी थिइन्। मृतकका आफन्तले गरेको फोन नलागेपछि खैलाबैला मच्चिएको थियो। खोजबिन गर्दा पौडेल घरकै टीभी कोठामा वीभत्स हत्या गरिएको अवस्थामा भेटिएका थिए। शवलाई सिरक, ब्ल्याङ्केट ओढाइएको थियो। त्यही कपडाका बीचमा बुहारी लक्ष्मीको मोबाइलसमेत भेटिएको थियो।

मंसिर १२ गते काठमाडौं जान हिँडेकी लक्ष्मी गोरुसिंगेमा रहेको एक होटलमा अर्कैका नाममा कोठा बुक गरेर बसेको भेटिएको छ। उनी होटलमा बस्दा अपरिचित पुरुष आएर भेटघाट गरेको बताइएको छ। ती पुरुषले लक्ष्मीका दुई वर्षीय छोरालाई समेत होटलमा ल्याएका थिए। स्टाफ नर्स पढेकी लक्ष्मीसँग पैसाका विषयमा श्रीमान् र परिवारसँग बारम्बार किचलो हुने गरेको थियो। छिमेकीहरूले घटनामा लक्ष्मीकै प्रत्यक्ष संलग्नता रहेको बताए। पौडेलको घाँटी, टाउको, पेट र शरीरका विभिन्न भागमा गम्भीर चोट थियो। उनी अर्घाखाँचीबाट बसाइँ सरेर गोरुसिंगे आएका हुन्। उनी हराएको भन्ने सूचनाका आधारमा प्रहरीले खोजबिन गर्दा कोठामा मृत अवस्थामा फेला परेका थिए। 'अनुसन्धान जारी छ,' प्रहरी प्रवक्ता सुनिल मल्लले भने, 'छिट्टै परिणाम निस्किने अपेक्षा गरेका छौं।'

# अहेबले गरेको ठगी अनुसन्धानमा

रौतहट (कास)- बलात्कार आरोपमा पक्राउ परेका यहाँका एक अहेबले खोलेको क्लिनिक अवैध भएको खुलेको छ। सदरमुकाम गौरमा रहेको रवि डेन्टल क्लिनिक अवैध भएको पाइएको हो। अहेब भए पनि 'एमडीएस डाक्टर' बोर्डमा लेखेर बिरामी ठगेको पाइएको प्रहरीले जनाएको छ।

चितवनबाट रौतहटको सदरमुकाम गौर घुम्न आएकी ३० वर्षीया एक महिलालाई बलात्कार गरेको आरोपमा यमुनामाई नगरपालिकाको हेल्थपोस्टमा कार्यरत अहेब सुधीरकुमार सिंह पक्राउ परेका थिए। उनले गौरमा सञ्चालन गरेको डेन्टल क्लिनिक अवैध भएको खुलेको हो। बलात्कार आरोपमा पक्राउ परेपछि जबर्जस्ती करणीको मुद्दा चलाई अनुसन्धान गर्ने क्रममा सिंहले अनधिकृत रूपमा डाक्टर लेखेर अवैध क्लिनिक सञ्चालन गरेको प्रहरीले फेला पारेको हो। बोर्डमा डा. सुधीरकुमार सिंह बीडीएस दरभंगा, एमडीएस फिलिपिन्स लेखेको पाइएको प्रहरीले जनाएको छ। सिंहले बिरामीलाई औषधि लेख्ने गरेको पुर्जीमा पनि डा. सुधीर, डेन्टल सर्जन दरभंगा लेखेका छन्।

'अहेबले आफूलाई डाक्टर भनेर क्लिनिक चलाएको भेटियो,' डीएसपी नवीन कार्कीले भने, 'सिंहले लेखेका डिग्री सबै नक्कली भएको खुलेको छ। थप अनुसन्धान हुँदै छ।' आफूलाई चरम यातना दिएर बलात्कार गरेको भन्दै महिलाले सिंहविरुद्ध किटानी जाहेरी दिएपछि प्रहरीले पक्राउ गरेको थियो। उक्त मुद्दा अघि बढाउन अनुसन्धान थालेपछि उनले बिरामीलाई ठगी गरिरहेको फेला परेको हो। सिंहले सात वर्षदेखि बिरामी ठग्दै आएको खुलेको छ।

# गन्तव्यमा पुर्‍याउनै सकिएन पर्यटक

■ **आनन्द गौतम** (ताप्लेजुङ)

ठूलो लागतमा रिसोर्ट बनाइरहँदा फुङलिङ-२ मेवाखोला हिल रिसोर्टका सञ्चालक सुरेश लिम्बूलाई पाहुना आउँछन्, बस्छन्, खान्छन् र फाइदा पक्कै हुन्छ जस्तो लाग्थ्यो। अहिले होटलमा आएका पाहुनालाई घुमाउन कहाँ लैजाने भन्ने चिन्ता थपिएको छ।


उनीकहाँ आएका ८० प्रतिशतले घुम्न जाने ठाउँ कहाँ हो भनेर सोध्ने गरेका छन्। 'सुकेटार, सिद्धिडाँडा, भिन्तुना डाँडा देखाउँछु,' लिम्बू भन्छन्, 'यी तीनै ठाउँ दुई तीन घण्टामा घुमिने भएकाले अब जाने कहाँ हो भनेर सोध्छन्, देखाउने ठाउँ छैन।'

आफैंले गाडी चलाएर पाहुनालाई घुमाएर फर्कंदा पनि उनी असन्तुष्ट छन्। 'तीनै ठाउँमा पुग्दा आहा, भन्दै फोटो खिच्न थाल्छन्, तर भ्रमणको तिर्सनाचाहिँ पूरा हुँदैन,' लिम्बूले थपे, 'टाढा पठाउन सक्ने अवस्था छैन।'

सुकेटारका ओमप्रकाश राईले सञ्चालनमा ल्याएको रिसोर्टमा पनि यस्तै छ। विमानस्थल क्षेत्रको सबैभन्दा उच्च डाँडो किनेर उनले रिसोर्ट बनाएका छन्। वरिपरि हरियालीका लागि सल्ला, लौठ सल्ला, धूपीजस्ता दर्जनौं वनस्पति हुर्काएका छन्। एकाध दिन बसिसकेपछि पाहुनाले उही प्रश्न गर्छन्- अब कहाँ जाने ?

दुवै व्यवसायीका अनुसार पर्यटकको चाहना दिनभर घुम्ने र बेलुका होटलमा आउने वा एक रात उतै बस्ने खालको हुन्छ। जिल्लामा घुम्ने थलो नभएका भने होइनन्। आउजाउ गर्न असजिलो र बास बस्ने ठाउँ छैनन्। 'बाह्रै महिना बग्ने फुङफुङे झरनाको सम्भाव्यता अध्ययन गर्‍यौं,' सुरेशले भने, 'तर होमस्टेको व्यवस्थापन नगरेसम्म पर्यटक पठाउन समस्या छ।'

उद्योग वाणिज्य संघका अध्यक्ष तारानाथ घिमिरे स्थानीयलाई सहयोग गरेर भए पनि होमस्टे चलाउने योजना रहेको बताउँछन्। 'समुदायसँग कुरा भयो, उहाँहरू पनि तयार हुनुहुन्छ,' उनले भने, 'सबैका बारी बाँझो छन्, हरियोपरियो छैन, साग रोप्नेदेखि कोठा व्यवस्थापन गर्ने र तालिम दिनेसम्मको सहयोग गर्नु आवश्यक छ।' यसका लागि संघ, पाथीभरा क्षेत्र विकास समिति र पाथीभरा देवी मन्दिर क्षेत्र संरक्षण तथा संवर्द्धन समितिले सहकार्य गरेका छन्। आफूले सकेको गर्ने र थप सहयोगका लागि गाउँपालिकालाई झकझक्याउने उनी बताउँछन्।



नेपाल सरकारको एक सय पर्यटकीय गन्तव्यमध्येको एक ताप्लेजुङको फुङफुङे झरना। *तस्बिर : आनन्द/कान्तिपुर*

पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक मनमणि काफ्ले पाथीभरा आउने तीर्थयात्रीलाई एक/दुई दिन रोक्न नसक्नु चुनौती भएको बताउँछन्। 'झापाको बिर्तामोडबाट हिँडेको साँझ माथिल्लो फेदीमा बास बस्न पुग्छन्,' उनले भने, 'भोलिपल्ट बिहानै पूजा गरेर बिर्तामोड नै फर्कन्छन्, ताप्लेजुङ पाँचथर दुवै जिल्लामा बास बस्दैनन्।' बसेनन् भन्दा पनि पर्यटकलाई राखेर आफ्नो गाउँठाउँ चिनाउन सकिएन भन्ने चिन्ता भएको उनको भनाइ छ। फुङलिङ नजिकै शिवको गुफा भएको मानिने सिद्धिडाँडा मन्दिर छ भने नजिकै पोखरी पनि छ। भिन्तुनाडाँडामा घुन्सा हेलिकप्टर दुर्घटनामा परेका संरक्षणविद्को सालिक राखिएको छ। यहाँबाट ताप्लेजुङका अधिकांश स्थान देख्न सकिन्छ।

फुङफुङे र इलाडाँडा झरना जाने सडकले जोडिए पर्यटकले दुई दिनसम्म थप घुम्न पाउँछन्। मोटरबाटो पुग्नै लागेको फुङफुङेमा सदरमुकामबाट दिउँसो १ बजे हिंडे बेलुका पुगिन्छ। यहाँ लोकल कुखुरा, तोङ्बा, राँगाको सुकुटी, गुन्द्रुक, मकैको भात खान पाइन्छ। बस्नका लागि ३२ वटा घर रहेको गाउँपालिका अध्यक्ष रामकुमार साँवा बताउँछन्।

लिम्बू समुदायको मात्रै बसोबास भएकाले संस्कृति पनि अवलोकन गर्न पाइन्छ। भ्रमण वर्षअघि नै होमस्टे थालेर भारत र चीनबाट आएका पर्यटकलाई घुमाउन लैजाने उद्देश्यले योजना पनि बनेको छ। जिल्लाले फागुन ९ देखि १३ गतेसम्म गर्ने पाथीभरा म्याराथन तथा मेची पर्यटन महोत्सवमा ती स्थानलाई गन्तव्यस्थल बनाउने उद्देश्य राखिएको घिमिरेले बताए।

आकर्षक गन्तव्य भए पनि तिम्बुङ पोखरी टाढा भएकाले कसरी जोड्ने भन्ने चिन्ता व्यवसायीको छ। 'तीन दिनसम्म हिंड्नुपर्दा बाहिरका मान्छे थाक्छन्,' लिम्बूले भने, 'सररर गाडीमा जाने फिर्ने चाहना राख्छन्, तर हाम्रोमा सडककै छैन।' सिदिङ्वा गाउँपालिका अध्यक्ष नरबहादुर कडरियाका अनुसार यहाँ यातायात पुग्न दुई/चार वर्षै लाग्छ। बाटै नभएकाले अहिलेको जोड पैदलमार्गमा बनाउनेमा छ। जिल्लाका पाथीभरा, फुङफुङे र तिम्बुङ पोखरीलाई नेपालका सय पर्यटकीय गन्तव्यमा समेटिएको छ। सांसद तथा पर्यटनमन्त्री योगेश भट्टराईले यी ठाउँका लागि निर्वाचन क्षेत्र कोषबाट रकम विनियोजन गरेका छन्। तिम्बुङ पोखरीमा अघिल्लो वर्ष संस्कृति मन्त्रालयले ५० लाख रुपैयाँ बजेट पनि विनियोजन गरेको थियो।




किम्फ सुरु
३९ देशका ७९ फिल्म । ९





नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २९१ गोदावरी | २६ मंसिर २०७६ बिहीबार मार्ग शुक्लपक्ष पूर्णिमा | नेपाल संवत् ११४० | सुदूरपश्चिम प्रदेश संस्करण KANTIPUR, Nepali National Daily, Thursday, December 12, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ


### खेलाडीको सम्मान

**प्रधानमन्त्रीद्वारा पुरस्कार घोषणा**

- स्वर्णलाई ९ लाख
- रजतलाई ६ लाख
- कांस्यलाई ३ लाख
- एकभन्दा बढी स्वर्ण जित्नेलाई ११ लाखका दरले
- समूहमा स्वर्ण जितेका प्रत्येकलाई ५/५ लाख

पृष्ठ १६

### भित्र


जेठोलाई स्कुल बसमा चढाउँदा चढाउँदै किचेर कान्छो छोराको मृत्यु

नयाँ निवासमा सरे प्रधानमन्त्री

हात्तीको आक्रमणबाट दुई महिलाको ज्यान गयो

'प्रि-सेन्डअप' मा पनि विद्यालयले शुल्क लिए

जाडो महिनामा पनि डेंगु संक्रमण उस्तै

प्रदेशले तोक्न सकेनन् नाम र राजधानी


### गजब छ बा !

– अविन –




मन्त्रीज्यू ! मैले कति लाख पाउने भन्ने कुरो फाइनल भो ? छैन ?... सेमिफाइनल नि ?... अनि क्वाटरफाइनल नि ?...


हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि


# ३० हजार टाकामा भित्रिन्छन् रोहिंग्या

## गिरोहले नै बंगलादेशबाट रोहिंग्यालाई नेपाल ल्याइरहेको गृह मन्त्रालयको अध्ययनले देखाएको छ

■ **मकर श्रेष्ठ** (काठमाडौं)

अन्सर मोहम्मद र हुसेन हमिद म्यानमारबाट विस्थापित भएर बंगलादेशमा शरणार्थी जीवन बिताइरहेका थिए । नेपालमा संयुक्त राष्ट्रसंघीय शरणार्थीसम्बन्धी उच्च आयोग (यूएनएचसीआर) बाट शरणार्थीको मान्यता पाइन्छ भन्ने उनीहरूले सुने । त्यसपछि नेपाल छिर्न एजेन्टलाई ३० हजार बंगाली टाका (करिब ४० हजार रुपैयाँ) बुझाए । सात महिनाअघि काठमाडौं आइपुगेका उनीहरू बूढानीलकण्ठ नगरपालिका-११ स्थित राममन्दिर नजिकै टहरामा बसिरहेका छन् ।

मोहम्मद र हमिद दुवै रोहिंग्या समुदायका हुन् । उनीहरूले यहाँ आएपछि यूएनएचसीआरमा शरणार्थीको पहिचान माग्दै निवेदन पनि दिएका छन् । तर नाम दर्ता भइसकेको छैन । उनीहरू जसरी नै बंगलादेशबाट भारत हुँदै काठमाडौं आइपुगेर राममन्दिर नजिकैका टहरामा बसिरहेका रोहिंग्या अरू १ सय ७१ जना छन् । रोहिंग्या बूढानीलकण्ठकै लसुनेटार र काभ्रेको पनौतीमा समेत गरी ३ सय ७८ जना छन् ।

रोहिंग्यालाई यहाँ ल्याउन र बस्ने ठाउँ मिलाउन गिरोह नै सक्रिय रहेको गृह मन्त्रालयको ठम्याइ छ । 'पछिल्लो समय मौलाना जुबेर नाम गरेका व्यक्तिले ३० हजार टाका लिएर रोहिंग्यालाई नेपाल ल्याउने गरेको पाएका छौं,' नेपाल प्रहरीका एक डीआईजीले भने, 'यसमा काठमाडौंमै रहेका मोहमद ऐसुप, मोहमद आयास र जाफर मियाँ पनि सक्रिय रहेको पाएका छौं ।' उनीहरू विस्थापित रोहिंग्याका अगुवा हुन् । उनीहरूकै कारण आप्रवासी बढेको गृह मन्त्रालयको ठहर छ । गृहसचिव प्रेम राईले उनीहरूमाथि निगरानी बढाएको जानकारी दिए ।



रोहिंग्याहरूले काठमाडौंको बूढानीलकण्ठ नगरपालिका-११ राममन्दिर क्षेत्रमा बस्नका लागि बनाइरहेका टहरा । *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*

'हामीले रोहिंग्याका विषयमा भर्खरै अध्ययन गरेका थियौं, केही व्यक्तिले उनीहरूलाई ल्याउने गरेको पायौं,' उनले भने, 'सीमामा कडाइ गरेका छौं ।' गृहले गठन गरेको कार्यदलका एक सदस्यले पनि गिरोहले पैसा लिएर रोहिंग्यालाई नेपाल भित्र्याइरहेको पाइएको बताए । 'मौलना जुबेर रोहिंग्यासँग ३० हजार टाका लिई नेपालमा ल्याउने गर्दा रहेछन् । ऐसुप रोहिंग्यालाई ओसारपसार गर्न र जग्गा भाडामा लिनेलगायत काममा संलग्न छन्,' उनले भने, 'जाफर मियाँले पनि बंगलादेशमा रहेका आफन्त र चिनजानका व्यक्तिलाई नेपाल भित्र्याएको पाइएको छ ।'

रोहिंग्या अध्ययन गर्न गृह मन्त्रालयले गत कात्तिक २४ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटवालको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गरेको थियो । कार्यदलमा महानगरीय प्रहरीका प्रहरी नायब उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका प्रहरी नायब उपरीक्षक, गृह मन्त्रालयको शाखा अधिकृत र जिल्ला प्रशासन कार्यालय काठमाडौंका शाखा अधिकृत सदस्य थिए । बाँकी पृष्ठ १४

**आईसीजेमा सुचीले भनिन्-**



'रोहिंग्यामाथि अत्याचार भएको छैन, सुरक्षित पुन:स्थापन गर्न म्यानमार प्रतिबद्ध छ'

पृष्ठ ८

# यसरी उम्कियो १७ बैंकबाट १७ करोड

■ **मातृका दाहाल** (काठमाडौं)

अन्तर्राष्ट्रिय आपराधिक गिरोहले अनलाइन ठगी र ह्याकिङबाट संकलित रकम नेपालका १७ वटा बैंकमार्फत विदेश पुर्‍याउने गरेको खुलेको छ । पार्सल आएको भन्दै प्रलोभन देखाएर ठगेको र वित्तीय संस्थाको सर्भर ह्याक गरेर जम्मा पारेको रकम गिरोहले स्थानीय एजेन्टमार्फत विभिन्न व्यक्तिका नाममा राखी बैंकबाटै उम्काइरहेको भेटिएको हो ।

अन्तर्राष्ट्रिय गिरोहमा संलग्न नाइजेरियाली नागरिक पिटर हर्मन र बेलायती नागरिक स्मिथ मोरिसले नेपाली सहयोगीसँग मिलेर १० वर्षदेखि यस्तो ठगी गरिरहेको प्रहरीले जनाएको छ । प्रहरीले मंगलबार पिटर र स्मिथका सहयोगी तीन नेपालीलाई पक्राउ गरेपछि ठगीको रहस्य बाहिर आएको हो । महानगरीय अपराध महाशाखाको टोलीले ठमेलमा रेस्टुरेन्ट सञ्चालन गर्दै आएका दोलखाका ५२ वर्षीय रमेश खड्का, नवलपरासी रामग्रामका ३७ वर्षीय विश्वेश्वरप्रसाद तिवारी र नवलपरासीकै मनी एक्सचेन्ज सञ्चालक १९ वर्षीय सन्दीप कलवारलाई पक्राउ गरेको थियो । प्रहरीले खड्कालाई काठमाडौंबाटै पक्रेको हो भने तिवारी र कलवार नवलपरासीबाट समातिएका हुन् । प्रहरी स्रोतका अनुसार १० सहयोगीसहित भारतमा बसेर अपराध सञ्जाल चलाइरहेका पिटरलाई पनि केही समयअघि भारतीय प्रहरीले पक्राउ गरिसकेको छ । बाँकी पृष्ठ १४









# सुत्केरी अस्पतालमै 'बन्धक'

■ **अवधेशकुमार झा** (राजविराज)

उपचारबापतको ३ लाख ५० हजार रुपैयाँ बुझाउन नसक्दा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-८ तोपाकी ललितादेवी खंगले विराटनगरस्थित विराटनगर अस्पतालबाट डिस्चार्ज हुन पाएकी छैनन् । एकमहिने सुत्केरी ललिताका पति गोपीकुमारले रकम जोहो गर्न आफ्नो गाउँ र सदरमुकाममा भिख माग्न थालेका छन् ।

विराटनगरस्थित जनरल हस्पिटल एन्ड ट्रमा केयर सेन्टरमा दुई छोरी जन्माएपछि ललितालाई विराटनगर अस्पताल पुर्‍याइएको थियो । नवजात जुम्ल्याहामध्ये एकको मृत्यु भइसकेको छ भने अर्की शिशु तोपास्थित घरमा छिन् ।

ललिता दलित खत्वे समुदायकी हुन् । उनका पति गोपी मजदुरी गरेर जीविकोपार्जन गर्छन् । ललितालाई सुत्केरीका लागि गत कात्तिक २३ गते राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल लगिएको थियो । चार दिनपछि उनलाई विराटनगर रेफर गरिएको थियो । गोपीका अनुसार विराटनगरमा पहिले म्याक्स अस्पतालमा भर्ना गरियो । त्यहाँ एक दिन राखेपछि उपचार सम्भव नभएको अस्पतालले बतायो । त्यसपछि विराटनगरकै जनरल हस्पिटल एन्ड ट्रमा केयर सेन्टरमा लगियो । सेन्टरमा दुई छोरी जन्माएपछि ललितालाई थप उपचारका लागि विराटनगर अस्पताल प्रालिको आईसीयूमा भर्ना गरिएको थियो । ट्रमा सेन्टरको एनआईसीयूमा राखिएकै बेला दुई नवजात छोरीमध्ये एकको मृत्यु भएको गोपीले बताए । अर्की शिशु स्वस्थ छिन् ।

गोपीका अनुसार ट्रमा सेन्टरमा सुत्केरी गराउनेदेखि छोरीको उपचार खर्चसमेत गरी १ लाख ७४ हजार रुपैयाँ उनले बुझाएका थिए । ३२ हजार ७ सय ५० रुपैयाँ औषधिबापत खर्च भएको थियो । बाँकी पृष्ठ १४



**जुम्ल्याहामध्ये एकको अस्पतालमा मृत्यु भएको थियो । अर्को शिशुलाई डिस्चार्जपछि घरमा अरूले नै स्याहारिरहेका छन् । अर्कै अस्पतालमा उपचार गराएकी आमा 'बन्धक' बनेकी छन् ।**

# सुक्दै प्राकृतिक ताल

टीकापुर (कास)- कैलालीको भजनी नगरपालिका ७ मा ८० बिघामा रहेको पुरैना ताल पुरिएको छ। ताल रहेको ठाउँमा स्थानीयले केही वर्ष अघिदेखि अतिक्रमण गरी खेतीपाती गर्दै आएका छन्। पुरैना जस्तै यहाँ रहेका अधिकांश तालतलैयाहरू सुक्ने क्रममा छन्।

कैलालीमा पुरैना ताल मात्र होइन। सबैभन्दा ठूलो घोडाघोडी ताल क्षेत्रमा रहेका सेमरहुवा, खैरहुवा, टेडी प्रसेनी ताल पनि सुकेका छन्। यस्तै कैलारी गाउँपालिकामा रहेका रखौना, चमरैयालगायत ताल पनि सुक्दै गएका छन्। वन जंगल मासिनाले प्राकृतिक तालहरू सुक्दै गएका संरक्षणकर्मीहरू बताउँछन्। चरा संरक्षणकर्मी हिरूलालले डगौराले भने, 'वनजंगल मासिनाले ताल वरिपरिको माटो तालमा आउँछ र तालको सतहमाथि उठेर ताल पुरिने गरेका छन्। यही रफ्तारमा ताल सुक्ने क्रम कायम रहने हो भने कैलालीमा रहेका सयौं प्राकृतिक ताल केहि वर्षमा पुरिनेछ।' अहिलेको स्थानीय सरकारले प्राकृतिक ताललाई माछा पालनमा उपयोग गर्न जोड दिँदै आएका छन्। उनीहरूले ठेक्का दिएर माछापालन गराउने गरेका हुन्। उनका अनुसार ताल र चरा एक-अर्काका परिपूरक हुन्। ताल भए चरा हुन्छ, चरा भए ताल हुन्छ। त्यसैले चरा बचाउनु भनेको नै ताल बचाउनु जस्तै हो। उनले भने, 'चरा बचाउनु भनेको अप्रत्यक्ष रुपमा ताल बचाउनुपर्छ भन्ने नै हो।' कैलालीका प्रायः सबै ठूला तालको सतहमाथि आइसकेको संरक्षणकर्मी डगौरा बताउँछन्। उनले भने, 'ताल सुक्दै गएपछि थरिथरिका चराचुरुंगी र वनस्पती पनि मासिँदै गएका छन्।' पुरैना तालमा पहिले ठुल्ठुला माछा, विभिन्न प्रजातिका चराचुरुंगी, घोंघीलगायत जीव पाइने स्थानीय मनसरी चौधरीले बताइन्। उनले भनिन्, 'ताल हुँदा प्रशस्त माछा हुन्थे। खान मन त्यहीबाटै ल्याउँथ्यौं। अब त माछा खान पनि दिनबार हेर्नुपर्ने भएको छ।' सारस, बकुल्ला, पानी हाँस प्रशस्त देख्न पाइने गरेको विगत स्मरण गर्दै आजभोलि ती कुनै चरा नदेखिने उनको भनाइ छ।

अर्का संरक्षणकर्मी विजयराज श्रेष्ठले पनि विभिन्न प्रजातिका चरा, माछा र ताल वरिपरिको दृष्यले मन बहलाउने गरेको स्मरण गरे। 'अब त्यो अवस्था रहेन,' उनले भने, 'ताल पुरिएपछि बाह्रैमहिना रहने सारसलगायत हिउँदे यामका विभिन्न ठाउँबाट आउने अन्य चराहरू पनि आउदैनन्।' कैलालीको भजनी नगरपालिकामा मात्र २० वटा प्राकृतिक ताल छन्। यिनीहरूको उचित संरक्षण हुन नसक्दा अधिकांश पुरिने क्रममा रहेको श्रेष्ठको भनाइ छ। स्थानीय रामकुमारी कठरियाले तालको पुरानै अवस्था फर्काउन र संरक्षणका लागि पटक-पटक छलफलसमेत भएको बताइन्। ताल नभए पनि पछिल्ला वर्ष पुरैनाकै नामबाट विभिन्न समूह गठन भएका छन्। 'पुरैना सामुदायिक वन, पुरैना क्लबलगायत संस्था बनाइएका छन्,' उनले भनिन्। स्थानीय नैनमती चौधरीले पुरिएको ताल क्षेत्र सरकारी जमिन भएकाले यसलाई नगरपालिकाले संरक्षण गरी पहिलेकै अवस्थामा फर्काउनुपर्ने बताइन्। उनले भनिन्, 'ताल हुँदा निकै फाइदा भएको थियो। अब पुनः तालकै रुपमा संरक्षण गरे हुन्थ्यो।'

संरक्षणकर्मी दयाराम चौधरीले भने, 'प्राकृतिक ताल सुक्दै गएपछि घोडाघोडीमा गुरुयोजना बनाएर तालको संरक्षण र स्थानीयको जीविकोपार्जनमा जोड दिन खोजिरहेका छौं। त्यसैगरी अरू स्थानीय तहले पनि माछा पालनमा मात्र होइन ताल संरक्षणमा पनि जोड दिन जरुरी रहेको उनको भनाइ छ। कैलालीमा करिब २ सय प्राकृति ताल छन्।

# व्यासमा छैन सुरक्षा पोस्ट

**'साताअघि नै व्यासको छांगरुमा रहेका सीतापुल प्रहरी चौकी व्यास गाउँपालिका २, दुम्लिङ झरेपछि व्यास क्षेत्र सुरक्षाविहीन भएको हो'**

■ **मनोज बडू** (दार्चुला)



**व्यास गाउँपालिका १, छांगरुको गागास्थित सशस्त्र प्रहरीको सीमा सुरक्षा पोस्ट राख्न प्रस्ताव गरिएको जमिन।** *तस्बिर : मनोज/कान्तिपुर*

देशकै सर्वाधिक चर्चाको विषय बनिरहेको कालापानी र यहाँको व्यास क्षेत्र सुरक्षाविहीन अवस्थामा छ। सरकारले यस क्षेत्रमा सशस्त्र प्रहरी सीमा सुरक्षा पोस्ट राख्न तत्काल पहल गर्ने भने पनि सुरक्षा पोस्ट हालसम्म पनि स्थापना हुन सकेको छैन। व्यासमा रहेका नेपाल प्रहरीका दुई चौकीमा तैनाथ प्रहरीहरू चिसोमा बस्न नसक्ने भन्दै बेंसी झरेपछि व्यास क्षेत्र सुरक्षाविहीन हुन पुगेको हो।

एक साताअघि नै व्यासको छांगरुमा रहेका सीतापुल प्रहरी चौकी व्यास गाउँपालिका २, दुम्लिङ झरेपछि व्यास क्षेत्र सुरक्षाविहीन भएको हो। भौगोलिक रुपले विकट मानिएको व्यास क्षेत्रका स्थानीय चिसो छल्न वेसी पुगेपछि उक्त क्षेत्र अहिले मानवविहीन अवस्थामा रहेको स्थानीय बताउछन्। सीतापुल प्रहरी चौकी व्यास छोडेर ६५ किमि वरै दुम्लिङ्मा बसेको छ। विगतमा पनि व्यासको प्रहरी चौकी हिउँदको समयमा दुम्लिङ्मै आएर बस्ने गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। प्रहरी नायव निरीक्षकको कमाण्डमा अस्थाई प्रहरी चौकी दुम्लिङ्बाट एक दिनमा जतिसम्म जान सकिन्छ। त्यहीसम्मको भूभागको निगरानी गरिने प्रहरीको भनाई छ। दुम्लिङबाट साविकको व्यासमा पुग्न दुई दिन लाग्छ।

सामरिक महत्वको क्षेत्रमा राज्यले अहिलेसम्म बलियो सुरक्षा उपस्थित गराउने सोचसम्म बनाउन सकेन्। 'व्यास क्षेत्रमै रहेका बेला सितापुल र तिंकर प्रहरीले व्यास क्षेत्रको सुरक्षा निगरानी गर्न सक्दैन्थे। तर, दुम्लिङबाट व्यास क्षेत्रमा पुग्नै सक्दैन' व्यास गाउँपालिका २ का रामसिंह धामीले भने, 'व्यासको सुरक्षामा राज्यले नै ध्यान पुऱ्याउन चाहेको देखिदैन।' यसपाली पनि न्यानोको समयमा व्यास क्षेत्रमा खटिने सितापुल चौकीका प्रहरी भारतीय भूभाग प्रयोग गरी दुम्लिङ् झर्नुपर्ने बाध्यता रहेको उनको भनाई छ। जनतासँग सधैं निकट रहने नेपाल प्रहरी छ महिना तिंकरको छायालेक र छाङ्गरुको सीतापूल बस्ने गर्छ।

प्रहरीको काम नियमित सञ्चार सम्पर्कमा बस्नुपर्ने हो। त्यहाँ भएको गतिविधिबारे जानकारी गराउने हो। तर यो क्षेत्र (तिंकर छायालेकमा) बस्ने प्रहरीको सञ्चार सम्पर्क हुँदैन्। कहिलेकाहि हप्तौ दिनसम्म सम्पर्क हुन सक्दैन्।

१० महिना अघि जिल्ला सुरक्षा समितिले त्रिदेशीय सीमा क्षेत्र सीतापूलमा सशस्त्र प्रहरीको बोर्डर आउट पोस्ट (विओपी) राख्न जिल्लाबाट सिफारिस गरेको थियो।

गत चैतमा सार्वजनिक जग्गामा सशस्त्रलाइ पोस्ट राख्न दिने प्रकृया सुरु भएको हो। तर हालसम्म सशस्त्र प्रहरीकको पोस्ट राख्ने विषयमा

## चिसो बढ्यो

मन्त्रालयबाट निर्णय भएको छैन्। सीमा क्षेत्र नजिक छाङ्गरुको गागास्थित सार्वजनिक जमिन सुरक्षा पोस्टका लागि उपलब्ध गराउनेबारे सरकारीस्तरबाटै ढिलाइ भएको स्थानीय बताउछन्। गत चैत ४ र ५ गतेको जिल्ला सुरक्षा समिति बैठकले जग्गा व्यवस्थापन गर्न सिफारिस गरेको सहायक प्रमुख जिल्ला अधिकारी टेकसिंह कुवरले बताए। जिल्लाबाट सबै प्रक्रिया पुऱ्याएर जग्गा प्राप्तिका लागि यो वर्षको सुरुमै हेड क्वाटरमा लेखापढी गरेर फाइल पठाएको सशस्त्र प्रहरी गुल्म दार्चुलाका डिएसपी डम्बरबहादुर बिष्टले बताए।

उक्त फाइल गृह मन्त्रालय हुँदै वन मन्त्रालयमा पुगेको बुझिएको छ। सशस्त्र प्रहरीका प्रवक्ता डिआईजी सुरज श्रेष्ठका अनुसार चालु आर्थिक वर्षको सुरुमै गृह मन्त्रालय हुँदै जग्गा प्राप्तिका लागि दार्चुलाबाट आएको फाइल वन मन्त्रालयमा पुगेको छ। व्यासमा सीमा सुरक्षा पोस्ट स्थापनाका लागि जग्गा प्राप्ति भएको छैन। बरु मन्त्रालयबाट एक करोड बजेट आएको छ। जग्गा प्राप्ति भएको भए अहिले अस्थायी रुपमा छाप्रो राखेर भएपनि छांगरुमा सशस्त्र प्रहरी राख्न सकिने डिआइजी श्रेष्ठले बताए।

जग्गा पाएपछि उक्त क्षेत्रमा पहिलो पटक सशस्त्र प्रहरी राख्ने तयारी भएपछि स्थानीय समेत खुशी थिए। 'व्यासको सीमा क्षेत्रमा सुरक्षा निकायको उपस्थिति अनिवार्य हुनु पर्ने हो' व्यास गाउँपालिकाका अध्यक्ष दिलिपसिंह बुढाथोकीले भने, 'भारतले नेपालतिरको प्राकृतिक स्रोत दोहन गरिरहेको छ, त्यसको संरक्षणका लागि पनि सुरक्षाकर्मी आवश्यक छ।'

# घोषणामै सीमित पर्यटकीय करिडोर

■ **डीआर पन्त** (डडेलधुरा)

प्रदेश सरकारले पर्यटकीय करिडोर निर्माणका लागि गत आवमा छुट्ट्याएको १७ करोड रुपैयाँ कार्यकर्ता र कुलदेवताका निजी मठ मन्दिर निर्माणमा खर्च गऱ्यो। चालु आवमा पनि धार्मिक पर्यटकीय करिडोर निर्माण गर्ने भन्दै विनियोजित १६ करोड रुपैयाँ गत वर्ष जस्तै मठ मन्दिरमा खर्च गर्ने तयारी भइरहेको छ।

'गत वर्ष पर्यटन विकासका नाममा छुट्ट्याएको विकास बजेटको व्यापक दुरुपयोग भयो,' उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका एक अधिकृतले भने, 'यस वर्षको बजेट कर्मचारीका कारण अहिलेसम्म खर्च हुन सकेको छैन।' मन्त्री माया भट्टले गत वर्ष जसरी पनि कार्यकर्ताका मठ मन्दिरमा छुट्ट्याउन खोज्दा मन्त्रालयका कर्मचारीले विरोध गरेका थिए। यो वर्ष पनि विरोधकै कारण अहिलेसम्म उक्त बजेट कसरी खर्च गर्ने भन्ने टुंगो लाग्न नसकेको ती अधिकृत बताउँछन्। गत आवमा पर्यटन विकासको बजेट जसरी खर्च गरियो त्यसलाई रोक्न खोज्दा मन्त्री भट्टसहित नेकपाका नेता कार्यकर्ताले मन्त्रालयका कर्मचारीलाई नै सरुवा गर्ने तयारी गरेको पनि ती अधिकृतले बताए।

प्रदेश सरकार बनेपछि पहिलो आवमा कञ्चनपुरदेखि बेतकोट ताल हुँदै परशुराम धाम र कञ्चनपुरकै झिलिमिला ताल हुँदै मलास भएर परशुराम धाम जोड्ने करिडोर घोषणामै सिमित भएको छ। पर्यटन विकासको २ आवको ३२ करोड रुपैयाँ विकास बजेट कार्यकर्ताका मठ-मन्दिरका नाममा दुरुपयोग भयो। गत आवमा पनि धार्मिक पर्यटन विकासका लागि छुट्ट्याइएको बजेट त्यसरी नै खर्च भएपछि प्रदेश सरकारले पटकपटक घोषणा गरेका धार्मिक पर्यटकीय करिडोर नारामा मात्र सीमित भएको हो। खप्तडलाई गन्तब्यको केन्द्र बनाएर तराईका कैलाली कञ्चनपुरका धार्मिक तथा पर्यटकीय क्षेत्रलाई पहाडी जिल्लासँग जोड्ने गरी करिडोर निर्माणको गुरुयोजनासमेत सरकारले बनाउन सकेको छैन। सम्भाव्यता अध्ययनका नाममा २ करोड रुपैयाँ कानुनविपरीत पर्यटन मन्त्रालयले खर्च गरिसकेको तथ्यांकले देखाउँछ। तर हालसम्म कुन-कुन धार्मिक पर्यटकीय स्थलको विकासको सम्भाव्यता अध्ययन भयो भन्ने यकिन जानकारीसमेत मन्त्रालयसँग देखिँदैन। पर्यटन विकासका क्षेत्रमा लामो समयदेखि क्रियाशील पर्यटन व्यवसायी दानबहादुर भण्डारी भन्छन्, 'सुदूरपश्चिमका प्रसिद्ध धार्मिक स्थलका प्रोफाइल इतिहास लेखेर मन्त्रालयको सम्भाव्यता अध्ययनको बजेट कार्यकर्तालाई बाँड्नेबाहेक अरू केही भएको देखिँदैन।'

स्थानीय तहले पनि चुनावपछिका दुवै आवमा धार्मिक पर्यटकीय करिडोर निर्माण गर्ने भन्दै ठूलो विकास बजेट खर्च गरिसकेका छन्। पर्यटन विकासका लागि छुट्ट्याएको अधिकांश विकास बजेट प्रदेश सरकारकै शैलीमा स्थानीय तहले पनि खर्च गरिरहेका छन्। 'प्रदेश सरकारले सबै स्थानीय तहलाई संयोजन गरी पर्यटकीय करिडोर निर्माणका लागि आवश्यक पहल चाल्न सकेको भए ३ वर्षमा धेरै विकास हुन सक्थ्यो,' पर्यटन व्यवसायी नवराज भट्टले भने, 'पर्यटन विकासका लागि निजी क्षेत्रबाट काम गरिरेहका व्यवसायी तथा संस्थाहरूलाई पनि प्रदेश सरकारले निरुत्साहित गर्ने काम गरेको छ।' पर्यटन विकासका लागि प्रदेश सरकारले २ वर्षमा २/३ कार्यशाला गोष्ठीबाहेक अरु कुनै काम गर्न नसकेको उनले आरोप लगाए।

डडेलधुरा सदरमुकामलाई धार्मिक पर्यटकीय करिडोरको ट्रान्जिट प्वाइन्ट बनाएर सुदूरपश्चिमका सबै धार्मिक पर्यटकीय स्थलको विकासका लागि पटक-पटक प्रदेश सरकार र स्थानीय तहलाई पर्यटन व्यवसायीहरूले सुझाव दिँदै आएका छन्। होटल तथा पर्यटन व्यवसायी गोविन्द खडायतले भने, 'प्रदेश सरकार भने पर्यटन विकासको बजेट कार्यकर्ता बाँड्नमा व्यस्त छ।'

# धानको भाउ बढ्दा किसान खुसी

■ **भवानी भट्ट** (कञ्चनपुर)



**महेन्द्रनगरस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको कार्यालय परिसरमा बिक्रीका लागि ल्याइएको धान तौलँदै कामदार।** *तस्बिर : भवानी/कान्तिपुर*

भीमदत्त नगरपालिका २, उल्टाखाममा विश्वेश्वरप्रसाद भट्टले झन्डै दशकपछि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड (साबिकको खाद्य संस्थान) मा धान बिक्री गरे। यसअघि ढिलो गरि काँटा लाग्ने र बजारको भन्दा कम मूल्य पाइने गर्दा उनले बजारमै बिक्री गर्दै आएका थिए। यसपटक बजारको भन्दा राम्रो मूल्य पाएपछि उनले लिमिटेडमै धान बिक्री गरेका हुन्।

'यसपालि धानको भाउ राम्रो तोकिएको छ, विगतको भन्दा चाँडो काँटा लागेको थियो,' धान बिक्रीका लागि आएका भट्टले भने, 'तर धेरै कृषकले भने सस्तोमै व्यापारीलाई नै धान बेचे।' उनले १२ क्विन्टल धान बिक्री गरेका हुन्। उनका अनुसार गत वर्ष मंसिर मध्यतिर मात्रै धान खरिद सुरु भएको थियो।

भीमदत्त नगरपालिका १९, बाग्फाँटाका वीरबहादुर पालले पनि ७/८ वर्षपछि व्यापारीलाई बेच्दै आएको धान यस वर्ष खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमा बिक्री गरे। व्यापारीको भन्दा प्रतिक्विन्टल २/३ सय बढी पाएपछि उनले यहाँ बिक्री गरेका हुन्। 'सुरुमै बेच्नेले क्विन्टलको १८ सय २ हजार मात्रै पाए,' पालले भने, 'यहाँ (लिमिटेडमा) काँटा लागेपछि व्यापारीले पनि भाउ बढाएका हुन्।' उनका अनुसार अहिले पनि व्यापारीले प्रतिक्विन्टल २२/२३ सयमा खरिद गरिरहेका छन्। लिमिटेडले प्रतिक्विन्टल २५ सय ३२ रुपैयाँमा खरिद गरिरहेको छ।

लिमिटेडले यस वर्ष महेन्द्रनगरमा मंसिर १ देखि धान खरिद सुरु गरेको हो। महेन्द्रनगरमा मात्रै खरिद केन्द्र राखिएकाले आसपासका किसान मात्रै धान बिक्री गर्न आएका छन्। जिल्लाको दक्षिणी क्षेत्र बेलौरी र पुनर्बास क्षेत्रका कृषकले भने व्यापारीलाई नै सस्तो मूल्यमा बिक्री गर्नुपर्ने बाध्यता छ। केही वर्षअघि सम्म धान खरिदका लागि लिमिटेडले जिल्लाका विभिन्न ठाउँमा खरिद केन्द्र स्थापना गर्दै आएको थियो। जसका कारण किसानहरूले सहजै बिक्री गर्न पाउँथे।

यस वर्ष ७ हजार क्विन्टल धान खरिदको कोटा पाएकामा हालसम्म ५ हजार २ सय क्विन्टल धान खरिद भइसकेको लिमिटेका महेन्द्रनगर शाखा प्रमुख जयराज जोशीले बताए। उनका अनुसार धान आउने क्रम जारी रहेकाले मंसिरभित्रै कोटाअनुसारको धान खरिद भइसक्ने देखिन्छ।

# सिँचाइ नहुँदा बाँझै

■ **तृप्ति शाही** (बैतडी)

दशरथचन्द नगरपालिकाको वडा १० मै महाकाली नदी पर्छ। तर वडाबासी अधिकांशको खेतीयोग्य जमिन भने सिँचाइ अभावमा बाँझै छन्।

यहाँका तीर, खडेनी, बुड्डा, सद्बालीलगायत टोलका अधिकांश बासिन्दाका जमिनमा अहिले उब्जनी हुँदैन। स्थानीय बासिन्दाले खेती गर्ने जमिनमा गाईभैंसीका लागि घाँस खुवाउन खर पाल्ने गरेका छन्। यहाँ ४/४ वर्ष अघिसम्म धान गहुँलगायत खाद्यान्न उब्जनी हुन्थ्यो।

गाउँको तलतिर महाकाली बग्दै गरे पनि नदी माथितिर खेती हुने जमिन भने सिँचाइ अभावमा बाँझै छन्। उनीहरूले कमाई खाने जमिनमा खेती गर्नै छोडेका छन्। दशरथचन्द नगरपालिका १० का लक्ष्मणसिंह बुडालको प्रशस्तै जमिन छ। खेतीपातीबाट आउने खाद्यान्नले परिवारलाई खान पुग्थ्यो। तर सिँचाइ अभावले गर्दा उनको जमीन बाँझै छ। आकासे पानीको भरमापर्दा सधैं दुःख पाएको भन्दै उनले खेतीपाती नै गर्न छाडेको बताए। 'केहि वर्ष अघिदेखि खेती गर्नै छाड्यौं,' उनले भने, 'सिँचाइ नभएपछि कसरी खेतीपाती गर्नु?' आकासे पानी चाहिएको समयमा नपर्ने भएकोले मेहनतको फल नपाइने भन्दै खेती गर्न छोडेको उनको भनाई छ। सिँचाइ सुविधा हुने हो भने आलु, काउलीलगायत तरकारी खेती गरेरै परिवार पाल्न सकिने उनको भनाइ छ।

तरकारीहरू धेरै फल्ने भए पनि गाउँमा खानेपानीको पनि अभाव हुने गरेको भन्दै बुडालले भने, 'तरकारी लगाउन, खेती गर्न त कहाँबाट पानी पाउनु।' पहिले त महाकालीबाट पानी बोकेरै भए पनि ३/४ क्विन्टल आलु एकै परिवारले फलाउँथे। अहिले छैन।' तीर, खडेनी, बुड्डा, सद्बालीका करिब ४ सय परिवारको अधिकांश जमिन बाँझै छ। केही जमिन गौचरण बनेका छन्।

आफ्नो जमिन भए पनि सिँचाइ नहुँदै किनेरै खानुपर्ने समस्या रहेको स्थानीय बताउँछन्। गरिखान कुनै समस्याले नछेके पनि सिँचाइकै असुविधा भएको उनीहरू बताउँछन्। पानीको सुविधा नहुँदा आफ्नो अधिकांश जमिनमा खेती लगाउनै छाडेको स्थानीय नारु बोहराको भनाइ छ। सिँचाइ नभएकाले बजारबाट किनेरै परिवार पाल्नुपरेको उनको दुखेसो छ। महाकाली गाउँकै तलतिर बगे पनि पानी ल्याउन कसैले सहयोग नगरेको उनको गुनासो छ।

आकासे पानीकै भर पर्नुपर्ने भएकाले जमिन बाँझो रहेको वडाध्यक्ष गगनसिंह बिष्टले बताए। पछिल्लो समय धेरैले खेती लगाउनै छोडेका उनी बताउँछन्।

पम्पिङ्मार्फत पानी माथि ल्याउन २२ लाख विनियोजन भएको बताउँदै उनले भने, 'उक्त योजना बनेपछि तीर र खडेनीका स्थानीयलाई सिँचाइ गर्न सजिलो हुनेछ। अझै सद्बाली, बुड्डालगायत स्थान केहि माथि भएकाले पुग्दैन। समस्या अझै टर्ने होइन। हाम्रो वडामा सिँचाइ सबैभन्दा ठूलो समस्या हो।'















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | आकस्मिक लाभ | तुला | अस्वस्थता |
| वृष | उत्साहप्रद | वृश्चिक | नयाँ कार्य आरम्भ |
| मिथुन | आर्थिक हानी | धनु | द्विविधा बढ्ने |
| कर्कट | कार्य सफल | मकर | अध्ययनमा सफल |
| सिंह | मिष्ठान्न भोजन | कुम्भ | मनोरञ्जन |
| कन्या | भाग्य वृद्धि | मीन | पराक्रम बढ्ने |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल मंसिर २७ गते शुक्रबार तदनुरुप १३ डिसेम्बर २०१९ पौष कृष्णपक्ष प्रतिपदा तिथि प्रातः १०:३९ बजेसम्म उप्रान्त द्वितीया तिथि, मृगशिरा नक्षत्र प्रातः ७:३७ बजेसम्म उप्रान्त आद्रा नक्षत्र, शुभ योग दिनको १:५५ बजेसम्म उप्रान्त शुक्ल योग, कौलव करण प्रातः १०:३९ बजेसम्म उप्रान्त तैतिल करण, मिथुन राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | मार्गदर्शन (लाइभ) |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | नेपाल स्पेल बी (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | रजतपट (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | साझा सवाल (रिपिट) |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| ३:०० | नेपाल स्पेल बी (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | रजतपट (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | सुमनसँग |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | ह्वाट द फ्लप |
| १०:०० | सुमनसँग (रिपिट) |
| १०:३० | कान्तिपुर न्यूज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्यूज रिपीटेड |
| १:३० | सुमनसँग (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | ह्वाट द फ्लप (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (स्मीता) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | रेडियो टक (किरण) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (शुभराज) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (एलिसा) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १८:०० | मुक्तिको सन्देस |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर** | |
| मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ५२०२०० |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०३१० |
| क्षेत्रीय अस्पताल एम्बुलेन्स | ९८४८०६३५२० |
| **महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन** | |
| महाकाली अञ्चल अस्पताल | ५२१११११ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०९ |
| **कैलालीका महत्वपूर्ण टेलिफोन** | |
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| टीकापुर अस्पताल | ५६०१५० |
| क्षेत्रीय अस्पताल | ०८३-५२०२०० |
| सुर्खेत विमानस्थल | ०८३-५२०१३२ |
| **कञ्चनपुर** | |
| महाकाली अञ्चल अस्पताल महेन्द्रनगर | ०९९-५२११११ |
| रेडक्रस एम्बुलेन्स | ५२१२५८/५२३१८३ |
| जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | ५२११०९/५२२४०६ |
| जिल्ला प्रहरी कार्यालय | १००/५२१२०० |
| **डोटी** | |
| सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय | ०९४-४४०३१० |
| जिल्ला प्रशासन कार्यालय डोटी | ४२०१३३ |
| जिल्ला प्रहरी डोटी कन्ट्रोल | ९८५८४४०१९९/४२०२०५ |
| जिल्ला अस्पताल | ४२००१९ |
| जिल्ला अस्पताल एम्बुलेन्स | ९८४८५२५११५० |
| **डडेल्धुरा** | |
| जिल्ला प्रहरी | ०९६-४२०१९९ |
| **जाजरकोट** | |
| जिल्ला प्रहरी कार्यालय- | ०८९-४३०१३१, ९८५८०४५५५५ |
| अस्पताल- | ०८९४३०१८८ |
| एम्बुलेन्स | ९८१५५०९४३० |
| रेडक्रस एम्बुलेन्स | ०८९४३००४२, ९८६६७००२६४ |
| **कालिकोट** | |
| प्रहरी | ०८७-४४०११३, ९८५८३३५५५५ |
| **जुम्ला** | |
| प्रहरी | ०८७-५२००१३, ०८७-५२०११३ |
| शिक्षण अस्पताल | ०८७-५२०३५५, ५२००१५ |
| एम्बुलेन्स | ९७४८९४१६६६ |
| **दैलेख** | |
| जिल्ला प्रहरी कार्यालय | ०८९-४२०१२५,९८५८०१५५५५ |
| अस्पताल | ०८९-४१०१२७ |
| एम्बुलेन्स | ०८९-४१०१८५, ९८६८१६५६८२ |
| **पश्चिम रूकुम** | |
| जिल्ला प्रहरी कार्यालय | ०८८५३०१८७ |
| जिल्ला अस्पताल | ०८८५३०२४७, ०८८५३०११५ |
| एम्बुलेन्स | ९८०९८५८५८५ |
| **हुम्ला** | |
| प्रहरी | ०८७-६८००३/ ०८७६८००९९ |
| अस्पताल | ०८७-६८००२४ |
| विमानस्थल | ९८५१०७३१५९ |
| **डोल्पा** | |
| जिल्ला प्रहरी कार्यालय | ०८७-५५००५५, ९८५८३०५५५५ |
| **मुगु** | |
| प्रहरी | ०८७-४६००९९ |
| अस्पताल | ०८७-४६०१३० |
| एम्बुलेन्स | ९८४८३२१६६६ |
| **सल्यान** | |
| प्रहरी | ०८८-५२००७०, ९८५७८४५५५५ |
| अस्पताल | ०८८-५२००८२ |
| एम्बुलेन्स/रेडक्रस | ९८४७८३२४३८/०८८-५२०००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क सववाहन सेवा | ४४३४००३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क — जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# आफ्नै छोरी चिन्दिनन् आमा

■ **विनु तिम्सिना** (विराटनगर)

आमाभन्दा प्यारो सम्बन्ध अरू कोसँग होला ? अझ नवजात शिशु र बालबालिकाहरू त आमाबाहेक खासै अरूको काखमा जान समेत मान्दैनन् तर विराटनगरस्थित मानव सेवा आश्रममा उद्धार गरेर ल्याइएकी १० महिने शिशु सुम्निमालाई भोजपुर घर भएकी ३० वर्षीया शिवकुमारी राई चिन्दिनन् ।

आश्रममा दुवै आमाछोरी बस्दै आएका छन् । न त आमा छोरीप्रति स्नेह देखाउँछिन् न त छोरी नै आमाको काख खोज्छिन् । बरु सुम्निमा आश्रममै बस्दै आएकी मिलनरानो दाससँग खेल्ने रमाउने गर्छिन् । 'छोरी भनेर न त आमा काखमा लिन्छिन् न त छोरी नै उनीसँग मान्छिन्,' आश्रमका स्वयंसेवक नवराज केसीले भने, 'आफ्नी आमासँग भन्दा आश्रममै बस्दै आएकी मिलन रानोसँग बढी नजिक छिन् नानी ।'

मिलन रानो पनि मानसिक रोगी नै हुन् तर पनि उनी सुम्निमालाई निकै माया गर्छिन् । 'आफ्नै छोरीलाई जस्तै माया गर्नुहुन्छ दास दिदीले,' केसीले भने, 'एकैछिन छाड्न मान्नुहुन्न । दिउँसो त हामी पनि उहाँलाई नै दिन्छौं सुम्निमा तर राति भने मानसिक बिरामीको जिम्मामा दिँदा केही होला कि भन्ने डरले हामी आफैं राख्छौं नानीलाई ।'

भोजपुरको आमतेककी राई लामो समयदेखि मानसिक रोगबाट ग्रसित थिइन् । परिवारमा समेत अपांग दाजुबाहेक अरू कोही नभएपछि उनी भौतारिएर हिंड्ने गर्थिन् । धनकुटामा सामूहिक बलात्कारमा परेपछि उनी झन् अर्धचेत नै बनिन् । बलात्कारपछि जसोतसो भोजपुर पुगेकी उनले अर्धचेत अवस्थामा घरैमा छोरी जन्माएकी हुन् ।

बलात्कारबाट जन्मेकी छोरीसहित मानव सेवा आश्रमले भदौमा उनलाई उद्धार गरेर विराटनगर ल्याएको हो । सुम्निमाले नामसमेत मानव सेवा आश्रममै आएर पाइन् । 'सुम्निमालाई कोकलेको बच्चो भन्नुहुन्छ शिवकुमारी दिदी,' केसी भन्छन् ।

शिवकुमारी सबओभरसियरकी विद्यार्थी हुन् । पढ्दापढ्दै मानसिक अन्तुलन गुमाएकी उनको उद्धारका लागि छिमेकीहरूले २०७० सालमै पहल गरेको मानव सेवा आश्रमले बताए । त्यसबेला मानव सेवा आश्रम हेटौंडामा मात्रै सीमित भएकाले उद्धार गर्न भोजपुर जान सक्ने अवस्था नरहेकाले आफूहरूले आश्रमसम्म ल्याइदिन आग्रह गरेको उनले बताए ।

उनको उद्धारको पहल भइरहेकै बेला उनी घर छाडेर बेपत्ता बनिन् । 'उनी घर छाडेर हिंडेकाले उद्धार गर्दिनुस् भन्ने उनका छिमेकीहरू पनि सम्पर्कमा आएनन्,' केसीले भने, 'हेटौंडादेखि उद्धार गर्न भोजपुर जान हाम्रो पनि स्रोतसाधनले भ्याएन, त्यसैले त्यो बेला उनको उद्धार गर्न सकिएन ।'

मानसिक अवस्था ठीक नभएपछि उनी धेरै ठाउँ भौंतारिएर हिंडिन् । धनकुटामा सामूहिक बलात्कारमा पनि परिन् । बलात्कारपछि जन्मिएकी छोरीलाई कहिले जंगलमा छाड्ने, कहिले भोकै राख्ने गरेको देखेर स्थानीयहरूले मानव सेवा आश्रममा सम्पर्क गरेपछि आफूहरूले उद्धार गरेर ल्याएको बताए । आश्रममा ल्याएपछि पनि उनले आफ्नी छोरीलाई चिन्न सकेकी छैनन् ।

एक महिनाअघि सामाजिक विकास मन्त्रालयले उद्धार गरेर मानव सेवा आश्रमको जिम्मा लगाएको मोरङ रतुवामाई नगरपालिका ८ दाम्राभिट्टाका ४६ वर्षीय दिनेश तिम्सिनामा सुधार आइरहेको छ । विगत ३० वर्षदेखि मानसिक सन्तुलन गुमाएका उनी उपचार अभावमा डोरीले बाँधिएर जीवन बिताइरहेका थिए । सानैमा बुबा बितेको र आमा सुस्त श्रवणशक्ति भएका कारण उनको समयमा उपचार हुन नसक्दा उनले बन्दी जीवन जिउनुपरेको थियो ।

तिम्सिना सुरुका दिनमा पढाइमा निक्कै अब्बल थिए । झापाको जुरोपानीमा रहेका मावलीमा बसेर पढ्ने उनी एसएलसीमा फेल भएपछि भने मानसिक रूपमा विक्षिप्त बनेका थिए । समयमै उपचार नपाउँदा उनी लामो समयदेखि साङ्लामा बाँधिएर बस्न बाध्य थिए । बसेकै ठाउँमा दिसापिसाब गर्ने उनी मानव सेवा आश्रममा नियमित उपचार र औषधि सेवनबाट शौचालय जान सक्ने भएको बताए ।

उनीहरूसहित हाल आश्रम विराटनगरमा १६ जना मानसिक रोगी बस्दै आएका छन् । मानसिक रोग विशेषज्ञ डा. निमेष राजभण्डारीले उनीहरूको नियमित जाँच गरिरहेका छन् । कोही पनि सडकमा बस्नु नपरोस्, खासगरी मानसिक सन्तुलन गुमाएर परिवार र समाजबाट अपहेलित भई सडकमा जीवन गुजारा गर्नु नपरोस् भन्ने उद्देश्यले हेटांडाबाट सुरु भएको मानव सेवा आश्रम हाल सात वटा प्रदेशको १३ वटा जिल्लामा विस्तार गरिएको छ ।

आश्रमले हालसम्म ६ सय ५० जना मानसिक रोगीलाई उपचारपछि परिवारमा पुनर्मिलन गराएको केसीले बताए । आश्रमले विभिन्न जिल्लामा हाल ८ सय जनालाई सेवा दिइरहेको उनले बताए साथै एक सय ५० जनालाई आश्रममा अल्पकालिक सेवा दिइरहेको उनले जनाए ।



आश्रममै बस्दै आएकी मिलन रानो दाससँग खेल्दै शिवकुमारी राईकी छोरी सुम्निमा । *तस्बिर : विनु/कान्तिपुर*



म्याग्दीको बेनीस्थित माउन्ट एभरेस्ट आवासीय माध्यमिक विद्यालयका १८ जना छात्रासहित ३६ जना विद्यार्थी नेपाली सेना मातहतको श्री राष्ट्रिय सेवा दल मध्य तालिम शिक्षालय हात्तीखोर, नवलपुरमा राष्ट्रिय सेवा दल जुनियर डिभिजन तालिममा सहभागी हुन जाने तयारीमा । *तस्बिर : घनश्याम खड्का/कान्तिपुर*

# ११ महिनामा २० को हत्या

धेरैजसो घटनामा आरोपित आफन्त नै छन्, कतिपय पक्राउपछि पुर्पक्षका लागि थुनामा छन् भने कतिपय फरार रहेकाले प्रहरीको खोजी सूचीमा छन्

■ **अवधेशकुमार झा** (राजविराज)

सप्तरीमा पछिल्लो ११ महिनामा २० जनाको हत्या भएको छ । मानव अधिकार दिवसका अवसरमा राजविराजमा इन्सेकले सार्वजनिक गरेको प्रतिवेदनमा हत्याका अधिकांश घटनाका आरोपीलाई प्रहरीले पक्राउ गर्न नसकेको उल्लेख छ ।

सुरुंगा नगरपालिका-६ कडरबोनाका ३० वर्षीय दीपेन्द्र चौधरीको ०७५ माघ ९ मा रुपनी-१ मा प्रहरीको गोली लागेर मृत्यु भएको थियो । प्रहरीमाथि गोली चलाउँदा गरिएको जवाफी कारबाहीमा उनको मृत्यु भएको प्रहरीले जनाएको थियो । चौधरीका परिवारले भने नियन्त्रणमा लिएर प्रहरीले उनको हत्या गरेको आरोप लगाउँदै आएको छ ।

बलान बिहुल गाउँपालिका-४ बेल्हीकी १६ वर्षीया सरिताकुमारी बडहीको गत माघ १४ मा हत्या भएको थियो । पक्राउ परेका आरोपित उनका बुबा तुरुन्तलाल फागुन ११ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छन् । अर्का आरोपित आमा ४३ वर्षीया पवनदेवी बडही फरार छिन् ।

खडक नगरपालिका-५ खरचुहियाका ७५ वर्षीय सबुरी साह र उनकी पत्नी ६५ वर्षीया बेचनीदेवी साहको शव डढेको अवस्थामा गत फागुन १४ मा फेला परेको थियो । दुवैको हत्यापछि शव डढाइएको शंका गरे पनि घटनामा संलग्नको अझैसम्म पहिचान भइसकेको छैन । डाकनेश्वरी नगरपालिका-३ तरहीकी ३५ वर्षीया ललितादेवी साहको ०७५ माघ १२ मा हत्या भयो । आरोपित ससुरा ६८ वर्षीय रामदेव साहलाई वैशाख १९ मा प्रहरीले पक्राउ गरयो । जेठ १५ मा पुर्पक्षका लागि तारेखमा रिहा भए । फरार भनिएका आरोपित पति ४० वर्षीय शंकर साह र देवर ३५ वर्षीय राजकुमार भनिने राजीवप्रसाद साह प्रहरीको खोजी सूचीमा छन् ।

हनुमाननगर-कंकालिनी नगरपालिका-१४ का ६५ वर्षीय जगदीश रामको गत वैशाख २१ मा हत्या भयो । उनकै माइला छोरा ३२ वर्षीय देवकुमारले हत्या गरेको किटानी जाहेरी पर्‍यो । आरोपित अझैसम्म फरार छन् । तिरहुत गाउँपालिका-२ गोइठी घर भई राजविराजको पिस जोन मोडेल स्कुलमा पढाउने २५ वर्षीय भट्टराई भनिने जयकृष्ण बिराजीलाई असार ९ को राति राजविराज-७ खर्साल टोलमा आठ जनाको समूहले कुटपिट गरेको थियो । उनको असार ११ मृत्यु भयो । घटनामा संलग्न भनिएका कोही पनि पक्राउ परेका छैनन् । सुरुंगा-१ चहकाकी ६४ वर्षीया धनमाया पुलामीलाई असार १९ मा उनकै छोरा ३४ वर्षीय रिट्ठे भनिने जंगबहादुरले हत्या गरे । पक्राउपछि उनी साउन ९ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छन् ।

सिरहाको गोलबजार नपा-९ चन्द्रोदयपुरका १२ वर्षीय मोहमद तरिक शेख, ३ वर्षीय आसिलम शेख र २ वर्षीया आजमिन खातुन असार २० मा मृत फेला परे । हत्या गरेको आरोपमा पक्राउ गरिएकी आमा ३५ वर्षीया रुक्साना खातुन साउन १५ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छिन् । आत्महत्याको दुरुत्साहनको अभियोगमा पक्राउ परेका उनका पति तैयव राइनलाई जिल्ला अदालतले ७० हजार धरौटी लिई तारेखमा रिहा गरेको छ । रुक्साना बच्चाहरू लिएर कोसी ब्यारेजमा हाम फालेकी थिइन् । उनी बाँचिन, छोराछोरीको मृत्यु भएको थियो ।

हनुमाननगरकी २५ वर्षीया हीरादेवी मण्डल झुन्डिएको अवस्थामा फेला परिन् । गत असार २७ को साँझ उनका पति बैजनाथ मण्डल, ससुरा उमा मण्डल र सासू लक्ष्मीदेवी मण्डलले हत्या गरेर आत्महत्या देखाउन पासोमा झुन्ड्याइएको भन्दै पिता विष्णुपुर गापा-४ सिम्राहा सिग्यौनका बुधाइ मण्डलले असार २९ मा प्रहरीमा उजुरी दिए । दाहसंस्कारका लागि शव लैजाने क्रममा विवाद भएपछि बैजनाथलाई प्रहरीले नियन्त्रणमा लिएको थियो । उजुरी प्रहरीले दर्ता नगरी बैजनाथलाई त्यसै छाडेको आरोप हीरादेवीका माइती पक्षले लगाउँदै आए पनि आरोपितले हत्या नभई आत्महत्या गरेको बताउँदै आएका छन् । मधुपट्टी कनकपुरकी १८ वर्षीया पुनम यादवलाई असार ३० मा उनका पति २० वर्षीय सतीशकुमार यादव, ससुरा रामसिमृत, सासू रामसखी र जेठानी किरणले हत्या गरेको भन्दै दाजुले साउन २ मा इलाका प्रहरी कार्यालय कडरबोनामा उजुरी दिए । प्रहरीले साउन १३ मा सतीशलाई पक्राउ गर्‍यो । पीडितले विष सेवन गरी आत्महत्या गरेको बताउँदै आएका सतीश एक लाख धरौटीमा रिहा भए ।

अग्निसाइर कृष्णसवरण गापा-३ हरिहरपुरकी १९ वर्षीया गर्भवती रञ्जुदेवी यादवलाई साउन ५ मा हत्या गरेको आरोपमा घटनाको दुई सातापछि सासू लीलादेवी र ससुरा महेन्द्र यादव पक्राउ परे । दुवै पुर्पक्षका लागि थुनामा छन् । डाकनेश्वरी नपा-१ कविलासाकी २७ वर्षीया कञ्चनकुमारी यादवको साउन १८ मा हत्या भयो । पक्राउ परेका पति अरविन्दकुमार यादव भदौ २३ देखि पुर्पक्षका लागि राजविराज कारागारमा छन् । अन्य आरोपित पाँचजना पक्राउ परेका छैनन् । कञ्चनलाई हत्यापछि आत्महत्या देखाउन झुन्ड्याएको माइती पक्षको आरोप छ ।

बोदे बर्साइन नपा-४ की १९ वर्षीया अम्बिकाकुमारी साहलाई असोज १९ मा पति रामचन्द्र साह, देवर रामप्रसाद र सासू किसनीदेवीले पासोमा झुन्ड्याई हत्या गरेको भन्दै पिता शम्भुनाथ नपा-१२ कुशहाका चन्द्रकान्त साहले प्रहरीमा उजुरी दिए । प्रहरीले रामचन्द्र र रामप्रसादलाई असोज १९ मा पक्राउ गरे अभद्र व्यवहारको उजुरी दर्ता गरी कारबाही थाल्यो । महादेवा गापा-१ पकरी कुजराही टोलका ६२ वर्षीय मोहमद गफुर पमरियालाई असोज १९ मा पत्नी जमुनी खातुन र छोरा नइम पमरियाले हत्या गरेको भन्दै भाइ इसराइल पमरियाले प्रहरीमा उजुरी दिए । अदालतको आदेशमा जमुनी साधारण तारेखमा रिहा भइन् भने कात्तिक २० देखि नइम पुर्पक्षका लागि राजविराज कारागारमा छन् ।

बोदे बर्साइन नपा- ७ मानराजा बगबिराकी २५ वर्षीया राजोदवी यादवलाई असोज २६ मा पति विष्णुदेव यादव, उनकी जेठी पत्नी उषादेवी र विष्णुदेवका भतिजीबुहारी ममतादेवी यादवलगायतले हत्या गरेको भन्दै पिता सत्यनारायण यादवले प्रहरीमा उजुरी दिए । विष्णुदेवले विष खाएर सिकिस्त राजोदेवीको उपचारको प्रयास गर्दा गर्दै मृत्यु भएको बताएका छन् । कञ्चनरूप नपा-५ पिप्रा टोलका २३ वर्षीय अजयकुमार मुखियालाई कात्तिक १ राती सोही ठाउँका श्रीलाल सरदार, उनका छोरा विजय सरदार र बबरी भनिने रमेश सरदारलगायतले हत्या गरेको भन्दै पिता जनक मुखियाले प्रहरीमा उजुरी दिए । श्रीलाल र विजय पक्राउ परे, रमेश फरार छन् । अग्निसाइर कृष्णासवरन गापा-१ स्थित मुस्लिम टोलकी ३६ वर्षीया बुलु खातुनको कात्तिक १२ गते अपरिचित व्यक्तिबाट हत्या भएको भन्दै पति इनुस मियाँले कात्तिक १८ मा प्रहरीमा उजुरी दिए । घाँस काट्न निस्किएकी बुलुको शव महुली खोलाको पश्चिम कुलोमा कात्तिक १६ सडेगलेको अवस्थामा फेला परेको थियो । घटनाका आरोपितको पहिचान हुन सकेको छैन ।

राजविराज नपा-२ तेतरी गाछीकी १८ वर्षीया कोमल साफीको मंसिर ४ मा हत्या गरिएको शंकास्पद अवस्थामा घरमै शव फेला पर्‍यो । घरमा एक्लै रहेको अवस्थामा कोठाभित्र बिछ्यौनामा मृत अवस्थामा फेला परेकी साफीको घाँटीमा निलडाम थियो । घटनाको रहस्य खुलेको छैन ।

खडक नपा- १० का १५ वर्षीय सागर सरदारको मंसिर ८ मा हत्या गरेको आरोपमा स्थानीय शिवनारायण साह र ६ जना बालकलाई इलाका प्रहरी कार्यालय कल्याणपुरले नियन्त्रणमा लियो । उनीहरूविरुद्ध कर्तव्य ज्यानको उजुरी दर्ता गरेको छ । मंसिर ९ मा ७५ वर्षीया अनुरागीदेवी राजविराज नपा-६ मा कान्छा छोरा विनोद दासको घरमा मृत फेला परिन् । नाति दीपेन्द्र दासको उजुरीमा प्रहरीले शव पोस्टमार्टमका लागि धरानको बीपी प्रतिष्ठान पठाएको थियो । हत्या भएको र प्रहरीलाई जानकारी नदिई दाहसंस्कार गर्न थालेको भन्दै उजुरी परेको थियो । विनोदले भने मानसिक रोगी आमा कुर्सीमा चढेर छतमा उक्लिँदा लडेर मृत्यु भएको बताएका छन् ।

अधिकारकर्मी मनोहर पोखरेलले जिल्लामा भएका यी हत्याका घटनामध्ये अधिकांशका आरोपी फरार रहेको, केही घटनालाई आत्महत्याको रूप दिइएको भए पनि प्रहरी अनुसन्धानले प्रस्ट पार्न नसकेकाले जिल्लामा दण्डहीनताले प्रश्रय पाउँदै गएको आरोप लगाए ।

## अनुसन्धानमा सीआईबी टोली

कपिलवस्तु (कास)- यहाँको पूर्व-पश्चिम राजमार्गस्थित बुद्धभूमि नगरपालिका-२ गोरुसिंगेमा भएको एक जनाको हत्याको अनुसन्धान प्रहरीका लागि चुनौति भएको छ । गत मंसिर १३ मा धनराज पौडेलको शव विभत्स रुपमा हत्या गरिएको अवस्थामा फेला परेको थियो । घटनाको दुई साता हुन लाग्दा पनि पनि संलग्नका बारेका तथ्यप्रमाण बाहिर आउन नसकेपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोको टोली जिल्ला आएको छ ।

सीआईबीका निरीक्षकको नेतृत्वमा तीन सदस्यीय टोली जिल्ला आएको हो । उनीहरूले अनुसन्धान थालेका छन् । यसअघि उक्त घटनाको छानबिन गर्न ईप्रका गोरुसिंगेका निरीक्षक सुभाष खड्काको नेतृत्वमा अनुसन्धान टोली गठन भएको थियो । अहिले दुवै टोलीले आआफ्नो तरिकाले अनुसन्धान गरिरहेको बताएका छन् ।

सीआईबी टोलीले घटनास्थलको निरीक्षण, परिवार, आफन्त र छिमेकीसँग सोधपुछ गरेको प्रहरी स्रोतले जनाएको छ । उनीहरूले घटनाको प्रकृति र अवस्था, श्रीमान्/श्रीमतीको सम्बन्ध र घटनाका अन्य कुरालाई जोडेर अध्ययन थालेका छन् । हत्या आरोपमा मृतककी बुहारी लक्ष्मी पौडेल पक्राउ परेकी छन् । उनमाथि अदालतबाट म्याद थप गरेर अनुसन्धान भइरहेको छ । उनले घटनामा आफू संलग्न नरहेको बताउँदै आएकी छन् । पौडेल आफ्नै घरको कोठामा मृत अवस्थामा फेला परेका थिए ।

मंसिर १३ गते दिउँसो हत्या भए पनि प्रहरीले साँझ ७ बजे मात्र घटनाबारे थाहा पाएको थियो । हत्या लक्ष्मीले नै गरेको मृतकका परिवारको आरोप छ । घटनाका बेला दुबईमा रहेका मृतकका छोरा शंकरले बुबाको हत्या श्रीमतीको संलग्नता हुन सक्ने आरोप लगाए । घटना थाहा पाएर घर फर्केका उनले श्रीमतीले आफूसँग निहुँ खोज्ने र दिनहुँ झैझगडा गरिरहने गरेको गुनासो गरे ।

परिवारका अनुसार घटनाका दिन लक्ष्मी र मृतक पौडेल घरमै थिए । धारिलो हतियार प्रयोग गरेर पौडेलको हत्या भएको छ । प्रयोग गरिएको हतियारको फिङ्गर प्रिन्ट परीक्षणका लागि काठमाडौं पठाइएको छ । उनको शव क्षतविक्षत अवस्थामा थियो । हत्यापछि लक्ष्मीले नै ससुरा हराएको र घरमा चोर आएको विषयमा प्रहरीमा जानकारी गराएकी थिइन् । मृतकका आफन्तले गरेको फोन नलागेपछि खैलाबैला मच्चिएको थियो । खोजबिन गर्दा पौडेल घरकै टीभी कोठामा वीभत्स हत्या गरिएको अवस्थामा भेटिएका थिए । शवलाई सिरक, ब्ल्याङ्केट ओढाइएको थियो । त्यही कपडाका बीचमा बुहारी लक्ष्मीको मोबाइलसमेत भेटिएको थियो ।

मंसिर १२ गते काठमाडौं जान हिंडेकी लक्ष्मी गोरुसिंगेमा रहेको एक होटलमा अर्कैका नाममा कोठा बुक गरेर बसेको भेटिएको छ । उनी होटलमा बस्दा अपरिचित पुरुष आएर भेटघाट गरेको बताइएको छ । ती पुरुषले लक्ष्मीका दुई वर्षीय छोरालाई समेत होटलमा ल्याएका थिए । स्टाफ नर्स पढेकी लक्ष्मीसँग पैसाका विषयमा श्रीमान् र परिवारसँग बारम्बार किचलो हुने गरेको थियो । छिमेकीहरूले घटनामा लक्ष्मीकै प्रत्यक्ष संलग्नता रहेको बताए । पौडेलको घाँटी, टाउको, पेट र शरीरका विभिन्न भागमा गम्भीर चोट थियो । उनी अर्घाखाँचीबाट बसाइँ सरेर गोरुसिंगे आएका हुन् । उनी हराएको भन्ने सूचनाका आधारमा प्रहरीले खोजबिन गर्दा कोठामा मृत अवस्थामा फेला परेका थिए । 'अनुसन्धान जारी छ,' प्रहरी प्रवक्ता सुनिल मल्लले भने, 'छिट्टै परिणाम निस्किने अपेक्षा गरेका छौं ।'

# अहेबले गरेको ठगी अनुसन्धानमा

रौतहट (कास)- बलात्कार आरोपमा पक्राउ परेका यहाँका एक अहेबले खोलेको क्लिनिक अवैध भएको खुलेको छ । सदरमुकाम गौरमा रहेको रवि डेन्टल क्लिनिक अवैध भएको पाइएको हो । अहेब भए पनि 'एमडीएस डाक्टर' बोर्डमा लेखेर बिरामी ठगेको पाइएको प्रहरीले जनाएको छ ।

चितवनबाट रौतहटको सदरमुकाम गौर घुम्न आएकी ३० वर्षीया एक महिलालाई बलात्कार गरेको आरोपमा यमुनामाई नगरपालिकाको हेल्थपोस्टमा कार्यरत अहेब सुधीरकुमार सिंह पक्राउ परेका थिए । उनले गौरमा सञ्चालन गरेको डेन्टल क्लिनिक अवैध भएको खुलेको हो । बलात्कार आरोपमा पक्राउ परेपछि जबर्जस्ती करणीको मुद्दा चलाई अनुसन्धान गर्ने क्रममा सिंहले अनधिकृत रूपमा डाक्टर लेखेर अवैध क्लिनिक सञ्चालन गरेको प्रहरीले फेला पारेको हो । बोर्डमा डा. सुधीरकुमार सिंह बीडीएस दरभंगा, एमडीएस फिलिपिन्स लेखेको पाइएको प्रहरीले जनाएको छ । सिंहले बिरामीलाई औषधि लेख्ने गरेको पुर्जीमा पनि डा. सुधीर, डेन्टल सर्जन दरभंगा लेखेका छन् ।

'अहेबले आफूलाई डाक्टर भनेर क्लिनिक चलाएको भेटियो,' डीएसपी नवीन कार्कीले भने, 'सिंहले लेखेका डिग्री सबै नक्कली भएको खुलेको छ । थप अनुसन्धान हुँदै छ ।' आफूलाई चरम यातना दिएर बलात्कार गरेको भन्दै महिलाले सिंहविरुद्ध किटानी जाहेरी दिएपछि प्रहरीले पक्राउ गरेको थियो । उक्त मुद्दा अघि बढाउन अनुसन्धान थालेपछि उनले बिरामीलाई ठगी गरिरहेको फेला परेको हो । सिंहले सात वर्षदेखि बिरामी ठग्दै आएको खुलेको छ ।

# गन्तव्यमा पुर्‍याउनै सकिएन पर्यटक

■ **आनन्द गौतम** (ताप्लेजुङ)

ठूलो लागतमा रिसोर्ट बनाइरहँदा फुङलिङ-२ मेवाखोला हिल रिसोर्टका सञ्चालक सुरेश लिम्बूलाई पाहुना आउँछन्, बस्छन्, खान्छन् र फाइदा पक्कै हुन्छ जस्तो लाग्थ्यो । अहिले होटलमा आएका पाहुनालाई घुमाउन कहाँ लैजाने भन्ने चिन्ता थपिएको छ ।


उनीकहाँ आएका ८० प्रतिशतले घुम्न जाने ठाउँ कहाँ हो भनेर सोध्ने गरेका छन् । 'सुकेटार, सिद्धिडाँडा, भिन्तुना डाँडा देखाउँछु,' लिम्बू भन्छन्, 'यी तीनै ठाउँ दुई तीन घण्टामा घुमिने भएकाले अब जाने कहाँ हो भनेर सोध्छन्, देखाउने ठाउँ छैन ।'

आफैंले गाडी चलाएर पाहुनालाई घुमाएर फर्कंदा पनि उनी असन्तुष्ट छन् । 'तीनै ठाउँमा पुग्दा आहा, भन्दै फोटो खिच्न थाल्छन्, तर भ्रमणको तिर्सनाचाहिँ पूरा हुँदैन,' लिम्बूले थपे, 'टाढा पठाउन सक्ने अवस्था छैन ।'

सुकेटारका ओमप्रकाश राईले सञ्चालनमा ल्याएको रिसोर्टमा पनि यस्तै छ । विमानस्थल क्षेत्रको सबैभन्दा उच्च डाँडो किनेर उनले रिसोर्ट बनाएका छन् । वरिपरि हरियालीका लागि सल्ला, लौठ सल्ला, धूपीजस्ता दर्जनौं वनस्पति हुर्काएका छन् । एकाध दिन बसिसकेपछि पाहुनाले उही प्रश्न गर्छन्- अब कहाँ जाने ?

दुवै व्यवसायीका अनुसार पर्यटकको चाहना दिनभर घुम्ने र बेलुका होटलमा आउने वा एक रात उतै बस्ने खालको हुन्छ । जिल्लामा घुम्ने थलो नभएका भने होइनन् । आउजाउ गर्न असजिलो र बास बस्ने ठाउँ छैनन् । 'बाह्रै महिना बग्ने फुङफुङे झरनाको सम्भाव्यता अध्ययन गर्‍यौं,' सुरेशले भने, 'तर होमस्टेको व्यवस्थापन नगरेसम्म पर्यटक पठाउन समस्या छ ।'

उद्योग वाणिज्य संघका अध्यक्ष तारानाथ घिमिरे स्थानीयलाई सहयोग गरेर भए पनि होमस्टे चलाउने योजना रहेको बताउँछन् । 'समुदायसँग कुरा भयो, उहाँहरू पनि तयार हुनुहुन्छ,' उनले भने, 'सबैका बारी बाँझो छन्, हरियोपरियो छैन, साग रोप्नेदेखि कोठा व्यवस्थापन गर्ने र तालिम दिनेसम्मको सहयोग गर्नु आवश्यक छ ।' यसका लागि संघ, पाथीभरा क्षेत्र विकास समिति



नेपाल सरकारको एक सय पर्यटकीय गन्तव्यमध्येको एक ताप्लेजुङको फुङफुङे झरना । *तस्बिर : आनन्द/कान्तिपुर*

र पाथीभरा देवी मन्दिर क्षेत्र संरक्षण तथा संवर्द्धन समितिले सहकार्य गरेका छन् । आफूले सकेको गर्ने र थप सहयोगका लागि गाउँपालिकालाई झकझक्याउने उनी बताउँछन् ।

पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक मनमणि काफ्ले पाथीभरा आउने तीर्थयात्रीलाई एक/दुई दिन रोक्न नसक्नु चुनौती भएको बताउँछन् । 'झापाको बिर्तामोडबाट हिंडेको साँझ माथिल्लो फेदीमा बास बस्न पुग्छन्,' उनले भने, 'भोलिपल्ट बिहानै पूजा गरेर बिर्तामोड नै फर्कन्छन्, ताप्लेजुङ पाँचथर दुवै जिल्लामा बास बस्दैनन् ।' बसेनन् भन्दा पनि पर्यटकलाई राखेर आफ्नो गाउँठाउँ चिनाउन सकिएन भन्ने चिन्ता भएको उनको भनाइ छ । फुङलिङ नजिकै शिवको गुफा भएको मानिने सिद्धिडाँडा मन्दिर छ भने नजिकै पोखरी पनि छ । भिन्तुनाडाँडामा घुन्सा हेलिकप्टर दुर्घटनामा परेका संरक्षणविद्को सालिक राखिएको छ । यहाँबाट ताप्लेजुङका अधिकांश स्थान देख्न सकिन्छ ।

फुङफुङे र इलाडाँडा झरना जाने सडकले जोडिए पर्यटकले दुई दिनसम्म थप घुम्न पाउँछन् । मोटरबाटो पुग्नै लागेको फुङफुङेमा सदरमुकामबाट दिउँसो १ बजे हिंडे बेलुका पुगिन्छ । यहाँ लोकल कुखुरा, तोङ्बा, राँगाको सुकुटी, गुन्द्रुक, मकैको भात खान पाइन्छ । बस्नका लागि ३२ वटा घर रहेको गाउँपालिका अध्यक्ष रामकुमार साँवा बताउँछन् ।

लिम्बू समुदायको मात्रै बसोबास भएकाले संस्कृति पनि अवलोकन गर्न पाइन्छ । भ्रमण वर्षअघि नै होमस्टे थालेर भारत र चीनबाट आएका पर्यटकलाई घुमाउन लैजाने उद्देश्यले योजना पनि बनेको छ । जिल्लाले फागुन ९ देखि १३ गतेसम्म गर्ने पाथीभरा म्याराथन तथा मेची पर्यटन महोत्सवमा ती स्थानलाई गन्तव्यस्थल बनाउने उद्देश्य राखिएको घिमिरेले बताए ।

आकर्षक गन्तव्य भए पनि तिम्बुङ पोखरी टाढा भएकाले कसरी जोड्ने भन्ने चिन्ता व्यवसायीको छ । 'तीन दिनसम्म हिंड्नुपर्दा बाहिरका मान्छे थाक्छन्,' लिम्बूले भने, 'सररर गाडीमा जाने फिर्ने चाहना राख्छन्, तर हाम्रोमा सडककै छैन ।' सिदिङ्वा गाउँपालिका अध्यक्ष नरबहादुर कडरियाका अनुसार यहाँ यातायात पुग्न दुई/चार वर्षै लाग्छ । बाटै नभएकाले अहिलेको जोड पैदलमार्गमा बनाउनेमा छ । जिल्लाका पाथीभरा, फुङफुङे र तिम्बुङ पोखरीलाई नेपालका सय पर्यटकीय गन्तव्यमा समेटिएको छ । सांसद तथा पर्यटनमन्त्री योगेश भट्टराईले यी ठाउँका लागि निर्वाचन क्षेत्र कोषबाट रकम विनियोजन गरेका छन । तिम्बुङ पोखरीमा अघिल्लो वर्ष संस्कृति मन्त्रालयले ५० लाख रुपैयाँ बजेट पनि विनियोजन गरेको थियो ।